# काँक्रे विहार वन संरक्षण क्षेत्रको

# विषेश कार्ययोजना

(आ.व. : २०८३/२०८४ - २०९२/९३)



तयार गर्ने

**वन तथा भू-संरक्षण विभाग**

बबरमहल, काठमाडौं

पेश गरिएको

**कृषि, वन तथा पर्यावरण मन्त्रालय**

सिंहदरबार, काठमाडौं

**२०८३**

# काँक्रे विहार वन संरक्षण क्षेत्रको विपेश कार्ययोजना

## (आ.व २०८३/०८४-२०९२/०९३)

तयार गर्ने

वन तथा भू-संरक्षण विभाग

बबरमहल, काठमाडौं

पेश गरिएको

कृषि, वन तथा पर्यावरण मन्त्रालय

सिंहदरबार, काठमाडौं

२०८३

सह सचिव

# काँक्रेविहार वन संरक्षण क्षेत्रको विशेष कार्ययोजना

## (आ.व २०८३/०८४-२०९२/०९३)

**तयार गर्ने**

वन तथा भू-संरक्षण विभाग

बबरमहल, काठमाडौं



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

# कार्यकारी सारांश

वन ऐन २०७६ को दफा १५ मा उल्लेख भए अनुसार राष्ट्रिय वनको कुनै भाग विशेष वातावरणीय, वैज्ञानिक, सांस्कृतिक वा अन्य विशेष महत्व भएको लागेमा त्यस्तो राष्ट्रिय वनको भागलाई वन संरक्षण क्षेत्रको रुपमा घोषणा गर्न सकिने प्रावधान भए बमोजिम यस वनलाई काक्रेविहार वन संरक्षण क्षेत्र घोषणा गरी दिगो व्यवस्थापनको लागि यो १० बर्षे विशेष कार्ययोजना तयारी गरिएको छ ।

यो एक वातावरणीय, ऐतिहासिक, पुरातात्विक, धार्मिक एंव सांस्कृतिक दृष्टिकोणले अति महत्वपुर्ण क्षेत्र हो । यो क्षेत्र सुर्खेत लगायत कर्णालीको एक प्रमुख चिनारीको रुपमा रहेको छ । यस जिल्लाको चुरे र महाभारत पर्वतको बीचमा एउटा सानो उपत्यका रहेको छ, जसलाई सुर्खेत उपत्यका भनिन्छ । यसै उपत्यकाको दक्षिण भागमा एउटा सानो पहाडको टाकुरा रहेको छ जसमा कांक्रेविहार वन संरक्षण क्षेत्र अवस्थित रहेको छ । यो वन क्षेत्र विरेन्द्रनगर नगरपालिकाको केन्द्र देखि ४ कि.मि. दक्षिणमा पर्दछ र जहां बाह्रैमास सजिलै संग आवत जावत गर्न सकिन्छ । यो वन संरक्षण क्षेत्र भित्रको मध्य भागमा करीब १४/१५ औं शताब्दीतिरको सन् १२६८ मा राजा अशोक चल्लद्वारा निर्माण गरिएको शिखर शैलीको भव्य मन्दिर रहेको छ यस वन संरक्षण क्षेत्रको क्षेत्रफल जम्मा १७५.५० हेक्टर छ । यो पुर्व पश्चिम रुपमा फैलिएर रहेको एक मझौला खाले वन हो । यस वन संरक्षण क्षेत्रमा मुख्य रुपमा साल एवं मिश्रित चौडापाते वन (Lower Tropical Sal and Mixed Broad Leave Forest), सल्लो मिश्रित चौडापाते वन (Chirpine Mixed Broad Leave forest) गरी २ प्रकारका वन पाइन्छ । यो वन क्षेत्र पूर्ण रुपमा बिरेन्द्रनगर नगरपालिका वडा नं ९ र १० (साविकको लाटिकोईली गा.वि.स.) पर्दछ । यस वन संरक्षण क्षेत्रको मुख्य प्रभाव क्षेत्रमा ७,४५२ घरधुरीहरु यहाँको प्राकृतिक सम्पदामाथि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा निर्भर रहेका छन् ।

यस वन संरक्षण क्षेत्र जैविक विविधता, वातावरणीय, ऐतिहासिक, पुरातात्विक, धार्मिक एंव सांस्कृतिक, प्राकृतिक सौन्दर्यले पनि भरिपुर्ण, जैविक मार्ग र सिमसार क्षेत्रको दृष्टिकोणले अति महत्वपूर्ण र सम्वेदनशील रहेको छ । काक्रेविहार वन संरक्षण क्षेत्रमा करिव २५ प्रकारका स्तनधारी, ४१ प्रजातिका चराहरु विविध प्रकारका माछा, उभयचर तथा सरीश्रृप लगायत २० प्रकारका र ५६ रुख प्रजातिहरु पाइन्छन् ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

काक्रेविहार वन संरक्षण क्षेत्रको वनको अवस्थालाई विश्लेषण गर्दा वनमा प्रति हेक्टर ९७७६ विरुवा, १६३५ लाथ्रा, ४९९ पोल र ७७ रुख रहेका छन् । त्यसैगरि प्रति हेक्टर कुल आयतन २००.६३ जसमा पोलको आयतन ९८.७८ घन मिटर र रुखको १०१.८५ घन मिटर रहेका छन् (स्रोतः फिल्ड सर्भे २०८१) ।

यस विशेष कार्ययोजना तर्जुमा गर्दा प्रयोग गरिएका प्रमुख विधिहरुमा काक्रेविहार वन संरक्षण क्षेत्र व्यवस्थापनका लागि विगतमा गरिएका प्रयासहरुको समीक्षा, विज्ञहरुसंग छलफल र नीति तथा संस्थागत लिखित दस्तावेजहरुको पुनरावोलकन रहेका छन् । केन्द्रीयस्तरमा वन तथा भू-संरक्षण विभागको वन व्यवस्थापन महाशाखा लगायत अन्य महाशाखाहरुसंग सुरुवाती बैठकमा विषय वस्तु र विधिका सम्बन्धमा छलफल गरी अन्तिम रुप दिइयो । प्रदेश स्थित समन्वय तथा सहकार्यको रुपमा कर्णाली प्रदेश स्थित उद्योग, पर्यटन, कृषि, वन तथा पर्यावरण मन्त्रालय, वन निर्देशनालय, डिभिजन वन कार्यालय सुर्खेत सहित अन्य जिल्ला तहका सरोकारवालाको संलग्नता तथा जिल्ला वन क्षेत्र समन्वय समितिका सदस्यहरु सहभागी रहेको कार्ययोजना मस्यौदा कार्यशाला गोष्ठीमा प्रस्तुत योजनाको दूरदृष्टि, उद्देश्य तथा प्रस्तावित कार्यक्रममा छलफल गरि आवश्यक सुझाव संकलन गरियो । डिभिजन वन कार्यालय सुर्खेतको पहलमा कार्यक्रमहरुको समीक्षा गरी आवश्यक सल्लाह सुझाव संकलन गरी कार्ययोजना तयार गरिएको छ । यस विशेष कार्य योजनाको ढाँचा तयारीको क्रममा बैठक, विषयगत गोष्ठीहरु, वन स्रोत, सिमाना, जैविक विविधता तथा आर्थिक-सामाजिक विषयबारे सर्वेक्षण कार्यहरु सम्पन्न गरी योजनाका लागि आवश्यक सान्दर्भिक सूचनाहरु सङ्कलन गर्ने काम गरिएको थियो । विभिन्न क्रियाकलापहरुका निश्कर्षका आधारमा मस्यौदा योजना तयार गरी सरोकारवालाहरुसंगको छलफल पश्चात अन्तिम रुप दिइएको थियो ।

प्रस्तुत योजनामा पहिचान गरी सम्बोधन गरिएका मुख्य विषयगत क्षेत्रहरुमा दिगो वन व्यवस्थापन, पुरातात्विक, धार्मिक एंव वातावरणीय संरक्षण, जैविक विविधता तथा जैविक मार्गको संरक्षण रहेका छन् । यसैगरी जनस्तरमा सचेतना कार्यक्रम, क्षमता तथा संस्थागत विकास, जलवायु परिवर्तन तथा वातावरणीय सेवाको भुक्तानी, वैकल्पिक इन्धन प्रवर्धन, गरीवका लागि आयआर्जन तथा, पर्यापर्यटन विकास र कार्यमूलक अध्ययन अनुसन्धान तथा अभिलेखीकरण पनि कार्ययोजनाले समेटेका अन्य विषयहरु हुन् ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

प्रस्तुत योजनाको समग्र दूरदृष्टि "काक्रेविहार वन संरक्षण क्षेत्रमा जैविक विविधता, ऐतिहासिक, पुरातात्विक, धार्मिक एंव वातावरणीय क्षेत्रको समग्र दिगो विकासद्धारा पर्यटन क्षेत्रको प्रबर्धन , स्थानीय समुदायको समुन्नत जीविकोपार्जन" रहेको छ । यो दूरदृष्टि पूरा गर्नका लागि विषयगत क्षेत्रको आधारमा उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रमहरु समाबेश गरिएका छन् । यस योजनाका मुख्य उद्देश्यहरु संरक्षणमुखी वन व्यवस्थापनद्धारा जैविक विविधता, जैविकमार्ग र सिमसार क्षेत्रहरुको विकास एवंम पुनस्थापना गराई जैविक विविधताको संरक्षण, सम्बर्धन र बुद्धिमत्तापूर्वक उपयोग गर्ने, वनको दिगो व्यवस्थापन गरी वन र जलाधार क्षेत्रको अवस्थामा सुधार गर्दे पारिस्थिकीय प्रणालीको संरक्षण एवंम वातावरण सन्तुलन कायम गर्ने र बजारमुखी हरित उद्यम तथा छिटो आम्दानी दिने आयमूलक कार्यक्रम संचालन गरी स्थानिय समुदायको आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनमा सुधार गर्ने रहेको छ ।

काक्रेविहार वन संरक्षण क्षेत्रको व्यवस्थापनका लागि महत्वपूर्ण सामग्रीको रुपमा प्रयोग गर्न सकिने विभिन्न किसिमका भौगोलिक सूचना प्रणालीमा आधारित (GIS Based) नक्साहरु तयार पारिएका छन् । योजनाले लक्षित गरेका उद्देश्यहरु प्राप्तिका लागि देहाएका मुख्य आशातीत उपलब्धिहरु प्राप्त हुने अपेक्षा गरिएको छ,

- वन संरक्षण क्षेत्रहरुको वन संरक्षणमुखी वन व्यवस्थापनको अवधारणा अनुरुप व्यवस्थापन गरी वहुउपयोगी उत्पादनशील वन कायम गराई वन पैदावारको बुद्धिमतापूर्वक उपयोग भएको हुनेछ ।
- वातावरण मैत्री पुर्वाधारहरु निर्माणले ऐतिहासिक, पुरातात्विक र धार्मिक संरक्षण एंव पर्यटन रमणीय एंव पर्यावरणीय पर्यटन क्षेत्रको विकास तथा विस्तार भएको हुनेछ ।
- समुदायमा आधारित सहभागितामूलक संरक्षणमुखी वन व्यवस्थापनद्धारा जैविक विविधताको संरक्षण, सिमसारको व्यवस्थापन तथा जैविक मार्गको पुनस्थापना भई स्वतन्त्र रुपमा वन्यजन्तुहरुको आवतजावत तथा बिचरणमा सहज भएको हुनेछ ।
- वन संरक्षण क्षेत्रमा वन अतिक्रमण पूर्णरुपमा नियन्त्रण गर्नलाई संघिय सरकार, प्रदेश सरकार, स्थानिय सरकार तथा स्थानिय प्रहरी प्रसासनको समन्वय एवंम सहयोगमा नियन्त्रण भएको हुनेछ ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं
सह सचिव

- वन पैदावारमा आधारित विभिन्न प्रकारका उद्योग, आयआर्जन कार्यक्रमको लागि सिपमुलक तालिम, घुम्तिकोष मार्फत बीउ पुजी उपलब्ध, हुनका साथै पर्यटकको आगमन र बायोग्याँस घुम्तिकोष परिचालन गरी स्थानिय जनताको आयआर्जनमा बृद्धि भई जीविकोपार्जनका साथै स्वास्थ्यमा समेत सुधार भएको हुनेछ ।

प्रस्तुत योजनाले कार्यक्रम कार्यान्वयन डिभिजन वन कार्यालय सुर्खेतले गर्नेछ। यसका साथै कार्यक्रम कार्यन्वयनमा सरोकारवालाको सहभागिताको सुनिस्चितका लागि अघिल्लो कार्ययोजनामा उल्लेख भए अनुसार काक्रेविहार वन संरक्षण क्षेत्र परिषद गठनको व्यवस्था राखिएको छ । यस संरचनामा नगरपालिका, डिभिजन वन कार्यालय, सव-डिभिजन वन कार्यालय, मन्त्रालय, प्रदेश वन निर्देशनालय, विषयगत कार्यालयहरु वन उपभोक्ता समूहहरुका प्रतिनिधि, वन उपभोक्ता महासंघ, स्थानिय बुद्धिजिवि समाजसेवी, वन तथा वातावरण क्षेत्रमा काम गर्ने संघ/संख्थाहरुको प्रतिनिधिहरु सहितको परिषद गठनको व्यवस्था संलग्न छ । परिषदका प्रतिनिधिहरु मध्येबाट सर्वसम्मत रुपमा चयन गरि परिषदको कार्यकारणी व्यवस्थापन समिति र कार्यान्वयन इकाई गठन गरिएको छ । यस संरचनामा नगर प्रमुख अध्यक्ष र डिभिजनल वन अधिकृत सदस्य सचिव रहने गरी व्यवस्थापन समितिमा को संख्या ११ जना रहने प्रस्ताव गरिएको छ । यस परिषदको कार्यान्वयन इकाईमा डिभिजन वन कार्यालयका डिभिजनल वन अधिकृत संयोजक रहने व्यवस्था गरीएकोछ । यसैगरी वडा नं ९ र १० का वडा अध्यक्ष सदस्य र १ जना महिला सदस्य साथै सव डिभिजन वन कार्यालयका अधिकृत सदस्य सचिवको रुपमा रही कार्यक्रम संचालन गर्नेछन । यसका साथै यस वन संरक्षणका लागि थप जनशक्तिहरु आवश्यक पर्ने भएमा सम्बन्धित निकायबाट दरवन्दी स्वीकृत गराई कार्यक्रम संचालन गर्न सकिने व्यवस्था प्रस्ताव गरिएकोछ ।

यस वन संरक्षण क्षेत्रलाई व्यवस्थापनको दृष्टिकोणले कार्ययोजना अनुसार संरक्षणमुखी वनको अवधारणा अनुसार व्यवस्थापन गरिनेछ । यसका साथै काक्रेविहार वन संरक्षण क्षेत्रको जैविक विविधता, वन स्रोत, जलस्रोत र प्राकृतिक एवं धार्मिक सम्पदाको संरक्षण तथा व्यवस्थापन कार्यका लागि आवश्यक सहजीकरणमा वन परिषदको समेत भुमिका रहनेछ । यस समितिले सहभागितामूलक प्रक्रियाबाट भौगोलिक स्वरुप अनुसार, जैविक विविधता, वन स्रोत, जलस्रोत र प्राकृतिक एवं धार्मिक सम्पदाको संरक्षण, सिमसार क्षेत्र आदिको व्यवस्थापन गर्नुका साथै स्थानिय जनताको जिविकोपार्जन सुधारका कार्यक्रमहरु संचालनमा सहयोग गर्ने छ । यस वन संरक्षण क्षेत्रमा



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं
सह सचिव

कार्यक्रम संचालनका लागि आवश्यक बजेट संघिय सरकार, प्रादेशिक सरकार, स्थानिय सरकार तथा दातृ निकायले प्रचलित निति नियम अनुसार उपलब्ध गराउन सक्नेछन ।

स्वीकृत विशेष कार्ययोजनाको कार्यान्वयन, डिभिजन वन कार्यालय सुर्खेतले कार्यान्वयन इकाईले मार्फत गर्नेछ साथै परिषदले कार्यक्रम तयारी र कार्यक्रम कार्यान्वयनमा आवश्यक सहयोग गर्नेछ भने व्यवस्थापन समितिले वजेट व्यवस्थापन, समन्वय र कार्यान्वयनमा सहयोग गर्नेछ । योजना कार्यान्वयनको अनुगमन वन निर्देशनालय, कर्णाली प्रदेशले गर्नेछ । यसका अतिरिक्त वन तथा भू-संरक्षण विभाग, उद्योग, प्रर्यटन, कृषि, वन तथा पर्यावरण मन्त्रालय, कर्णाली प्रदेशको अनुगमनमा प्रमुख भूमिका रहनेछ । यसका साथै स्व-अनुगमनलाई पनि प्रोत्साहन गर्दै विज्ञहरुको समूहबाट पनि अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था गरिएको छ । कार्यक्रमको कार्यान्वयनमा सरकारी निकायहरु, स्थानिय प्राकृतिक स्रोतमा आश्रित समुदायहरु, समुदायमा आधारित संस्थाहरु, गैरसरकारी संघ-संस्थाहरु, नागरिक समाज तथा अन्य विकासका साझेदारहरु सकृय रहने छन् । यस दश वर्षको विशेष कार्ययोजना कार्यान्वयन गर्न अनुमानित बजेट रु. ४ करोड १८ लाख प्रस्ताव गरिएको छ ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

# संक्षिप्त विवरण

| वन संरक्षण क्षेत्रको संक्षिप्त जानकारी |
|---|
| भौगोलिक अवस्थिति |
| अक्षांस उत्तर २८° ३३' ३१.६७" देखि २८° ३४' २९.०६"<br>देशान्तर पूर्व ८१° ३६' ४२.२७" देखि ८१° ३७' ५२.०४" |
| **चार किल्ला र सिमाना** |
| पूर्व:बिरेन्द्रनगर नगरपालिका वडा नं. १० को थारु बस्ती नयाँगाँउ आवादि ।<br>पश्चिमः बिरेन्द्रनगर नगरपालिका वडा नं. ९ को डाँडा (जब्दी र कालीमाटी) बस्ती<br>उत्तरः वीरेन्दनगर नगरपालिका वडा नं. ९ को कुन्टी गाँउ आवादी<br>दक्षिण:बिरेन्द्रनगर नगरपालिका वडा नं. १० कोपातलगंगा आवादी |
| **भौगोलिक अवस्था** |
| क्षेत्रफलः १७५.५ हेक्टर उचाई क्षेत्रः ६३० देखि ७५५ मिटर |
| **जैविक विविधता** :- वनस्पतिः५६ प्रजाति, जडीबुटीः २१ प्रजातिका ,स्तनधारीः२५र चराः ४१ प्रजाति |

| भु-उपयोगिताको अवस्थाः | | | सामाजिक तथा आर्थिक अवस्था |
|---|---|---|---|
| भू-उपयोग किसिम | क्षेत्रफल (हे.) | प्रतिशत | प्रभावित नगरपालिकाः १ |
| घना वन | १५०.०८ | ८५.५१ | प्रभावित वडाः २ |
| घाँसे मैदान | ३.१० | १.७६ | ।प्रमुख जातजातिः ब्राह्मण, क्षेत्री, , थारु, मगर आदि |
| झाडी बुट्टायन | २०.२६ | ११.५४ | घरधुरी संख्याः ७४५२ |
| सिमसार क्षेत्र -तालतलैया) | ०.७६ | ०.४४ | |
| बगैचा क्षेत्र | १.३० | ०.७५ | जनसंख्याः २९७६९ महिलाः १५३७३ पुरुषः १४३९६ |
| कुल वन संरक्षण क्षेत्रको क्षेत्रफल | १७५.५ | १०० | परिवारको औसत आकारः ३.९९र घरधुरी |
| प्रति हेक्टर मौज्दात | | | जनघनत्वः ३२२ जना प्रति वर्ग कि.मि. |
| विरुवा संख्याः ९७७६ | | | मुख्या पेशाः कृषि, पशुपालन, बैदेशिक रोजगारी, |
| लाथ्रा संख्याः १६३५ | | | ब्यापार |
| पोल संख्याः ४९९ | | | साक्षरताः ७६.१७ प्रतिशत |
| रुख संख्याः ७७ | | | मुख्य भाषाः नेपाली, थारु, मगर आदि |
| जम्मा मौज्दातः हे. २००.६३ घन मी. | | | तापक्रमः अधिकतम-४०°से, न्युनतम-३° से |
| हावापानीः उप-उष्ण | औषत वर्षाः १६३१ मि.लि. | | माटोः खैरो, सुखा, नरम र हलुका तथा रातो माटो |



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

# विषयसूची


कार्यकारी सारांश ........ iv

संक्षिप्त विवरण ........ ix

परिच्छेद १: परिचय ........ १६

क) पृष्ठभूमि ........ १६

ख) वन संरक्षण क्षेत्रको सिमाना ........ १८

ग) कानुनी आधार ........ २१

घ) कार्ययोजना तयारीका आधार ........ २३

परिच्छेद २: स्थलगत अवस्था ........ ३४

क) भू-परिधि क्षेत्रको अवस्थिति तथा भू-उपयोगको अवस्था ........ ३४

ख) भौगोलिक तथा भौगर्भिक अवस्था ........ ३६

ग) स्थानिय समुदायको सामाजिक, आर्थिक अवस्था ........ ३७

घ) वन श्रोत, सिमसार तथा जलाधारको अवस्था ........ ४३

ङ) प्रमुख वन्यजन्तु, वनस्पति तथा पारिस्थितिकीय प्रणाली ........ ४७

परिच्छेद ३: संरक्षण र व्यवस्थापनको अवस्था ........ ५१

क) वन संरक्षण क्षेत्रको संक्षिप्त इतिहास ........ ५१

ख) वन व्यवस्थापन पद्धति र वन पैदावार उत्पादनको अवस्था ........ ५२

ग) जैविक विविधता तथा वन्यजन्तुको संरक्षणको अवस्था ........ ५६

घ) भू-उपयोग परिवर्तन, वन विनास तथा क्षयीकरणको अवस्था ........ ६०

ङ) पर्यापर्यटनको अवस्था ........ ६०




महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव


च) मानव वन्यजन्तु द्वन्द व्यवस्थापनको अवस्था ........................................ ६२

छ) विगतका व्यवस्थापन योजनाको सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौतीको विश्लेषण........६३

परिच्छेद ४: दुरदृष्टि, लक्ष्य, उद्धेश्य तथा रणनीति ........................................ ६७

क) दुरदृष्टि ........................................ ६७

ख) लक्ष्य तथा उद्देश्य........................................ ६७

ग) व्यवस्थापन रणनीति........................................ ६८

परिच्छेद ५: वन तथा वन्यजन्तु संरक्षण योजना ........................................ ८८

क) अतिक्रमण, चोरी तथा शिकार नियन्त्रण ........................................ ८८

ख) वन डढेलो नियन्त्रण तथा व्यवस्थापन ........................................ ९३

ग) मिचाहा प्रजाती तथा रोग किराबाट नियन्त्रण ........................................ ९३

घ) गैरकानूनी व्यापार नियन्त्रण ........................................९४

ङ) वन तथा वन्यजन्तु अपराध नियन्त्रण तथा कानूनी कारबाहीका विषय........................ ९५

परिच्छेद ६: जैविक विविधता संरक्षण तथा प्रवर्धन योजना........................................ ९७

क) जैविक मार्ग, पारिस्थितिकीय प्रणाली तथा भू-परिधिस्तरीय व्यवस्थापन ........................ ९७

ख) सिमसार, वन जलाधार, पानीका मुहान संरक्षण तथा व्यवस्थापन............................ १०२

ग) लोपोन्मुख तथा दुर्लभ वन्यजन्तु र वनस्पति प्रजातिको संरक्षण तथा व्यवस्थापन............१०३

घ) जलवायू परिवर्तनः पारिस्थितिकीय प्रणाली तथा सामुदायिक समानुकुलन अभिवृद्धि योजना.१०४

ङ) महत्वपूर्ण वन्यजन्तु तथा वनस्पति प्रजाति संरक्षण तथा मानव वन्यजन्तु द्वन्द व्यवस्थापन योजना........................................ १०५

च) वनक्षेत्र भित्र रहेका धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदा संरक्षण योजना ........................................१०६




नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव


परिच्छेद ७: वन विकास तथा व्यवस्थापन योजना....................१११

क) वन संरक्षण क्षेत्र भित्रका समुदायमा आधारित वनको सीमाङ्कन, संरक्षण तथा व्यवस्थापन .१११

ख) वन व्यवस्थापन पद्धति अनुसार वनको संरक्षण तथा व्यवस्थापन र वन संवर्द्धन प्रणाली...१११

परिच्छेद ८: सामुदायिक विकास योजना.................... ११४

क) आय आर्जन तथा जिविकोपार्जन कार्यक्रम.................... ११४

ख) निजी तथा सार्वजनिक वन....................११५

ग) पुर्वाधार निर्माण तथा संरक्षण....................११५

परिच्छेद ९: वन पैदावार सङ्कलन, बिक्री वितरण तथा ओसारपसार....................११७

क) काष्ठ वन पैदावार....................११७

ख) गैरकाष्ठ तथा अन्य वन पैदावार....................११७

ग) वातावरणीय सेवाको भुक्तानी....................११७

घ) वन कार्वन सेवा....................११८

परिच्छेद १०: पर्यापर्यटन विकास तथा व्यवस्थापन योजना.................... १२०

परिच्छेद ११: अध्ययन अनुसन्धान तथा क्षमता विकास योजना....................१२२

परिच्छेद १२: कार्यान्वयनको लागि संस्थागत प्रबन्ध....................१२३

परिच्छेद १३: बित्तीय व्यवस्थापन योजना....................१४०

परिच्छेद १४: अनुगमन तथा प्रतिवेदन....................१४९

परिच्छेद १५: कार्ययोजनासंग सम्बन्धित अन्य विषय.................... १५४

सन्दर्भ सामाग्रीहरु....................१५६

अनुसूचीहरु.................... १५८




नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

अनुसुची १: Logical framework (कार्यगत रुपरेखा)........................................१५८

अनुसुची २: वन संरक्षण क्षेत्रको १० बर्षको कार्यक्रम तथा बजेट (रु हजारमा)..................१६४

अनुसुची ३: वन संरक्षण क्षेत्रमा पाईने प्रमुख वन्यजन्तुहरु पाइने क्षेत्रहरु...........................१६६

अनुसुची ४: काक्रेबिहार वन संरक्षण क्षेत्रमा पाईने प्रमुख वनस्पतिका प्रकारहरु तथा जडीबुटीहरु१७१

अनुसुची ५: काक्रेबिहार वन संरक्षण क्षेत्र सम्बन्धी नक्साहरु.......................................१७५

**तालिका विवरण**

तालिका नं. १ काक्रेविहार वन संरक्षण क्षेत्रको भू-उपयोग स्वरुप........................................ ३५
तालिका नं. २ काक्रेविहार वन संरक्षण क्षेत्र भित्र पर्ने न.पा. को जनसंख्या विवरण.............. ३७
तालिका नं. ३ जाति तथा जनजनतिको विवरण ............................................................ ३८
तालिका नं. ४ धर्म, संस्कृतिक महत्वका क्षेत्रहरुको विवरण.............................................. ४१
तालिका नं. ५ वन संरक्षण क्षेत्रमा भएका वनका किसिमहरु............................................. ४४
तालिका नं. ६ वन स्रोतको अबस्था (औषत)...................................................................... ४४
तालिका नं. ७ वन स्रोतको तुलनात्मक अबस्था (औषत)...................................................... ४६
तालिका नं. ८ सामुदायिक वन र यसका लाभान्वित घरधुरीहरु विवरण................................... ५३
तालिका नं. ९ अघिल्लो कार्ययोजनाका सवल, दुर्वल, अवसर र चुनौति................................. ६५
तालिका नं. १० वन संरक्षणको खण्ड विभाजनको विवरण.................................................. ८१
तालिका नं. ११ लक्ष्य तथा उद्देश्य अनुसार आगामी दश बर्षमा अपेक्षित उपलव्धिहरु.......... ८४
तालिका नं. १२ काक्रेविहार वन संरक्षण क्षेत्र विशेष कार्ययोजनाको वजेट ......................१४०

**नक्शा विवरण**

नक्शा नं. १ काक्रेविहार वन संरक्षण क्षेत्रको चारकिल्ला सहितको अवस्थिति नक्शा.........................२०
नक्शा नं. २ काक्रेविहार वन संरक्षण क्षेत्रको भू उपयोगीता नक्शा............................................. ३६

**चित्र विवरण**

चित्र नं. १ वन संरक्षण क्षेत्र ब्यवस्थापन कार्ययोजना तयारी क्रममा अपनाईएका विधि ..................... १७
चित्र नं २ संस्थागत संरचना ................................................................................... ९६

## संक्षिप्त शब्दावली

| | |
|---|---|
| जि.स.स. | जिल्ला समन्वय समिति |
| भू.ज.व्य.का | भू तथा जलाधार व्यस्थापन कार्यालय |
| गा.वि.स. | गाउँ विकास समिति |
| गा.पा. | गाँउपालिका |
| न.पा. | नगरपालिका |
| डि.व.का | डिभिजन वन कार्यालय |
| व.भू.स.वि | वन तथा भू-संरक्षण विभाग |
| स.डि.व.का | सव-डिभिजन वन कार्यालय |
| सा.व. | सामुदायिक वन |
| सा.व.उ.म. | सामुदायिक वन उपभोक्ता महासंघ |
| सा.व.स.स. | सामुदायिक वन समन्वय समिति |
| हे. | हेक्टर |
| कि.मी. | किलो मीटर |
| घ.मी. | घन मीटर |
| BCN | Bird Conservation Nepal |
| CFCC | Community Forestry Coordination Committee |
| CITES | Convention on International Trade in Endangered Species of Wild Fauna and Flora |
| COP | Convention of Parties |



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

| | |
|---|---|
| DEM | Digital Elevation Models |
| EDRC | Environmental and Development Research Centre |
| FCA | Forest Conservation Area |
| FECOFUN | Federation for Community Forest Users, Nepal |
| GPS | Global Positioning System |
| IUCN | International Union for the Conservation of Nature |
| TAL | Terai Arc Landscape |
| USAID | United States Agency for International Development |
| ZSL | Zoological Society London |



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव

# परिच्छेद १: परिचय

## क) पृष्ठभूमि

कांक्रेविहार वन संरक्षण क्षेत्र सुर्खेत जिल्ला अन्रतगत विरेन्द्रनगर नगरपालिका वडा नं. ९ र १० (साविक लाटिकोईली गा.वि.स.) मा पर्दछ । यो एक वातावरणीय, ऐतिहासिक, पुरातात्विक, धार्मिक एंव सांस्कृतिक दृष्टिकोणले अति महत्वपुर्ण क्षेत्र हो यो क्षेत्र सुर्खेत जिल्ला लगायत कर्णाली प्रदेशको नै एक प्रमुख चिनारीको रुपमा रहेको छ । यस जिल्लाको चुरे र महाभारत पर्वतको बीचमा एउटा सानो उपत्यका रहेको छ, जसलाई सुर्खेत उपत्यका भनिन्छ । यसै उपत्यकाको दक्षिण भागमा एउटा सानो पहाडको टाकुरा रहेको छ जसमा कांक्रेविहार  वन संरक्षण क्षेत्र अवस्थित रहेको छ । यो वन क्षेत्र विरेन्द्रनगर नगरपालिका मंगलगढी चोकबाट २ कि. मि. दक्षिणमा पर्दछ र जहां बाह्रैमास सजिलै संग आवत जावत गर्न सकिन्छ । यो वन संरक्षण क्षेत्र भित्र मध्य भागमा सन १२६८ मा राजा अशोक चल्लद्वारा निर्माण गरिएको शिखर शैलीको भब्य मन्दिर रहेको भन्ने त्यहां रहेका जानकारीमुलक सूचनाबाट अवगत हुन आउँछ। त्यहाँ रहेका भग्नावशेषहरु र वास्तुअंशहरुले तत्कालिन समयमा यो क्षेत्र एउटा महत्वपुर्ण धार्मिक केन्द्रको रुपमा विकास भएको देखिन्छ । विगतमा भूकम्प लगायत विभिन्न कारणले मन्दिर जिर्ण भई भग्नावशेषमा परिणत भएको थियो । उक्त भग्नावशेषमा यत्रतत्र छरिएर रहेका ढुंगामा कुंदिएका मुर्ति, बुट्टा आदिको उत्कृष्ट शिल्पकारी तथा कारीगरीहरुको नमूनाको रुपमा रहेको देख्न पाईन्छ । पुरातत्व विभागबाट केही उत्खनन कार्य गरिएको यस क्षेत्रमा उत्खनन पछि मन्दिरको आकार प्रकारको पहिचान गरी पुन निर्माणका कार्यहरु सम्पन्न गरिएको छ साथै उक्त क्षेत्रलाई संरक्षणको लागि हाल चारै तिर पर्खाल निर्माणको कार्य भईरहेको छ ।

यो क्षेत्र ऐतिहासिक दृष्टिकोणले पनि अति महत्वपुर्ण रहेको मानिन्छ । यस भग्नावशेषहरुले एक समय विशेषको प्रतिनिधित्व गर्ने भएको हुनाले पनि यसको ऐतिहासिक महत्व रहेको छ । यी क्षेत्रको गहन अध्ययन अनुसन्धान गरी कहिले र कसको पालमा यस प्रकारको शैली, कला र मन्दिरहरुको निर्माण भएको हो भन्ने एकिन गर्न सकिएमा यसले नेपालको पश्चिम क्षेत्रमा रहेको कर्णाली प्रदेशको ऐतिहासिक पक्षहरुलाई समेत थप बलियो बनाउन सक्दछ । ऐतिहासिक महत्वका साथै यो क्षेत्र पुरातात्विक हिसावले पनि त्यत्तिकै विषेश महत्व रहेको छ । पुरातत्व विभागबाट



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

गरिएका उत्खननबाट देखिएका भग्नावशेषहरुले एक समयकालको ऐतिहासिक कलाकृतिहरुको प्रतिनिधित्व गरि रहेको पाईन्छ । यस क्षेत्रमा पुरातात्विक दृष्टिकोणले अन्वेशण र उत्खनन्का साथ वास्तुअंशहरुमा रहेका विभिन्न कलाकृतिहरुको बृहत अध्ययन अनुसन्धान गरिएमा काक्रेविहारको अतितको संरचना र वैभवताको बारेमा जानाकारी लिन सकिन्छ र साथै यसले पश्चिम नेपालको ईतिहास पुनर्लेखन लागि महत्वपुर्ण वल समेत प्रदान गर्दछ । पुरातात्विक र ऐतिहासिक महत्वका साथै यो क्षेत्र धार्मिक दृष्टिकोणले पनि महत्वपुर्ण रहेको देखिन्छ । विशेष गरी यस क्षेत्रमा रहेका वास्तुअंशहरुमा बौद्ध र हिन्दु धर्मसंग सम्बन्धित मुर्तिहरुको संमिश्रण भएकोले बौद्धमार्गी र हिन्दु धर्मालम्बीहरुको बीचमा समन्वय र सहकार्य भई यस क्षेत्रको विषेश रुपमा संरक्षण र सम्बर्धन भएको अनुमान गर्न सकिन्छ । यस पक्षको विशेष अध्ययन अनुसन्धान गरि धर्म र कलाको पक्षमा समेत जानाकारी लिन सकेमा काक्रेविहारको धार्मिक संहिष्णुताको अवस्था कस्तो रहेको थियो भनि छर्लङ्ग पार्न सकिन्छ ।

यस वन क्षेत्र वातावरणीय र प्राकृतिक सौन्दर्यले पनि भरिपुर्ण भएकोले कर्णाली प्रदेशको एक महत्वपुर्ण पर्यापर्यटन क्षेत्रको रुपमा विकास गर्न सक्ने बलियो संभावना रहेको छ । यस क्षेत्रमा पर्यापर्यटक आर्कषणका आधारभुत तत्वहरु जस्तै पुरातात्विक अवशेष, ऐतिहासिक, धार्मिक स्थल, वातावरणीय एंव प्राकृति सौन्दर्य र दृश्य अवलोकन आदी रहेको छन् ,जसले प्रचुर मात्रामा पर्यापर्यटकलाई आर्कषक गर्न सक्दछ । यी क्षेत्रहरुको एकीकृत रुपमा संरक्षण, सम्बर्धन र बुद्धिमतापुर्वक उपयोग गर्नुका साथै पर्यापर्यटनको उचित विकास गर्न सकेमा स्थानीय बासिन्दाहरुको जीविकोपार्जनमा समेत बलियो टेवा पुराउन सक्ने सम्भावना रहेको देखिन्छ ।

यो सुर्खेत जिल्ला वन क्षेत्रले भरिपुर्ण रहेको छ जहां ७१% वनले ढाकेको छ । यस जिल्ला मुख्य गरी साल मिश्रित वन, कोणधारी वन, चौडापाते वन र झाडीदारी वनहरु रहेका छन । यसै गरी काक्रेविहार वन क्षेत्रमा पनि साल, सल्ला र अन्य चौडापते मिश्रित वन रहेको पाईन्छ । यस वन क्षेत्रका वरीपरी स्थानीय आदीवासी जनजातीको रुपमा थारु समुदाय अधिक बसोबास रहेको छ । विकासको क्रमसंगै सुर्खेत जिल्ला तत्कालिन मध्यपश्चिमान्चल विकास क्षेत्रको सदरमुकामको रुपमा स्थापित भए पश्चायत यस जिल्लाको खासगरी सुर्खेत उपत्यका क्षेत्रमा बसाईसराई एंव शहरीकरण बढेको पाईन्छ । यसका साथै कर्णाली प्रदेशको राजधानीको रुपमा समेत रहेकोले आगामी बर्षहरुमा विकासको गतिसंगै यस क्षेत्रमा मानिसहरुको बसोबास संख्या बढन गई यस वन क्षेत्रमा नकारात्मक



महानिर्देशक

असर परी वनको अवस्थामा समेत ह्रास आउनुका साथै वातावरणीय क्षेत्रमा पनि प्रतिकुल असर गर्न सक्ने सम्भावना देखिन्छ ।

यस वन संरक्षण क्षेत्रको संरक्षण, सम्बर्धनका लागि तत्कालिन जिल्ला वन कार्यालय, जिल्ला विकास समिति, पुरातत्व विभाग, दिगो विकास कोष लगायत स्थानीय अन्य क्लबहरु र स्थानीय समुदायहरुको प्रयाशहरु विगत वर्ष देखि नै गर्दै आईरहेको छ । यसरी विभिन्न सरोकारवालाहरुबाट संरक्षणका प्रयाश भई रहेता पनि अपेक्षित उपलब्धी हासिल गर्न नसकि यस वन क्षेत्रको अवस्था झन ह्रास एंव विनास हुने सम्भावना बढदै गई रहेकोले अतः यस प्रकारको सम्वेदनशिलतालाई मध्ये नजर गरी जैविक विविधता, वन स्रोत, जलस्रोत र प्राकृतिक एवं धार्मिक सम्पदाको संरक्षण गर्ने मुख्य उद्देश्य राखी नेपाल सरकारले मिति २०५९।१।३० को राजपत्रमा सूचना प्रकाशन गरी संरक्षित वन (वन संरक्षण क्षेत्र) क्षेत्र घोषणा गरि २०६८ सालमा ५ बर्षे ब्यवस्थापन कार्ययोजना स्वीकृत गराई कार्यान्वयन गर्दे आएकोमा पुन २०७३ सालमा १० बर्षे कार्ययोजना तयार भई २०८२ आषाढ मसान्तसमा कार्ययोजनाको अवधि समाप्त हुदैछ । अतः विगत कार्ययोजनाको अनुभव र सिकाईको आधारमा कार्ययोजनाको नविकरण गरी कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि आगामी १० बर्षका लागि यो कार्ययोजना तयार गरिएको छ ।

## ख) वन संरक्षण क्षेत्रको सिमाना

यो वन संरक्षण क्षेत्र सुर्खेत जिल्लाको सदरमुकामको दक्षिण भागमा अवस्थित छ । यो वन क्षेत्र करीव ३.५ कि.मी लम्बाई र मोटामोटी चौडाइ १.५. किमीमा फैलिएर रहेको एक प्रकारको सानो चक्ला वन हो । यो वन संरक्षण क्षेत्र बिरेन्द्रनगर नगरपालिक वाड न ९ र १० (साविक लाटीकोईली गांउ विकास समिति) अन्तर्गत पर्दछ । यस नगरपालिकाका विभिन्न टोलहरु वन क्षेत्रसंग प्रत्यक्ष रुपमा जोडिएर रहेको छ । यिनै स्थानीय समुदायहरुकै प्रत्यक्ष सहभागितामा वनको संरक्षण, सम्बर्धन र उपयोग भईरहेको छ । यो वन संरक्षण क्षेत्रको क्षेत्रफ़ल नेपाल सरकारले राजपत्रमा प्रकाशित गरे अनुसार यसको जम्मा क्षेत्रफल १७५ (हाल नापी कार्यालयको नापी अनुसार १७५.५० हेक्टर रहेको छ । यस वन संरक्षण जसलाई तलको नक्सा नं १ मा उल्लेख गरिएको छ ।

**साविकको चार किल्ला**

पूर्बःसाविक लाटिकोईली गा.वि.स. वडा नं. २ को थारु बस्ती नयाँगाँउ आवादि ।

पश्चिमः साविक लाटिकोईली गा.वि.स. वडा नं.८को डाँडा (जब्दी र कालीमाटी) बस्ती

उत्तरः साविक लाटिकोईली गा.वि.स वडा नं. ८ को कुन्टी गाँउ आवादी

दक्षिणःसाविक लाटिकोईली गा.वि.स. वडा नं. कोपातलगंगा आवादी

**हालको चार किल्ला**

पूर्बःबिरेन्द्रनगर नगरपालिका वडा नं. १० को थारु बस्ती नयाँगाँउ आवादि ।

पश्चिमः बिरेन्द्रनगर नगरपालिका वडा नं. ९ को डाँडा (जब्दी र कालीमाटी) बस्ती

उत्तरः बिरेन्द्रनगर नगरपालिका वडा नं. ९ को कुन्टी गाँउ आवादी

दक्षिणःबिरेन्द्रनगर नगरपालिका वडा नं. १० कोपातलगंगा आवादी

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव




नक्शा नं. १ काक्रेविहार वन संरक्षण क्षेत्रको चारकिल्ला सहितको अवस्थिति नक्शा

## ख) वन संरक्षण क्षेत्रको विशेषता

यो क्षेत्र ऐतिहासिक दृष्टिकोणले अत्यन्त महत्वपूर्ण मानिन्छ, किनभने यहाँ रहेका संरचनाहरूले एक विशेष कालखण्डको प्रतिनिधित्व गर्दछन्। यही कारणले गर्दा यस स्थानको ऐतिहासिक महत्व अझ बढेको छ। सूचनामूलक विवरणका आधारमा यो मन्दिर १२औं शताब्दीमा राजा अशोक चल्लद्वारा निर्माण गरिएको भन्ने तथ्य पनि प्राप्त हुन्छ।

यदि थप अध्ययन र अनुसन्धान मार्फत कुन शासकको पालामा यस्ता शैली, कला र मन्दिरहरूको निर्माण भएको थियो भन्ने कुरा स्पष्ट गर्न सकियो भने, यसले नेपालको पश्चिम क्षेत्रमा रहेको कर्णाली प्रदेशको ऐतिहासिक पक्षलाई उजागर गर्न सक्नेछ ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

ऐतिहासिक महत्त्वका साथै यो क्षेत्र पुरातात्विक दृष्टिकोणले पनि अत्यन्त विशेष मानिन्छ । पुरातत्व विभागद्वारा गरिएको उत्खननबाट प्राप्त संरचनात्मक अवशेषहरूले एक विशिष्ट समयको कलात्मक र सांस्कृतिक समृद्धिको प्रतिनिधित्व गर्छन् । यस क्षेत्रको वास्तुकलामा रहेका विविध कलाकृतिहरूको विस्तृत अध्ययन र अनुसन्धान गरिएमा काक्रेविहारको ऐतिहासिक संरचना, भव्यता र सांस्कृतिक समृद्धिको सुस्पष्ट चित्र प्रस्तुत गर्न सकिन्छ । साथै, यसले पश्चिम नेपालको इतिहास पुनः लेखनमा पनि महत्वपूर्ण योगदान दिन सक्छ।

पुरातात्विक र ऐतिहासिक महत्त्व सँगै काक्रेविहार क्षेत्र धार्मिक दृष्टिकोणले पनि महत्वपूर्ण देखिन्छ। यहाँ रहेका वास्तुशिल्पीय अंशहरूमा बौद्ध र हिन्दु धर्मसँग सम्बन्धित मूर्तिहरूको समिश्रण पाइने हुँदा, बौद्धमार्गी र हिन्दु धर्मालम्बीहरूबीचको सहअस्तित्व र समन्वयलाई झल्काउँछ। यदि यस पक्षमा विशेष अध्ययन अनुसन्धान गरियो भने, काक्रेविहारको धार्मिक सहिष्णुता र धर्म-कला सम्बन्धी गहिरो जानकारी प्राप्त गर्न सकिन्छ।

यो वन क्षेत्र वातावरणीय र प्राकृतिक सौन्दर्यले पनि भरिपुर्ण भएकोले कर्णाली प्रदेशको एक महत्वपुर्ण पर्यापर्यटन क्षेत्रको रुपमा विकास गर्न सक्ने बलियो संभावना रहेको छ । यस क्षेत्रमा पर्यापर्यटक आर्कषणका आधारभुत तत्वहरु जस्तै पुरातात्विक अवशेष, ऐतिहासिक, धार्मिक स्थल, वातावरणीय एंव प्राकृति सौन्दर्य, र दृश्य अवलोकन आदी रहेको छन् , जसले प्रचुर मात्रामा पर्यापर्यटक आर्कषक गर्न सक्दछ । यी क्षेत्रहरुको एकीकृत रुपमा संरक्षण, सम्बर्धन र बुद्धिमतापुर्वक उपयोग गर्नुका साथै पर्यापर्यटनको उचित विकास गर्न सकेमा स्थानीय बासिन्दाहरुको जीविकोपार्जनमा समेत बलियो थप टेवा पुराउन सक्ने सम्भावना रहेको देखिन्छ ।

## ग) कानुनी आधार

वन ऐन, २०७६ को परिच्छेद ४ मा वन संरक्षण क्षेत्र सम्बन्धि व्यवस्था रहेको छ । यस ऐनको दफा १५, १६ र १७ मा यस सम्बन्धि प्रावधानहरु उल्लेख गरिएको छ ।

वन ऐन, २०७६ को दफा १५ बमोजिम मन्त्रालयले प्रदेश मन्त्रालयको परामर्शमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी राष्ट्रिय वनको कुनै भाग तथा सम्बन्धित भू-परिधि क्षेत्रलाई सिमाङ्कन गरी विशेष कार्ययोजना बनाई वन संरक्षण क्षेत्रको रुपमा घोषणा गर्न सक्ने व्यवस्था रहेको छ ।

वन ऐन, २०७६ को दफा १५ बमोजिम देहायको राष्ट्रिय वनको कुनै भाग तथा सम्बन्धित भू-परिधि क्षेत्रलाई सिमाङ्कन गरी वन संरक्षण क्षेत्रका रुपमा व्यवस्था गर्न सकिने व्यवस्था रहेको छ ।

(क) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिकोणले वातावरणीय, पारिस्थितिकिय, वैज्ञानिक वा साँस्कृतिक महत्वको,

(ख) जलाधार संरक्षणको हिसावले संवेदनशील देखिएको,

(ग) संरक्षित क्षेत्र बाहिर रहेका वन वनस्पति तथा वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गर्न आवश्यक रहेको वा,

(घ) पर्यापर्यटनको विकास गर्न उपयुक्त देखिएको वन क्षेत्र ।

वन ऐन, २०७६ को दफा १५ मा उल्लेखित व्यवस्था अनुरुप यस काक्रेविहार क्षेत्र राष्ट्रिय तथा अन्तराष्ट्रिय दृष्टिकोणले वातावरणीय र साँस्कृतिक महत्व बोकेको, जलाधार संरक्षणको हिसाबले संवेदनशिल देखिएको र पर्यापर्यटन विकास गर्न उपयुक्त देखिएकाले वन संरक्षण क्षेत्रको रुपमा व्यवस्थित हुदैं आइरहेको छ ।

वन ऐन, २०७६ को दफा १६ मा वन संरक्षण क्षेत्रको व्यवस्थापन सम्बन्धि व्यवस्थाहरु उल्लेख गरिएको छ । यस व्यवस्था अन्तर्गत वन संरक्षण क्षेत्रमा रहेका राष्ट्रिय वनक्षेत्रमा क्षेत्रगत अवस्थितिका आधारमा एक वा सो भन्दा वढी वन व्यवस्थापन पद्धति अवलम्न गर्न सकिने र वन संरक्षण क्षेत्रभित्र रहेका अन्य वन व्यवस्थापन पद्धति अन्तर्गत व्यवस्थापन भइरहेको राष्ट्रिय वनको कार्ययोजना वनाउँदा वन संरक्षण क्षेत्रको विशेष कार्ययोजनाको अधिनमा रही बनाउनु पर्ने भनि उल्लेख भएको छ ।

वन ऐन, २०७६ को दफा १६ को उपदफा (३) बमोजिम वन संरक्षण क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभांशको बाँडफाँड राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग सम्बन्धि प्रचलित कानुन बमोजिम हुने व्यवस्था रहेको छ ।

वन ऐन, २०७६ को दफा १७ मा यो ऐन प्रारम्भ हुँदाका बखत कायम रहेको वन संरक्षण क्षेत्र यो ऐन प्रारम्भ भएपछि स्वत: वन संरक्षण क्षेत्रमा रुपान्तरण भएको मानिनेछ भन्ने व्यवस्था बमोजिम

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

साबिकको काक्रेविहार संरक्षित वन रहेकोमा हाल काक्रेविहार वन संरक्षण क्षेत्रको रुपमा परिवर्तित भइ व्यवस्थापन भइरहेको छ ।

वन नियमावली, २०७९ को नियम ४० मा वन तथा भू-संरक्षण विभागले वन संरक्षण क्षेत्रको विशेष कार्ययोजना बनाई मन्त्रालयले आवश्यक परिमार्जन गरि कार्ययोजना स्वीकृत गर्ने व्यवस्था रहेको छ । ऐनको दफा १५ (२) मा स्वीकृत कार्ययोजनाको कार्यान्व्यन सम्बन्धित डिभिजन वन कार्यालयले गर्ने व्यवस्था रहेको छ । वन नियमावली, २०७९ को दफा ४० र ४१ मा उल्लेखित व्यवस्थालाई आधार मानि यो काक्रेविहार वन संरक्षण क्षेत्रको कार्ययोजना १० वर्षका लागि वन तथा भू-संरक्षण विभागले तयार गरेको हो ।

## घ) कार्ययोजना तयारीका आधार

यस काक्रेविहार वन संरक्षण क्षेत्रको कार्ययोजनाको अवधी आ.व. २०८१।२०८२ असारमा सकिएकाले वन ऐन २०७६ को दफा १५, १६ र १७ तथा वन नियमावली २०७९ को नियम ४० र ४१ अनुसार वन संरक्षण क्षेत्रको व्यवस्थापनका लागि प्रत्येक १० वर्षमा परीमार्जन गर्नु पर्ने कानुनी आधार रहेकाले काक्रेविहार वन संरक्षण क्षेत्रको विशेष कार्ययोजना तयार गरिएको हो ।

## १. वन संरक्षण क्षेत्रको कार्ययोजनाका मान्यताहरु

वन संरक्षण क्षेत्रको कार्ययोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरी यसको महत्व र उपलब्धिलाई सुनिश्चित गर्न स्थानिय समुदाय, सरोकारवाला संघसंस्था लगायत सम्बन्धित निकायहरु सकृय हुनु अति आवश्यक छ । योजना तर्जुमा, निर्णय प्रक्रिया, कार्यान्वयन, लाभांश तथा अवसरको उपयोगमा महिला, विपन्न, पिछडिएका वर्ग, दलित आदिको सकृय सहभागिताका लागि जोड दिइएको छ । यस योजनामा उल्लेखित कार्यक्रमहरु अधिकारवाला र सरोकारवालाहरुको साझा अवधारणा बनाई समन्वय र सहकार्यको आधारमा कार्यान्वयन गरिनेछ । स्थानिय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा चलिआएको मान्यताहरुलाई पनि यो योजनाले अङ्गिकार गरेको छ । यसै अनुरुप निम्नलिखित आधारभूत मान्यताहरुलाई यस योजनाले अनुशरण गरेको छ ।

**१.१. सहभागितामूलक संरक्षणमुखी वन व्यवस्थापन अवधारणाः** वन संरक्षण क्षेत्र व्यवस्थापनका कार्यक्रमहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांङ्कन प्रभावकारी रुपमा संचालन गर्न



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

अधिकारवाला तथा सरोकारवालाहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी संरक्षणमुखी वन व्यवस्थापन तथा जैविक विविधता संरक्षणमा स्थानिय समुदायको अपनत्वको भावना अभिवृद्धि गर्ने ।

**१.२. बुद्धिमत्तापूर्वक उपयोगः** वन संरक्षण क्षेत्रमा सहभागितामूलक वन व्यवस्थापनद्वारा वन र वन्यजन्तुहरुको बासस्थान, जैविकमार्गको उचित व्यवस्थापन कायम गर्दै वन्यजन्तुको बासस्थान र मार्गलाई खलल नपुग्ने गरी बुद्धिमतापूर्वक सामाजिक न्यायको आधारमा वन पैदावारहरुको उपयोग गर्ने सिद्धान्तलाई यस ब्यवस्थापन योजनामा अवलम्बन गरिएको छ ।

**१.३. बहुसरोकारवालाहरुको साझेदारीः** यो योजना कुनै एक क्षेत्रमा मात्र केन्द्रित नभई वन क्षेत्रसंग सरोकार राख्ने सबै क्षेत्रलाई मध्यनजर राखी तर्जुमा गरिएकोले बहुसरोकारवालाहरुको साझेदारीतामा कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**१.४. लैंगिकता, समावेशीकरण तथा सुशासनः** यस कार्ययोजनाले क्षेत्र, लिङ्ग, वर्ग, भाषा, धर्म, जातजाति, संस्कृतिलाई समावेशी रुपमा समेटेको हुँदा असल शासनको अवधारणा अनुसार कार्यक्रम कार्यान्वयनमा जोड दिइएको छ ।

**१.५ प्रशंसायुक्त अनुभव, अनुभवजन्य सिकाइः** योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयन प्रक्रियामा विभिन्न उतारचढावहरुको सामना गनुपर्ने हुँदा प्रसंशायुक्त अनुभव, अनुभवजन्य सिकाइका पद्धतिलाई कार्यक्रम तर्जुमा तथा कार्यान्वयनको क्रममा जोड दिइनेछ ।

## २. कार्ययोजना तयार गर्दा अपनाइएका विधिहरु

काक्रेविहार वन संरक्षण क्षेत्रको कार्ययोजना नविकरण गर्ने क्रममा व्यापक रुपमा जनसहभागितामूलक विधिको अवलम्बन गरिएको छ । यस कार्ययोजना तयारी गर्ने क्रममा अपनाइएका विधिहरुको संक्षिप्त रुपमा निम्नानुसार व्याख्या गरिएको छ ।

### क. दोश्रो श्रोतबाट उपलव्ध जानकारीको पुनरावलोकन

यस वन संरक्षण क्षेत्रको तथ्याङ्कका संकलनको सिलसिलामा सुर्खेत जिल्ला एवंम काक्रेविहार वन क्षेत्रको जैविक विविधता सम्बन्धी उपलव्ध एवंम प्रकाशित वन, वनस्पति, कृषि, पशु, जिल्ला विकास सम्बन्धी जानकारीमूलक अध्ययन प्रतिवेदन, विगतको वन संरक्षण क्षेत्र ब्यवस्थापन कार्ययोजना, डिभिजन वन कार्यालय सुर्खेतको आवधिक योजना सहितको रणनीतिक योजना २०८०, सामुदायिक

वनको कार्ययोजनाहरुका साथै जिल्लामा साविकका र संचालित योजनाहरु, आयोजना सम्बन्धी प्रतिवेदन, वार्षिक प्रगतिहरु, नगरपालिका तथा गाँउपालिकाहरुका प्रोफाइलहरु,अध्ययन अनुसन्धानका प्रतिवेदनलाई संकलन एवंम विश्लेषणका साथ पुनरावलोकन गरी यस योजनामा पनि समावेश गरिएको छ ।

**ख. प्रथम श्रोतबाट विवरण संकलन**

यस वन संरक्षण क्षेत्रको कार्ययोजना ब्यवहारिक र कार्यान्वयनयुक्त रुपमा तयार गर्ने क्रममा स्थलगत रुपमा जनसहभागितामुलक विधिका आधारमा प्रथमस्तरको सुचनाको विवरण संकलन गरियो । यस प्रकारको विवरण संकलनको क्रममा सरोकारवालाहरुसंग व्यापक छलफल स्थलगत रुपमा विषयगत क्षेत्रमा समुहगत अन्तरक्रिया गोष्ठी, जानिफकारहरुसंग छलफल, सरकारद्धारा व्यवस्थित वन श्रोतको सर्भेक्षण सामुदायिक वनहरुको कार्ययोजनामा रहेको वन स्रोतको मौज्दातको समिक्षा र स्थानियस्तरमा डिभिजन वन कार्यलय तथा सव-डिभिजन वन कार्यालयहरु, स्थानिय पालिका, प्रदेश स्तरमा उद्योग, पर्यटन, कृषि, वन तथा पर्यावरण मन्त्रालय, वन निर्देशनालय र केन्द्रिय स्तरमा वन तथा भू-संरक्षण विभाग लगायतका विज्ञहरुसंगं छलफल गरी सुझावहरु संकलन गरिएको थियो ।

**सन्दर्भ सामग्रीको पुनरावलोकन**

काक्रेविहार वन संरक्षण क्षेत्रको कार्ययोजना नविकरण गर्ने क्रममा यस विषयसंग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिमा (Convention) नेपालले हस्ताक्षर गरी सहमति र प्रतिवद्धता जनाएका विषयहरु, राष्ट्रको वन, जैविक विविधता, सिमसार क्षेत्रसम्बन्धी विद्यमान नीति, कार्यनीति, वन नीति, वन ऐन नियम र अन्य संस्थागत व्यवस्था सम्बन्धी सामाग्रीहरुको विश्लेषणात्मक पुनरावलोकन गरिएको थियो ।

**वन क्षेत्रसंग सम्बन्धित अन्तर्राष्ट्रिय क्षेत्रमा भए गरेका महासन्धिहरु**

यस काक्रेविहार वन संरक्षण क्षेत्रसंग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धीहरु र सम्झौताहरुमा नेपालले हस्ताक्षर गरी यसमा सहमति र प्रतिवद्धता जनाएको छ । यी महासन्धिहरुको Conference of Parties (COP) विभिन्न बैठक र छलफलमा भएका निर्णयहरुको अध्ययन विषयहरुसंग सम्बन्धित सहमति र प्रतिवद्धताहरुको संक्षिप्त रुपमा पुनरावलोकन गरिएको छ ।

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं
सह सचिव

## सिमसार क्षेत्रको अन्तराष्ट्रिय महत्वको महासन्धि (१९७१)

नेपाल रामसार महासन्धिमा सन् १९८८ अप्रिल १७ मा प्रवेश गरेको हो । यसमा नेपालको दायित्व देशभित्र रहेका राष्ट्रिय र अन्तराष्ट्रिय महत्वका सिमसार क्षेत्र र सिमसार क्षेत्रमा पाइने जलचर लगायत चराचुरुङ्गी र यसका वासस्थानलाई संरक्षण, व्यवस्थापन, बुद्धिमानीपूर्वक सदुपयोग गर्नु रहेको छ । महासन्धिले अवलम्वन गरेका नीति र कार्यनीतिहरुलाई कार्यान्वय गर्नका लागि नेपाल सदस्य राष्ट्रको हैसियातले राष्ट्रिय सिमसार नीती २०५९ समयानुकुल परिमार्जन गरी राष्ट्रिय सिमसार निती २०६९ ल्याई कार्यान्वयन गरिएको छ ।

## संकटापन्न वनस्पति तथा वन्यजन्तुको अन्तराष्ट्रिय व्यापार नियन्त्रण गर्ने महासन्धी (साइटिस) (१९७३)

यस महासन्धिमा सन् १६ सेप्टेम्वर, १९७५ मा नेपाल आवद्ध भएको थियो । यस महासन्धिको मुख्य उद्देश्य प्राकृतिक पारिस्थीतिक प्रणालीको संरक्षण, सुचीकृत लोप हुन लागेको प्रजातिहरुको चोरी शिकारी व्यापारमा नियन्त्रण गर्नु रहेको छ । जस्तैः CI TESको सूचीमा परेको गैंडाको खाग, बाघ, हात्तिको हड्डी, छाला, कस्तुरीको विना लगायतका वन्यजन्तुको अखेटोपहारको व्यापारमा बन्देज गरिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन-२०२९ को अनुसूचीमा संरिक्षत वन्यजन्तुहरुको नामहरु सुचीकृत गरिएको छ । यस्तै नेपाल सरकारले समयमा समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संरक्षित वन्यजन्तु तथा बनस्पति घोषणा गर्ने गर्दछ ।

## विश्व संरक्षण संघ

विश्व संरक्षण संघले नेपालमा २३ फरवरी, १९९५ मा कार्यालय स्थापना गर्‍यो । यस सघंमा जुन १९९८ सम्म, १४४ राष्ट्र सदस्य भई सकेका छन । यसको मुख्य उद्देश्य अन्तराष्ट्रिय स्तरमा वन्यजन्तुको ब्यापारलाई नियन्त्रण गर्ने, घटाउने तथा उन्मुलन गर्ने र वन संरक्षण क्षेत्रस्पति तथा वन्यजन्तुहरुको ब्यापारलाई नियन्त्रण गर्न साइटिससंग अन्तराष्ट्रियस्तरको समन्वय र सहकार्य गरी नियन्त्रण गर्नु रहेको छ । साथै यसको मुख्य प्रावधान प्रजातीहरुको अनुसूचीहरुलाई समयानुकल परिमार्जन गर्नु, महासन्धिको प्रावधानलाई कार्यान्वयन गर्न उपयुक्त उपाय अवलम्वन गर्ने रहेको छ । यस संघले नेपालमा पाइने विश्व संरक्षण संघको खतरामा परेको प्रजातिको सुची (IUCN Red List of threatened species)तयार गर्ने गरेको छ ।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं
महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं
सह सचिव

**जैविक विविधता सम्बन्धी महासन्धी, १९९२**

जैविक विविधता सम्बन्धी महासन्धी १९९२ मा जैविक विविधताको संरक्षण, सम्बर्धन र बुद्धिमतापुर्वक उपयोगका लागि विश्वभरका राष्ट्रहरुमा कार्यान्वयनका लागि जोड दिईयो । जैविक विविधता सम्वन्धी महासन्धी १९९२ मा भएको प्रावधानलाइ लागू गर्न नेपाल जैविक विविधता रणनीति २००२ र त्यसलाइ कार्यान्वयन गर्ने योजना २००६ लागु गरेको छ । यी रणनीती र कार्यान्वयन योजनालाई समय सन्दर्भिक बनाई देखिएका समस्या र चुनौतीहरुलाई सामावेश गरि २०१४ मा परिमार्जन गरि नेपाल राष्ट्रिय जैविक विविधता रणनीती र कार्ययोजना (२०१४–२०२०) र जैविक विविधता संरक्षणको पांचौ राष्ट्रिय प्रतिवेदन समेत तयार गरी कार्यान्वयनमा ल्याईएको छ । जलवायु परिवर्तन तथा मानवीय कृयाकलाहरुबाट वातावरणमा पर्न गएका असरहरुबाट सृर्जित चुनौतीहरुको सामना गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ तयार गरी कार्यान्वयन गरिएको छ ।

**अन्य सान्दर्भिक नीति तथा कार्यनीतिहरु**

नेपालले वन क्षेत्रसंग सम्बन्धित महासन्धीहरुमा गरेको प्रतिबद्धता अनुसार नीति, कार्यनिति, ऐन, नियमावली, निर्देशिका र कार्यक्रमहरु तयार गरि कार्यान्वयन गरि रहेको छ । उक्त नीति, कार्यनिति, ऐन, नियमावली, निर्देशिका तयार गरी कार्यक्रमहरु कार्यान्वयन भएपनि त्यसका प्रावधानहरुलाई के-कति आत्मसात गरी कार्यन्वयन गर्न सकेको छ सोको पुनरावलोकन गर्न आवश्यक भएको छ । सदस्य राष्ट्रको नाताले नेपालले आवधिक रुपमा प्रगति प्रतिवेदन पेश गर्ने गरेको छ । मुख्यत, वनक्षेत्रसंग सम्बन्धित तपशिलका नीति र कार्यनितिहरु सम्बन्धित रहेका छन् । यसले वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता संरक्षण, जलवायु परिवर्तन न्यूनिकरण जस्ता विषयहरु सम्वन्धी ऐन, नियम र कार्यक्रम बनाउन सघाउ पुऱ्याएको छ । यी नीति र कार्यनितिहरुले प्रत्यक्ष रुपमा वन संरक्षण क्षेत्रको विकासको लागि मार्गदर्शन गर्दछन् ।

**नेपालको संविधान-वि.सं.२०७२**ः नेपालको संविधान २०७२ मा वन क्षेत्र सम्बन्धित सवैधानकि ब्यवस्थामा मौलिक हकको रुपमा धारा ६० मा स्वच्छ वातावरणको हक भनी उल्लेख गरिएको छ । यसै गरी संविधानमा राज्यका निर्देशक सिद्धान्तहरु तथा नीतिहरु अन्तर्गत धारा ५१ (छ) मा



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

प्राकृतिक साधन, स्रोतको संरक्षण, सम्बर्धन र उपयोग सम्बन्धि व्यवस्था गरिएको छ । यस धारा ५१ (छ) अन्तर्गत १, ५, ६ र ७ मा उल्लेखित नीतिहरुमा प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्धन र वातावरण अनुकुल दिगो रुपमा उपयोग गर्ने र स्थानिय समुदायलाई प्राथमिकता र अग्राधिकार दिदै प्राप्त प्रतिफलहरुको न्यायोचित वितरण गर्ने, वन, वन्यजन्तु, पक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, सम्बर्धन र दिगो उपयोग गर्ने साथै प्रकृति, वातावरण र जैविक विविधता संरक्षणमा परेका नकारात्मक असर लाई न्युनीकरण गर्ने जस्ता कुराहरु उल्लेख गरिएको छ , जसलाई यस कार्ययोजनामा समेत अवलम्वन गरिएको छ ।

**राष्ट्रिय वन नीति २०७५:** "समृद्धिको लागि वन" भन्ने अवधारणालाई आत्मसाथ गर्दे हालसम्म प्राप्त अनुभव, वन व्यवस्थापन, वातावरण संरक्षण, जैविक विविधता र जलवायु परिवर्तन सम्बन्धमा विकसित अवधारणा, नेपालका राष्ट्रिय विकासका प्राथमिकता र नेपालका संरक्षण सम्बन्धी प्रतिवद्धता समाहित गरी समग्र वन क्षेत्रलाई मार्गदर्शन गर्न राष्ट्रिय वन नीति, २०७५ तयार गरिएको छ । यस नीतिले गम्भिरताका साथ वन, वनस्पति, वन्यजन्तु, संरक्षित क्षेत्र तथा जलाधारको संरक्षण एवंम व्यवस्थापन गरी वातावरणीयसन्तुलन कायम राख्ने भन्ने विषयलाई उद्देश्यमा नै उल्लेख गरिएको छ भने जैविक विविधताको संरक्षणको लागि समुदायमा आधारित संरक्षित क्षेत्रहरुको विकास र विस्तार, महत्वपूर्ण जैविक मार्गको पहिचान गरी संरक्षण र जैविक विविधताको संरक्षणमा स्थानिय एवंम परम्परागत ज्ञान, सीप र प्रविधिको उपयोग गर्ने बुदाहरुलाई रणनीति र कार्यनीतिमा समावेश गरि महत्वका साथ कार्यन्वयनमा जोड दिईएको पाईन्छ ।

**नेपाल जैविक विविधता रणनीति र कार्यनीतिः** तराई भू-परिधि कार्यक्रम मार्फत तराईका पूर्वमा बागमती देखि पश्चिममा कन्चनपुर जिल्लासम्म तराई भू-परिधि कार्यनीति कार्यान्वियन गरेको छ । यी रणनीती र कार्यान्वयन याजनामा देखिएका समस्याहरु एवंम चुनौतीहरुलाई सामावेश गरि २०१४ मा परिमार्जन गरि नेपाल राष्ट्रिय जैविक विविधता रणनीती र कार्ययोजना (२०१४-२०२०) र जैविक विविधता संरक्षणको पांचौ राष्ट्रिय प्रतिवेदन समेत तयार गरी कार्यान्वयनमा ल्याईएको छ ।

**राष्ट्रिय सिमसार निती, २०६९:** जलवायु परिवर्तन तथा मानवीय कृयाकलाहरुबाट वातावरणमा पर्न गएका असरहरुबाट सिर्जित चुनौतीहरुको सामना गर्न राष्ट्रिय सिमसार निती २०५९ समयानुकुल परिमार्जन गरी राष्ट्रिय सिमसार निती २०६९ ल्याई कार्यान्वयन गरिएको छ । जसले वर्तमान चुनौतीहरुको सामना गर्न र सिमसारको संरक्षण गर्न महत्वपुर्ण भूमिका खेलेको छ ।



सह सचिव

महानिर्देशक

**राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ः** जलवायु परिवर्तनका प्रभाव विशेष गरेर गरिब, विकासोन्मुख, भूपरिवेष्टित तथा पर्वतीय मुलुकहरुमा बढी देखिएको छ । जलवायु परिवर्तनबाट नेपाल पनि अत्यन्तै प्रभावित भएकोले यसलाई सम्बोधन गरी हिमाल, पहाड र तराई लगायत पर्वतीय क्षेत्र, यहाँका जनता र तिनको जीविकोपार्जन तथा पारिस्थितिकीय प्रणाली (इकोसिष्टम) मा परिरहेको असर र पर्न सक्ने प्रभावलाई न्यून गर्न नीतिगत व्यवस्था गरी कार्यक्रम कार्यान्वयन गर्न अत्यावश्यक भएकोले जलवायु परिवर्तन नीति २०७६ तयार गरी कार्यान्वयन गरिएको छ । यसका लक्ष्य जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनीकरण गर्दै, जलवायु अनुकूलित हुँदै, न्यून कार्वन-उत्सर्जन गरी सामाजिक-आर्थिक विकास पथलाई अवलम्बन गर्दै जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिवद्धता अनुरुप सहयोग तथा सहकार्यको प्रवद्र्धन गरी जीवनस्तरमा सुधार ल्याउनु यस नीतिको प्रमुख लक्ष्य रहेको छ । यस नीतिले निर्देशित गरेका नीति र कार्यनीतहरुलाई कार्यान्वयन गर्न यस कार्ययोजनाले विशेष जोड दिईएको छ ।

सुर्खेत जिल्लाको आवधिक योजना सहितको रणनीतिक योजना २०८०:सुर्खेत जिल्लाका दुवै डिभिजन वन कार्यालयहरुले तयार गरी स्वीकृत भई कार्यान्वयनमा रहेको आवधिक योजनासहितको रणनीतिक योजना २०८० ले प्राकृतिक स्रोतहरुको दिगो ब्यवस्थापन गर्ने तथा वन क्षेत्रको विकास र विस्तारका लागि विशेष जोड दिइएको छ । यसका साथै सुर्खेत जिल्ला जैविक विविधता र जैविक मार्गको दृष्टिकोणले अति महत्वपुर्ण क्षेत्र भएकाले यसको संरक्षण, सम्बर्धन र बुद्धिमतापुर्वक उपयोगको आधारमा विकास र विस्तार गरी जैविक विविधताको संरक्षण, जैविक मार्गको विकास र विस्तार गरी एक नमुना स्थलको रुपमा विकास गरी राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा पहिचान गर्न टेवा पुर्याउने उद्देश्य रहेको छ ।

**काक्रेविहार संरक्षित वन ब्यवस्थापन कार्ययोजना २०६८ः** नेपाल सरकारले सरक्षित वन घोषणा गरी यस वन संरक्षण क्षेत्रको २०६८ साल देखी ब्यवस्थापन कार्ययोजना स्वीकृत भई स्थानिय समुदायको सहभागितमा वन, जैविक विविधता र जैविक मार्गको संरक्षण, सम्बर्धन गर्दै आईरहेको छन । यस वन संरक्षण क्षेत्रमा वनको बृद्धि मौज्दातमा सुधार, वन्यजन्तुको संख्यामा बृद्धि, खाली क्षेत्रमा वृक्षारोपण भई वनको पुर्नस्थापना, चरिचरन नियन्त्रण, चोरीशिकारी नियन्त्रण जस्ता कार्य गरी जोखिम अवस्थामा रहेका प्रजातीहरुको पुर्नउत्पादन जस्ता महत्वपुर्ण कार्य गर्नुको साथै घाँसे मैदान

ब्यवस्थापन, छाडा पशु ब्यवस्थापन, वन अतिक्रमण नियन्त्रण, वनपैदावर तथा वन्यजन्तुको चोरी शिकारी तथा चोरी निकासी नियन्त्रण जस्ता कार्यक्रम संचालन भएका छन ।

## ३. वन क्षेत्रको संस्थागत व्यवस्थाको पुनरावलोकन

यस वन संरक्षण क्षेत्रसंग संम्बन्ध रहेका सम्बन्धित सरोकारवालाहरुमा केन्द्रमा कृषि, वन तथा पर्यावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभाग, प्रदेश स्तरमा उद्योग, पर्यटन, कृषि, वन तथा पर्यावरण मन्त्रालय, वन निर्देशनालय, प्रदेश वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका साथै जिल्लामा डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालय, जिल्ला वन क्षेत्र समन्वय समिति र काक्रेविहार वन संरक्षण क्षेत्र परिषदका साथै स्थानिय स्तरमा सव-डिभिजन वन कार्यालयहरु, स्थानिय वन तथा वातावरण संरक्षण समुहहरु, नजिकका सामुदायिक वन समुहहरु, स्थानिय पालिकाहरु लगायतका सरोकारवाला निकायहरु बिच समन्वय र सहकार्य भएर कार्यक्रम कार्यान्वयन गर्ने अपेक्षा गरिएता पनि सो अनुसार कार्य भएको देखिंदैन । समुदायको क्षमताको अभिबृद्धिका साथै सहकार्यलाई अझ समन्वय गरी जान सकेमा बढि प्रभावकारी हुने देखिन्छ । सामुदायिक वन उपभोक्ता समूह तथा यसका संजालहरु जस्तै फेकोफन, सामुदायिक वन समन्वय समिति, वन क्षेत्रसंग सम्बन्धित सरोकार राख्ने संघ संस्थाहरुले जैविक विविधता संरक्षणका लागि सचेतना अभिबृद्धि कार्यक्रमहरु संचालन गरी रहेका छन् । तसर्थ आगामी दिहहरुमा पनि उक्त संस्थाहरुसंग सहकार्य गरी कार्यक्रम संचालन गर्न सकेमा अझ प्रभावकारी हुने देखिन्छ ।

## ४. कार्ययोजना तयारीका चरणहरु

### ४.१ सरोकारवालहरुसंग छलफल

काक्रेविहार वन संरक्षण क्षेत्रको कार्ययोजना तयारीका लागि आवश्यक सामाजिक तथा प्राकृतिक स्रोत सम्बन्धी विवरणहरु संकलन गर्ने क्रममा सरोकारवालाहरुसंग व्यापक छलफल गरियो । यस वन संरक्षण क्षेत्रसंग सरोकार राख्ने सबै सरकारी, गैरसरकारी र स्थानिय समुदायहरुसंग छलफल गरी आवश्यक विवरण संकलन गरियो । सरोकारवालाहरुसंग सम्बन्धित विषयगत क्षेत्रहरुको चेकलिष्ट तयार गरी छलफल गरिएको थियो ।

### ४.२ स्थलगत रुपमा विषयगत क्षेत्रहरुमा अन्तरक्रिया

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं
सह सचिव

यस वन संरक्षण क्षेत्रको कार्ययोजना नविकरण गर्ने क्रममा सर्वप्रथम विभिन्न सरोकारवालाहरुको वैठकमा स्थलगत रुपमा छलफल गरिने विषयगत क्षेत्र पहिचान गरियो । यी विषयगत क्षेत्रहरुको छलफल गर्ने समुह र स्थलहरुको पहिचान गरी कार्य तालिका तयार गरियो । सो तालिका अनुसार विभिन्न अन्तरक्रिया गोष्ठी गरी तयार गरेको चेकलिष्टको आधारमा आवश्यक विवरणहरु संकलन गरियो ।

### ४.३ जानिफकारहरुसंग छलफल

वन संरक्षण क्षेत्रको कार्ययोजना नविकरण गर्ने क्रममा यस विषयसंग बढि ज्ञान र सुचना राख्ने जानिफकारहरुसंगं भेटघाट र छलफलको लागि चेकलिष्ट तयार गरि आवश्यक सुचना संकलन गरिएको थियो । यसक्रममा वन तथा भू-संरक्षण विभाग, कर्णाली प्रदेश उद्योग, प्रर्यटन, कृषि, वन तथा पर्यावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय सुर्खेत, वडा कार्यालय लगायतका जानिफकार संस्था तथा व्यक्तिहरु संग छलफल गरिएको थियो ।

### ४.४ लक्षित समुह छलफल

यस काक्रेविहार वन संरक्षण क्षेत्रको कार्ययोजना नविकरण गर्ने क्रममा विभिन्न सरोकारवालाहरु विशेषगरी स्थानिय स्तरमा प्रत्यक्ष रुपमा संरक्षण तथा व्यवस्थापनका गतिविधि संचालन गरिरहेका वन उपभोक्ता, सव-डिभिजन वन कार्यालय, डिभिजन वन कार्यालय, स्थानिय सरकार, वडा कार्यालय तथा सरंक्षणमा सहयोगीहरु संग भेटघाट र छलफलको लागि चेकलिष्ट तयार गरि आवश्यक सुचना, राय तथा सुझाव संकलन गरिएको थियो ।

## ५. वन स्रोत सर्भेक्षण

**५.१ जैविक विविधता सर्भेक्षणः** काक्रेविहार वन संरक्षण क्षेत्रको स्थलगत भ्रमण गरी वन स्रोत, जैविक विविधताको सर्भेक्षण गरिएको थियो । यस वनमा १ प्रतिशत स्याम्पल लिई सोही आधारमा स्याम्पल प्लटहरुको संख्या निर्धारण गरियो र निर्धारित स्याम्पल प्लटहरुमा वन स्रोत सर्वेक्षण गरी तथांक संकलन गर्नुका साथै सम्वेदनशिल जैविक विविधता क्षेत्र, सिमसार लगायत पानीका स्रोतहरुको वस्तुगत अवलोकन गरी पहिचान गरिएको थियो । यसरी प्राप्त तथ्याङ्कहरुलाई डिभिजन वन कार्यालयहरुको स्वीकृत पञ्च वर्षिय आवधिक योजना सहितको रणनीतिक योजनासंग तुलना गरी एकिन गरिएको छ ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सह सचिव

**५.२ वन क्षेत्र सिमांकन निर्धारणः** यस वन संरक्षण क्षेत्रको सिमांकन प्रथम पटक ब्यवस्थापन कार्ययोजना तयार गर्दा निर्धारण भएकोले र सो सिमांकनको विवरण राजपत्रमा समेत प्रकाशन भई सकेकोले यो कार्ययोजना नविकरण गर्ने क्रममा त्यसलाई नै आधार मानी वनको सिमाना कायम गरिएको थियो । तलको चित्र नं. १ वन संरक्षण क्षेत्र ब्यवस्थापन कार्ययोजना तयारी क्रममा अपनाईएका विधिहरुको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ ।

## ६. तथ्याङ्क विश्लेषण तथा लेखन

यस वन संरक्षण क्षेत्रको कार्ययोजना नविकरणका लागि संकलित सामाजिक तथा आर्थिक विवरणलाई तालिका तथा चार्टहरु बनाई तथ्यांङ्कहरुको विश्लेषण गरिएको छ । यसका साथै वन क्षेत्रको स्रोत सर्भेक्षण सामुदायिक वनको स्रोत सर्भेक्षण मार्गदर्शन, २०६१ (परिमार्जित) अनुसार विश्लेषण गरी प्रति हेक्टर विरुवाको संख्या एवंम रुखको औषत आयतन निकालिएको छ । साथै यस वन क्षेत्रको स्रोत नक्सा आर्क जि.एस.आई एस, ईद्रस सफ्टवयर प्रयोग गरी तयार गरिएको छ ।

महानिर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं
सह सचिव




चित्र नं. १वन संरक्षण क्षेत्र ब्यवस्थापन कार्ययोजना तयारी क्रममा अपनाईएका विधि



महानिर्देशक
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

# परिच्छेद २: स्थलगत अवस्था

## क) भू-परिधि क्षेत्रको अवस्थिति तथा भू-उपयोगको अवस्था

यो वन संरक्षण क्षेत्र सुर्खेत जिल्लाको सदरमुकामको दक्षिण भागमा अवस्थित छ । यो वन क्षेत्र करीव ३.५ कि.मी लम्बाई र मोटामोटी चौडाइ १.५ किमीमा फैलिएर रहेको एक प्रकारको सानो चक्ला वन हो । यो वन संरक्षण क्षेत्र बिरेन्द्रनगर नगरपालिका वडा नं ९ र १० (साविक लाटीकोईली गांउ विकास समिति) अन्तर्गत मात्र पूर्ण रुपमा पर्दछ । यस नगरपालिकाका विभिन्न टोलहरु वन क्षेत्रसंग प्रत्यक्ष रुपमा जोडिएर रहेको छ । यिनै स्थानीय समुदायहरुको प्रत्यक्ष सहभागितामा वनको संरक्षण, सम्बर्धन र उपयोग गरिरहेका छन । काक्रेविहार वन संरक्षण क्षेत्र बीरेन्द्रनगर उपत्यका क्षेत्रको दक्षिण तर्फ सानो पहाडको टाकुरामा अवस्थित रहेको छ । यो वनको चारै तर्फ समथल कृषि उर्वराभुमिले घेरिएर रहेको छ । यो वन समुन्द्री सतहबाट करीव ७१५ मिटरको सम्मको उचाईमा अवस्थित रहेको छ । यो वन क्षेत्र चुरे पहाडका श्रृङखाला अन्तर्गत पर्दछ । यस वनको उत्तर र दक्षिण भागहरुमा सिमसार क्षेत्रहरु पनि रहेका छन । यो वन सुर्खेत जिल्लाको निर्वाचन क्षेत्र नं. २ अन्तर्गत बिरेन्द्रनगर नगरपालिक वडा न ९ र १० मा पर्दछ । यस वन क्षेत्रको भौगोलिक वनावट झट्ट हेर्दा पुर्व पश्चिम फैलिएर रहेको र पुर्वबाट पश्चिम तर्फ सागुरिदै गएको आकार रहेको देखिन्छ । यो क्षेत्र ऐतिहासिक, पुरातत्वातिक, धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले अतिमहत्वपूर्ण क्षेत्रको रुपमा परिचित हुदै आईरहेकोछ ।

**भू-उपयोगिताको अवस्था**

काक्रेविहार वन संरक्षण क्षेत्रको भू-उपयोग सम्बन्धी नक्सा Landsat ETM+भू-उपग्रहले खिचेको फोटोबाट तयार पारिएको छ । यी तस्विरहरुको वर्गीकरणको कार्य फिल्ड निरीक्षणबाट पनि प्रमाणित गरिएको छ । यस वन संरक्षण क्षेत्रका भू-उपयोगको स्वरुप तालिका नं.१ मा उल्लेख गरिएको छ साथै भू उपयोगको नक्सा नक्सा नं २ मा राखिएको छ ।

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं
सह सचिव

तालिका नं. १ काक्रेविहार वन संरक्षण क्षेत्रको भू-उपयोग स्वरुप

| भू-उपयोग किसिम | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|
| घना वन | १५०.०८ | ८५.५१ |
| घाँसे मैदान | ३.१० | १.७६ |
| झाडीबुट्टायन | २०.२६ | ११.५४ |
| सिमसार क्षेत्र -तालतलैया) | ०.७६ | ०.४४ |
| मन्दिर क्षेत्र | १.३० | ०.७५ |
| कुल वन संरक्षण क्षेत्रको क्षेत्रफल | १७५. ५० | १०० |

स्रोतः Landsat ETM+तथा फिल्ड सर्भेक्षण, २०८१

यस वनक्षेत्र क्षेत्रफल १७५.५० हेक्टरमा फैलिएर रहेको छ । भू-उपयोगिता तालिका नं १ मा उल्लेखित तथ्थाङको अवस्थालाई विश्लेषण गर्दा वन संरक्षण क्षेत्रको कुल क्षेत्रफल मध्ये घना वन क्षेत्रले १५०.०८ हेक्टर (८५.५१%), घाँसेमैदान ३.१० हेक्टर (१.७६%), झाडीबुट्टायन २०.२६ हेक्टर (११.५४%), सिमसार क्षेत्र ०.७६ हेक्टर (०.४४%) र बगैचा १.३० हेक्टर (०.७५%) ले ओगटेको छ । यस वन संरक्षण क्षेत्रमा रहेको घन वनको सहभागितामुलक संरक्षणमुखी वन ब्यवस्थापनद्वारा वन, जैविक विविधताको दिगो समग्र रुपमा व्यवस्थापन गर्नु अति आवश्यक रहेको छ । यस वनमा झाडीबुट्टायन क्षेत्रलाई झाडी सुधार कार्यक्रम संचालन गरी बहुतलिय वनको रुपमा विकास गर्नु पर्ने देखिन्छ । साथै घांसे मैदानमा उन्नत जातको घांसहरुका बीउ र बिरुवाको उचित व्यवस्थापनका गरि बन्यजन्तुका लागि आवश्यक घांसे मैदानहरु विकास गर्ने जोड दिईएको छ । यी घासे मैदानहरुमा मिचाहा प्रजाति हरुबाट अतिक्रमण गर्ने कार्य भईरहेको देखिन्छ । अतः यी उम्रिएका मिचाहा प्रजातिहरु नियन्त्रण गर्ने कार्यक्रमहरु संचालन गर्नु पर्ने देखिन्छ । यस वनक्षेत्रमा बगैचाहरु पनि रहेको छ । साथै यस वन क्षेत्रमा आसपासमा सिमसार क्षेत्रहरु रहेका छन जसको उचित ब्यवस्थापन गर्न कार्ययोजनामा जोड दिईएको छ ।

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं
सह सचिव




नक्शा नं. २ काक्रेविहार वन संरक्षण क्षेत्रको भू उपयोगीता नक्शा

## ख) भौगोलिक तथा भौगर्भिक अवस्था

काक्रेविहार वन संरक्षण क्षेत्रको पूर्बमा बिरेन्द्रनगर नगरपालिका वडा नं. १० को थारु बस्ती नयाँगाँउ आवादि, पश्चिम बिरेन्द्रनगर नगरपालिका वडा नं. ९ को डाँडा (जब्दी र कालीमाटी) बस्ती, उत्तर वीरेन्दनगर नगरपालिका वडा नं. १० को कुन्टी गाँउ आवादी र दक्षिणः बिरेन्द्रनगर नगरपालिका वडा नं. ९ को पातलगंगा आवादी यो वन संरक्षण क्षेत्र समुन्द्र सतहवाट ६३० मीटर देखि ७५५ मीटर सम्म फैलिएको छ ।

यस क्षेत्रमा उप-उष्ण प्रदेशिय हावापानी पाइन्छ । यहाँको अत्याधिक तापक्रम ४० डिग्री सेन्टीग्रेट र न्युनतम तापक्रम ३ डिग्री सेन्टीग्रेट छ । यस क्षेत्रमा पांगो, बलौटे, दोमट बलौटे र चिम्टायाईलो रातो माटो पाइन्छ । यस यो क्षेत्रमा उपोष्ण हावापानी पाईन्छ । यस क्षेत्रको समथर भू-भागमा



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

सह सचिव

पूर्ण विकसित पांगो माटो, बलौटे र दोमट माटो रहेको छ भने वन क्षेत्रमा कमलो ढुङ्गेचट्टान, वलौटे माटोको वाहुल्यता रहेका र नवीनम चट्टानको संरचनामा निम्न होचो, पहाडी क्षेत्र (Foothills) मा रहेको छ ।वर्तमान अवस्था यस प्रकारको कृषि उर्वरा भुमी तिव्रगतीमा शहरीकरणमा परिवर्तन भै रहेको देखिन्छ ।

## ग) स्थानिय समुदायको सामाजिक, आर्थिक अवस्था

## १ सामाजिक तथा आर्थिक विवरण

### १.१ सामाजिक विवरण

### १.१.१ जनसंख्या

विरेन्द्रनगर नगरपालिका क्षेत्रकाको कुल जनसंख्या १,५३,८६३ (जनगणना २०७८) रहेको छ भने जम्मा ३८,३७७ घरधुरीहरु छन् । यी जनसंख्यामध्ये महिलाको संख्या ७८,७३४ र पुरुषको संख्या ७५,१२९ रहेको छ । काक्रेविहार वन संरक्षण क्षेत्रको चारकिल्ला भित्र पर्ने विरेन्द्रनगर नगरपालिकाको ९ र १० वडा मुख्य प्रभावित क्षेत्रको रुपमा रहेको छ । प्रभावित क्षेत्रको जनसंख्या पुरुष १४३९६ र महिला १५३७३ गरि कुल २९७६९ र घरधुरी ७४५२ रहेको छ । यस क्षेत्रका जनता प्रत्यक्ष अप्रत्यक्ष रुपमा यस वन संरक्षण क्षेत्रसंग वन पैदावारमा निर्भर रहेका छन् ।

यस नगरपालिका जिल्ला सदरमुकाम अन्तर्गत पर्ने भएकोले शहरीकरण तिब्र गतीमा बढदै गईरहेको छ । यस प्रकारको शहरीकरणले काक्रेविहार वन संरक्षणको वरीपरीका आवादी क्षेत्रमा तिव्रगतीमा आवादी जमिन बसोबास क्षेत्रमा परिणत भै रहेको छ । जसको प्रत्यक्ष प्रभाव यस वन संरक्षण क्षेत्रमा परिरहेको छ । अतः यस जनसंख्या बृद्धिदर कमी गर्न र यस वनको दिगो ब्यवस्थापनका लागि स्थानीय निकाय र सम्बन्धित सरोकारवालाहरुको बीच समन्वय गरी जनसहभागितामुलक रुपमा कार्यक्रमहरु संचालन गर्नु पर्ने देखिन्छ ।

तालिका नं. २ काक्रेविहार वन संरक्षण क्षेत्र भित्र पर्ने न.पा. को जनसंख्या विवरण

| स्थानीय तह | वडानं | जम्माघरधुरी | जम्माजनसंख्या | पुरुष | महिला | प्रतिघरधुरी संख्या | लैङ्गिकअनुपात |
|---|---|---|---|---|---|---|---|
| विरेन्द्रनगरनगरपालिका | ९ | २८३८ | ११६७८ | ५६१६ | ६०६२ | ४.११ | ९२.६४ |
| विरेन्द्रनगरनगरपालिका | १० | ४६१४ | १८०९१ | ८७८० | ९३११ | ३.९२ | ९४.३० |

स्रोतः राष्ट्रिय जनगणना, २०७८



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

## १.१.२ जाति र जनजातिको विवरण

सुर्खेत जिल्लामा थारु, मगर, तामाङ्ग, गुरुङ्ग, भोटे, छन्त्याल, राजी आदी जस्ता आदीवासी लगायत पहाडी ब्राहमण, क्षेत्री, ठकुरी, मगर तथा दलित समुदायको बसोबास रहेको पाइन्छ ।यस नगरपालीकामा रहेको जाति तथा जनजनतिको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३ जाति तथा जनजनतिको विवरण

| क्र.सं | जातजाती | विरेन्द्रनगरनगरपालिका | पुरुष | महिला |
|---|---|---|---|---|
| | | जम्मा संख्या | | |
| १ | क्षेत्री | ४६०७३ | २२६७६ | २३३९७ |
| २ | ब्राह्मणपहाडी | ३१५३१ | १५६२२ | १५९०९ |
| ३ | मगर | १७३८३ | ८०४९ | ९३३४ |
| ४ | थारु | ७०५१ | ३४७२ | ३५७९ |
| ५ | तामाङ्ग | २३४ | १०४ | १३० |
| ६ | नेवार | ११७६ | ५७२ | ६०४ |
| ७ | विश्वकर्मा | १६८७४ | ८१६५ | ८७०९ |
| ८ | मुस्लिम | २०४४ | १०९७ | ९४७ |
| ९ | यादव | २४ | १६ | ८ |
| १० | राई | १५१ | ६५ | ८६ |
| ११ | गुरुङ्ग | २६०० | १२१२ | १३८८ |
| १२ | परियार | ५७६६ | २७६४ | ३००२ |
| १३ | ठकुरी | १३९२० | ६८९४ | ७०२६ |
| १४ | याकथुङ्ग/लिम्बु | ६७ | ३४ | ३३ |
| १५ | मिजार | ३४४५ | १६२७ | १८१८ |
| १६ | तेली | २२ | १५ | ७ |
| १७ | कुर्मी | १५ | १० | ५ |
| १८ | सन्यासी/दसनामी | २५३६ | १२३४ | १३०२ |
| १९ | काठबानिया | १७ | ७ | १० |
| २० | ब्राह्मणतराई | १३६ | ६६ | ७० |
| २१ | कानु | १७ | १० | ७ |
| २२ | कुमाल | १३५ | ६३ | ७२ |
| २३ | घर्ती/भुजेल | १४ | ९ | ५ |
| २४ | हजाम/ठाकुर | १०८ | ६९ | ३९ |
| २५ | सेर्पा | ५६ | २५ | ३१ |



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

| क्र.सं | जातजाती | विरेन्द्रनगरनगरपालिका | पुरुष | महिला |
|---|---|---|---|---|
| | | जम्मा संख्या | | |
| २६ | धोवी | १० | ७ | ३ |
| २७ | हलुवाई | २६ | १२ | १४ |
| २८ | माझी | ५४ | २२ | ३२ |
| २९ | नुनिया | १५ | ११ | ४ |
| ३० | सोनार | ७२ | ३८ | ३४ |
| ३१ | सुनुवार | ३७७ | १८१ | १९६ |
| ३२ | वादि | ४२० | १९० | २३० |
| ३३ | गैंगाई | १० | ५ | ५ |
| ३४ | वढाई/बाधी | १७ | ११ | ६ |
| ३५ | दराई | २२ | १० | १२ |
| ३६ | माली | १३ | ८ | ५ |
| ३७ | राजधोव | १५ | ४ | ११ |
| ३८ | भोटे | २८४ | १३९ | १४५ |
| ३९ | थकाली | १७ | ८ | ९ |
| ४० | कोरी | १२ | ४ | ८ |
| ४१ | छन्त्याल | ८९ | ३८ | ५१ |
| ४२ | गाईने | २०९ | १११ | ९८ |
| ४३ | राजी | १२६ | ६८ | ५८ |
| ४४ | व्यासी/सौका | २१ | ९ | १२ |
| ४५ | बानिँया | १४ | ७ | ७ |
| ४६ | अन्य | १२८ | ५३ | ७५ |
| ४७ | विदेशी | ५०० | ३०७ | १९३ |
| ४८ | नखुलेको | १७ | ९ | ८ |
| जम्मा | | **१५३८६३** | **७५१२९** | **७८७३४** |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

## १.१.३ भाषा र धर्म

काक्रेविहार वन संरक्षण क्षेत्र वरीपरी बसोबास गर्ने बासिन्दाहरुको भाषा तथा धर्म मिश्रित नै पाइन्छ । जनगणना २०७८ अनुसार, विरेन्द्रनगर नगरपालिकामा नेपाली भाषा बोल्ने जनसंख्या ८९.४९%, थारु भाषा ४.२१ %, मगर३.५५ %, र बांकि अन्य भाषाहरु बोलिने गरेको देखिन्छ । सुर्खेत जिल्लामा मुख्यतः नौ किसिमका धर्मावलम्बीहरु भएको देखिन्छ । जनगणना २०७८ अनुसार, हिन्दु

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

९१.०६%, बौद्ध ३.४०%, क्रिश्चियन ३.८०%, इस्लाम १.५० % लगायत किराती, सिख आदि धर्मालम्बीहरु पनि भएको पाइन्छ ।

### १.१.४ शिक्षा/साक्षारता

जनगणना २०७८ का अनुसार सुर्खेत जिल्लाको साक्षरता औषत ७७.६ प्रतिशत छ । पुरुषको तुलनामा महिलाको साक्षारता प्रतिशत कम रहेको देखिन्छ । जिल्लाको समग्र साक्षारता प्रतिशत जस्तै यस वन संरक्षण क्षेत्रको प्रभावित गा.पा.हरुको साक्षारता प्रतिशत पनि मिल्दोजुल्दो नै देखिन्छ । यस काक्रेविहार क्षेत्रका दुवै वडाहरुमा विद्यालय पुगेको छ ।

### १.१.५ लैगिक सम्बन्धको अवस्था

सुर्खेत जिल्लामा २०७८ जनगणनाअनुसार कुल जनसंख्याको ५२.१ प्रतिशत महिला छन् । यसले के इंगित गर्दछ भने यस जिल्लाको महिलाको जनसंख्या प्रतिशत पुरुषको भन्दा धेरै देखिन्छ । यस जिल्लामा महिलाहरुको नाममा जम्मा ७.१ प्रतिशत जग्गा मात्र रहेको (जनगणना २०७८) देखिन्छ । साथै लैङ्गिक, जातीय र धार्मिक आधारमा भेदभाव गर्ने दर उच्च रहेको छ । अतः यस कार्ययोजनाले लैङ्गिक, जातीय विभेदलाई कम गर्न्न सहभागी र समावेशीमूलक कार्यक्रम बनाई कार्यान्वयन गर्न जोड दिइएको छ ।

### १.१.६ जनजातीय संस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्रहरु

यस वन संरक्षण क्षेत्रका प्रभावित क्षेत्रमा मुख्य ब्राम्हण, क्षेत्री, ठकुरी, थारु, दलित र अन्य जातजातिहरु मिश्रित रुपमा बसोबास गरेका छन । यसका साथै अल्पसंख्यामा रहेको राजी, बादी, मुश्लिम आदी जाति पनि यसै क्षेत्रमा बसोबास गरेका छन् । यी जातीहरुको आ-आफनो सांस्कृति, रीतिरिवाजहरु प्रचलनमा रहेका छन् । आदिवासीहरुले होली, माघी, आईतावारी, त्योहार आदिलाई प्रमुख चाडबाडको रुपमा मनाउने गर्दछन । हरेक वर्ष टाढा-टाढादेखि मानिसहरु यस देउती बज्यै र शिव मन्दिरमा पुजाआजका लागि आई पुजा आर्चना गर्दछन । यसै गरी कांक्रविहार वन क्षेत्रमा स्थानीय थारु समुदायद्धारा परામ्परागत रुपमा नै पुजा गर्दै आई रहेका छन । यसका साथै कांक्रविहार वन क्षेत्र धार्मिक, सांस्कृतिक वातावरणीय तथा पर्यटकीय महत्वका दृष्टिकोणले पनि अति महत्वपुर्ण स्थलको रुपमा रहेको छ । जातीहरुको धर्म, संस्कृतिक महत्वका क्षेत्रहरुको विवरण देहायको तालिक नं. ४ मा उल्लेख गरिएको छ ।



महानिर्देशक

तालिका नं. ४ धर्म, संस्कृतिक महत्वका क्षेत्रहरुको विवरण

| क्र.सं | स्थलकोनाम | वडानं | विशेषता |
|---|---|---|---|
| १ | मंगलगढी | ९ | ऐतिहासिक, पर्यटकीय र अन्य |
| २ | पातालवंगा | ९ | ऐतिहासिक, पर्यटकीय र अन्य |
| ३ | नारायण मन्दिर | ९ | ऐतिहासिक, पर्यटकीय र अन्य |
| ४ | कपिलेश्वरशिव मन्दिर | ९ | ऐतिहासिक, पर्यटकीय र अन्य |
| ५ | राधाकृष्ण मन्दिर, पर्सेनी | ९ | ऐतिहासिक, पर्यटकीय र अन्य |
| ६ | गीता मन्दिर | ९ | ऐतिहासिक, पर्यटकीय र अन्य |
| ७ | निकास खोला | १० | धार्मिक |
| ८ | बुलबुले ताल | १० | ऐतिहासिक, पर्यटकीय र अन्य |
| ९ | देउतिबज्यै मन्दिर | १० | ऐतिहासिक, पर्यटकीय र अन्य |
| १० | रहरपुरशिवालाय | १० | ऐतिहासिक, पर्यटकीय र अन्य |
| ११ | मदरसा मस्जिद | १० | ऐतिहासिक, पर्यटकीय र अन्य |
| १२ | काँक्रिविहार | १० | ऐतिहासिक, पर्यटकीय र अन्य |

## १.२ आर्थिक अवस्था

### १.२.१ जीविकोपार्जनको अवस्था

यस वन संरक्षण क्षेत्रको प्रभावित क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरु पराम्परागत कृषि, पशुपालन, मत्स्यपालन र वनसम्बन्धी पेशाहरुमा निर्भर रहंदै आएका छन् । ग्रामिण क्षेत्रका बासिन्दाहरु कृषि वालीहरु थन्क्याएपछि अधिकांश छिमेकी मुलुक भारत र बैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ । यसका साथै सरकारद्धारा व्यवस्थित वन तथा सामुदायिक वन क्षेत्रमा वन पैदावार संकलन कार्यमा पनि आंशिक रुपमा रोजगारी प्राप्त गरी आम्दानी गर्ने गरेको देखिन्छ । जनगणना २०७८ को तथ्या,अनुसार, कृषि पेशामा ५७ प्रतिशत र गैरकृषिमा ४३ प्रतिशत संलग्न भएको देखिन्छ ।

### १.२.२ कृषि तथा पशुपालन

सुर्खेत जिल्लाको करीव ७० प्रतिशत जनसंख्या निर्वाहमुखी कृषि पेशामा नै निर्भर छन् । यो जिल्ला खाद्यान्नको उत्पादनमा आत्मनिर्भर मात्र हैन कि यस जिल्लाले खास गरी धान, गँहू, मकै, तेलहन बाली बाहिर निकासी पनि गर्ने गरेको छ । यस वन संरक्षण क्षेत्रको प्रभावित क्षेत्रमा बस्नेहरुको

सह सचिव

मुख्य सहायक पेशा पशुपालन हो । यही पशुपालन नै यिनीहरुको आम्दानीको श्रोत बनेको छ । पशु सेवा कार्यालय २०८० को तथ्या,अनुसार प्रति घरधुरी सरदर ४ वटा पशु रहेको छ, । जसमध्ये, औसत गाईभैसी २ देखि ३ वटा, बाख्राबोका ७ संख्या भएको उल्लेख छ । यस वन संरक्षण क्षेत्रको चुरे पहाड क्षेत्रमा अधिकाश मानिसहरुको पेशा नै पशुपालन भएको देखिन्छ ।

## १.३ सामाजिक सेवा तथा भौतिक पूर्वाधारहरु

### १.३.१ यातायात तथा सडक सञ्जाल

यो जिल्ला पहाडका अन्य जिल्लाहरु मध्ये तुलनात्मक रुपमा यातायातको सुविधायुक्त जिल्ला हो । यस जिल्लाका बाटोहरुलाई राजमार्ग र सहायक मार्ग गरी २ किसिमले विभाजन गर्न सकिन्छ । यस जिल्लाका अधिकांश स्थानिय तह पूर्व पश्चिम राजमार्गसंग जोडिई कालो पत्रे रहेको छ । सुर्खेत जिल्लामा भएका स्थानिय तहहरु ग्राभेल वाटो भए पनि वर्ष भरी नै वस सेवा संचालन हुने गर्दछ भने अन्य स्थानिय तहहरुमा आशिंक रुपमा मात्र ग्राभेल भएकोले वर्षायाम वाहेक अन्य समयमा मात्र वस सेवा संचालन हुने गर्दछ । जिल्लामा भएको सडक संजालले वन विकास तथा वन विनाशमा प्रत्यक्ष र अपत्यक्ष रुपमा सकारात्मक र नकारात्मक असर परेको देखिनुका साथै धेरैजसो वन अतिक्रमण सडकको छेउछाउमा नै हुने गरेको पाईन्छ ।

### १.३.२ विद्युत सेवा

सुर्खेत जिल्लाको करिब ९२.२ प्रतिशत घरधुरीले मात्र विद्युत सेवा प्राप्त गरेको तथ्यले देखाउंछ । काक्रेविहार वन संरक्षण क्षेत्र अन्तर्गत यो सेवा विरेन्द्रनगर नगरपालिका अन्तर्गतका ९ र १० का दुबै वडामा विद्युत सेवा पुगेको छ ।

### १.३.३ संचार

यस जिल्लालाई संचार सेवाको दृष्टिकोणले विकास भएको क्षेत्रको रुपमा लिइन्छ । जिल्ला हुलाक कार्यालय मार्फत जनताले सेवा पाइरहेका छन् । यसै गरी काक्रेविहार वन संरक्षण क्षेत्रका विरेन्द्रनगर नगरपालिका ९ र १० दुबैवडामा पनि टेलिफोन, मोवाईलका साथै विभिन्न इन्टरनेट सेवा कम्पनीहरुले सेवा प्रदान गरिरहेको देखिन्छ ।

### १.३.४ वैकल्पिक उर्जा



महानिर्देशक

यस वन संरक्षण क्षेत्रका प्रभावित क्षेत्रको मुख्य ईन्धन श्रोत दाउरा तथा एलपिजी ग्याँस हो । यस वन क्षेत्रको राजमार्ग वरीपरी बजार क्षेत्रमा होटल संचालन गरी बस्नेहरुले पनि दाउराको नै प्रयोग गरिरहेका छन् । सुर्खेत जिल्लामा ३ वटा गोवरग्याँस कम्पनीहरु कार्यरत छन् । यी कम्पनीहरुले १२०० भन्दा बढी गोवरग्याँस प्लान्ट स्थापना गरेका छन् । गोवरग्याँस कम्पनीहरुले यस वन संरक्षण क्षेत्रका प्रभावित वडमा पनि आफ्नो सेवा विस्तार गरिरहेका छन् । यद्यपि यस क्षेत्रमा नजिकको सामुदायिक वन क्षेत्रबाट ईन्धनका लागि दाउरा सरल र सुलभ तरीकाले उपलब्ध हुने भएकोले गोवरग्याँस प्लान्ट जडानमा त्यति चासो दिइएको पाइंदैन ।

यसवाट के स्पष्ट हुन्छ भने यस वन संरक्षण क्षेत्रमा जनचेतना सहित वैकल्पिक उर्जाको लागि अनुदान कार्यक्रम लागु गरिएमा स्थानिय जनताको रुची बढन गई वन क्षेत्रमा पर्ने दाउराको चापलाई कम गर्न सकिन्छ ।अतः यस दश बर्षे विशेष कार्ययोजनाले पनि यस प्रकारको कार्यक्रममा जोड दिएको छ ।

## घ) वन श्रोत, सिमसार तथा जलाधारको अवस्था

## १. वन स्रोत

यस वन संरक्षण क्षेत्रमा उप-उष्ण प्रदेशिय वन पाइन्छ । यस वनमा मिश्रित चौडापाते वनको बहुल्यातत रहेको छ । यस वनमा मुख्य रुपमा साल, असना, जामुन, क्यामुन र खोटे सल्ला प्रजातीहरु रहेका छन । यस वन क्षेत्रमा बृक्षारोपण गरिएका वनका ब्लकहरु पनि रहेको पाइन्छ । यस वन संरक्षण क्षेत्रमा पाइने वनका प्रकार र अवस्थाको सम्बन्धमा संक्षिप्त रुपमा तल वर्णन गरिएकोछ ।

### १.१ वनको किसिम

काक्रेविहार वन संरक्षण क्षेत्रको वास्तविक क्षेत्रफल १७५. ५० हेक्टर रहेको छ । यो पुर्व पश्चिम रुपमा फैलिएर रहेको एक मझौला खाले वन हो । यस वन संरक्षणमा मुख्य रुपमा साल एवं मिश्रित चौडापाते वन (Lower Tropical Sal and Mixed Broad Leave Forest), सल्लो मिश्रित चौडापाते वन (Chirpine Mixed Broad Leave forest) , *(Source: Ecology map 2011)* गरी २ प्रकारका वन पाइन्छ । यस क्षेत्रमा रहेको वन दिन प्रतिदिन अतिक्रमण, डढेलो, अनियमित चोरी

जस्ता कारणहरुले विनास भइरहेको छ । यस वन संरक्षणक्षेत्रमा पाइने वनका किसिमहरु र यसले ओगटेको क्षेत्रफल तलको तालिका नं. २ मा उल्लेख गरिएको छ

तालिका नं. ५ वन संरक्षण क्षेत्रमा भएका वनका किसिमहरु

| सि.न . | वनको प्रकार | क्षेत्रफल (हे.) | प्रतिशत |
|---|---|---|---|
| १. | पहाडी सालको वन (Hill Sal Forest) | १३६.६० | ७७.४९ |
| २. | सल्ला र चौडा पाते मिश्रित वन (Chirpine Broad Leave Forest) | १४.२ | ८.०९ |
| | घना वन | १५०.०८ | ८५.५१ |
| | घाँसे मैदान | ३.१० | १.७६ |
| | झाडी बुट्टायन | २०.२६ | ११.५४ |
| | सिमसार क्षेत्र -तालतलैया) | ०.७६ | ०.४४ |
| | बगैचा क्षेत्र (मन्दिर क्षेत्र) | १.३० | ०.७५ |
| | कुल वन संरक्षण क्षेत्रको क्षेत्रफल | १७५.५ | १०० |

## १.२ वन स्रोत सर्वेक्षणको विधि र नक्साङ्कन

काक्रेविहार वन संरक्षण क्षेत्रको मौज्दात प्राथमिक तथ्याङ्क तथा दोश्रो तहको तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ । वन संरक्षण क्षेत्रको वन स्रोतको सर्भेक्षण गर्दा सामुदायिक वन स्रोत सर्वेक्षण मार्गदर्शन २०६१ ( परिमार्जन सहित) तथा अन्य प्रचलित कानून नियम अनुसार गरिएको छ । वन श्रोत सर्वेक्षण गर्दा नमुना प्लट तयार गरी वन स्रोत सर्वेक्षण गरिएको छ ।

तालिका नं. ६ वन स्रोतको अबस्था (औषत)

| सि.नं. | प्रजाती | प्रति हेक्टर मौज्दात | | | |
|---|---|---|---|---|---|
| | | विरुवा | लाथ्रा | पोल | रुख |



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं
सह सचिव
महानिर्देशक
नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

| | | | | संख्या | आयतन घ.मी. | संख्या | आयतन घ.मी. |
|---|---|---|---|---|---|---|---|
| १ | साल | ३२२४ | ११४५ | ३०७ | ४९.७० | ३१ | ३७.८९ |
| २ | साज | ११७६ | १५० | २९ | ४.७० | ८ | ११.३६ |
| ३ | जामुन | १७७८ | ६० | ६५ | १३.१८ | १ | १.४३ |
| ४ | खोटे सल्ला | ५८८ | ३० | ८२ | २७.६० | २७ | ४१.८७ |
| ५ | क्यामुन | ५८८ | ० | ० | ०.०० | ० | ०.०० |
| ६ | सिसौ | २९४ | ० | ६ | ०.५० | ४ | ३.६८ |
| ७ | अन्य | २१२८ | २५० | १० | ३.१० | ६ | ५.६२ |
| जम्मा | | ९७७६ | १६३५ | ४९९ | ९८.७८ | ७७ | १०१.८५ |

त्यसैगरी प्रजाति अनुसार १ प्रतिशत बार्षिक बृद्धिदर अनुमान गरी वनको अवस्था अनुसार वृद्धि मौज्दातको ४० प्रतिशत सम्म वार्षिक संकलन गर्न सकिने प्रावधान विगतको कार्ययोजनामा उल्लेखित भएको हुदा त्यसलाई पनि आधारमानि प्रचलित वन ऐन, नियम अनुसार वन सम्वर्दन प्रणालीमा आधारित भई वार्षिक संकलन काठ १५१०.६५ घनफिट र ३.०२ चट्टा दाउरा गर्न सक्ने परिमाण उल्लेख गरिएको छ ।

### १.३ सामुदायिक वनको वृद्धि मौज्दात

यस काक्रेविहार वन संरक्षण क्षेत्र भित्रका छुट्टै सामुदायिक वनहरु छैनन । विरेन्द्रनगर नगरपालिकामा वडा नं ९ र १० रहेको सामुदायिक वनको कार्ययोजनालाई आधार मान्दा सामुदायिक वनको औषत प्रति हे. मौज्दात संचिति १६७.७५ प्रति हेक्टर रहेको छ । यसका साथै विरुवा सख्या प्रति हेक्टरमा विरुवा ८३६७, लाथ्रा २१३१, पोल २३२ र रुख ५९ रहेको छ ।

### १.४ सरकारद्धारा व्यवस्थित वनको वृद्धि मौज्दात

यस काक्रेविहार वन संरक्षण क्षेत्रको मुख्य प्रभाव क्षेत्र डिभिजन वन कार्यालय सुर्खेतको कार्य क्षेत्रमा पर्ने सरकारद्धारा व्यवस्थित वनमा गरिएको वन स्रोत सर्भेक्षणलाई आधार मान्दा सरकारद्धारा



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं
सह सचिव

व्यवस्थित वनको औषत प्रति हे. मौज्दात संचिति १८६.८ प्रति हे. रहेको छ । यसका साथै विरुवा सख्या प्रति हेक्टरमा विरुवा १०७०१, लाथ्रा २३९३, पोल १९८ र रुख ७२ रहेको छ ।

### १.५. वृद्धि मौज्दात र राष्ट्रिय वनस्रोत सर्वेक्षणसंगको तादम्यता

राष्ट्रिय वन स्रोत सर्वेक्षण नेपाल २०७३ को नतिजा र डिभिजन वन कार्यालयको आवधिक योजना सहितको रणनीतिक योजना, २०८० तयार गर्ने क्रममा संकलित तथ्यांक तथा यस कार्ययोजना तयार गर्ने क्रममा संकलित एवंम प्राप्त वन स्रोत तथ्याङ्क विश्लेषणबाट आएको परिमाणलाई तुलना गर्दा काक्रेविहार वन संरक्षण क्षेत्रको प्रति हेक्टर वनको मौज्दात सन्तोषजनक रहेको देखिन्छ । राष्ट्रिय वन स्रोत सर्वेक्षण नेपाल २०७३ अनुसार तराईको परिणाम र यस काक्रेविहार वन संरक्षण क्षेत्रको विश्लेषण गरिएको वन स्रोतको अवस्था निम्न अनुसार तुलना गरिएको छ ।

तालिका नं. ७ वन स्रोतको तुलनात्मक अबस्था (औषत)

| विवरण | इकाई | प्रति हेक्टर तथ्याङ्क | | | | |
|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | चुरे | पहाड | डि.व.का. सुर्खेत | काक्रेविहार वन संरक्षण क्षेत्र |
| विरुवा संख्या | गोटा | १००९५ | ११८०५ | ७१७१ | १०७०१ | ९७७६ |
| लाथ्रा संख्या | गोटा | १०४५ | ९५८ | ११६७ | २३९३ | १६३५ |
| रुख र पोलको संख्या | गोटा | ४२९ | ३४३ | ४२९ | २७० | ५७६ |
| काण्ड आयतन | क्यू.मि. | १६४.७६ | १४७.४९ | १२४.२६ | १८६.८० | २००.६३ |

## २. सिमसारको अवस्था

यस काक्रेविहार वन संरक्षण क्षेत्रको भित्र र बाह्य जमिनहरुमा महत्वपुर्ण सिमसार (दलदले जमिन) क्षेत्रहरु रहेको पाईन्छ । यस प्रकारका सिमसार क्षेत्रलाई स्थानीय बोलीचालीको भाषामा हाडी भनेर पनि भन्ने प्रचलन रहेको छ । यस नगरपालिका अन्तर्गत नेवारेखोला, इत्रामखोला, वुलवुले ताल आदी क्षेत्रहरुको आसपासमा केही सिमसार क्षेत्ररहेको पाईन्छ। साथै यस वन क्षेत्रको उत्तर र



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं
महानिर्देशक

पश्चिम दक्षिण भागमा बढि मात्रामा सिमसार क्षेत्रहरु रहेका छन भने संरक्षण क्षेत्रको चार किल्ला भित्र त्यस्ता सिमसार क्षेत्रहरु रहेको छैन। यसका साथै यस वन क्षेत्रको आसपासमा रहेको सिमसार क्षेत्रहरु अन्य प्रयोजनमा प्रयोग गर्ने प्रचलन बढदै गई रहेकोले सिमसार क्षेत्रको अवस्था घटदै जानुका यसै क्षेत्र आश्रित जैविक विविधताको अवस्थामा पनि ह्रास आईरहेको स्थलगत अवलोकन र स्थानीयको भनाईबाट देखिन्छ ।

## ३. जलाधार क्षेत्रमा जैविक विविधता

यस क्षेत्रका साना खोल्सि तथा खहरे खलका पानीका निकासका रुपमा रहेका छन् । यो सिमसार क्षेत्रहरु साथै जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण मानिन्छन् । अतः यस महत्वपूर्ण क्षेत्रको दिगो व्यवस्थापनका लागि यस कार्ययोजनाले प्राथमिकताका साथ कार्यक्रम तर्जुमा गरेको छ । यी जलाधार क्षेत्र जैविक विविधताको दृष्टिकोणले सम्पन्न रहेता पनि यस क्षेत्रमा के कति कस्ता प्रकार जलचर प्रणीहरु रहेका छन सो को अध्ययन गर्न अति आवश्यक रहेको छ । नदि तथा जलाधार क्षेत्रको नक्सांकन अनुसूची ५ को नक्शा नं ६ मा प्रस्तुत गरिएको छ ।

## ङ) प्रमुख वन्यजन्तु, वनस्पति तथा पारिस्थितिकीय प्रणाली

## १. जैविक विविधता

काक्रेविहार वन संरक्षण क्षेत्र विरेन्द्रनगर समतल उपत्यकाको टाकुरामा पहाड फैलिएर रहेको छ । यहाँ उप-उष्ण प्रदेशिय देखि उपोष्ण प्रदेशिय वन परेकाले यहाँ बिशिष्ट किसिमको जैविक विविधता विद्यमान छ । यो क्षेत्रमा विविध प्रकारका वनस्पति, जीवजन्तु, चराचुरुङ्गीहरु र विभिन्न किसिमका पुतलीहरु पाइनुका साथै दुर्लभ तथा महत्वपूर्ण वन्यजन्तुहरुको बासस्थान भएकाले यस क्षेत्र जैविक विविधता संरक्षणको हिसाबले महत्वपूर्ण छ ।

### १.१ जीवजन्तु विविधता

काक्रेविहार वन संरक्षण क्षेत्रको विविध भौगोलिक संरचना, सा-साना खोला नाला एंव सिमसार क्षेत्रहरुका साथै प्राकृतिक बासस्थानका कारणले गर्दा विविध प्रकारका बन्यजन्तुहरु यस क्षेत्रमा रहेको पाईन्छ । यस जिल्लामा विभिन्न प्रकारका स्तनधारी, चराहरु, माछाहरु, लगायत विविध प्रकारका उभयचर तथा सरिश्रृप वर्गहरु पनि पाइन्छ (स्रोतः जिल्ला वन ब्यवस्थापन कार्य योजना)

सह सचिव

। यी मध्ये केहि जीवजन्तुहरु यस वन संरक्षण क्षेत्रभित्र पाइन्छ । ती प्रजातीहरुमा जरायो, चितल, स्याल, न्याउरी मुसा, बाँदर आदि छन् । यसका साथै यस वन क्षेत्रको आसपासमा रहेको सिमसार क्षेत्रहरुको अवस्थामा पनि ह्रास हुदै गईरहेकोले यस क्षेत्रमा आश्रित जीवजन्तुको संख्या पनि घटदै गईरहेको देखिन्छ । अतः यस वन संरक्षण भित्र वा यसका आसपासमा रहेको सिमसार क्षेत्रहरुको उचित संरक्षण गरी यस पारिस्थिकीय प्रणालीमा आश्रित जीवजन्तुहरुको संरक्षण गर्न यस कार्ययोजनाले प्रथामिकता दिईएको छ । यस क्षेत्रमा पाइने जीवजन्तुहरुको नामावाली अनुसूची ३ मा उल्लेख गरिएको छ ।

## १.२ चराचुरुङ्गीका विविधता

काक्रेविहार वन संरक्षण क्षेत्र विभिन्न प्रकारका स्थानीय प्रजातिका चराहरु पाईन्छ । यस क्षेत्रका प्रमुख चराहरुमा काग, सारस, जुरेली, बकुल्ला, चखेवा, ढुकुर, चिवे, सुगा लगायत अन्य स्थानीय चराहरु पनि पाईन्छ । यसका साथै यस क्षेत्रमा केही चराहरु अन्यत्र क्षेत्रबाट बसाईसराई गरी आई केही समय सम्म बासबस्ने गरेको समेत स्थानीय बासिन्दाहरुको भनाई रहेको छ । यस क्षेत्रमा पाईने चराहरुको सुचीहरु अनुसुची ५ मा उल्लेख गरिएको छ । यस वन क्षेत्र मुख्य गरी काग, सारस र बकुल्ला चराहरुको उचित बासस्थान रहेको छ । यी प्रजातीहरुको आहार क्षेत्रहरु सिमसार क्षेत्रहरुमा नै पर्दछ र उक्त क्षेत्रहरु अधिकांश निजी क्षेत्रहरुमा पर्ने स्थल भएकोले निजी क्षेत्रको सहभागितामा संरक्षण, सम्बर्धन र उपयोग कार्यक्रम संचालन गर्नु पर्ने देखिन्छ । तर वर्तमान अवस्था यस क्षेत्रमा जनसंख्या बृद्धि र बसोबास क्षेत्र विस्तारका कारण सिमसार क्षेत्रको अवस्थामा ह्रास आएको छ । फलस्वरुप चराहरुहरुको संख्यामा कमी आएको स्थानीयहरुको भनाई रहेको छ । यस कार्य योजनाले दुर्लभ पशुपन्छीहरुको बासस्थानहरुको उचित ब्यवस्थापनमा जोड दिई कार्यक्रम तयार गरेको छ । यो क्षेत्र पंक्षी अवलोकनका लागि पनि अति उत्तम क्षेत्र रहेकोले यस कार्यक्रमलाई पर्यापर्यटनको विकास र विस्तार गर्न सक्ने प्रवल सम्भावना देखिन्छ ।

## १.३ वनस्पतिक विविधता

काक्रेविहार वन संरक्षण क्षेत्रको उप-उष्ण प्रदेशिय वन पाइन्छ । यस वनमा मिश्रित चौडापाते वनको बाहुल्यता रहेको छ । यस वनमा मुख्य रुपमा साल, असना, जामुन, क्यमुन र खोटे सल्ला प्रजातीहरु रहेका छन । यस वन क्षेत्रमा बृक्षारोपण गरिएका वनका ब्लकहरु पनि रहेको पाइन्छ र



महानिर्देशक

साथै जंगल क्षेत्रमा रहेका बाटाहरुका वरीपरी किनाराहरुमा फलफुलका विरुवाहरु बृक्षारोपण गरिएको छ । यस वन संरक्षण क्षेत्रमा पाइने वनका प्रकार र अवस्थाको सम्बन्धमा संक्षिप्त रुपमा तल वर्णन गरिएको छ ।

## १.४ पारिस्थितिकीय प्रणाली तथा बासस्थान विविधता

काक्रेविहार वन संरक्षण क्षेत्रको वीरेन्द्रनगर उपत्यकाको दक्षिण भागमा एक सानो पहाडको टाकुरामा फैलिएर रहेको छ । यस वन भित्र भौगोलिक विविधताका कारणले गर्दा विविध प्रकारका पारिस्थिकीय प्रणाली तथा बासस्थानहरु रहेको पाईन्छ । यस वनको अधिकांश भागमा प्राकृतिक पुर्नउत्थान सालको वन रहेका छन भने ओसिलो तथा सिमसार क्षेत्रहरुमा जामुन जातको वन छ । साथै केही क्षेत्रमा बृक्षारोपण गरिएका सल्ला र अन्य बृक्षारोपणहरु साना साना खण्डहरुमा रहेका छन । यस वन खण्डको नं २ र ५ क्षेत्र जरायोको लागि प्राकृतिक बासस्थानको रुपमा रहेको छ । यस वन क्षेत्रका केही क्षेत्रमा ससाना घांसे मैदानहरु पनि रहेको छ । यस वनमा तथा यसका आसपासमा रहेका सिमसार क्षेत्रहरु भ्यागुता लगायतका महत्वपुर्ण जिवजन्तुहरुको बासस्थानको रुपमा पनि रहेका देखिन्छ । यो वन क्षेत्रले पानीका स्रोतको रिर्चाज र वातावरणीय सन्तुलन कायम गर्न गहन भुमिका खेली रहेको छ । अतः यस क्षेत्र विविध पारिस्थिकीय प्रणाली, वनस्पति र बन्यन्तुहरुको बासस्थान एंव वातावरणीय दृष्टिकोणले अति महत्वपुर्ण रहेकोले यसको विस्तृत अध्ययन अनुसन्धान गरी संरक्षण र सम्बर्धन गर्न अति आवश्यक देखिन्छ ।

## २. जैविक मार्ग

यस काक्रेविहार वन संरक्षण क्षेत्रमा चितुवा, विभिन्न प्रजातिका मृग, खरायो, बदेल, स्याल, फ्याउरो, सर्प, जंगली बंदेल, बाँदर, चरीबाघ आदि वन्यजन्तुहरू पाइन्छन्। भौगोलिक अवस्थिति, वरपरको भूमि उपयोगको स्वरूप तथा मानव बस्ती, पूर्वाधार विकास र अन्य भू-उपयोगीय हस्तक्षेपका कारण यो क्षेत्र हाल चारैतर्फबाट पृथक् तथा टुक्रिएको अवस्थाको "आइसोलेटेड आइल्याण्ड" का रूपमा रहेको देखिन्छ। यस प्रकारको अवस्थाले वन्यजन्तुको आवागमन, आनुवंशिक आदान-प्रदान, प्राकृतिक बासस्थानबीचको अन्तरसम्बन्ध तथा परिदृश्यस्तरीय पर्यावरणीय निरन्तरतामा प्रतिकूल प्रभाव पार्ने सम्भावना रहन्छ।

हाल यस क्षेत्रलाई कम्पाउन्ड/घेराबेरा गर्ने कार्य समेत अगाडि बढाइएको सन्दर्भमा, यसको व्यवस्थापनलाई वन्यजन्तु आवागमनका लागि आवश्यक खुला र कार्यशील जैविक मार्ग (corridor) का रूपमा परिकल्पना गर्नु व्यवहारिक तथा व्यवस्थापकीय दृष्टिले उपयुक्त देखिँदैन। जैविक मार्गका रूपमा कुनै क्षेत्र प्रभावकारी हुनका लागि त्यसले अन्य वन क्षेत्र वा बासस्थानसँग कार्यात्मक रूपमा जोडिएको, वन्यजन्तुको सुरक्षित आवागमन सुनिश्चित गर्न सक्ने, तथा परिदृश्यस्तरमा पर्यावरणीय सम्पर्क कायम राख्न सक्ने अवस्था आवश्यक पर्दछ। तर काँक्रिविहार वन संरक्षण क्षेत्रको वर्तमान पृथक् अवस्थिति र घेराबेरा हुने प्रक्रियाले यस्तो कार्यात्मक सम्पर्कको सम्भावना न्यून बनाएको छ।

यसर्थ, काँक्रिविहार वन संरक्षण क्षेत्रलाई जैविक मार्गका रूपमा नभई पृथक् संरक्षण इकाइ (isolated conservation unit) का रूपमा व्यवस्थापन गर्नु यथार्थपरक देखिन्छ। यसको व्यवस्थापनमा क्षेत्रभित्रको वन संरक्षण, हरित आवरण सुदृढीकरण, उपलब्ध बासस्थानको गुणस्तर अभिवृद्धि, ऐतिहासिक-पर्यटकीय महत्वको संरक्षण, मानवीय हस्तक्षेपको व्यवस्थापन तथा सीमित भू-परिस्थितिमा आधारित संरक्षणमुखी योजना तर्जुमा गरिनु आवश्यक हुन्छ। यसरी, क्षेत्रको वास्तविक भौगोलिक, पारिस्थितिक तथा व्यवस्थापकीय अवस्थालाई आधार मानी योजना तथा व्यवस्थापन गरिएमा काँक्रिविहार वन संरक्षण क्षेत्रको दीगो संरक्षण र समुचित उपयोग सुनिश्चित गर्न सहयोग पुग्नेछ।

# परिच्छेद ३: संरक्षण र व्यवस्थापनको अवस्था

यस वन संरक्षण क्षेत्रलाई डिभिजन वन कार्यालय सुर्खेत अन्तर्गत विरेन्दनगर सव-डिभिजन वन कार्यालयहरु मार्फत् संरक्षण र व्यवस्थापन गरिएको छ ।

## क) वन संरक्षण क्षेत्रको संक्षिप्त इतिहास

यो एक वातावरणीय, ऐतिहासिक, पुरातात्विक, धार्मिक एंव सांस्कृतिक दृष्टिकोणले अति महत्वपुर्ण क्षेत्र हो । यस क्षेत्र सुर्खेत लगायत कर्णाली पदेशको एक प्रमुख चिनारीको रुपमा रहेको छ । यस जिल्लाको चुरे र महाभारत पर्वतको बीचमा एउटा सानो उपत्यका रहेको छ, जसलाई विरेन्द्रनगर उपत्यका भनिन्छ । यसै उपत्यकाको दक्षिण भागमा एउटा सानोपहाडको टाकुरा रहेको छ जसमा कांक्रेविहार वन संरक्षण क्षेत्र अवस्थित रहेको छ । यो वन क्षेत्र विरेन्द्रनगर नगरपालिका देखि ४ कि.मि. दक्षिणमा पर्दछ र जहां बाह्रैमास सजिलै संग आवत जावत गर्न सकिन्छ ।

यो वन संरक्षण क्षेत्रको मध्य भागमा शिखर शैलीमा बनेको एक भव्य मन्दिर रहेको छ जुन ई.सं. १२६८ तिर निर्माण गरिएको भन्ने भनाई रहेको छ । वर्तमानमा यत्रतत्र छरिएर रहेका विभिन्न वास्तु अवयवहरूले यस मन्दिरको ऐतिहासिक महत्त्व प्रस्ट पार्दछन्। ती वस्तु अंशहरूबाट तत्कालीन समयमा यो क्षेत्र एक प्रमुख धार्मिक केन्द्रका रूपमा विकास भएको स्पष्ट देखिन्छ । पछिल्लो समयमा विभिन्न कारणले मन्दिर जिर्णे भई भग्नावशेषमा परिणत भएको पाईन्छ । उक्त भग्नावशेषमा यत्रतत्र छरिएर रहेका ढुंगामा कुँदिएका मुर्ति, बुट्टा आदिको उत्कृष्ट शिल्पकारी तथा कारीगरीहरुको नमूनाको रुपमा रहेको देख्न पाईन्छ । पुरातत्व विभागबाट केही उत्खनन कार्य गरिएको छ भने उत्खनन पछि मन्दिरको आकार प्रकारको पहिचान गरी पुन निर्माणका कार्यहरु सम्पन्न गरिएको छ । साथै, उक्त मन्दिर सहित पुरै जङ्गल क्षेत्रलाई समेटेर हाल संरक्षणका लागि पर्खाल निर्माण कार्य भइरहेको छ।

यो क्षेत्र ऐतिहासिक दृष्टिकोणले पनि अत्यन्त महत्वपूर्ण मानिन्छ, किनभने यहाँ रहेका संरचनात्मक अवशेषहरूले एक विशिष्ट कालखण्डको प्रतिनिधित्व गर्दछन्। यस क्षेत्रको यस्ता अवशेषहरूको गहन अध्ययन र अनुसन्धान गरी कुन शासकको पालामा यस्ता शैली, कला र मन्दिरहरूको निर्माण भएको

हो भन्ने कुरा प्रमाणित गर्न सकियो भने, यसले नेपालको पश्चिम क्षेत्रमा पर्ने कर्णाली प्रदेशको ऐतिहासिक पक्षलाई थप मजबूती दिन सक्छ।

ऐतिहासिक महत्वका साथै यो क्षेत्र पुरातात्विक हिसावले पनि त्यत्तिकै विषेश महत्व रहेको छ । पुरातत्व विभागबाट गरिएका उत्खननबाट देखिएका भग्नावशेषहरुले एक समयकालको ऐतिहासिक कलाकृतिहरुको प्रतिनिधित्व गरिरहेको पाईन्छ । यस क्षेत्रमा पुरातात्विक दृष्टिकोणले अन्वेशण र उत्खनन्का साथ वास्तुअंशहरुमा रहेका विभिन्न कलाकृतिहरुको बृहत अध्ययन अनुसन्धान गरिएमा काक्रेविहारको अतितको संरचना र वैभवताको वारेमा जानाकारी लिन सकिन्छ र साथै यसले पश्चिम नेपालको ईतिहास पुन लेखन निर्माणका लागि महत्वपुर्ण योगदान प्रदान गर्दछ ।

पुरातात्विक र ऐतिहासिक महत्वका साथ साथै यो क्षेत्र धार्मिक दृष्टिकोणले पनि महत्वपुर्ण रहेको देखिन्छ । विशेष गरी यस क्षेत्रमा रहेका वास्तुअंशहरुमा बौद्ध र हिन्दु धर्मसंग सम्बन्धित मुर्तिहरुको संमिश्रण भएकोले बौद्धमार्गी र हिन्दु धर्मालम्बीहरुको बीचमा समन्वय र सहकार्य भई यस क्षेत्रको विषेश रुपमा संरक्षण र सम्बर्धन भएको अनुमान गर्न सकिन्छ । यस पक्षको विशेष अध्ययन अनुसन्धान गरि धर्म र कलाको पक्षमा समेत जानाकारी लिन सकेमा काक्रेविहारको धार्मिक संहिष्णुताको अवस्था कस्तो रहेको थियो भनि छर्लङ्ग पार्न सकिन्छ ।

## ख) वन व्यवस्थापन पद्धति र वन पैदावार उत्पादनको अवस्था

यस वन संरक्षण क्षेत्रमा भौगोलिक भू-बनोटका आधारमा चार प्रकारको वन पाइन्छ । वन संरक्षण क्षेत्रको भौगोलिक अवस्था र जैविक विविधताको सम्वेदनशीलताको आधारमा सहभागितामूलक संरक्षणमुखी वन व्यवस्थापनको अवधारणा अनुसार वनको व्यवस्थापन गरिने छ । यस क्षेत्रमा वन व्यवस्थापनको दृष्टिकोणले विभाजित गरिएको तीन क्षेत्रहरुमा संचालन हुने वन व्यवस्थापन पद्धति संक्षिप्त रुपमा निम्नानुसार व्याख्या गरिएको छ ।

### १. सामुदायिक वन

यस वन संरक्षण क्षेत्र भित्र कुनै पनि सामुदायिक वन छैन । यस वन संरक्षण क्षेत्रको प्रभावित क्षेत्रको रुपमा वीरेन्द्रनगर नगरपालिकाको वडा नं ९ र १० मा रहेको छ । यो वन वीरेन्द्रनगर नगरपालिको करीव बीच भागमा अवस्थित रहेको छ । विगतमा स्थानीय जनताको चापको कारणले वनको अवस्था ह्रास हुदै गएता पनि वर्तमान अवस्थामा संरक्षणको साझा प्रयासद्धारा स्थानीय

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

सह सचिव

समुदायहरुले संरक्षण, सम्बर्धन र अति सिमित उपयोगको आधारमा ब्यवस्थापन गरि रहेका छन । यस वनको आसपास क्षेत्रमा बसोबास गर्ने समुदायहरुले पनि नजिक पायक पर्ने अन्यत्र रहेको सरकारी वन क्षेत्रलाई सामुदायिक वनको रुपमा लिई सो वनको संरक्षण, सम्बर्धन र उपयोग गर्दै आई रहेका छन । यस वीरेन्द्रनगर नगरपालिकामा पर्ने सामुदायिक वन र यसका लाभान्वित घरधुरीहरुलाई देहायको तालिका नं ९ मा उल्लेख गरिएको छ ।

तालिका नं. ८ सामुदायिक वन र यसका लाभान्वित घरधुरीहरु विवरण

| क्रसं | सामुदायिक वनको नाम | वडा नं. | क्षेत्रफल हे. | घरपरिवार |
|---|---|---|---|---|
| १ | जन चेतना सा.व.उ.स. | १० | १२४.५० | ३०२ |
| २ | नौलो सुधारवादी सा.व.उ.स. | ९ | ४७२.०० | २८९ |
| ३ | लालीगुराँस सा.व.उ.स. | ९ | १३९.५० | ८० |
| ४ | सृजना सा.व.उ.स. | ९ | २९५.०० | ४४४ |
| ५ | शिवशक्ती सा.व.उ.स. | १० र ११ | २०४.९० | ५७३ |
| ६ | सृजनाशिला सा.व.उ.स. | १० | २००.०० | ३७ |
| ७ | सानो सुर्खेता सा.व.उ.स. | १० | ३३०.४५ | २४७ |
| ८ | बाउन्नेचौर सा.व.उ.स. | ९ | ३५८.९० | १२६ |
| ९ | सकेकाडा सा.व.उ.स. | ९ | ४६७.६६ | १४६ |
| १० | देउती बज्यै सा.व.उ.स. | १० र ११ | ७८३.०० | ५६८ |
| | जम्मा | | ३३७५.९१ | २८१२ |

स्रोतः डिवका सुर्खेत, २०८१

यस वीरेन्द्रनगर नगरपालिकाको वडा नं ९, १० र ११ मा पर्ने १० वटा सामुदायिक वनको ३३७५.९१ हेक्टर वन २८१२ घरधुरीलाई हस्तान्तरण गरी संरक्षण, सम्बर्धन र उपयोग गरि रहेका छन । यी सामुदायिक वनहरु मध्ये शिवशक्ति सामुदायिक वन, देउतीवज्यै सामुदायिक वन, बाउन्नेचौर सा.व.उ.स. र नौलो सुधारवादी सामुदायिक वन गरी जम्मा चार वटा सामुदायिक वनहरु कांक्रिविहार वन संरक्षणको वरीपरी जोडिएर रहेका १५५६ घरधुरीहरुले १८१८.८ हेक्टर वनको संरक्षण, सम्बर्धन र उपयोग गरिरहेका छन । यसरी वन संरक्षणको मात्र भर नपरी स्थानीय



महानिर्देशक

समुदायहरुले आफुलाई पायक पर्ने वनलाई समुदायिक वनको रुपमा लिएर वन पैदावारको आवश्यकता पुरा गरिरहेका छन

**धार्मिक वन**

काक्रेविहार संरक्षित वन क्षेत्रको मुख्य प्रभाव क्षेत्रभित्र कुनै पनि वनलाई धार्मिक वनको रूपमा स्थापित गरिएको छैन। तर, वडा नं. ३ मा रहेको एक वन क्षेत्रलाई 'प्रशान्ती वृद्धाश्रम धार्मिक वनको रूपमा हस्तान्तरण गरी संरक्षण र सम्बर्धनका कार्यहरू भइरहेको छ ।

यस धार्मिक वनको क्षेत्रफल ९.४ हेक्टर रहेको छ । यस वनलाई कांक्रविहार वन संरक्षणसंग समन्वय र सहकार्य गरी कार्यक्रमहरु संचालन गरिएमा धार्मिक एंव वन क्षेत्रको पैदल यात्रा गर्न चाहाने पर्याटकहरुलाई बढि सामवेश गरी धार्मिक पयंटकहरुको बृद्धि गर्न सक्ने सम्भावना रहेको देखिन्छ ।

**भित्री भागमा रहेको वन**

काक्रेविहार वन संरक्षण क्षेत्रको यो वनको चारै तर्फको सिमानामा निजी आवादी जग्गाले घेरिएर रहेको छ । एक चक्ला वनको रुपमा रहेको यस वनलाई स्थानीय समुदायको सहभागितामा ब्यवस्थापन गरिदै आईरहेको छ । यस वनमा प्राकृतिक पुर्नउत्थान र बृक्षारोपण गरी २ प्रकारको वनहरु रहेका छन । यस वनको संरक्षण, सम्बर्धन र उपयोग स्थानीय जनताको प्रत्यक्ष सहभागितामा डिभिजन वन कार्यालयको अगुवाईमा भईरहेको छ । यस वन भित्र कुनै किसिमको सामुदायिक वन, कबुलियती वन र धार्मिक वनको रुपमा स्थानीय जनतालाई हस्तान्तरण गरी ब्यवस्थापन गरिएको छैन । यस प्रकारको वन ब्यवस्थापन गर्ने सम्भावना पनि देखिदैन किन भने यो वन सानो चक्लामा फैलिएर रहेको छ । वन संरक्षण क्षेत्र (संरक्षित क्षेत्र) घोषणा र कार्ययोजना स्वीकृत भै विगत १५ बर्ष देखि समुदायमा आधारित संरक्षणमुखी अवधारण अनुसार स्थानीय जनताको प्रत्यक्ष सहभागितामा वन ब्यवस्थापनका कार्यक्रमहरु संचालन गरिदै आईरहेको छ । यस वनको कार्ययाजेना अनुसार यस वन क्षेत्रको वरीपरी रहेका समुदायहरुले पायक पर्ने वन क्षेत्र स्थानीय टोलका समुदायहरुबाट नै संरक्षण, सम्बर्धन र सिमित उपयोग समेत गर्दे आईरहेका छन । कार्ययोजनामा उल्लेखित कार्यक्रमहरु अन्तर्गत वन क्षेत्र भित्र अग्नी रेखाहरु निर्माण, मर्मत भै रहेको छ । साथै यस वनमा रहेका साल एंव अन्य प्रजातीको घना संख्यामा पोल, लाथ्रा र साना

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

विरुवाहरुको संख्या रहेकोछ । अतः वन संरक्षण क्षेत्रको भौगोलिक अवस्था र जैविक विविधताको सम्वेदनशीलताको आधारमा सहभागितामूलक संरक्षणमुखी वन व्यवस्थापनको अवधारणाअनुसार वनको व्यवस्थापन गरिदै लैजाने कार्यक्रम रहेको छ ।

## गैरकाष्ठ वन पैदावर

यस वन संरक्षण क्षेत्रमा गैरकाष्ठ वन पैदावार रहेको पाईन्छ ।स्थानीय ग्रामिण स्तरमा जडिबुटी एक आयआर्जनको स्रोतको रुपमा विकास भई स्थानीय जनताको जिविकापार्जनमा थप सुधारमा राम्रो टेवा पुरयाई रहेकोछ । यस जिल्लामा करीव ३० भन्दा बढी प्रजातिका जडिबुटी संकलन एवम् बजार विक्री वितरण गर्ने गरेको पाइन्छ (जि.व.का प्रतिवेदन २०७२) ।

सुर्खेत जिल्लाको चिनारी रुपमा रहेको काक्रेविहार वन ऐतिहासिक, पुरातात्विक र धार्मिक महत्वपुर्ण एंव सांस्कृतिक रुपले भरिपुर्ण मात्र होईन गैरकाष्ठ वन सम्पादको दृष्टिकोणले पनि सम्पन्न रहेको पाइन्छ । यस वन संरक्षणका आसपास क्षेत्रमा बसोबास गर्ने केहि विपन्न परिवारहरुले वनबाट गैरकाष्ठ वन पैदावार संकलन गरी मध्यस्तकर्तालाई बिक्री गरी आम्दानी गरिरहेका छन् । यस वन क्षेत्रमा अधिकांश वन सालको रहेको छ । यस साल प्रजातीको पातहरुबाट दुना टपरीहरु निर्माण गरी आदीबासी, दलित एंव गरीव परिवारहरुले थप आम्दानी गरिरहेका छन् । यस वनबाट खास गरी पिपला, सतावरी, हर्रो, वर्रो, अमला, भ्याकुर, बाबियो, बोझो आदि संकलन गर्न सक्ने सम्भावना रहेको छ । यस प्रकारको गैरकाष्ठ प्रजातीहरुको खेतीका साथै जिल्लाका विभिन्न वन क्षेत्रबाट समेत संकलन गरी स्थानीयस्तरमा उद्यम प्रबर्धन गराई समुदायको जीविकोपार्जनमा टेवा पुयाउने कार्यक्रमलाई यस कार्य योजनाले जोड दिईएको छ । यस क्षेत्रमा पाइने गैरकाष्ठ वन पैदावारहरुको सूचीहरु अनुसूची ४ मा उल्लेख छ ।

## निजी वन तथा सार्वजनिक जग्गामा वृक्षारोपण

वीरेन्द्रनगर नगरपालिकाको प्रत्यक्ष प्रभावित क्षेत्रको रुपमा रहेको ९ र १० नं वडा मा कुनै पनि निजी वन दर्ता भएको छैन । नगरपालिकाको अरु वडाहरुलाई प्रभावित क्षेत्रको रुपमा समावेशी गरिएको छ । यस नगरपालिकाका विभिन्न वडाहरुमा रहेका पर्त्ती जग्गा, चौर, पोखरी, सडक किनारा वरीपरी र स्कूल कलेज आदीका नाममा रहेका सार्वजानिक जग्गाहरुमा व्यापक रुपमा जनचाहाना अनुसार वहुउपयोगी विरुवा रोपण गरी वन क्षेत्रको विकास गर्न सक्ने प्रबल सम्भावना



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

रहेको पाइन्छ । यसका साथै निजी जग्गा एंव घरबगैचाको अवधारण अनुसार निजी क्षेत्रलाई प्रोत्साहन गर्न सकेमा निजी वनको विकास गर्न सक्ने सम्भावना देखिन्छ । यस क्षेत्रका वीरेन्द्रनगर नगरपालिका वडा नं ७ मा १ हेक्टरको निजी वन दर्ता गरि व्यवस्थापन गरि रहेको पाईन्छ । यस क्षेत्रको प्रभावित वडाहरुमा निजी वन विकासको पनि राम्रो सम्भावना देखिएको छ । अतः आगामी दश वर्षको कार्ययोजनामा निजी तथा सार्वजानिक वनलाई प्रथामिकताका साथ प्रोत्साहन गर्ने उद्देश्य लिइएर कार्ययोजनामा निजी तथा सार्वजानिक वनको साथै कृषि वन कार्यक्रम लाई विशेष जोड दिईएको छ ।

## ग) जैविक विविधता तथा वन्यजन्तुको संरक्षणको अवस्था

जैविक विविधताको अत्याधिक प्रयोग हुदै जाँदा जैविक विविधतामा ह्रास आउनुका साथै प्राकृतिक प्रक्रिया असन्तुलित भई मानव जिवनको अस्तित्व नै खतरामा पर्ने कुरा मनन गरी, सन् १९९२ मा आयोजित विश्व सम्मेलनले जैविक विविधता महासन्धि पारित गरेपछि सन् १९९३ देखि जैविक विविधता महासन्धि कार्यान्वयन हुँदै आएको छ । विश्व मानचित्रमा नेपाल भौगोलीक रुपले सानो देश भएता पनि जैविक विविधताको हिसाबले विश्वको तथा एशियाको क्रमश २५ औ र ११ औ स्थानमा रहेको छ । जैविक विविधता रणनीति (२०१४-२०२०) अनुसार विश्वमा पाइने कुल वनस्पति प्रजातिको ३.२ प्रतिशत तथा कुल जीवजन्तु प्रजातिको १.१ प्रतिशत नेपालमा पाईन्छ । यस महासन्धि लगायत अन्य हस्ताक्षरित महासन्धिहरुको कार्यान्वयनको लागि नेपाल सरकारले विभिन्न कानुन र संयन्त्रहरु जस्तै जैविक विविधता रणनीति (२०१४-२०२०), राष्ट्रिय वन नीति २०७६, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ तथा नियमावली, वन ऐन २०७६ तथा नियमावली २०७९, र यसका परिमार्जनहरु, राष्ट्रिय जैविक विविधता समन्वय समिति आदि मार्फत सहभागिता मुलक संरक्षण कार्यलाई प्रभावकारी बनाएको छ । महासन्धि कार्यान्वयन भएयता, वन्यजन्तुको अबैध सिकार तथा गैरकानूनी व्यापार नियन्त्रणका लागि जनसमुदाय लगायत सुरक्षाकर्मीको परिचालन, लोपोन्मुख प्रजातिको स्थानान्तरण, प्रजाति संरक्षण योजनाको कार्यान्वयन जस्ता विविध संरक्षण कार्यहरुको फलस्यरूप, लोपोन्मुख प्रजातिहरु मुख्यतः बाघ, गैडा, कृष्णसार, अर्ना जस्ता वन्यजन्तुहरुको संख्या वृद्धि भएको छ ।

काक्रेविहार वन संरक्षण क्षेत्र जैविक विविधताको हिसाबमा धनि र महत्वपुर्ण क्षेत्र हो । तसर्थ, नेपाल सरकारले यसलाई २०५९ सालमा वन संरक्षण क्षेत्रको (संरक्षित वनको) रुपमा घोषणा

गरेको हो । सुर्खेत जिल्लामा ३४ जातका स्तनधारी जनावर, १४० जातका चार, २७ जातका माछा, १३३ प्रकारका वनस्पति पाईन्छ ।यस वन संरक्षण क्षेत्रमा पाइने वन्यजन्तु तथा वनस्पतिको विवरण अनुसूची ३ र ४ मा राखिएको छ ।

जैविक विविधता संरक्षणमा नेपालले महत्वपुर्ण उपलब्धि हासिल गरेपनि विभिन्न कारणले जैविक विविधतामा ह्रास आइरहेको छ । मुख्यतः बासस्थान नाश हुनु तथा टुक्रिनु, बाह्य मिचाहा प्रजातिले प्रवेश पाउनु र भू-उपयोग परिवर्तन हुनु, आदी मुख्य कारण रहेका छन । त्यसैगरी अन्य कारणमा जलवायु परिवर्तन, बढ्दो सहरीकरण, गैरकानूनी चोरीशिकार, प्राकृतिक स्रोतको अत्याधिक दोहन, आगलागि, चरिचरन, मानव र वन्यजन्तुको द्वन्द रहेका छन् । जैविक विविधता संरक्षण एकल प्रयासवाट मात्र सम्भब नहुने भएकाले सबै तहका सरकारी निकाय तथा अन्य सरोकारवालाहरु बिच समन्वय भई साझा कार्यक्रमका रुपमा अघि बढ्ने नीति अबलम्बन गर्नुपर्ने हुन्छ । तसर्थ जैविक विविधतामा ह्रास ल्याउने कारणलाई सम्बोधन हुनेगरी जैविक विविधता बारे जनचेतना जगाउने, संरक्षण तथा जीविकोपार्जनका लागि ज्ञान तथा सिप विकास गर्ने, स्थानिय जनता, मुलतः जनजाती, दलित, महिला र विपन्न बर्गलाई प्रत्यक्ष सहभागी गराई लाभको पारदर्शी र समन्यायिक बाडफाँड गराउने नीति तथा कानुनहरुको निर्माण गरी कार्यान्वयनमा जोड दिनु पर्दछ । जैविक विविधता तथा वन्यजन्तु संरक्षण गर्ने अभिप्रायले यस वन संरक्षण क्षेत्रमा बिगतमा विभिन्न क्रियाकलापहरु गरिएको र आगामी दिनहरुमा पनि निरन्तरता दिने प्रस्ताव गरिएको छ ।

**वन डढेलो नियन्त्रणः**

यस वन संरक्षण क्षेत्रमा वरिपरि आवादी तथा सडक भई जाने हुनाले वन डढेलोको निकै चुनौति रहेको छ । सुख्यायाममा लाग्ने आगो नियन्त्रणका लागि वन अग्नि रेखा बनाउने लगायत सुख्खा मौसम शुरु भएपछि यसको वनको सरसफाई गर्ने गरिएको छ । यसका साथै वन भएर जाने बाटोमा कहिलेकांही चुरोटका ठुटा फालेर आगो लगाई दिने हुनाले आगो निभाउने कार्यका लागि वन कर्मचारीहरु तथा काक्रेविहार वन संरक्षण क्षेत्रका सामाजिक परिचालकहरु सक्रिय रहने गरेको पाइन्छ । तथापी अग्नि रेखा बनाउने, यसका निरन्तर सरसफाई गर्ने र नियमित गस्ती गर्नु आवश्यक छ ।

**पानी पोखरी निर्माण तथा मर्मतः**

यस वन संरक्षण क्षेत्रमा रहेका वन्यजन्तुहरुलाई सुख्खायाममा पानी पिउनका लागि सजिलो होस् भन्ने अभिप्रायले सिमसार मर्मत र पोखरीहरको निर्माण गर्नु आवश्यक देखिन्छ । यसका साथै उक्त सिमसारहरुमा विभिन्न प्रजातीका चराहरु र माछा लगायत जलचर रहने गरेको हुँदा यसको समय समयमा सरसफाई तथा मर्मतसम्भार गर्नु आवश्यक रहेको छ।

**गैर कानुनी क्रियाकलाप नियन्त्रणः**

यस वन संरक्षण क्षेत्रमा वनपैदावारको चोरी निकासी तथा वन्यजन्तुको चोरी शिकारी हुने गरेको पनि पाइन्छ । यस्तो अवस्थामा चोरी निकासी गर्नेहरुलाई पक्रेर कडाईका साथ कानूनी कारबाही गर्ने गरिएको छ । समुदायमा आधारित चोरी शिकारी नियन्त्रण दल, वन हेरालु तथा तथा गोठालाहरुलाई संरक्षण शिक्षा तथा आवश्यक सस्थागत विकास गरी गैर कानुनी क्रियाकलपहरुको नियन्त्रण गर्ने कार्यलाई निरन्तरता दिनु आवश्यक छ ।

**चरिचरन नियन्त्रणः**

यस वन संरक्षण क्षेत्रहरुमा चरिचरनको समस्या रहेको छ । यसका लागि वन क्षेत्रको वरिपरि वस्ने स्थानिय जनताहरुका लागि चरिचरनले गर्दा वन क्षेत्रमा पर्ने प्रभावबारे जनचेतना जगाउनका साथै नियन्त्रण गर्न जरुरी देखिन्छ । यसका साथै किसानका निजी जग्गाहरुमा घाँसका विरुवा लगाउन आवश्यक सहयोग गर्ने कार्यलाई निरन्तरता दिने, सुधारिएको गोठ, वधुवा पशुपालनको लागि डुँढको वितरण, उन्नत पशुपालनलाई जोड दिने तथा उन्नत जातका बोका, रागाँ, बहर वितरण कार्यलाई निरन्तरता दिन उचित हुनेछ । यस वन संरक्षण क्षेत्रको चारै तिर प्रखाल निर्माण भईरहेकोले यस वन संरक्षण क्षेत्रको चरिचरनको समस्या समाधान हुने देखिन्छ ।

**इकोक्लब गठनः**

संरक्षण शिक्षालाई गाँउगाँउमा, टोल टोलमा पुर्याउन माध्यमिक बिद्यालय तहमा इकोक्लब गठन गरी समय समयमा बिद्यार्थीहरुलाई जलवायु परिवर्तनका असर, संरक्षण शिक्षाको महत्व र बिद्यार्थीले गर्नु पर्ने भूमिका बारेमा प्रशिक्षण गरी उक्त बिषयमा लेखन प्रतियोगिता गराई पुरस्कृत गर्ने परिपाटीको विकास गर्ने कार्य भइरहेको छ र यसलाई निरन्तरता दिनु पर्ने देखिन्छ ।

**चोरीशिकारी, चोरीनिकासी नियन्त्रण कार्यदल गठन एवंम परिचालनः**

काक्रेविहार वन क्षेत्र मानव बस्तीको बीच भागमा रहेको हुँदा मानवीय चापका कारण वन क्षेत्रमा यहाका स्थानिय तह तथा समुदायसँगको सहकार्यमा डिवकाको ब्यवस्थापनले अतिक्रमण तथा चोरीशिकारीका नहुनाले जैविक विविधतामा, मन्दिर तथा पर्यटकिय स्थानहरुको संरक्षण हुदैआएकोछ । यिनै कुरालाई मध्यनजर राखी वन समुहहरुलाई सहयोग पुर्याउने उदेश्यले सव-डिभिजन कार्यालय र डिभिजन वन कार्यालयहरुको सहकार्यमा संयुक्त गस्ती परिचालन गर्दै आएको पाइन्छ । चोरीनिकासी/चोरी शिकारी सहित अन्य जानकारीहरु आदान प्रदान गर्न र गैरकानुनी क्रियाकलाप नियन्त्रण गर्न प्रभावकारी कदम संचालन गर्न नेटवर्क तथा कार्यदलहरुको मासिक बैठक, तथा वन हेरालुहरुलाई नियमित रुपमा तालिम तथा अन्य सामाग्रीहरुको सहयोग आदि संचालन गरिदै आएकोमा यस लाई निरन्तरता दिन अति आवश्यक रहेको छ ।

**गोठाला तथा वन हेरालुका लागि संरक्षण शिक्षाः**

काक्रेविहार वन संरक्षण क्षेत्रका साथै नजिकका सामुदायिक तथा सरकारद्धारा व्यवस्थित वनमा गाईबस्तु तथा बाखा चरिचरन गराउन जाने गोठाला तथा सामुदायिक वनका वन हेरालुलाई वन तथा वन्यजन्तु संरक्षण, आगलागि नियन्त्रण, जलवायु परिवर्तन र यसका असर र असरलाई न्यूनीकरण गर्ने उपायहरुको बारेमा सचेतनामुलक तालिम गोष्ठीहरु संचालन गरिदै आएकोमा यसलाई पनि निरन्तरता दिन अति आबश्यक रहेको छ ।

**वन्यजन्तु क्षति राहत कोषको स्थापना तथा वितरणः**

काक्रेविहार वन संरक्षण क्षेत्रमा पाइने तथा आवातजावत गर्ने वन्यजन्तुहरुले यहाँ रहेका मानव बस्ति, खेतीपाती, चौपाया तथा घरगोठलाई क्षति पुर्याएको हुनाले वन्यजन्तु र मानव बिचको द्वन्द बढिरहेकोले न्यूनिकरण गर्नका लागि छुट्टै कोषको उचित व्यवस्थापन गर्नका लागि स्थानिय सरकार सहित सम्पुर्ण सरोकारवालाहरुको सहयोग जरुरी रहेको देखिन्छ ।

**वृक्षारोपण र पुनरुत्पादन संरक्षणः**

यस काक्रेविहार वन संरक्षण क्षेत्रको उचित व्यवस्थापनका लागि खाली ठाँउमा वृक्षारोपण तथा पुनरुत्पादनका लागि प्रत्येक वर्ष आवश्यक मात्रामा वृक्षारोपण तथा व्यवस्थापनका कार्यहरु संचालन

गर्नु पर्ने देखिन्छ । चरिचरन तथा अग्नी नियन्त्रण कार्यले गर्दा वन संरक्षण क्षेत्रमा साल तथा सहायक प्रजातीहरुका विरुवा प्रशस्त आउने गरेको हुँदा यस पुनरुत्पादन व्यवस्थापनमा जोड दिनु आवश्यक छ ।

**नर्सरी तथा विरुवा उत्पादनः**

यस संरक्षण वन क्षेत्रका प्रभावित स्थानिय जनतालाई निजि जग्गामा बृक्षारोपणका लागि विरुवा वितरण गर्न र विभिन्न संरक्षण सम्बन्धी विभिन्न दिवसहरु मनाउनका लागि डिभिजन वन कार्यालय तथा सव-डिभिजन सव-डिभिजनमा रहेको नर्सरी बाट विरुवा उत्पादनको कार्य भइरहेको छ । यसका लागि नयाँ नर्सरी स्थापना र पुराना नर्सरीको मर्मतसम्भार गरी विरुवा उत्पादन कार्यलाई निरन्तरता दिन आवश्यक रहेको छ ।

## घ) भू-उपयोग परिवर्तन, वन विनास तथा क्षयीकरणको अवस्था

यस वन संरक्षण क्षेत्रको भू-उपयोग खास गरी वनक्षेत्र, नदीनाला, पोखरी र सिमसार, बाटोघाटो, खाली क्षेत्रमा विभिन्न प्रयोजनका लागि संरचनाहरु वनाइएका कारण भू-उपयोग केही परिवर्तन भएको छ । मुख्यगरी विगतमा आगलागि तथा सडक एवंम अन्य विकासका संरचना निर्माणका कारण वन विनास तथा क्षयीकरण भएको पाइन्छ ।

**वन अतिक्रमणको अवस्था**

यस वन संरक्षण क्षेत्रमा सिमाना र क्षेत्रफल नापी कार्यालयको समन्वय र सहयोग आधारमा कायम गरिएको छ । यस वनको आसपासमा निजी आवादी जग्गाहरु रहेता पनि वर्तमान अवस्थामा वन अतिक्रमण भएको पाईदैन ।

## ङ) पर्यापर्यटनको अवस्था

यस वन संरक्षण क्षेत्र पर्यटकीय प्रवर्द्धनका दृष्टिले एक महत्वपूर्ण सम्भावनायुक्त क्षेत्रका रूपमा रहेको छ । पर्यटकीय आकर्षणका प्रमुख आधारहरूमा वन संरक्षण क्षेत्रभित्र रहेका ऐतिहासिक, पुरातात्विक र धार्मिक महत्वका स्थानहरू, प्राचीन भग्नावशेषहरू, रमणीय प्राकृतिक स्थलहरू, स्वच्छ वातावरणीय दृश्यहरू तथा यस क्षेत्रको आसपास रहेका देउती बज्यै, शिव मन्दिर, पातालगंगा र बुलबुले ताल जस्ता धार्मिक तथा पर्यटकीय स्थलहरू समावेश छन् ।

यदि यस क्षेत्रमा वन्यजन्तुहरूको संरक्षण प्रभावकारी रूपमा गर्न सकियो भने, यहाँ सजिलैसँग वन्यजन्तु तथा वनस्पतिहरूको अध्ययन र अवलोकन गर्न सकिने सम्भावना रहेको छ । यसले 'मिनी चिडियाखाना (Mini Zoo) को अवधारणा विकास गर्ने अवसर समेत प्रदान गर्न सक्छ, जसले थप पर्यटकलाई आकर्षण गर्न सहयोग पुऱ्याउनेछ।

यस वन संरक्षण क्षेत्रलाई पर्यापर्यटनको विविधिकरण गराई थप आयआर्जन गर्न सक्ने प्रवल सम्भावना रहेको पाईन्छ । जस अन्तर्गत सांस्कृतिक पर्यटन, वातावरणीय पर्यटन र पदयात्री पर्यटन आदी रहेको पाईन्छ । यस क्षेत्रमा सांस्कृतिक पर्यटनको विकास गर्न सक्ने प्रबल सम्भावना रहेका छ किन भने त्यस क्षेत्रमा आदीबासी जनजाती थारु समुदायको जिवन शैली, भेषभुषा, खानपान, रीतिरिवाज, ईतिहास, कला, वस्तुकला, धर्म, पराम्परा प्रविधि र पुरातात्विक स्थल (शिखर शैलीका भव्य मन्दिरको अवलोकन) आदी आर्कषणका स्रोतहरु आधारको रुपमा रहेका छन । साथै धार्मिक महत्वका क्षेत्रहरु देउती बज्यै, शिव मन्दिर, पातलगंगा र बौद्धविहार आदी पनि यस वनको बरीपरी अवस्थित रहेको छ , जसले अझ सांस्कृतिक र धार्मिक पर्यटकहरुलाई आर्कषण गर्दछ ।

यो वन संरक्षण क्षेत्र लगायत सुर्खेत जिल्लाका अन्य महत्वपुर्ण सम्भाव्य पर्यापर्यटन क्षेत्रहरुसंग सन्जाल विस्तार गरी छोटा र लामा दुरीको पदयात्रा पर्यटनको विकास गर्न सक्ने बढि सम्भावना रहेको देखिन्छ । छोटो दुरीको पैदल यात्राका लागि खास गरी कांक्रेविहार वन संरक्षण र यस भित्र रहेका शिखर शैलीका मन्दिरको अवलोकनका साथै यस क्षेत्रका वरीपरी रहेका महत्वपुर्ण गढीहरु, मन्दिरहरु र स्थानीय बासिन्दाहरुको सांस्कृति, जिवनशैली, रीतिरिवज, वातावरण, पर्यावरण र बन्यजन्तुहरुको अवलोकन आदी आर्कषकका स्रोतहरुको रुपमा विकास गरी लैजान सकेमा पैदाल यात्री पर्यटनको विकास गर्न सकिन्छ । साथै लामो दुरी पैदाल यात्रीको रुपमा विषेश गरी सुर्खेतबाट शुरु गरी बढीचौर, तल्लो डुङ्गेश्वर, रामघाट हुदै अछाम र डोटी सम्म गर्न सकिन्छ भने अर्को तिर सुर्खेतबाट शुरु गरी बढीचौर, तल्लो डुङ्गेश्वर, दैलेख हुदै कालिकोट, जुम्ला र मुगु सम्मको पैदल यात्रा गर्न सक्ने सम्भावना रहेको देखिन्छ । यी क्षेत्रहरुको दीर्धकालिन सोच गरी पैदाल यात्री पर्यटनको विकास गर्न सकेमा स्थानीयस्तरमा जिविकोपार्जनका स्रोतहरु सिर्जना भई स्थानीय जनताका जिविकोपार्जन थप टेवा पुर्‍याउन सक्ने सम्भावना देखिन्छ ।

**दृश्य तथा दृश्यावलोकन**



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं सह सचिव

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं महानिर्देशक

यस क्षेत्रमा वातावरणीय पर्यटनको विकास गर्न सक्ने पनि त्यत्तिकै सम्भावना रहेको देखिन्छ । यो वन संरक्षण क्षेत्र सुर्खेत जिल्लाको सदरमुकाम नजिकै रहेका वातावरणीय रुपमा अति महत्वपुर्ण वन जंगलले ढाकिएको रमणीय स्थल हो । यहाँको वन तथा जंगलको संरक्षण र सम्बर्धन गरी वनस्पति, वन्यजन्तु तथा चराचुरुङ्गहरूको वृद्धि गरिने हो भने दृश्य अवलोकनको उत्कृष्ट सम्भावना देखिन्छ। साथै, स्वच्छ हावापानी, शान्त र एकान्त वातावरण, पिकनिक स्थलहरू, पानी टंकी निर्माणजस्ता पूर्वाधारहरूको विकास गरिएमा पर्यटकहरूलाई सुविधा तथा आकर्षित गर्ने स्रोतका रूपमा यो क्षेत्र विकसित हुन सक्छ र पर्यापर्यटन प्रवर्द्धनमा थप टेवा पुग्ने देखिन्छ।

यसरी यो दृश्यावलोकनका लागि सन्जाल तयार गरी पर्यवरणीय पर्यटकहरुलाई आर्कषणद्धारा स्थानीय स्तरमा रोजगारीका अवसरहरु सिर्जना भई जिविकोपार्जनमा समेत सुधार गर्न सकिने सम्भावना पनि रहेको छ । पर्यापर्यटन प्रबर्धनका लागि यो क्षेत्र अति महत्वपूर्ण एवंम सम्भाव्य क्षेत्रको रुपमा रहेको देखिन्छ ।

## च) मानव वन्यजन्तु द्वन्द व्यवस्थापनको अवस्था

बिगतमा भएका वन व्यवस्थापन र संरक्षणका प्रयासले गर्दा यस वन संरक्षण क्षेत्रमा रुख विरुवा, झाडी बुट्यान बढेका कारणले वन्यजन्तुको संख्याम वृद्धि भएको छ । यी क्षेत्रमा आवातजावत गर्ने मुख्य गरी ठूला महत्वपूर्ण वन्यजन्तुहरु जस्तै जरायो, स्याल, रातो र कालोमुखे बाँदर, वदेल, हरिण आदि आवातजावत तथा विचरण गरेको पाइन्छ । खासगरी बँदेलको आवातजावत संख्या बढेकोले नजिकको गाउँमा लगाएका बालीनाली, तरकारी आदि नोक्सान पुर्याउने हुँदा मानव वन्यजन्तु द्वन्दका घटनाक्रमहरु बढेको पाइन्छ ।

मानव वन्यजन्तु द्वन्द व्यवस्थापनका निम्ति यस वन संरक्षण क्षेत्रमा बिभिन्न कार्यक्रमहरु संचालनमा रहेका छन । मानव वन्यजन्तु द्वन्द न्यूनिकरणका लागि वन क्षेत्र र आवादी क्षेत्रको बिचमा छेकवार गर्ने जस्ता कार्यक्रमहरु यस क्षेत्रमा संचालन भइरहेका छन् । यस वन संरक्षण क्षेत्रमा विगतमा गरिएका प्रयासले गर्दा सकारात्मक परिवर्तनहरु आएको भएता पनि द्वन्द व्यवस्थापनको कार्य निरन्तर गर्नुपर्ने साथै यसको दिगो समाधान खोज्न जरुरी रहेको छ । मानव वन्यजन्तु बिचको द्वन्द न्यूनिकरण गर्न नेपाल सरकारले पिडित घरधुरीलाई क्षतिको आधारमा राहत उपलब्ध गराउदै आएको छ, र यस प्रक्रियालाई अझ सरल बनाई तत्काल राहत उपलब्ध हुनसक्ने अवस्था सिर्जना

गर्नु अति जरुरी छ । वन्यजन्तु राहतकोष स्थापना तथा व्यवस्थापन गरी वन्यजन्तुबाट भएको क्षतिको अध्ययन गरी तत्काल राहत उपलब्ध गराउने गरिएको छ । यस कार्यलाई अझ व्यवस्थित रुपमा निरन्तरता दिन आवश्यक छ । यस वन संरक्षण क्षेत्रभित्र वन्यजन्तु उद्धार केन्द्र (Wldlife Rescue Center) समेत स्थापना भइसकेको अवस्थाले यस क्षेत्रको व्यवस्थापन अभिमुखीकरणलाई अझ स्पष्ट बनाएको छ। वन्यजन्तु उद्धार, उपचार, पुनर्स्थापना तथा अस्थायी संरक्षणजस्ता कार्यलाई संस्थागत रूपमा सञ्चालन गर्न यस्तो केन्द्रको स्थापना महत्वपूर्ण मानिन्छ। यसले काँक्रिविहार वन संरक्षण क्षेत्रलाई केवल प्राकृतिक वन क्षेत्रको रूपमा मात्र नभई संरक्षण, उद्धार, व्यवस्थापन तथा जनचेतना अभिवृद्धिका लागि विशेष महत्व भएको क्षेत्रका रूपमा स्थापित गरेको छ।

## छ) विगतका व्यवस्थापन योजनाको सवल पक्ष, दुर्वल पक्ष, अवसर र चुनौतीको विश्लेषण

### अघिल्लो कार्ययोजना समिक्षा (पुनरावलोकन)

काक्रेविहार वन संरक्षण क्षेत्र वन, वनजन्य स्रोत, जैविक विविधता र सिमसारहरुको दृष्टिकोणले एक महत्वपूर्ण वन क्षेत्र हो । यस वन संरक्षण क्षेत्रको वास्तविक वन क्षेत्र १७५.५० हेक्टरमा फैलिएर रहेको छ ।

यो वन संरक्षण क्षेत्र उपत्यकाको उर्वर भूमि बिचमा रहेको टाकुरामा फैलिएर रहेको छ । यो वन उप उष्ण प्रदेशिय वन भएकोले खासगरी सालसँग मिश्रित हर्रो, वर्रो र वोटधगेरो र सल्लो मिश्रित चौडापाते वन पाइन्छ भने खोल्चीको किनारामा सिसौ प्रजातिका फाटफूट र ससाना रुखहरु चक्ला वनका साथै घाँसे मैदान पनि रहेका छन् । यी क्षेत्रमा मुख्य गरी ठूला महत्वपूर्ण वन्यजन्तुहरु जस्तै जरायो, स्याल, रातो र कालोमुखे बाँदर, हरिण, वदेल आदि आवातजावत तथा विचरण गर्ने गरेको पाइन्छ ।

यस वन संरक्षण क्षेत्रको विगतको कार्ययोजनाको दुरदृष्टि “जैविक विविधता, ऐतिहासिक, पुरातात्विक, धार्मिक एंव वातावरणीय क्षेत्रको समग्र विकासद्धारा पर्यटन क्षेत्रको प्रबर्धन , स्थानीय समुदायको समुन्नत जीविकोपार्जन” रहेको थियो । यस प्रकारको दुरदृष्टि प्राप्तका लागि, वन संरक्षण क्षेत्रको व्यवस्थापनद्धारा वन हैसियतमा सुधार जैविक विविधता र जैविकमार्गको विकास र विस्तार गर्ने, स्थानिय समुदायको जिविकोपार्जन सुधार गर्ने र तल्लो र माथिल्लो तटीयको समन्वयमा जलधारको विकास गरी चार वटा उद्देश्यहरु अवलम्वन गरी कार्यक्रम संचालन गरिएको थियो । ती



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं
सह सचिव
नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं
महानिर्देशक

सह सचिव

उद्देश्यहरु प्राप्तीका लागि रणनीतीहरु, कार्यनीतीहरु र सुचांकका साथ Logical framework (कार्यगत रुपरेखा) तयार गरी कार्यान्वयन गरिएको थियो ।

यस वन संरक्षण क्षेत्रको विगतको कार्ययोजनाको कार्यगत रुपरेखामा आधारित रहि कार्यक्रम र बजेट तयार गरिएको थियो । विगत बर्षका कार्यक्रम र सो लागि विभिन्न स्रोतहरुलाई आधार मानी प्रस्ताव गरिएको बजेटमा कुल बजेटको करिब ३० प्रतिशत मात्र प्राप्त भएको देखिन्छ । यो विनियोजित बजेट कार्यक्रमको अवस्थालाई हेर्दा अति न्युन बजेट निकासी भएको देखिन्छ । यस वन संरक्षण क्षेत्रमा प्रस्ताव गरिएको वन संरक्षण क्षेत्र परिषद गठनको व्यवस्था भएता पनि आवश्यक कानुनी प्रबन्ध तथा बजेटको व्यवस्था हुन नसक्दा कार्यक्रमहरु तत्कालीन जिल्ला वन कार्यालय, सुर्खेतले सिमित मात्रामा स्थानिय समुदायको सहभागिता र समन्वयमा संचालन गरिएको पाइन्छ ।

यस वन संरक्षण क्षेत्रको विगत बर्षहरुमा प्रस्ताव गरिएको कार्यक्रमहरु सो को प्रगती विवरणको आधारमा विरुवा उत्पादन, वन्यजन्तु बासस्थान संरक्षण, घांसे मैदान ब्यवस्थापन, वैकल्पिक उर्जाको रुपमा चर्पि जडित गोबर ग्यौंस, सुधारिएको चुलो, आयमुलक कार्यक्रमहरुमा बंगुरपालन, तरकारी खेती आदी कार्यक्रमहरु संचालन गरिएको थियो । २०६८ सालमा तयार गरी कार्यान्वयन गरिएको यस वन संरक्षण क्षेत्रको कार्ययोजनाको कार्यान्वयन अवधी २०७३ साल सम्म रहेको थियो ।यसरी पुन नविकरण गरिएको कार्ययोजनाको कार्यान्वयन अवधी २०८२ साल अषाड सम्म रहेको छ । त्यस पश्चात तत्कालीन जिल्ला वन कार्यालय सुर्खेत, तथा हालको डिभिजन वन कार्यालय सुर्खेतले वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत विभिन्न संरक्षण तथा व्यवस्थापनका गतिविधीहरु संचालन गर्दै आइरहेका छन । विगत १५ बर्षमा सम्पन्न भएका कार्यक्रमहरुको विश्लेषण गर्दा कार्यक्रमबाट सकारात्मक र नकारात्मक रुपमा पारेको प्रभावहरुको प्रत्यक्ष रुपमा स्थानिय समुदायसंग छलफल र स्थलगत अवलोकन र वन सर्भेक्षण गरी अध्ययन र विश्लेषण गरियो । वन क्षेत्रमा वन्यजन्तुको बासस्थानमा सुधार भई वन्यजन्तुको संख्यामा केही मात्रामा बृद्धि भएको, वन पुर्नस्थापना भएको, सिमसारहरुको संरक्षणले गर्दा जैविक विविधतामा बृद्धि भएको, नजिकका सामुदायिक वनहरुमा खुला चरिचरन नियन्त्रणले जैविक विविधताको संरक्षण, वन हेरालुकव व्यवस्था र चोरी शिकारी दलको गठन र परिचालनले वन्यजन्तु चोरी शिकारीमा कमी आएको, गोबरग्यौंस र सुधारिएको चुलो वितरणले वन क्षेत्रमा चाप कम हुनुका साथै वातावरणीय सन्तुलन कायम भएको, विपन्नमुखी



महानिर्देशक

कार्यक्रमले स्थानिय समुदायको आर्थिक अवस्थामा केही सुधारका साथै परिषद गठन भई संस्थागत रुपमा सामाजिक परिचालन संरक्षण शिक्षा तथा चोरीशिकार नियन्त्रण दल गठन तथा परिचालन जस्ता कार्यक्रम संचालन गरी केहि सकारात्मक प्रभाव परेको थियो ।

यस वन संरक्षण क्षेत्रमा देखिएका केहि नकारात्मक प्रभावहरु खास गरी वन्यजन्तु संख्यामा बृद्धिका कारण स्थानिय समुदायको खेतीबाली र केहि मात्रामा जनधनको क्षती बढेको, वन क्षेत्रमा रहेको सुख्खा क्षेत्रमा पानीको कमीले गर्दा पानी मुहान भएको क्षेत्रमा वन्यजन्तु पानी खान जाने हुनाले चोरी शिकारको जोखिम बढेको पाइयो । यस वन संरक्षण क्षेत्रलाई समुदायमा आधारित संरक्षणमुखी वन ब्यवस्थापन अवधारण अनुसार दिगो विकासका लागि संस्थागत संरचनाका खाका तयार गरी वन संरक्षण क्षेत्र परिषद गठनको व्यवस्था भएता पनि कानुनी अधिकार र कार्य निर्देशिकाको अभावमा अपेक्षित रुपमा कार्य सम्पन्न गर्न नसकेको देखिन्छ । यस कार्ययोजना नविकरण गर्ने क्रममा विभिन्न सरोकारवालाहरुसंग घनिभुत छलफल गरी प्राप्त सल्लाह र सुझावहरुको आधारमा विगत कार्ययोजनाले अवलम्वन गरेको संरचनालाई परिमार्जन गरी निरन्तरता दिन उचित देखिन्छ । यसका साथै वन संरक्षण क्षेत्र ब्यवस्थापनको लागि कार्यक्रम कार्यान्वयन निर्देशिका आवश्यक देखिन्छ । अतः काक्रेविहार वन संरक्षण क्षेत्रलाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि वन संरक्षण क्षेत्र निर्देशिका साथै कार्यान्वयनका लागि प्रयाप्त बजेट ब्यवस्थापन गर्न सकेमा यस वन संरक्षण क्षेत्रले जैविक विविधता, जैविक मार्ग, जलस्रोत, वातावरण र स्थानिय संस्कृतिको संरक्षणमा उल्लेखनिय सकारात्मक प्रभाव पार्न सक्ने देखिन्छ । विगतको कार्ययोजना कार्यान्वयनमा देखिएका मुख्य मुख्य सवल पक्ष, दुर्बल पक्ष, अवसर र चुनौतिहरु तल तालिका नं १० मा प्रस्तुत गरिएको छ ।

तालिका नं. ९ अघिल्लो कार्ययोजनाका सवल, दुर्वल, अवसर र चुनौति

| सवल पक्ष | दुर्वल पक्ष |
|---|---|
| • वन स्रोतका हिसाबले महत्वपुर्ण क्षेत्र<br>• वन संरक्षण क्षेत्रको वरपर उर्वर कृषि भुमी रहेको क्षेत्र<br>• विभिन्न निजि तथा सार्वजनिक संस्थाहरुले वन सम्बर्धनका लागि वृक्षारोपण गरेको<br>• पर्यापर्यटकहरुलाई केही मात्रामा आकर्षित | • कार्ययोजनामा उल्लेखित कार्यक्रम तथा बजेटको व्यवस्थापनमा सरोकारवालाको ध्यान नहुनु ।<br>• वन्यजन्तु उद्धार गृह निर्माण नहुनु<br>• वन संरक्षण क्षेत्रको भित्रि भागमा आवश्यक मात्रामा संरक्षणका कार्यक्रमहरु संचालन नहुनु ।<br>• सामाजिक, साँस्कृतिक र धार्मिक झलक देखिने खालको कार्यक्रम पूर्ण रुपमा अगाडि वढ्न |

| | |
|---|---|
| गर्दै आएको<br>• जैविक विविधतामा प्रचुर सम्भावना रहेको<br>• स्थानीय समुदाय वन संरक्षणमा सकारात्मक रहेको<br>• वन्यजन्तु क्षति राहतकोषको स्थापना तथा संचालन भएको<br>• समुदायमा आधारित चोरीनिकासी तथा चोरीशिकारी नियन्त्रण कार्यदल गठन तथा परिचालन भएको<br>• वन हेरालुलाई संरक्षण शिक्षा संचालन, इकोक्लब गठन भई परिचालन भइरहेको<br>• पर्यापर्यटन कार्यक्रमले प्रभावकारी निरन्तरता पाउन नसकेको | नसकेको<br>• वन व्यवस्थापन पूर्ण रुपमा प्रभावकारी हुन नसकेको<br>• चोरी निकासी, वन अतिक्रमण पुर्ण रुपमा नियन्त्रण हुन नसक्नु<br>• कार्ययोजना कार्यान्वियनमा सरोकारवालाहरुको कम चासो<br>• सिमसार क्षेत्रको उचित संरक्षण तथा व्यवस्थापन हुन नसक्नु<br>• स्थानिय समुदायलाई सार्वजानिक तथा निजी जग्गामा वन विकास गर्न प्रोत्साहन गर्न नसक्नु |
| **अवसर**<br>• वन्यजन्तुमैत्री पुर्वाधार विकास गरी वन्यजन्तुको वास्थान संरक्षण<br>• जैविक मार्गलाई व्यवस्थित गरी मानव वन्यजन्तु द्वन्द न्यूनिकरण<br>• पर्यापर्यटनद्वारा स्थानीय तहमा रोजगार सिर्जना र स्थानीय निकायलाई आमदानी<br>• स्थानीय जनताहरुलाई निजी तथा सार्वजानिक जग्गामा बहुउपयोगी विरुवा वितरण<br>• उच्च गुणस्तरीय फलफुल (आप, कटहर, लिची) तथा निजी, सार्वजानिक जग्गामा वृक्षारोपणका लागि विरुवा वितरणको अवसर<br>• स्थानिय सरकार लगायत विदेशी तथा स्वदेशी दातृ निकायसंग कार्ययोजना कार्यान्वयनमा समन्वयन तथा सहकार्य<br>• देश तथा विदेशका विश्वविद्यालय, विज्ञहरुको लागि अवलोकन तथा अध्ययन र अध्यापनको केन्द्रका रुपमा स्थापना गर्ने अवसर | **चुनौति**<br>• सुरक्षित जैविक मार्ग कायम राख्न वन्यजन्तु मैत्री पुर्वाधार नहुनु तथा मानव वन्यजन्तु द्वन्द व्यवस्थापन हुन नसक्नु<br>• भू-क्षय तथा प्राकृतिक प्रकोपबाट वनको क्षति हुंदै जानु तथा वन अतिक्रमण बढनु<br>• काठ चोरी निकाशी<br>• वन क्षेत्रमा अनियन्त्रित डँढेलो तथा आगलागि हुनु<br>• सिमसारहरुको उचित व्यवस्थापन हुन नसक्नु<br>• प्राप्त आम्दानी संरक्षणमा खर्च नगरिनु<br>• निजी तथा सार्वजानिक जग्गाहरुमा वृक्षारोपणको उचित व्यवस्थापन नहुनु<br>• राजनैतिक प्रतिबद्धताको कमी हुनु<br>• वन क्षेत्रबाट जडिबुटीको संकलन अव्यवस्थित ढंगबाट गरिनु<br>• स्थानिय सरकार र वन प्रशासन बिचको समन्वय तथा सहकार्य नहुनु साथै बुझाईमा एकरुपता नहुनु। |

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं
सह सचिव

# परिच्छेद ४: दुरदृष्टि, लक्ष्य, उद्धेश्य तथा रणनीति

## (क) दुरदृष्टि

काक्रेविहार वन संरक्षण क्षेत्रको दूरदृष्टि **"वन तथा जैविक विविधता संरक्षण, ऐतिहासिक, पुरातात्विक, धार्मिक एंव वातावरणीय क्षेत्रको समग्र दिगो विकासद्धारा पर्यटन क्षेत्रको प्रबर्धन, स्थानीय समुदायको समुन्नत जीविकोपार्जन"** रहेको छ ।

## (ख) लक्ष्य तथा उद्देश्य

### लक्ष्य

समुदायमा आधारित संरक्षणमुखी वन व्यवस्थापन मार्फत जैविक विविधता संरक्षण, ऐतिहासिक, पुरातात्विक, धार्मिक र वातावरणीय क्षेत्रको एकीकृत विकासद्धारा पर्यटन क्षेत्रको प्रर्बधन गरी स्थानिय जनताको जीविकोपार्जनमा सुधार गर्ने ।

### उद्देश्य

काक्रेविहार वन संरक्षण क्षेत्रमा जैविक विविधता, ऐतिहासिक, पुरातात्विक र धार्मिक सहिष्णुताको उपहार, सुर्खेत जिल्लाको सुन्दर र पर्यटकिय क्षेत्र काँक्रेविहार भन्ने मुल भावनालाई समेटेर व्यवस्थापन कार्ययोजना तयार गरिएको छ । यस कार्ययोजना अवधि १० वर्षको रहनेछ । यस व्यवस्थापन कार्ययोजना लागि आफ्ना परिकल्पना, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिका साथ कार्यक्रमहरु तयार गरिएको छ ।

१. समुदायमा आधारित संरक्षणमुखी वन व्यवस्थापनद्धारा जैविक विविधता र वातावरणको संरक्षण, सम्बर्धन र बुद्धिमत्तापूर्वक प्रयोग गर्ने ।

२. वातावरण मैत्री ऐतिहासिक, पुरातात्विक र धार्मिक एंव विविध पर्यटन क्षेत्रका लागि पूर्वाधारहरु निर्माण गरी रमणीय एंव पर्यावरणीय पर्यटन क्षेत्रको विकास गर्ने ।

३. सिमसार/जलाधार क्षेत्रको अवस्थामा सुधार गर्दै पारिस्थितिकीय प्रणाली तथा वातावरणीय सन्तुलन कायम गर्ने ।



महानिर्देशक
नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

४. बजारमुखी हरित उद्यम तथा विभिन्न आयमूलक कार्यक्रम संचालन गरी स्थानिय समुदायको आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनमा सुधार गर्ने ।

## ग) व्यवस्थापन रणनीति

काक्रेविहार वन संरक्षण क्षेत्रलाई अव सहभागितामूलक संरक्षणमुखी वन व्यवस्थापनको अवधारण अनुसार जैविक विविधता, वातावरण, ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक, धार्मिक र पर्यटन क्षेत्रको एकीकृत रुपमा विकास गरि स्थानीय जनताको जीविकोपार्जनमा सुधार गर्नका लागि निम्नानुसारका उद्देश्यहरु स्थापित गरी निम्नानुसारको रणनीति एंव कार्यनीतिहरु तयार पारिएको छ ।

### उद्देश्य १: समुदायमा आधारित संरक्षणमुखी वन व्यवस्थापनद्वारा जैविक विविधता र वातावरणको संरक्षण, सम्बर्धन र बुद्धिमत्तापूर्वक प्रयोग गर्ने ।

**रणनीति १: वन संरक्षणको अवस्थालाई सुधार गर्न स्थानीय समुदायहरुको सहभागितामा वन सम्बर्धनका कार्यहरु गर्ने**

**कार्यनीतिहरु**

- वन संरक्षण क्षेत्रमा विभाजित गरिएको खण्डहरुको विषेशता र खण्ड व्यवस्थापनको उद्देश्यको आधारमा झाडी सरसफाई, एकल्याउने र पतल्याउने आदी वन सम्बर्धन कार्यहरु गर्ने ।
- वन संरक्षण क्षेत्रमा बहुउद्देश्य नर्सरी स्थापना गरी जनचाहान अनुरुप बहुउपयोगी विरुवा उत्पादन गर्ने
- वन संरक्षणको खाली तथा नाङ्गा चौरहरुमा खण्डको विषेशताको आधारमा बृक्षारोपण गर्ने
- यस वनको चारै तर्फ आवादी जमिनले घेरिएकोले आवादीसंग जोडिएर रहेको वन क्षेत्रमा आवादी र वन छुट्टिने गरी पर्खाल निर्माण र वृक्षारोपण गर्ने ।

**रणनीति २: वन संरक्षण क्षेत्रका सम्वेदनशील जैविक विविधता क्षेत्रको उचित संरक्षण, सम्बर्धनद्वारा जैविक विविधताको अवस्थामा सुधार गर्ने ।**

**कार्यनीतिहरु**



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

- वन संरक्षण क्षेत्रमा रहेका सम्वेदनशील जैविक विविधता क्षेत्रको नक्सांकन गरी सहभागितामूलक रुपमा जैविक विविधता क्षेत्र र सो को संरक्षण, सम्बर्धन गर्ने कार्यक्रम संचालन गर्ने ।
- वन संरक्षण क्षेत्रमा रहेको जैविक विविधता र सो संग सम्बन्धि स्थानीय बासिन्दामा रहेको परामपरागत मौलिक ज्ञान र सीपको पहिचान र अभिलेखीकरणको गर्ने ।
- यस वन संरक्षणको जन्तेसाल र पातालगंगा खण्ड जरायोको बासस्थान भएकोले यसको संरक्षण र सम्बर्धनका साथ भविष्यमा जन्तेसाल व्लक र पातालगंगा भग्नावशेषको दक्षिणी व्लकलाई मिनी चिडियाखानको रुपमा विकास गर्ने ।
- यस वन संरक्षणको कालीमाटी रानी वन र नर्सरी क्षेत्रको वन खण्डमा आवश्यक क्षेत्र छुट्टाई वनस्पति उद्यान विकास गरी जैविक विविधताको संरक्षण गर्ने ।

**रणनीति ३: वन संरक्षण भित्र वा आसपास आवादी क्षेत्रमा पर्ने महत्वपूर्ण सिमसार क्षेत्रहरुको स्थानीय समुदायको सहभागितामा जैविक विविधताको संरक्षण, सम्बर्धन गर्ने ।**

**कार्यनीतिहरु**

- यस वन संरक्षण क्षेत्रमा रहेका जब्दी र वरकुनामा रहेको महत्वपूर्ण सिमसार क्षेत्रहरुको समुदायमा आधारित जैविक विविधताको ब्यवस्थापनका साथ पहिचान र अभिलेखीकरण गर्ने ।
- वन संरक्षण क्षेत्र र यसका वरीपरी रहेका सिमसार क्षेत्रमा निजी तथा स्थानीय समुदायको सहभागितामा पानिका मुहान तथा पोखरी निर्माण गरी मनोरन्जन एंव आयआर्जन कार्यकम संचालन गर्ने ।
- यस वन संरक्षणको आसपासमा रहेको सिमसार क्षेत्रको क्षेत्रफल र सो को अवस्था विग्रदै गईरहेकोले क्षेत्र र अवस्था संरक्षणका कार्यक्रमलाई समुदायमा आधारित सिमसार ब्यवस्थापनको आधारमा संचालन गर्ने ।
- वन संरक्षण क्षेत्रभित्र रहेका पानीका मुहान तथा श्रोतहरुको संरक्षण गर्न रिचार्ज पोखरी, संरक्षण पोखरी तथा आहाल निर्माण गर्ने ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव

**रणनीति ४: प्रभावित क्षेत्रमा निजी र सार्वजानिक जग्गाहरुमा जनचाहाना अनुरुप बहुउपयोगी विरुवाको बृक्षारोपण गरी वन क्षेत्रमा पर्ने चापलाई कम गर्ने ।**

कार्यनीतिहरु

- वन संरक्षण क्षेत्रको प्रभावित क्षेत्रमा ब्यापक रुपमा निजी, सार्वजानिक जग्गाहरुमा बृक्षारोपण गरी कृषि वन प्रणलीलाई प्रोत्साहन गर्ने ।
- वन संरक्षणको प्रभावित क्षेत्रमा घर बगैचा कार्यक्रमलाई प्रोत्साहान गरी हरियाली बृद्धिका साथ आवश्यक घाँस, दाउराको स्थानीय स्तरमा उत्पादन गर्ने ।

**रणनीति ५: यस प्रभावित क्षेत्रमा वैकल्पिक उर्जा विकासमा संलग्न निकायहरुसंग समन्वय र सहकार्यद्वारा वैकल्पिक उर्जाको विकास र विस्तार गरी वन क्षेत्रमा पर्ने चापलाई कम गर्ने ।**

कार्यनीतिहरु

- वन संरक्षणको प्रभावित क्षेत्रमा वैकल्पिक उर्जाको रुपमा गोवर ग्यास तथा चर्पि जडित गोवर ग्यासको प्रोत्साहनका साथ विस्तार गर्ने कार्यक्रम संचालन गर्ने ।
- वन संरक्षण क्षेत्रमा ईन्धनको मागलाई कम गर्न सुधारिएको चुलोहरुको निर्माण तथा वितरण गर्ने
- यस क्षेत्रमा सौर्य उर्जाको पनि सम्भावना भएकोले यसको विस्तार गर्ने ।

**रणनीति ६: वन संरक्षणका प्रभावित क्षेत्रहरुमा जिल्ला पशु सेवा कार्यालयको समन्वय र सहकार्यमा बधुवा उन्नत पशुपालनलाई प्रोत्साहन गर्ने ।**

कार्यनीतिहरु

- जिल्ला पशु सेवा कार्यालयको समन्वय र सहकार्यमा उन्नत तथा नश्ला सुधार पशुहरुको बधुवा पशुपालन प्रणालीका लागि आवश्इक कार्यक्रम संचालन गर्ने।
- पशुपालनका लागि आवश्यक डाले एंव भुईघांस विरुवा उत्पादन गरी खेतबारी कान्ला, सडक किनारा, घरवरीपरी एंव सार्वजानिक जग्गाहरुमा ब्यापक रुपमा बृक्षारोपण गर्न जोड दिने ।



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

**रणनीति ७: वन संरक्षण ब्यवस्थापन परिषदलाई क्षमता अभिबृद्धिका साथ सुशासनका अभ्यासलाई अभिप्रेरित गरी सेवालाई दुरुस्ता एंव चुस्त बनाउने ।**

- वन संरक्षण ब्यवस्थापन परिषदको गठन गरी सो संस्थाको ब्यवस्थापन एंव सुशासन सम्बन्धि क्षमता अभिबृद्धि गर्ने कार्यक्रम संचालन गर्ने ।
- लङ्गिता एंव समावेशी कार्यक्रम संचालन गरी वन संरक्षण कार्यक्रम लैङ्गिता एंव समावेशी मैत्री बनाउने ।

## उद्देश्य २: वातावरण मैत्री ऐतिहासिक, पुरातात्विक र धार्मिक एंव विविध पर्यटन क्षेत्रका लागि पुर्वाधारहरु निर्माण गरी रमणीय एंव पर्यावरणीय पर्यटन क्षेत्रको विकास गर्ने ।

**रणनीति १: वन संरक्षण क्षेत्रमा रहेका ऐतिहासिक, पुरातात्विक र धार्मिक एंव विविध पर्यटन क्षेत्रका लागि सम्बन्धित सरोकारवालाहरुको समन्वय र सहकार्यमा पुर्वाधारहरु निर्माण गर्ने ।**

**कार्यनीतिहरुः**

- यस वन संरक्षण भित्र रहेको महत्वपूर्ण ऐतिहासिक, पुरातात्विक र धार्मिक क्षेत्रहरुकोले सम्बन्धित सरोकारवालाहरुको समन्वय र सहकार्यमा संरक्षण र सम्बर्धनका साथ आवश्यक पर्ने पुर्वाधारहरु वातावरण मैत्री रुपमा निर्माण गर्ने ।
- कांक्रेविहार नजिकको थारु संस्कृति, पातालगंगा कुवा, वौद्ध गुम्वा, लाटीकोईली मन्दिर, पुरानो देउती बज्यै मन्दिर र नारायण मन्दिर आदिको संरक्षण र सम्बर्धन कार्यहरुलाई प्रोत्साहान गर्ने ।
- यस ऐतिहासिक, पुरातात्विक वास्तुअंशहरुको कलात्मक भग्नावशेषहरुको पुरातत्वा विभाग संग समन्वय र सहकार्य गरी पुरातात्विक संग्रहालयको स्थापना तथा खुला पुरातात्विक संग्रहालयको अवधारण अनुसार ब्यवस्थापन गर्न सहयोग गर्ने ।
- यस संरक्षण वनको वातावरणीय रुपमा रहेको महत्वलाई ध्यान दिई वातावरण सेवा भुक्तानी प्राणलीको क्रमश जनचेतना अभिबृद्धि गराई वातावरण सेवा भुक्तानी प्राणलीको संयन्त्र स्थापनामा जोड दिने ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

- वन संरक्षण क्षेत्र भित्र फोहोरमैला व्यवस्थापनका निमित्त आवश्यक संरचना निर्माण तथा कार्यक्रमहरू संचालन गर्ने ।

**रणनीति २: वन संरक्षणमा समग्र विकासका लागि सम्बन्धित सरोकारवालाहरुको समन्वय र सहकार्यमा public private partnership को अवधारण अनुसार निजी क्षेत्रको सहभागितामा वन क्षेत्रमा वातावरणमा प्रतिकुल प्रभाव नपर्ने गरी वातावरण मैत्री आवश्यक पुर्वाधारहरु निर्माण गर्ने ।**

- यस वन संरक्षणमा आवश्यक अग्नीरेखाहरु निर्माण एंव मर्मत संभार गरी वनको संरक्षणका साथै पर्यटकहरुलाई सरल र सुलभ हिडडुल गर्न सहज बनाउने ।
- यस वन संरक्षणमा वन भोज स्थल एंव मनोरहमा दृश्यावलोकनका लागि वन क्षेत्र र वातावरणलाई प्रतिकुल असर नपर्ने गरी गोरेटो बाटोहरु, यी बाटाहरुको बीच बीचमा विश्रामस्थल, चौताराहरु, दृश्यालोकनका लागि मचानहरु निर्माण गर्ने ।
- वन संरक्षणको बनभोज स्थललाई सुविधा सम्पन्न बनाउनका लागि आवश्यक बिश्रामस्थल, टहरा, पानी टंकी र धारा एंव प्रतिक्षालयहरु आदी जस्ता पुर्वाधारहरु जैविक विविधताले सम्बेदनशिल क्षेत्र बाहेक अन्य क्षेत्रमा मात्र निर्माण गर्ने ।
- वन संरक्षणको प्रभावित क्षेत्रमा आई पर्ने मानव र बन्यजन्तु बीच रहेको द्वन्द कम गर्न जनचेताना मुलक कार्यक्रमका साथै कम नोक्सानी हुने वाली प्रणालीलाई प्रोत्साहान गर्ने ।
- वन संरक्षणमा रहेका बन्यजन्तले पुर्याउने क्षतीलाई तुरुन्तै राहतका लागि राहत समिति र कोष स्थापना गराई संचालन गर्ने ।

**रणनिति ३: वन संरक्षण एंव यस क्षेत्रसंग जोडिएर रहेको सम्भाब्य पर्यापर्यटन क्षेत्रहरुको पहिचानका साथ समुदाय र निजी क्षेत्रको बीच समन्वय र सहकार्य गरीपर्यटन क्षेत्रको प्रर्बधन गर्ने ।**

**कार्यनीतिहरुः**

- यस वन संरक्षण क्षेत्र र यसका प्रभावित क्षेत्रमा रहेको सम्भाव्य पर्यापर्यटन क्षेत्रहरुको पहिचान गरी पर्यटन सन्जाल निर्माण गर्ने ।
- पहिचान भएका सम्भाव्य पर्यापर्यटन क्षेत्रहरुको एकीकृत रुपमा प्रचार प्रसार एक सुचना तथा स्रोत केन्द्रको स्थापना गर्ने ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

- यस वन संरक्षण क्षेत्रको परिषद र मन्दिर व्यवस्थापन समितिको पहलमा पर्यटन बोर्डसंग समन्वय र सहकार्यको गरी पर्यापर्यटनको विस्तार गर्ने ।
- यस वन संरक्षण र यस क्षेत्रसंग जोडिएर रहेको अन्य पर्यापर्यटन क्षेत्रहरुको समन्वय र सहकार्यमा विविध पर्यटन क्षेत्रहरुको विकास गर्न प्रोत्साहन गर्ने ।
- यस क्षेत्रमा पर्यटकहरुलाई सुविधा लागि निजी तथा समुदायहरुको सहभागितामा वन क्षेत्र बाहिर सुविधा सम्पन्न होटल, होमस्टे, लज र रेष्टुरेन्ट आदीको निर्माण गर्न प्रोत्साहन गर्ने ।
- स्थानीय थारु समुदायमा होमस्टे व्यवस्थापनका लागि वन क्षेत्र बाहिर सम्भाब्य क्षेत्रहरुको पहिचान गरी आवश्यक ज्ञान र सीपका साथै सोको लागि पुर्वाधारहरु स्थानीय समुदायको संलग्नतामा निर्माण गर्ने ।

## उद्देश्य ३ः जलाधार क्षेत्रको अवस्थामा सुधार गर्दै पारिस्थितिकीय प्रणाली तथा वातावरणीय सन्तुलन कायम गर्ने ।

**रणनीति १ः वन संरक्षण क्षेत्रका प्रभावित क्षेत्रमा निजी, सार्वजानिक जग्गामा कृषि वन प्रणाली प्रवर्धन गरी वन क्षेत्रमा पर्ने चापलाई कम गर्ने ।**

**कार्यनितीहरुः**

- वन संरक्षण क्षेत्रको प्रभावित क्षेत्रमा निजी तथा सार्वजनिक जग्गाहरुको पहिचान गरी समुदायको सहभागितामा वृक्षारोपण गरी वनको विकास तथा पुर्नास्थापना गर्ने।
- निजी तथा सार्वजनिक जग्गाहरुमा गरिएको वृक्षारोपण स्थानिय समुदायको सहभागितामा संरक्षण, सम्बर्धन र उपयोग गर्ने
- वन संरक्षण क्षेत्रको प्रभावित क्षेत्रमा स्थानिय समुदायहरुमा जनचाहाना अनुसार फलफुल खेति, निजि वन तथा कृषि वन प्रणालीको विकास गरी स्थानियस्तरमा वन पैदावार उत्पादनमा प्रोत्साहन गर्ने ।
- स्थानिय समुदायको माग अनुसार फलफुल खेति, निजि वन तथा कृषि वन प्रणाली अपनाउने कृषकहरुलाई आवश्यक बिरुवा तथा आर्थिक एवंम प्राविधिक सहयोग गर्ने ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं
सह सचिव

**रणनीति २: प्रभावित क्षेत्रमा बसोबास गर्ने स्थानिय बासिन्दाहरुको वैकल्पिक उर्जा व्यवस्थापन गर्न सम्बन्धित सहयोगी निकायहरुसंग समन्वय गर्दै वन जंगलमा पर्ने चापलाई कम गर्ने ।**

**कार्यनीतिहरुः**

- सरोकारवालाहरुको समन्वय र साझेदारीमा गोबरयाँस प्लान्ट स्थापना गरी विपन्न वर्ग तथा गरीव समुदायमा गोबर ग्याँसको पहुँच पुर्याउने साथै चर्पी जडित गोबरग्याँस प्लाण्ट स्थापनामा अनुदान तथा सहुलियतपूर्ण ऋण उपलब्ध गराउने ।
- प्रभावित क्षेत्रमा उर्जा बचतका प्रविधिको विस्तारका लागि व्यापक प्रचार प्रसार गरी दाउराको खपत कम गर्न सुधारिएको चुल्होको निर्माण र प्रयोगलाई व्यापक बनाउने ।
- निजी तथा सार्वजानिक वनको रुपमा खेतबारी, घर वरीपरी, सडकका किनारा, आली, कान्ला, कुलेसाहरुमा रुख विरुवाहरु रोप्न प्रोत्साहन गर्ने ।

**रणनीति ३: वन संरक्षण क्षेत्रमा वन अतिक्रमण कार्यलाई स्थानिय समुदाय, राजनैतिक पार्टी, बुद्धिजिवी, स्थानिय सरकार, जिल्ला प्रशासन कार्यलय र सुरक्षा निकाय, प्रदेश सरकार र संघिय सरकार बीच समन्वय र सहकार्य गरी प्रभावकारी रुपमा रोकथाम गर्न पहल गर्ने ।**

- वन संरक्षण क्षेत्र अन्तर्गत रहेका वन अतिक्रमण क्षेत्रहरुको विवरण अध्यावधिक गर्ने
- वन अतिक्रमण रोकथाम सम्बन्धि जनचेतना मुलक कार्यक्रम संचालन गर्ने
- वन नियमावली २०७९ को नियम ११९ मा व्यवस्था भएको जिल्लास्तरको वन अतिक्रमण नियन्त्रण समितिसंग समन्वय र सहकार्य गरी प्रभावकारी रुपमा वन अतिक्रमण हटाई वृक्षारोपण गर्ने ।

**रणनीति ४: समुदाय तथा निजीस्तरमा चरन क्षेत्रको दिगो व्यवस्थापन गरी बधुवा पशुपालन प्रणालीको विकास गर्दै वन क्षेत्रमा हुने चरिचरनलाई निरुत्साहित गर्ने ।**

**कार्यनीतिहरुः**



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

- पशु सेवा केन्द्र, स्थानिय सरकार र वन उपभोक्ता समूह बीच समन्वय र सहकार्य गराई निजी तथा सार्वजानिक क्षेत्रमा व्यापक रुपले उन्नत भुईघाँस, डालेघाँसका बीउ तथा विरुवा वितरण गरी वृक्षारोपण गर्न प्रोत्साहन गर्ने ।
- पशु सेवा केन्द्र र वन समूह बीच समन्वय र सहकार्य गराई बधुवा पशुपालन प्रणालीलाई प्रोत्साहन गरी नश्ल सुधारका साथै उन्नतजातका बाख्राबोका, बहर, रांगा आदि वितरण गर्ने ।
- प्रभावित क्षेत्रहरुका घरपालुवा पशुमा देखिने रोगको नियन्त्रण गर्न पशुसेवा केन्द्र, स्थानिय समूह र पालिकासंग समन्वय गरी समय समयमा पशु शिविर संचालन गर्ने ।

**रणनीति ५: वन संरक्षण क्षेत्र वरपरका समुदाय, भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा अन्य सरोकारवालाहरुको बिच समन्वय र सहकार्य गरी सहभागीतामुलक एकिकृत जलाधार ब्यवस्थापन गर्ने ।**

**कार्यनीतिहरुः**

- वन संरक्षण क्षेत्रमा भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट एकीकृतरुपमा भु संरक्षण तथा व्यवस्थापन कार्यक्रम संचालन गर्ने ।
- वन संरक्षण क्षेत्रमा र बाहिर रहेको तालतलैया, संरक्षण पोखरी र पानीका श्रोतहरु संरक्षण गरी तल्लो तटीय क्षेत्रमा पानी रिर्चाजमा टेवा पुर्याउने ।
- सा साना खोल्साखोल्सीहरुमा स्थानिय समुदाय र सरोकारवालाहरुको सहभागीतामा सरल र कम खर्चिलो बायो ईन्जिनियरिङ प्रविधि अपनाइ एकीकृत रुपमा जलाधारको ब्यवस्थापन गर्ने।
- वन संरक्षण क्षेत्रको प्रभावित क्षेत्रहरुमा बाढी र पहिरोको प्रकोप कम गर्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरी प्रकोप पूर्व तयारी तथा पुर्व सुचना प्रणालीको विकास गर्ने।

**रणनीति ६: जलवायु परिवर्तन न्यूनिकरण एवंम क्षमता अनुकुलनको लागि आवश्यक प्रविधि तथा क्षमता अभिबृद्धि गराई वातावरणीय प्रतिकुलतासंग अनुकुलन गर्न सक्षम बनाउने ।**



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सह सचिव

**कार्यनीतिहरुः**

- जलवायू परिवर्तन, वातावरणीय शिक्षा सम्बन्धि इकोक्लब मार्फत विद्यालय तथा समुदायमा औपचारिक तथा अनौपचारिक रुपमा शिक्षा तथा प्रचार प्रसार गर्ने ।
- स्थानिय समुदायमा रहेको परम्परागत जलवायु परिवर्तन अनुकुलन क्षमता र ज्ञानलाई प्रवर्धन गर्दै समुदायमा आधारित अनुकुलन योजना तयार गरी कार्यान्वयन गर्ने ।
- स्थानिय समुहहरुलाई रेडप्लसमा आधारभुत सिद्धान्तहरु र यसका आवश्यक पुर्वाधारका लागि आवश्यक विषयगत क्षेत्रहरुको जनचेतना अभिबृद्धि गर्ने।
- वन क्षेत्र मार्फत कार्वनव्यापार लगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरणीय सेवा कोषबाट उपलब्ध हुने फाइदा प्राप्त गर्न पहल गर्ने।

**उद्देश्य ४: बजारमुखी हरित उद्यम तथा विभिन्न आयमूलक कार्यक्रम संचालन गरी स्थानिय समुदायको आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनमा सुधार गर्ने ।**

**रणनीति १: गैरकाष्ठ वन पैदावारमा आधारित हरित उद्योगहरुको स्थापना, रोजगारीका थप अवसरहरु श्रृजना गर्दै स्थानिय जनताको आयआर्जनमा सुधारसहित जीविकोपार्जनमा टेवा पुर्‍याउने ।**

**कार्यनीतिहरु**

- वनमा आधारित गैरकाष्ठ उद्योगहरुलाई स्थानिय समुह र निजी क्षेत्रको संलग्नतामा वन संरक्षण क्षेत्रको अवस्था र जैविक विविधतामा कुनै असर नपर्ने गरी संचालन गरी रोजगारीका अवसरहरु श्रृजना गर्दै थप आर्यआर्जन वृद्धि गराउने ।
- सार्वजानिक निजी साझेदारीको अवधारणअनुसार पराम्परागत पेशामा आधारित उद्यमको सुदृढीकरण र स्थानिय स्रोतमा आधारित आधुनिक उद्यमहरुको विकास गरी रोजगारीका अवसरहरु श्रृजना गर्ने ।
- स्थानिय स्तरमा निजी तथा सार्वजानिक जग्गाहरुमा गैरकाष्ठ वन पैदावार खेती गरी उद्यमका लागि आवश्यक पर्ने कच्चा पदार्थ सरल र सुलभ रुपमा उपलब्ध गराउन स्थानिय जनतालाई प्रोत्साहन गर्ने ।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

- हरित उद्यम संचालनका लागि आवश्यक पर्ने श्रोत तथा पूँजीको व्यवस्थापन गर्न सहकारी मार्फत रकम उपलब्ध गराउने साथै विपन्न वर्गको उत्थानका लागि शेयर लगानीमा प्रोत्साहन गर्ने ।

**रणनीति २: कृषि तथा पशुपालनमा आधारित उद्योगहरुमा रोजगारीका साथै अन्य आयमूलक कार्यक्रम संचालन गरी जीविकोपार्जनमा सुधार गर्ने ।**

कार्यनीतिहरु

- स्थानिय समूहका कृषकको क्षमता अभिवृद्धिसहित छिटो आम्दानी दिने फलफुल एवंम तरकारी खेती (बेमौसमी तथा मौसमी) मा प्रोत्साहन गरी आयआर्जन वृद्धि गर्ने ।
- स्थानिय समूहका पशुपालक कृषकहरुको आधुनिक पशुपालनसम्बन्धी सिप तथा ज्ञान वृद्धि गरी पशुपालन व्यवसायबाट आयआर्जनमा टेवा पुर्याउन दुध चिस्यान केन्द्र स्थापनामा संघिय सरकार, प्रदेश सरकार, स्थानिय सरकार संग समन्वय गर्ने ।
- वन संरक्षण क्षेत्र तथा गांउबस्ती क्षेत्रहरुमा रहेका पानीका स्रोतहरुको संरक्षण गर्दै मत्स्यपालन व्यवसायबाट आयआर्जन बढाउन स्थानिय आदिबासी विपन्न परिवारहरुलाई सहभागी गराउने ।

**रणनिति ३: पर्यापर्यटनमा स्थानिय समुदायको पहुँच बढाई थप आयआर्जन र जीविकोपार्जनका अवसरहरुमा वृद्धि गर्ने ।**

**कार्यनीतिहरु**

- स्थानिय संस्कृति एवंम रीतिरिवाज नेपालको पश्चिमी क्षेत्रको सस्कृति प्रतिविम्बित हुने थारु तथा अन्य आदिवासी जनजाति सम्बन्धी संग्रहालय निर्माण गरी स्थानिय स्तरमा रोजगारीका अवसरहरु श्रृजना गर्ने ।
- वन संरक्षण क्षेत्रको प्रभावित क्षेत्रमा बसोबास गर्ने जनताको होटल व्यवस्थापन र पथप्रदर्शक जस्ता विषयमा क्षमता अभिवृद्धि गरी स्थानिय स्तरमै होमस्टे व्यवस्था मार्फत रोजगारीका अवसरहरु श्रृजना गर्ने ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

- आदिबासी जनजातिहरुको परम्परा, संस्कृति एवंम रीतिरिवाज झल्कने स्थानिय प्राकृतिक स्रोतमा आधारित घरेलु सीप र कलाद्वारा पर्यापर्यटकहरुलाई आर्कषण गर्ने वस्तुहरु उत्पादन गर्न प्रोत्साहन गरी उनीहरुको आयआर्जनमा सुधार गर्ने ।

## १) विषयगत क्षेत्रको पहिचान तथा क्षेत्र विभाजनः

### व्यवस्थापनको सिद्धान्त तथा पहुंचहरु

यो वन संरक्षण क्षेत्र पुर्ण रुपमा वीरेन्द्रनगर नगरपालिका अन्तर्गत वडा नं. ९ र १० सम्म (साविक लाटीकाईली गा.वि.स.का सवै वडाहरु)का लाई प्रभावित क्षेत्रको रुपमा समावेश गरिएको छ । यस कांक्रेविहार वनलाई सुर्खेत जिल्लाको महत्वपुर्ण एव प्राकृतिक उपहारको रुपमा लिईएको छ । अतः यस क्षेत्रको विकासका लागि नगरपालिका तथा जिल्ला समन्वय समिति, डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय लगायत अन्य सम्बन्धित सरोकारवालहरुका प्रत्यक्ष रुपमा समावेश भई सहभागितामूलक संरक्षणमुखी अवधारण अनुसार वहुसरोकारवालाहरुको संलग्नतामा वन संरक्षणको आधारभूत सिद्धान्तहरुलाई अवलम्बन गरी व्यवस्थापन गरिने छ । यस वन क्षेत्र जैविक विविधता, ऐतिहासिक, पुरातात्विक, धार्मिक र वातावरणीय दृष्टिकोणले अति महत्वपुर्ण क्षेत्र भएको र सोको सम्बेदनशिलतालाई आधार मानी वन क्षेत्रलाई विभिन्न खण्डहरुमा विभाजन गरि ब्यवस्थापन गरिनेछ । समुदायमा आधारित सहभागितामूलक संरक्षणमुखी वन व्यवस्थापनको अवधारण अनुसार यी क्षेत्रहरुको उचित व्यवस्थापन गरिनेछ यसरी छुट्टाइएको वन क्षेत्रको नक्सा अनसुची ६ को नक्सा नं ५ मा प्रस्तुत गरिएको छ ।

### १.१ सघन वन व्यवस्थापन क्षेत्र (Active Forest Management Area)

कांक्रेविहार वन संरक्षण क्षेत्र सानो पहाडको टाकुरामा अवस्थित एक चक्ला वन हो । यस वन क्षेत्र सानो चक्ला वन भएको र जैविक विविधताको दृष्टिकोणले सम्पन्न रहेका छ । यो वन क्षेत्रले निजी आवादी जग्गासंग जोडिएर रहेको वन क्षेत्रमा सघन वन ब्यवस्थापनका क्षेत्र कायम गरी ब्यवस्थापन गर्न सम्भावना रहेको देखिदैन । अतः यस वनलाई एकै चक्लामा ब्यवस्थापन गर्न कार्ययोजना तयार गरिएको छ ।

### १.२ वन संरक्षण क्षेत्रको भित्री भागको वन (Core Protection Area)

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सह सचिव

यस वन संरक्षण क्षेत्रमा बीच भागमा ऐतिहासिक पुरातात्विक शिखर शैलीको भब्य मन्दिर रहेको रहेको छ । यस मन्दिर परिसरले करीव १.३० हेक्टर क्षेत्रफल ओगटेको छ । यस क्षेत्रमा पुरातत्व विभागले पक्की पर्खाल लगाई सो क्षेत्रको संरक्षण गरिरहेको छ । वर्तमान अवस्थामा पुरातत्व विभागले मन्दिरको पुर्ण मन्दिर निर्माण कार्य गरि २०७५ सालमा सम्पन्न गरिसकिएको छ । यस क्षेत्रमा रहेको वस्तुअंशहरु र वातावरणीय पक्षको अध्ययन गर्दा यस क्षेत्रमा पुरातात्विक स्थल संग्रालय स्थापना गरी सांस्कृतिक पर्यटन क्षेत्रको विकास गर्न सक्ने सम्भावना रहेको देखिन्छ ।

यस वन क्षेत्रलाई जैविक विविधता सम्बेदशिलता, जैविक विविधताको अवस्था, प्रजातीको महत्व र संरक्षणको आधारमा सम्बेदनशिलता क्षेत्रहरुको एकिन गरि नक्सामा आंकलन गरिको छ । यो वनलाई ब्यवस्थापनको आधारमा आठ खण्डमा विभाजन गरिएको छ जस मध्ये खण्ड २ र ५ खण्डहरु जैविक विविधताको दृष्टिकोणले सक्बेदनशिल रहेका छन । यो क्षेत्र जरायो बन्यजन्तुको मुख्य बासस्थान हो । यो वनको आसपासमा रहेको सिमसार क्षेत्रहरु सारस लगायत अन्य पशुपंछीहरुको एक महत्वपुर्ण बासस्थान पनि हो । यो प्रजाती (सारस) संरक्षित पंक्षिको सुचि अन्तर्गत पर्दछ । यी सिमसार क्षेत्रहरु भ्यागुता लगायत अन्य उभयचर प्राणीहरुको पनि बासस्थान रहेको छ । त्यसै गरी खण्ड नं. ६ चराचुरुङ्गीहरुको बासस्थान रहेको छ । यो क्षेत्रमा रहेको जैविक विविधता र यसको स्थानीय आदीबासी जनजाती थारु समुदायहरुको बीच जैविक विविधता संरक्षण, सम्बर्धन र उपयोगका पराम्परागत मौलिक ज्ञान र सीपको पनि महत्वपुर्ण सम्बन्ध रहेको पाईन्छ । अतः यस क्षेत्रमा रहेको जैविक विविधता र स्थानीय थारु समुदायमा रहेको पराम्परागत मौलिक ज्ञान र सीपहरुको अभिलेखीकरण गरी ब्यवस्थापन गर्न सकेमा जैविक विविधता र सो संग सम्बन्धित मौलिक पम्परागत ज्ञान र सीप दिगो ब्यवस्थापन गर्न सकिनेछ ।

यी मनोरहम दृश्यावलोकनका लागि मचानहरु तयार गरी पर्यटकहरु आर्कषण गर्न सक्ने प्रबल सम्भावनाहरु रहेका छन । यसका साथै यो क्षेत्र प्राकृतिक पथ मार्गको रुपमा पनि भ्रमण गर्ने स्थलको रुपमा विकास गर्न सक्ने सम्भावना रहेको र ४५१ मिटरको परिपथ मार्गको निर्माण भईरहेको छ। शहरको नजिकै रहेको यो क्षेत्र वन भोजका लागि पनि अति महत्वपुर्ण रमणीय सुविधायुक्त क्षेत्रको रुपमा रहेको पाईन्छ । यस क्षेत्रमा विगत देखि नै वन भोज स्थलको रुपमा उपयोग भई रहेको छ र यसको सम्भावना अझ वर्तमान अवस्थामा दिन प्रति दिन बढदै गई रहेको



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव

देखिन्छ । अतः यस क्षेत्रको अझ विस्तार गरी वनको संरक्षणमा कुनै असर नपर्ने गरी वनभोज क्षेत्रलाई सुविधा सम्पन्न बनाउनु पर्ने देखिन्छ । यो क्षेत्रमा वातावरण मैत्री बनस्पति उद्यान बनाई बनस्पतिको संरक्षणका साथै मिनी चिडियाखाना वनाएर मनोरन्जन स्थलको रुपमा विकास गर्न सकेमा अझ बढि प्रभावकारी रुपमा यस क्षेत्रको महत्व बढन सक्दछ ।

## १.३. प्रभावित क्षेत्रहरु

यस वन संरक्षण क्षेत्र पुर्ण रुपमा वीरेन्द्रनगर नगरपालिका अन्तर्गत वडा नं. ९ देखि १० (साविक लाटीकाईली गा.वि.स.का सवै वडाहरु) लाई अति प्रभावित क्षेत्र कायम गरिएको छ । यसको साथै यस वन संरक्षण क्षेत्रका आसपासका क्षेत्रहरुलाई प्रभावित क्षेत्र कायम गरिएको छ । यो कांक्रेविहार वन सुर्खेत जिल्लाको महत्वपुर्ण स्थल एंव आंखाको नानीको रुपमा परिचित रहेको छ । अतः यसको संरक्षण, सम्बर्धन र व्यवस्थापन कार्यहरु गर्नका लागि सम्बन्धित सरोकारवालाहरु प्रत्यक्ष रुपमा समावेश गरी कार्य संचालन गरिने छ । यस वन संरक्षण क्षेत्रको चार किल्लासंग प्रत्यक्ष रुपमा जोडिएर रहेका वस्तीहरुमा गरिने कार्यक्रमहरु लाई प्राथामिकताका साथ कार्यक्रमहरु सचालन गरिनेछ । यस प्रभावित क्षेत्रमा रहेका निजी तथा सार्वजानिक जग्गाहरुमा निजी तथा सार्वजानिक वनहरु ब्यापक रुपमा विस्तार गर्न जोड दिईनेछ र यसका साथै यस क्षेत्रमा रहेका महत्वपुर्ण सांस्कृतिक, ऐतिहासिक, पुरातात्वि र धार्मिक स्थलहरुको निजी क्षेत्रको समेत संलग्नतामा संरक्षण र व्यवस्थापन गरिनेछ । यी प्रभावित क्षेत्रहरुमा सचेतना अभिबृद्धिका साथ निजी तथा सार्वजानिक जग्गाहरुमा कृषि वन प्रणाली तथा स्थानिय जनताहरुको चाहाना अनुरुप वहु-उपयोगी विरुवा उत्पादन गरी वृहत वृक्षारोपण कार्यक्रमहरु संचालन गर्न सकेमा स्थानियस्तरमा दाउरा, घांस र काठहरु उत्पादन भई वनमा पर्ने चापलाई न्यूनीकरण गर्ने किसिमका कार्यक्रमहरु संचालन गर्न यस कार्ययोजनाले जोड दिएको छ ।

## वन संरक्षण क्षेत्र वन व्यवस्थापन खण्ड विभाजन

यस वन संरक्षण क्षेत्रलाई भौगोलिक अवस्था, जैविक विविधताको सम्वेदशीलता एवं क्षेत्रगत विशेषताका साथै स्थानीय समुदायको चाहानाको आधारमा दिगो वन व्यवस्थापनका लागि आठ खण्डमा विभाजन गरिएको छ । यसरी विभाजित खण्डहरुको आ-आफना विशेषताहरु रहेका छन् । यी विभाजित वन संरक्षण क्षेत्रको खण्डको विशेषताको आधारमा ब्यवस्थापन कार्य संचालन गरिनेछ



महानिर्देशक

सह सचिव

। जस अनुसार नर्सरी क्षेत्रलाइ खण्ड १ नंम्बर मा समावेश गरिएको छ, जहां घना सालको पुर्नउत्पादन, केही सल्लाको बृक्षारोपण वन रहेको छ । जन्तेसाल खण्ड नं २ को विषेशता खास गरी सिमसार, जरायो बासस्थान रहेको छ, जसलाइ Wilderness area को रुपमा ब्यवस्थापन गरिने छ । खण्ड नं ३ अन्तर्गत कुन्टी क्षेत्र पर्दछ जसको विषेशता सालको पुर्नउत्पादन, वनभोज स्थल रहेको छ ।

नयांगाउं क्षेत्र खण्ड नं ४ अन्तर्गत पर्दछ जसको विषेशता सालको पुर्नउत्पादन, सल्लाको बृक्षारोपण, वन भोज स्थल छ भने पातलगंगा तथा घुर्सा क्षेत्र खण्ड नं. ५ मा छ । जसको विषेशता सालको पुरानो वन, जरायो बासस्थान, ऐतिहासि कुवा, वरकुना क्षेत्र खण्ड नं ६ को विषेशत सिमसार क्षेत्र (आवादी जग्गा), चराहरुको बासस्थान, जामुन वन, कालीमाटी रानीवन क्षेत्र खण्ड नं. ७ को विषेशता सालको पुर्नउत्पादन पातलो वन, खाली चौर र मन्दिर क्षेत्र खण्ड नं ८ को रुपमा रहेको छ जसमा भग्नावशेषहरुलाई पुर्ण निर्माण गरि संरक्षण गरिएको छ । यो वन क्षेत्रमा गरिएको खण्ड विभाजन, क्षेत्रफल र विषेशतालाई देहायको तालिका नं ११ मा संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । खण्ड विभाजनको नक्शा अनुसूची ५ मा राखिएको छ ।

तालिका नं. १० वन संरक्षणको खण्ड विभाजनको विवरण

| खण्ड नं | बन खण्डको नाम | क्षेत्रफल हे | खण्डको विषेशताहरु |
|---|---|---|---|
| १ | नर्सरी क्षेत्र | १४.८० | घना सालको पुर्नउत्पादन, सल्लाको बृक्षारोपण |
| २ | जन्तेसाल | ३२.९० | सिमसार, जरायो बासस्थान |
| ३ | कुन्टी क्षेत्र | १८.३० | सालको पुर्नउत्पादन,वन भोज स्थल, |
| ४ | नयांगाउं क्षेत्र | १०.०० | सालको पुर्नउत्पादन, सल्लाको बृक्षारोपण, वन भोज स्थल, |
| ५ | पातलगंगा तथा घुर्सा क्षेत्र | ४४.३० | सालको पुरानो वन, जरायो बासस्थान, ऐतिहासि कुवा |
| ६ | वरकुना क्षेत्र | ४१.६३ | सिमसार क्षेत्र आवादी जग्गा, चराहरुको बासस्थान, जामुन वन |



महानिर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सह सचिव

| | | | |
|---|---|---|---|
| ७ | कालीमाटी रानीवन क्षेत्र | १२.२७ | सालको पुर्नउत्पादन पातलो वन |
| ८ | मन्दिर क्षेत्र | १.३० | पुन:निर्माण गरि संरक्षण गरिएको |
| जम्मा | | १७५.५० | |

स्रोतः फिल्ड सर्भेक्षण २०८१

यस वन क्षेत्रलाई जनसहभागितामुलक रुपमा दिगो रुपमा संरक्षण, सम्बर्धन र बुद्धिमतापुर्वक उपयोगका लागि विभाजित खण्डहरुको पायक पर्ने स्थानीय समुदायहरुको सहभागितामा मा वन संरक्षण परिषद अन्तर्गत उप समुहहरु गठन गरी त्यस वन खण्डको विषेशतालाई ध्यान दिई उचित ब्यवस्थापन गरिनेछ । यसका साथै यस क्षेत्रमा वन ब्यवस्थापनका कार्यक्रम बाहेक अन्य कार्यक्रमहरु कार्यान्वयन गर्नु परेमा परिषदको मातहतमा रहि यी उपसमुहहरु मार्फत कार्यक्रम संचालन गरिनेछ ।

## २) जैविक मार्ग, वन जलाधार तथा भू-परिधि स्तरीय व्यवस्थापन

काँक्रिविहार वन संरक्षण क्षेत्र कर्णाली प्रदेशअन्तर्गत सुर्खेत जिल्लामा अवस्थित एक महत्वपूर्ण वन तथा जैविक विविधता संरक्षण क्षेत्र हो, जसले स्थानीय स्तरमा वन्यजन्तु संरक्षण, पर्यावरणीय सन्तुलन कायम गर्ने, हरित आवरण संरक्षण गर्ने तथा संरक्षण शिक्षा र जनचेतना अभिवृद्धिमा विशेष महत्व राख्दछ। तथापि, यस क्षेत्रको वर्तमान भौगोलिक अवस्थिति, वरपरको भू-उपयोगको अवस्था, मानव बस्ती तथा पूर्वाधार विस्तारका कारण यो क्षेत्र अन्य वन क्षेत्र वा उपयुक्त प्राकृतिक बासस्थानहरूसँग प्रभावकारी रूपमा जोडिएको निरन्तर पारिस्थितिक प्रणालीको अंशको रूपमा नभई पृथक्, सीमित तथा अलग संरक्षण इकाइ (Isolated Conservation Unit) का रूपमा रहेको देखिन्छ। यस्तो अवस्थाले वन्यजन्तुको स्वाभाविक आवागमन, आनुवंशिक आदान-प्रदान, बासस्थानबीचको कार्यात्मक सम्पर्क तथा परिदृश्यस्तरीय पारिस्थितिक निरन्तरतामा आवश्यक आधार प्रदान गर्न कठिनाइ उत्पन्न गरेको छ। यसका साथै यस क्षेत्रलाई घेराबेरा/कम्पाउन्ड गर्ने कार्य समेत अगाडि बढिरहेको सन्दर्भमा क्षेत्रको व्यवस्थापन संरचना अझ बढी सीमित, नियन्त्रणमुखी तथा संरक्षण-केन्द्रित बन्दै गएको देखिन्छ। यस प्रकारको भौतिक र व्यवस्थापकीय अवस्थाले काँक्रिविहार वन



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

संरक्षण क्षेत्रलाई वन्यजन्तु आवागमनका लागि खुला र कार्यशील जैविक मार्ग (wildlife corridor) का रूपमा विकास गर्ने सम्भावना न्यून बनाएको छ।

यसका साथै, उक्त वन संरक्षण क्षेत्रभित्र वन्यजन्तु उद्धार केन्द्र स्थापना भइसकेको अवस्थाले यस क्षेत्रको व्यवस्थापन अभिमुखीकरणलाई अझ स्पष्ट र विशिष्ट बनाएको छ। वन्यजन्तु उद्धार केन्द्रको स्थापना र सञ्चालनले घाइते, असहाय, द्वन्द्वमा परेका वा प्राकृतिक बासस्थानमा तत्काल फिर्ता पठाउन नसकिने वन्यजन्तुको उद्धार, प्रारम्भिक उपचार, पुनःस्थापना, संरक्षण व्यवस्थापन तथा आवश्यक समन्वयात्मक कार्यका लागि संस्थागत आधार सिर्जना गरेको छ। यसले काँक्रेविहार वन संरक्षण क्षेत्रलाई केवल प्राकृतिक वन क्षेत्रको रूपमा मात्र नभई संरक्षण तथा व्यवस्थापनका विशेष प्रयोजन बोकेको क्षेत्रका रूपमा स्थापित गरेको छ। त्यसैले यस क्षेत्रको व्यवस्थापनलाई जैविक मार्गका रूपमा परिकल्पना गर्नु भन्दा वन तथा जैविक विविधता संरक्षण, वन्यजन्तु उद्धार तथा पुनःस्थापना, बासस्थान गुणस्तर अभिवृद्धि, संरक्षण शिक्षा, अनुसन्धान, जनचेतना विस्तार तथा आवश्यक सीमासहितको संरक्षण-उन्मुख व्यवस्थापन प्रणालीको विकासमा केन्द्रित गर्नु बढी यथार्थपरक, व्यवहारिक तथा औचित्यपूर्ण देखिन्छ। तसर्थ, काँक्रेविहार वन संरक्षण क्षेत्रको दीर्घकालीन व्यवस्थापन योजना तर्जुमा गर्दा यसको पृथक् अवस्थिति, सीमित पारिस्थितिक सम्पर्क, घेराबेरा निर्माणको अवस्था तथा वन्यजन्तु उद्धार केन्द्रको विद्यमान भूमिकालाई आधार मानी यसलाई विशेष संरक्षण र उद्धार-केन्द्रित वन संरक्षण क्षेत्रका रूपमा व्यवस्थापन गरिनु उपयुक्त हुनेछ।

## ३) जलवायु परिवर्तनः परिस्थितिकीय प्रणाली तथा सामुदायिक समानुकूलन अभिवृद्धि

जलवायु परिवर्तनले पर्न सक्ने असरलाई अरु क्षेत्रहरुमा पर्ने असरहरु जस्तै यस काक्रेविहार वन संरक्षण क्षेत्रमा पर्ने असर भन्दा फरक रुपमा हेर्न सकिदैन् । जलवायु परिवर्तनले परिस्थितिकीय प्रणाली तथा समुदायमा पर्ने असरलाई कम गर्न अनुकुलन अभिवृद्धि गर्ने खालका क्रियाकलापहरु विगतमा गरिदै आएको छ आगामी दिनमा यसलाई निरन्तरता दिईने छ ।

## ४) महत्वपूर्ण वन्यजन्तु तथा वनस्पति प्रजाति संरक्षण

यस क्षेत्रमा साल, असना, सल्लो आदि वनस्पतिहरु रहेका छन् । यसैगरी मृग, खरायो, स्याल, फ्याउरो, सर्प, गोहोरो, जंगली बंदेल, बाँदर, चरीबाघ जस्ता वन्यजन्तुहरु पाइन्छन् । वन्यजन्तु तथा वनस्पतिको विस्तृत विवरण अनुसूचि ३ र ४ मा राखिएको छ । यसैगरी सारस, मैना, सुगा, चिल,

गिद्ध, पानी हाँस आदि चराहरु पाइन्छन् । यस वन संरक्षण क्षेत्रमा रहेका वन्यजन्तु तथा वनस्पतिको वासस्थान संरक्षण, चोरी शिकार नियन्त्रण, जैविक मार्ग व्यवस्थापन गरी वन्यजन्तुको आवागमन तथा विचरणको व्यवस्थापन गर्ने क्रियाकलापहरु लाई निरन्तरता दिईने छ ।

## ५) वन संरक्षण क्षेत्र भित्रका सिमसार, सामुदायमा आधारित वनको सीमाङ्कन, संरक्षण तथा व्यवस्थापन

### ताल/तलैया र सिमसार

यस काक्रेविहार वन संरक्षण क्षेत्रको भित्र र बाह्य जमिनहरुमा महत्वपुर्ण सिमसार (दलदले जमिन) क्षेत्रहरु रहेको पाईन्छ । यस प्रकारका सिमसार क्षेत्रलाई स्थानीय बोलीचालीको भाषामा हाडी भनेर पनि भन्ने प्रचलन रहेको छ । बीरेन्द्रनगर नगरपालिका अन्तर्गत नेवारेखोला, इत्रामखोला, वुलवुले ताल आदी क्षेत्रहरुको आसपासमा केही सिमसार क्षेत्रहरु रहेको पाईन्छ । साथै यस वन क्षेत्रको उत्तर र पश्चिम दक्षिण भागमा बढि मात्रामा सिमसार क्षेत्रहरु रहेका छन । यसका साथै यस वन क्षेत्रको आसपासमा रहेको सिमसार क्षेत्रहरु अन्य प्रयोजनमा प्रयोग गर्ने प्रचलन बढदै गई रहेकोले सिमसार क्षेत्रको अवस्था घटदै जानुका यसै क्षेत्र आश्रित जैविक विविधताको अवस्थामा पनि ह्रास आईरहेको कुरा स्थानीयको भनाई र स्थलगत अवलोकनबाट समेत देखिन्छ ।

## ६) अवसर तथा अपेक्षित उपलब्धीहरु

काक्रेविहार वन संरक्षण क्षेत्र कार्ययोजनाले आगामी १० वर्षका लागि परिकल्पना, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीतिका साथ कार्यक्रमहरु तयार गरेको छ । यस कार्यक्रमको सफल कार्यन्वयन पश्चात मात्र प्रक्षेपित लक्ष्य तथा उद्देश्यहरु पूरा भई निम्नलिखित उपलव्धिहरु प्राप्त गरेको हुनेछ ।

तालिका नं. ११ लक्ष्य तथा उद्देश्य अनुसार आगामी दश बर्षमा अपेक्षित उपलव्धिहरु

| कार्ययोजनाका उद्देश्यहरु | अपेक्षित उपलव्धिहरु |
|---|---|
| १.समुदायमा आधारित संरक्षणमुखी वन व्यवस्थापनद्वारा जैविक विविधता र वातावरणको | • वन संरक्षण भित्र रहेका अति सम्बेदनशील जैविक विविधता क्षेत्रको पहिचान भई सो को wilderness संरक्षण र सम्बर्धन भएको ।<br>• वन संरक्षण भित्र रहेका खाली १० हे. पर्ति चौरमा जनचाहाना अनुरुप बहुउपयोगी विरुवा उत्पादन एंव बृक्षारोपण भएको । |



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं
सह सचिव
नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं
महानिर्देशक

| | |
|---|---|
| संरक्षण, सम्बर्धन र बुद्धिमत्तापूर्वक प्रयोग गर्ने । | • १०० हे. वन क्षेत्रमा वन सम्बर्धन कार्य भै वनको अवस्थामा सुधार भएको ।<br>• वन डढेलोको जनचेतना अभिबृद्धि एंव अग्नी रेखा मर्मत एंव संरक्षण भई वन डढेलोमा कमी आएको<br>• यस वन संरक्षण क्षेत्रको सिमांकनमा हरित रिङ्गरोड, बांस बृक्षारोपण भई हरियाली बृद्धिका साथै वन अतिक्रमणमा कमी आएको ।<br>• प्रभावित क्षेत्रमा ब्यापक रुपमा ५० हे. निजी तथा सार्वजानिक वन एंव घर बगैचा, वैकल्पिक उर्जामा कार्यक्रमलाई प्रोत्साहनका गरी वन क्षेत्रमा पर्ने चापमा २५% ले कमी आएको हुनेछ ।<br>• वन संरक्षणमा बन्यजन्तु बासस्थान सुधार, जैविक विधिता प्रचार प्रसारले जैविक विविधतामा सुधार भएको ।<br>• परिषदले पारदर्शिता र जवाफदेहिता कायम गराउन जनलेखा परिक्षण, सार्वजनिक सुनुवाइ, नागरिक बडापत्र जस्ता कृयाकलाप प्रभावकारी रुपमा संचालन गरेको<br>• जैविक विविधता सम्वेदनशिल क्षेत्र एंव वन्यजन्तु बासस्थानको संरक्षण भै जैविक विविधता र जरायोको संख्यामा बृद्धि भएको |
| २. वातावरण मैत्री ऐतिहासिक, पुरातात्विक र धार्मिक एंव पर्यटन क्षेत्रका लागि पुर्वाधारहरु निर्माण गरी रमणीय एंव पर्यावरणीय पर्यटन क्षेत्रको विकास गर्ने । | • वन संरक्षण क्षेत्रमा वातावरणी मैत्री, ऐतिहासिक, पुरातात्विक र धार्मिक एंव विविध पर्यटन क्षेत्रका लागि पुर्वाधारहरु गोरेटो बाटो, विश्राम स्थल संख्या ५, मचान २ वटा आदी) निर्माण भएको ।<br>• स्थानीय स्तरमा पुरातात्विक क्षेत्रको संरक्षण एंव अन्य सांस्कृतिक, ऐतिहासिक अवस्था झल्कने एक संग्रहालय स्थापना भई पर्यटकको संख्या वृद्धि हुंदै भएको ।<br>• ८ कि.मी हरित रिङ्गरोड एंव भित्री पथहरु निर्माण भई सरल र सुलभ रुपमा रमणीय प्राकृति दृश्य अवलोकन गर्न सक्ने |

| | |
|---|---|
| | पुर्वाधार निर्माण भएको ।<br>• एक पिकनिक स्थल र सोको लागि आवश्यक संरचना निर्माण भई वन भोजमा आउने संख्या बढेको ।<br>• फोहोर मैला व्यवास्थापनका लागि आवश्यक संरचना निर्माण र कार्यक्रम संचालन भएको ।<br>• योग तथा ध्यान केन्द्रको निर्माण भएको ।<br>• यस संरक्षण वनमा वातावरण सेवा सम्बन्धि अन्योन्याश्रित सम्बन्ध रहेकोले वातावरण सेवा भुक्तानी प्रणालीको जनचेतना सहित वातावरण सेवा भुक्तानी प्रणालीको संयन्त्र स्थापना गराई दिगो ब्यवस्थापन भएको ।<br>• सूचना केन्द्र स्थापना गरी जैविक विविधता, ऐतिहासिक, पुरातात्विक र धार्मिक क्षेत्र सम्बन्धी अध्ययन अनुसन्धान भै प्रचारप्रसार भएको । |
| ३. जलाधार क्षेत्रको अवस्थामा सुधार गर्दै पारिस्थितिकीय प्रणाली तथा वातावरणीय सन्तुलन कायम गर्ने । | • सिमसार तथा पानीको मुहान संरक्षण दिगो ब्यवस्थापन भएको ।<br>• वन्यजन्तु बासस्थानको संरक्षण भै मानव बन्यजन्तुद्वन्द्व न्यूनिकरण भएको ।<br>• प्राकृतिक तथा मानव सिर्जित प्रकोप न्यूनीकरण भएको । |
| ४. बजारमुखी हरित उद्यम तथा विभिन्न आयमूलक कार्यक्रम संचालन गरी स्थानिय समुदायको आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनमा सुधार गर्ने । | • हरित तथा गैरहरित उद्यमहरुमा करिब २०० विपन्न घरधुरीहरुको रोजगार प्राप्त गरी जीविकोपार्जनमा सुधार भएको हुनेछ ।<br>• ५० वटा घरधुरीहरुले तरकारी खेती (मौसमी तथा बेमौसमी) तालिम लिई ब्यवसायिक खेती गरेको<br>• स्थानीय ब्यवसायिकहरुको संजाल निर्माण भई समन्वय र सहकार्य गरी बजार सुचना प्रणलीको स्थापना भएको । |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

| | |
|---|---|
| | • स्थानिय बासिन्दाहरु गैरहरित उद्यमहरु विद्युत, मोवाईल, साईकल, मोटरसाईल मर्मत, डकर्मी, सिकर्मी आदि पेशामा संलग्न भएको हुनेछ ।<br>• स्थानिय स्तरमा साँस्कृतिक, ऐतिहासिक र पुरातात्विक अवस्था झल्कने संग्रहालय स्थापना भई पर्यटकको संख्या वृद्धि हुंदै गएकाले रोजगारीको अवसर सिर्जना भएको हुनेछ ।<br>• विपन्न, दलित, पिछडिएका वा अल्पसंख्यक अति विपन्न राजी परिवारका घरधुरीहरुलाई सहकारी मार्फत घुम्तीकोष परिचालन गरी विपन्नमुखी कार्यक्रमबाट लाभान्वित भएको हुनेछ ।<br>• छाडा पशुको उचित व्यवस्थापन भई वन पुनरुत्पादनमा टेवा पर्याइ कम्पोष्टमल तयारीमा समेत योगदान पुगेको हुनेछ । |



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

# परिच्छेद ५: वन तथा वन्यजन्तु संरक्षण योजना

यस काक्रेविहार वन संरक्षण क्षेत्रको प्रभावकारी संरक्षण तथा व्यवस्थापन गर्नका लागि मुख्यतः ५ किसिमका क्रियाकलापहरु गरिनेछ ।

## क) अतिक्रमण, चोरी तथा शिकार नियन्त्रण

काँक्रिविहार वन संरक्षण क्षेत्र जैविक विविधता, वन्यजन्तु संरक्षण तथा पर्यावरणीय दृष्टिले महत्वपूर्ण क्षेत्र भए तापनि यसको भौगोलिक अवस्थिति मानव बस्तीको निकट रहनुका कारण दीर्घकालीन रूपमा अतिक्रमण, चोरी निकासी तथा चोरी शिकारजस्ता गतिविधिबाट प्रभावित हुन सक्ने सम्भावना रहन्छ। हालसम्म यस वन संरक्षण क्षेत्रमा प्रत्यक्ष रूपमा वन अतिक्रमण भएको अवस्था नदेखिए तापनि भविष्यमा सम्भावित जोखिमलाई मध्यनजर गरी समयमै प्रभावकारी रोकथाम तथा नियन्त्रणका उपाय अवलम्बन गर्नु आवश्यक देखिन्छ। यस सन्दर्भमा वन नियमावली, २०७९ को नियम ११९ बमोजिम वन क्षेत्रको यथार्थ सीमा स्पष्ट गर्ने, आवश्यक स्थानमा अतिक्रमणमुक्त क्षेत्र सुनिश्चित गर्ने, सम्बन्धित निकायको समन्वयमा नापी कार्यालयबाट सीमा प्रमाणीकरण गराउने तथा सोही आधारमा स्थायी संरक्षण संरचनाको रूपमा पर्खाल निर्माण तथा सीमांकन कार्यलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ।

वन संरक्षण क्षेत्रको चारैतर्फ सीमांकन तथा घेराबेरा/पर्खाल निर्माण कार्य क्रमशः सम्पन्न हुँदै गएको सन्दर्भमा भविष्यमा अतिक्रमणको सम्भावना न्यूनिकरण हुने अपेक्षा गरिएको छ। तथापि, केवल भौतिक संरचना निर्माणले मात्र दीगो सुरक्षा सुनिश्चित नहुने हुँदा यसलाई नियमित अनुगमन, अभिलेखीकरण, स्थानीय तह र सरोकारवाला निकायसँगको समन्वय तथा समुदायस्तरको सचेतनासँग आबद्ध गरी कार्यान्वयन गरिनेछ। वन क्षेत्रको सीमा, संवेदनशील प्रवेश विन्दु, उच्च जोखिमयुक्त स्थान तथा मानव गतिविधि बढी हुने क्षेत्रको पहिचान गरी नियमित गस्ती, निरीक्षण तथा निगरानी प्रणाली सुदृढ गरिनेछ। आवश्यकतानुसार सूचना पाटी, सीमा संकेत चिह्न तथा चेतनामूलक सामग्री स्थापना गरी वन क्षेत्रको कानुनी हैसियत, प्रतिबन्धित क्रियाकलाप तथा उल्लंघनमा लागु हुने कानुनी कारवाहीबारे स्पष्ट जानकारी प्रवाह गरिनेछ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव

चोरी निकासी तथा चोरी शिकारी नियन्त्रणका लागि विगतमा अवलम्बन गरिँदै आएको अभ्यासलाई थप व्यवस्थित, संस्थागत र परिणाममुखी बनाइनेछ। यस प्रयोजनका लागि चोरी-शिकारी नियन्त्रण कार्यदललाई आवश्यकतानुसार समूह-समूहमा गठन गरी परिचालन गरिनेछ। उक्त कार्यदलमा वन कर्मचारी, वन हेरालु, स्थानीय समुदायका प्रतिनिधि, उपभोक्ता समूहका सदस्य तथा आवश्यकतानुसार स्थानीय सुरक्षा निकायका प्रतिनिधिहरूको सहभागिता सुनिश्चित गरिनेछ। संवेदनशील समय, सम्भावित अवैध प्रवेश मार्ग, वन्यजन्तु आवतजावत क्षेत्र, मूल्यवान वन पैदावार भएका स्थान तथा जोखिमयुक्त भू-भागलाई प्राथमिकतामा राखी नियमित तथा आकस्मिक गस्ती सञ्चालन गरिनेछ। गस्ती तथा निगरानी कार्यलाई अभिलेखमा आधारित बनाइ सूचनाको संकलन, घटना विवरण दर्ता, विश्लेषण तथा आवश्यक प्रतिकार्यलाई व्यवस्थित गरिनेछ।

वन संरक्षण क्षेत्रभित्र हुने सम्भावित अवैध काठ, दाउरा, जडिबुटी, ढुंगा, गिट्टी, बालुवा लगायत वन पैदावारको चोरी निकासी नियन्त्रणका लागि प्रवेश तथा निकास बिन्दुहरूको नियमित निगरानी गरिनेछ। आवश्यकता अनुसार संयुक्त अनुगमन टोली परिचालन गर्ने, शंकास्पद गतिविधिबारे तत्काल सूचना आदानप्रदान गर्ने तथा कानुनबमोजिम आवश्यक कारवाही प्रक्रिया अगाडि बढाइनेछ। चोरी शिकार नियन्त्रणका सन्दर्भमा विशेषगरी पासो थाप्ने, विष प्रयोग गर्ने, बन्दुक वा अन्य अवैध साधनमार्फत वन्यजन्तु मार्ने वा समात्ने कार्यको रोकथामका लागि सूचनामूलक सञ्जाल सुदृढ गरिनेछ। स्थानीय समुदाय, विद्यालय, युवा समूह, आमा समूह, टोल विकास संस्था तथा अन्य सरोकारवाला निकायको सहभागितामा वन्यजन्तु संरक्षणसम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी चोरी शिकारविरुद्ध सामाजिक निगरानी र सामुदायिक उत्तरदायित्व अभिवृद्धि गरिनेछ।

संरक्षण व्यवस्थापनको दीगो आधारका रूपमा संरक्षण शिक्षालाई विशेष जोड दिइनेछ। वन तथा वन्यजन्तु संरक्षणसम्बन्धी सचेतना कार्यक्रम गाउँ-गाउँ, टोल-टोल, विद्यालय तथा सामुदायिक संस्थामार्फत सञ्चालन गरिनेछ। यस्ता कार्यक्रममार्फत वन अतिक्रमण, चोरी निकासी, चोरी शिकार तथा वन विनाशका असर, कानुनी दायित्व, समुदायको भूमिका र संरक्षणका साझा लाभबारे जानकारी प्रवाह गरिनेछ। जनचेतना अभिवृद्धिसँगै स्थानीय समुदायमा संरक्षणप्रति स्वामित्वबोध विकास गर्न तथा अवैध क्रियाकलापविरुद्ध सामाजिक प्रतिरोध सुदृढ गर्न विशेष प्रयास गरिनेछ। यसका साथै, आवश्यकता अनुसार स्थानीय तह, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा



महानिर्देशक

अन्य सुरक्षा निकायसँग समन्वय गरी संयुक्त सुरक्षा तथा नियन्त्रण संयन्त्रलाई प्रभावकारी बनाइनेछ।

यस शीर्षकअन्तर्गत सीमांकन तथा पर्खाल निर्माण, गस्ती परिचालन, चोरी-शिकारी नियन्त्रण कार्यदल गठन तथा परिचालन, जनचेतना तथा संरक्षण शिक्षा कार्यक्रम, सूचना व्यवस्थापन, निगरानी संयन्त्र सुदृढीकरण, संकेत चिह्न स्थापना तथा समन्वयात्मक कार्यका लागि आवश्यक बजेट यस कार्ययोजनामा प्रस्ताव गरिएको छ। समग्रमा, अतिक्रमण, चोरी निकासी तथा चोरी शिकार नियन्त्रणलाई पूर्वतयारी, रोकथाम, निगरानी, सामुदायिक सहभागिता र कानुनी कार्यान्वयनको एकीकृत दृष्टिकोणबाट सञ्चालन गरी काँक्रिविहार वन संरक्षण क्षेत्रको दीगो संरक्षण सुनिश्चित गरिनेछ। यसका लागि देहायका कार्यक्रमहरु संचालन गरिनेछ ।

**वन क्षेत्रको सीमा यकिन, प्रमाणीकरण तथा सीमांकन**

वन संरक्षण क्षेत्रको वास्तविक सीमा यकिन गर्न आवश्यक नक्सा, अभिलेख र स्थलगत अवस्थाको आधारमा सीमारेखा स्पष्ट गरिनेछ। आवश्यकतानुसार सम्बन्धित नापी कार्यालयसँग समन्वय गरी वन क्षेत्रको सीमा प्रमाणीकरण गराइनेछ। सीमा स्पष्ट भएपछि सीमाचिन्ह, पिलर, सूचना पाटी तथा आवश्यक स्थानमा स्थायी पहिचान संरचना स्थापना गरिनेछ। यस कार्यले भविष्यमा अतिक्रमण, सीमा विवाद तथा अनधिकृत प्रयोग नियन्त्रण गर्न मद्दत पुग्नेछ।

**पर्खाल/घेराबेरा निर्माण तथा मर्मत**

वन संरक्षण क्षेत्रको संवेदनशील भागमा पर्खाल, तारबार वा अन्य उपयुक्त घेराबेरा संरचना निर्माण तथा आवश्यकतानुसार मर्मत गरिनेछ। विशेषगरी बस्तीको निकट क्षेत्र, आवतजावत बढी हुने क्षेत्र तथा अतिक्रमणको सम्भावना भएका सीमावर्ती भागलाई प्राथमिकतामा राखिनेछ। घेराबेरा निर्माण कार्यलाई वन क्षेत्रको दीर्घकालीन सुरक्षा रणनीतिको अंशका रूपमा सञ्चालन गरिनेछ।

**नियमित तथा आकस्मिक गस्ती सञ्चालन**

वन संरक्षण क्षेत्रभित्र र वरपर नियमित, मौसमी तथा आकस्मिक गस्ती सञ्चालन गरिनेछ। गस्ती कार्यक्रमलाई संवेदनशील प्रवेश विन्दु, वन्यजन्तु आवतजावत क्षेत्र, वन पैदावार चोरी हुने सम्भावित स्थान तथा जोखिमयुक्त भू-भागका आधारमा सञ्चालन गरिनेछ। गस्ती टोलीले अवैध गतिविधि, पासो,

वन पैदावार संकलन, शंकास्पद आवागमन तथा अन्य संरक्षणविपरीत कार्यको पहिचान गरी आवश्यक कारवाही प्रक्रिया अघि बढाउनेछ।

### चोरी-शिकारी नियन्त्रण कार्यदल गठन तथा परिचालन

वन कर्मचारी, वन हेरालु, स्थानीय समुदायका प्रतिनिधि, उपभोक्ता समूह, संरक्षणकर्मी तथा आवश्यकतानुसार सुरक्षा निकायको सहभागितामा चोरी-शिकारी नियन्त्रण कार्यदल गठन गरिनेछ। कार्यदललाई क्षेत्रगत जिम्मेवारी तोकी समूहगत रूपमा परिचालन गरिनेछ। कार्यदललाई चोरी शिकारका स्वरूप, निगरानी विधि, प्राथमिक सुरक्षा, सूचना संकलन तथा कानुनी कारवाही प्रक्रियाबारे अभिमुखीकरण गराइनेछ।

### सुरक्षा निकाय तथा स्थानीय तहसँग समन्वय

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, जिल्ला प्रशासन कार्यालय, स्थानीय तह तथा सम्बन्धित अन्य निकायसँग समन्वय गरी संयुक्त निगरानी, सूचनाको आदानप्रदान तथा आवश्यकतानुसार संयुक्त अपरेशन सञ्चालन गरिनेछ। वन्यजन्तु चोरी, अवैध ढुवानी, काठ चोरी तथा संगठित अवैध गतिविधि नियन्त्रणका लागि अन्तरनिकाय समन्वयलाई संस्थागत बनाइनेछ।

### चोरी निकासी नियन्त्रण

वन संरक्षण क्षेत्रबाट काठ, दाउरा, जडिबुटी, गैरकाष्ठ वन पैदावार तथा अन्य स्रोतहरूको अवैध संकलन र निकासी नियन्त्रण गर्न प्रवेश तथा निकास विन्दुहरूको नियमित अनुगमन गरिनेछ। शंकास्पद गतिविधिको पहिचान, वस्तु परीक्षण, सूचना संकलन तथा आवश्यकतानुसार कानुनी कारवाहीको प्रक्रिया अवलम्बन गरिनेछ। जोखिमयुक्त समयमा निगरानीको तीव्रता बढाइनेछ।

### चोरी शिकार नियन्त्रण

वन्यजन्तुको चोरी शिकार नियन्त्रण गर्न पासो, जाल, विषादी, हतियार वा अन्य अवैध साधनको प्रयोग रोक्न विशेष निगरानी गरिनेछ। वन्यजन्तु आवतजावत गर्ने मार्ग, पानीका स्रोत, घना वन क्षेत्र तथा संवेदनशील वासस्थानलाई प्राथमिकताका साथ निगरानीमा राखिनेछ। चोरी शिकारसम्बन्धी सूचना प्राप्त भएमा तत्काल प्रतिकार्य र कानुनी प्रक्रिया अवलम्बन गरिनेछ।

### सूचना संकलन, अभिलेखीकरण तथा प्रतिवेदन प्रणाली

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

अतिक्रमण, चोरी निकासी, चोरी शिकार, पक्राउ, जफत सामग्री, जोखिमयुक्त स्थान, गस्ती विवरण तथा अन्य सम्बन्धित घटनाको व्यवस्थित अभिलेख राखिनेछ। यसका लागि घटना दर्ता पुस्तिका, गस्ती रजिस्टर, नक्सामा आधारित जोखिम अभिलेख तथा मासिक प्रतिवेदन प्रणाली विकास गरिनेछ। यसले तथ्यमा आधारित निर्णय तथा स्रोत परिचालनमा सहयोग पुर्याउनेछ।

### संरक्षण शिक्षा तथा जनचेतना कार्यक्रम

वन संरक्षण क्षेत्र वरपरका बस्ती, विद्यालय, टोल विकास संस्था, आमा समूह, युवा क्लब तथा अन्य सामुदायिक संस्थाहरूमार्फत संरक्षण शिक्षा तथा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ। यस्ता कार्यक्रममार्फत वन अतिक्रमण, चोरी निकासी, चोरी शिकार र वन विनाशका असर, कानुनी दायित्व तथा संरक्षणमा समुदायको भूमिकाबारे जानकारी दिइनेछ। जनचेतना कार्यक्रमलाई गाउँ-गाउँ र टोल-टोलसम्म पुर्याई संरक्षणमा सामाजिक उत्तरदायित्व अभिवृद्धि गरिनेछ।

### सामुदायिक सहभागिता र सूचनादाता सञ्जाल विकास

स्थानीय समुदायसँग समन्वय गरी वन संरक्षणसम्बन्धी सूचनाको समयमै आदानप्रदान हुने व्यवस्था मिलाइनेछ। संरक्षण अभियानमा स्थानीय अगुवा, शिक्षक, युवा, महिला समूह तथा वनसँग प्रत्यक्ष सरोकार राख्ने व्यक्तिहरूलाई समेटेर सूचनादाता सञ्जाल विकास गरिनेछ। यसले अवैध गतिविधिको प्रारम्भिक जानकारी प्राप्त गर्न तथा तत्काल नियन्त्रण उपाय अपनाउन सहयोग पुर्याउनेछ।

### संकेत चिह्न तथा सूचना पाटी स्थापना

वन संरक्षण क्षेत्रको सीमा, संवेदनशील क्षेत्र, प्रवेश विन्दु तथा जोखिमयुक्त स्थानहरूमा सूचना पाटी, चेतावनी बोर्ड तथा संरक्षणसम्बन्धी सन्देशयुक्त सामग्री राखिनेछ। यस्ता संकेत चिह्नमार्फत प्रतिबन्धित गतिविधि, कानुनी व्यवस्था र संरक्षण क्षेत्रको महत्वबारे स्पष्ट जानकारी प्रदान गरिनेछ।

### अनुगमन तथा मूल्यांकन

सञ्चालित क्रियाकलापहरूको समयसमयमा अनुगमन तथा मूल्यांकन गरिनेछ। सीमांकन कार्यको प्रगति, पर्खाल निर्माणको अवस्था, गस्तीको प्रभावकारिता, चोरी शिकारका घटनामा आएको परिवर्तन, सामुदायिक सहभागिता तथा जनचेतनाको प्रभाव आदिको मूल्यांकन गरी आवश्यक सुधारात्मक उपाय अवलम्बन गरिनेछ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सह सचिव

## ख) वन डढेलो नियन्त्रण तथा व्यवस्थापन

काक्रेविहार वन संरक्षण क्षेत्रमा वन डढेलो एउटा प्रमुख समस्या हो । वर्षेनी सुख्खा मौसममा आगलागि हुने भएकोले यसका लागि देहायका कार्यक्रमहरु संचालन गरिनेछ ।

- अग्नि रेखा निर्माण र अग्नि रेखाहरुको समय समयमा सफाई गर्ने,
- वनको कुनै स्थानमा डढेलो लागेमा निभाउनका लागि कर्मचारी परिचालन, सुरक्षा निकाय तथा स्थानिय बासिन्दाबाट आवश्यक सहयोग लिने ।
- अग्नी नियन्त्रणका लागि सुख्खा याममा अग्नी नियन्त्रण हेरालुको व्यवस्था गर्ने साथै
- डढेलोको जोखिम कम गर्न नियन्त्रण नियन्त्रित आगो विधि अवलम्बनको गर्ने ।
- वनमा भएका पात पतिङ्गर तथा छुटपुट दाउरा (लप्स र टप्स) र पात पतिङ्गर जस्ता वायोमासको संकलन गर्ने व्यवस्था गरि आगलागि मौसम भन्दा पहिल्यै हटाउने र त्यस्तो बायोमासको उपयोग पेलेट, ब्रिक्केट उत्पादन वा अन्य उपयुक्त व्यबसायिक प्रयोजनमा लगाउने ।
- आगो निभाउन प्रयोग हुने वाटर ब्याग, हँसिया, बञ्चरो, कोदालो, दाँति, साबेल, गैंची लगायतका औजारहरु तथा व्यक्तिगत सुरक्षा सामग्रीहरुको व्यवस्था गर्ने ।
- वन डढेलोबाट वन, वातावरण र जैविक विविधतामा हुने क्षतिको रोकथामको बारेमा जनचेतना बढाउन समुदायहरूमा कार्यशालाहरू र प्रशिक्षण शत्रहरू सञ्चालन गर्ने ।
- वन डढेलो नियन्त्रण गर्न उल्लेखनीय भूमिका निर्वाह गर्ने लाई पुरस्कृत गर्ने ।

## ग) मिचाहा प्रजाती तथा रोग किराबाट नियन्त्रण

डिभिजन वन कार्यालय सुर्खेतको आवधिक योजनालाई आधार मान्दा काक्रेविहार वन संरक्षण क्षेत्रमा विविभन्न प्रकारका मिचाहा प्रजातिहरु रहेका छन । मुख्य रुपमा, कालो वनमारा, सेतो गन्धे झार, निलो गन्धे झार, काँडे लुडे, थाकल, वेशरम, वनफाँडा, वन तुलसी, ठुलो मिर्रे, लहरे वनमारा, लज्जावति झार, पाती झार लगायत रहेका छन ।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

जलवायु परिवर्तनका कारणले गर्दा मिचाहा प्रजाति अझै बढी फैलिने अनुमान गरिएको छ । यिनीहरूको उच्च फैलावट र तीब्र पूर्नउत्पादनको कारणले नियन्त्रण गर्न त्यति सहज भनेछैन । तथापि मिचाहा प्रजाति र स्थानिय अवस्था अनुसार व्यवस्थापनका उपायहरू फरक-फरक हुन सक्दछन् । कतिपय प्रजातिहरूको नियन्त्रण गर्न लामो समय र उच्च आर्थिक लगानी लाग्ने हुनाले व्यवस्थापन कठिन बन्न सक्छ भने केहि मिचाहा प्रजातिहरू स्थानिय रुपमा विभिन्न प्रयोगमा ल्याउन सकिने पनि हुन सक्दछन । यस काक्रेविहार वन संरक्षण क्षेत्रमा हालका दिनहरुमा वनमारा जस्ता मिचाहा प्रजातीहरु र काढेझारहरु बढदै गएको हुँदा यसको नियन्त्रण गर्नका लागि वनमा प्रत्येक वर्ष सरसफाई वनमा झाडी सरसफाई तथा व्यवस्थापन कार्य गरिनेछ । यसका साथै अन्य निम्नलिखित कार्यक्रमहरु संचालन गरिनेछ ।

- बाँझो खाली जग्गामा स्थानिय प्रजातिको वृक्षारोपण गरी संरक्षण, सम्बर्धन कार्यहरु गरी वनको छत्र घनत्व बढाउने,
- वृक्षारोपण गर्दा मिश्रित प्रजातिको विरुवा रोपण गर्ने,
- डिभिजन वन कार्यालय, सव-डिभिजन वन कार्यालयको समन्वयमा वन क्षेत्रमा डढेलो नियन्त्रण गरी यस कार्यमा स्थानिय समुदायहरु तथा नागरिक समाजलाई परिचालन गर्ने,
- अनुसन्धानको लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, विश्वविद्यालय तथा अन्य सरकारी तथा गैर सरकारी संस्थाहरु संग समन्वय गर्ने,
- अनुसन्धानका लागि संघिय तथा प्रदेश र स्थानिय स्तरबाट आवश्यक श्रोत साधनको व्यवस्था मिलाउने ।

## घ) गैरकानूनी व्यापार नियन्त्रण

अवैध व्यापार नियन्त्रणका लागि डिभिजन वन कार्यालय तथा सव-डिभिजन वन कार्यालयले वन क्षेत्रको नियमित गस्ती गर्नुका साथै कार्ययोजना चोरी शिकार तथा अवैध व्यापार नियन्त्रण सम्बन्धी व्यवस्था गरी वन क्षेत्रको नियमित हेरचाह गर्ने, हेरालुको व्यवस्था गरी वन क्षेत्रको संरक्षण गर्ने तथा यस्ता अवैध कार्यमा संलग्न व्यक्ति उपर कार्ययोजना प्रचलित कानून अनुसार कारवाही गर्न साथै वन्यजन्तु तथा वन सम्बन्धी ठूला अपराधहरू भएमा डिभिजन वन कार्यालयहरुलाई समयमा नै

जानकारी गराएर चोरी शिकार तथा अवैध व्यापार नियन्त्रणमा योगदान पुर्याउने । यस विशेष कार्ययोजना अवधिभर वन पैदावारको अवैध रुपमा हुने चोरी निकासी तथा वन्यजन्तुको चोरी सिकारी नियन्त्रणको लागि निम्न बमोजिमको कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**क) तालिम संचालन**

वनको महत्व र आवश्यकता सम्बन्धी जनचेतनामूलक तालिमहरू सञ्चालन गरिनेछ ।

**ख) प्रचारप्रसार सामग्री वितरण**

वन अपराध नियन्त्रणसंग सम्बन्धित विभिन्न प्रकारका प्रचारप्रसार सामग्रीहरूको प्रकाशन तथा वितरण गरिनुका साथै रेडियोबाट चेतनामुलक कार्यक्रम प्रसारण गरिनेछ ।

**ग) समुदायमा आधारित चोरीसिकारी तथा चोरीनिकासी कार्यदल गठन तथा परिचालन**

वन संरक्षण क्षेत्रको कार्ययोजनामा चोरीसिकारी तथा चोरीनिकासी कार्यदल गठन गरी गैरकानुनी क्रियाकलाप नियन्त्रण गरिने छ । डिभिजन वन कार्यालयमा गठन भएको कार्यदलले यस वन संरक्षण क्षेत्रको समेत चोरिसकारी तथा चोरीनिकासी नियन्त्रणमा प्रभावकारी काम गर्ने विगतको अनुभवबाट समेत अपेक्षा गरिएको छ ।

**घ) नियमित अनुगमन**

स्थानिय समुह, वन हेरालु तथा सव-डिभिजन वन कार्यालयमा रहेका मौजुदा जनशक्ति एवंम साधन स्रोतको परिचालन गरी नियमित गस्ती तथा प्रभावकारी अनुगमन गरिनेछ । साथै प्रचलित वन ऐन नियम विपरीत कार्य गर्नेलाई कानून बमोजिम कारवाही गरिनेछ ।

## ङ) वन तथा वन्यजन्तु अपराध नियन्त्रण तथा कानूनी कारबाहीका विषय

यस काक्रेविहार वन संरक्षण क्षेत्रमा वन्यजन्तु अपराध नियन्त्रणका लागि, स्थानियहरुसंग सहकार्य र समन्वय क्षमता अभिवृद्धि जस्ता कार्यहरु गरिनेछ । वन तथा वन्यजन्तु अपराध नियन्त्रणको लागि डिभिजन वन कार्यालय तथा सव-डिभिजन वन कार्यालयहरु, जिल्ला स्थित प्रहरी कार्यालय र मातहतका निकायहरु, समेतसंग समन्वय र सहकार्य गरेर अगाडि बढि रहेको अवस्था छ । यस

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

कार्ययोजनामा पनि यसलाई निरन्तरता दिईने छ । वन तथा वन्यजन्तु अपराध नियन्त्रणको लागि देहायका कार्यक्रमहरू तथा क्रियाकलापहरू सञ्चालन गरिनेछ ।

क). वन तथा वन्यजन्तु अपराध नियन्त्रणको लागि डिभिजन वन कार्यालय र सव-डिभिजन वन कार्यालय स्तरमा समुदाय संगको सहकार्यमा सञ्जाल गठन गरिनेछ ।

ख). डिभिजन वन कार्यालयहरुबाट नियमित गस्ती गर्नुका साथै वन तथा वन्यजन्तु अपराधको नियन्त्रणमा प्रभावकारी भूमिका निर्वाह गर्ने व्यक्तिलाई प्रोत्साहन स्वरुप पुरस्कारको व्यवस्था गरिनेछ ।

ग). वन तथा वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी जनचेतनामूलक गोष्ठी, अन्तरक्रियाहरू सञ्चालन गरिनेछ ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

# परिच्छेद ६: जैविक विविधता संरक्षण तथा प्रवर्धन योजना

काँक्रिविहार वन संरक्षण क्षेत्र कर्णाली प्रदेशअन्तर्गत सुर्खेत जिल्लामा अवस्थित एक महत्वपूर्ण वन, जैविक विविधता तथा संरक्षण-सम्वेदनशील क्षेत्र हो। यहाँ रहेको जैविक विविधता संरक्षण र प्रवर्धनका लागि तपसिल अनुसारका क्रियाकलापहरु गरिनेछ ।

## क) जैविक मार्ग, पारिस्थितिकीय प्रणाली तथा भू-परिधिस्तरीय व्यवस्थापन

यस वन संरक्षण क्षेत्रको वर्तमान भौगोलिक अवस्थिति, सीमित क्षेत्रफल, चारैतर्फ विकसित मानवीय बस्ती, सडक तथा अन्य पूर्वाधारको विस्तार, भू-उपयोगमा आएको परिवर्तन, तथा क्षेत्रीय वन परिदृश्यसँगको कमजोर सम्पर्कका कारण यसलाई परम्परागत अर्थमा कार्यशील "जैविक मार्ग" (wildlife corridor) का रूपमा व्यवस्थापन गर्नु उपयुक्त देखिँदैन।

सामान्यतया जैविक मार्ग भन्नाले दुई वा सोभन्दा बढी वन क्षेत्र, संरक्षित क्षेत्र वा उपयुक्त प्राकृतिक आवासस्थललाई जोड्ने यस्तो भू-भागलाई बुझिन्छ जसले वन्यजन्तु तथा वनस्पतिको आवागमन, आनुवंशिक आदान-प्रदान (Gene Transfer), मौसमी वा आंशिक विस्थापन तथा परिदृश्यस्तरीय पारिस्थितिकीय निरन्तरता कायम गर्न सहयोग पुर्‍याउँछ। जैविक मार्ग प्रभावकारी हुन त्यहाँ पर्याप्त हरित सम्पर्क (Green Connectivity), वनस्पतिको निरन्तरता, मानवीय व्यवधानको न्यूनता, सुरक्षा, तथा आवासस्थलहरूको अन्तरसम्बन्ध कायम हुनु आवश्यक हुन्छ। काँक्रिविहार वन संरक्षण क्षेत्रको सन्दर्भमा भने यस्तो अवस्था पूर्ण रूपमा विद्यमान छैन। क्षेत्र बस्ती, पूर्वाधार तथा अन्य भू-उपयोगबाट घेरिएको, चारैतर्फबाट पृथक् स्वरूपमा रहेको, र हाल संरक्षण तथा सुरक्षा प्रयोजनका लागि घेराबेरा/कम्पाउन्ड निर्माण भइरहेको अवस्थाले यसलाई खुला तथा कार्यात्मक जैविक मार्गको भूमिकामा विकास गर्ने सम्भावना सीमित बनाएको छ।

यसरी कार्यात्मक जैविक मार्गका रूपमा यसको भूमिका सीमित भए तापनि काँक्रिविहार वन संरक्षण क्षेत्रको संरक्षणीय महत्व कम हुँदैन। पृथक् संरक्षण इकाइका रूपमा रहेका यस्ता क्षेत्रहरूले स्थानीय जैविक विविधता संरक्षण, हरित टापु (green isolated island) का रूपमा पारिस्थितिकीय सन्तुलन कायम राख्ने, साना वन्यजन्तु, चराचुरुङ्गी, सरीसृप, उभयचर तथा परागसेचनमा संलग्न



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सह सचिव

जीवहरूको लागि आश्रयस्थल प्रदान गर्ने, वनस्पति विविधताको संरक्षण गर्ने, तथा शहरीकरण वा बस्ती विस्तारको चापबीच न्यूनतम प्राकृतिक प्रणालीलाई जीवित राख्ने महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्। त्यसैले यस क्षेत्रको व्यवस्थापनलाई "जैविक मार्ग विकास" केन्द्रित दृष्टिकोणबाट नभई "पृथक् तर पारिस्थितिकीय रूपमा महत्वपूर्ण संरक्षण क्षेत्र" का रूपमा हेरी यसको आन्तरिक पारिस्थितिकीय गुणस्तर, सूक्ष्म आवासस्थल, हरित आवरण, जैविक विविधता तथा परिधीय संरक्षण-समर्थक भूदृश्य व्यवस्थापनलाई सुदृढ गर्नु आवश्यक देखिन्छ।

कँक्रिविहार वन संरक्षण क्षेत्रभित्र वन्यजन्तु उद्धार केन्द्र स्थापना भइसकेको अवस्थाले यस क्षेत्रको व्यवस्थापन अभिमुखीकरणलाई अझ विशेष बनाएको छ। उद्धार केन्द्रको उपस्थिति केवल वन संरक्षण मात्र नभई वन्यजन्तु उद्धार, अस्थायी आश्रय, उपचारपश्चात पुनःस्थापना तयारी, जनचेतना, संरक्षण शिक्षा तथा संस्थागत संरक्षण व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्धित हुन्छ। यस्तो अवस्थामा वन संरक्षण क्षेत्रको आन्तरिक वातावरण शान्त, हरित, व्यवस्थित तथा न्यूनतम व्यवधानयुक्त हुनु आवश्यक हुन्छ। उद्धार केन्द्रको वरिपरि अत्यधिक मानवीय हस्तक्षेप, ध्वनि प्रदूषण, फोहोर, अव्यवस्थित संरचना, वनस्पति ह्रास वा पारिस्थितिकीय अवनति भएमा त्यसले उद्धार गरिएका वन्यजन्तु तथा क्षेत्रको समग्र संरक्षण उद्देश्य दुवैमाथि प्रतिकूल असर पार्न सक्छ। त्यसैले यस शीर्षकअन्तर्गतको योजना वन्यजन्तु उद्धार केन्द्रको कार्यलाई सहयोग पुग्ने गरी वन तथा भूदृश्य व्यवस्थापनसँग एकीकृत हुनुपर्ने देखिन्छ।

यसका अतिरिक्त, क्षेत्र वरपरको भू-परिधि (landscape periphery) को व्यवस्थापन पनि उत्तिकै महत्वपूर्ण छ। यद्यपि कँक्रिविहार वन संरक्षण क्षेत्र प्रत्यक्ष रूपमा कार्यशील जैविक मार्ग होइन, तथापि यसको बाह्य परिधिमा रहेका खुला हरित क्षेत्र, सडक किनारका वृक्षपङ्क्ति, नदी वा खोल्सा किनारका वनस्पति पट्टी, सार्वजनिक जग्गा, धार्मिक/सांस्कृतिक स्थल वरपरका हरित भाग, तथा स्थानीयस्तरमा संरक्षण-अनुकूल भूमि उपयोगले यस क्षेत्रको पारिस्थितिकीय गुणस्तरमा सकारात्मक प्रभाव पार्न सक्छ। त्यसैले भू-परिधिस्तरीय व्यवस्थापनअन्तर्गत क्षेत्र वरपरका भू-उपयोग अभ्यासलाई संरक्षणमैत्री बनाउने, हरित परिधि कायम राख्ने, प्रदूषण तथा फोहोर व्यवस्थापन सुधार गर्ने, अनियन्त्रित दोहन तथा भौतिक हस्तक्षेप नियन्त्रण गर्ने तथा स्थानीय तह र समुदायसँग सहकार्य गरी संरक्षण-समर्थक वातावरण निर्माण गर्ने कार्य आवश्यक हुन्छ।



महानिर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल काठमाडौं

कुल मिलाएर हेर्दा कौंक्रिविहार वन संरक्षण क्षेत्रको सन्दर्भमा "जैविक मार्ग, पारिस्थितिकीय प्रणाली तथा भू-परिधिस्तरीय व्यवस्थापन" शीर्षकअन्तर्गतको योजना परम्परागत कोरिडोर व्यवस्थापनमा आधारित नभई यसको पृथक् अवस्थालाई स्वीकार गर्दै आन्तरिक पारिस्थितिकीय प्रणालीको संरक्षण, सूक्ष्म आवासस्थलको सुधार, वनस्पति संरचना अभिवृद्धि, जल तथा माटो संरक्षण, वन्यजन्तु उद्धार केन्द्रसँग समन्वित जैविक व्यवस्थापन, संरक्षण-समर्थक बाह्य भू-परिधि निर्माण, जनचेतना तथा अनुसन्धान-आधारित व्यवस्थापनमा केन्द्रित हुनु उपयुक्त हुनेछ। यसरी वैज्ञानिक, यथार्थपरक र संरक्षण-उन्मुख दृष्टिकोण अपनाई योजना कार्यान्वयन गरिएमा कौंक्रिविहार वन संरक्षण क्षेत्रलाई पृथक् भए पनि पर्यावरणीय तथा व्यवस्थापकीय दृष्टिले उदाहरणीय संरक्षण क्षेत्रका रूपमा विकास गर्न सकिनेछ।

**प्रमुख क्रियाकलापहरू**

**पारिस्थितिकीय आधाररेखा अध्ययन (Ecosystem Baseline Study) तथा व्यवस्थापन नक्सांकन**

कौंक्रिविहार वन संरक्षण क्षेत्रको विद्यमान पारिस्थितिकीय अवस्था, वनस्पतिको स्वरूप, प्रमुख प्रजाति, आवासस्थलको स्थिति, खुला क्षेत्र, जलस्रोत, संवेदनशील भाग, मानवीय व्यवधानयुक्त क्षेत्र तथा व्यवस्थापन प्राथमिकता भएका भू-भागहरूको आधाररेखा अध्ययन गरिनेछ। आवश्यकता अनुसार GIS/नक्सा सहयोगमा क्षेत्रको व्यवस्थापन नक्सा तयार गरी आन्तरिक संरक्षण क्षेत्र, संवेदनशील क्षेत्र, उद्धार केन्द्र वरपरका शान्त क्षेत्र, जनचेतना क्षेत्र तथा हरित सुधार आवश्यक क्षेत्र छुट्याइनेछ। यसले कार्ययोजना कार्यान्वयनलाई वैज्ञानिक आधार प्रदान गर्नेछ।

**क्षेत्रभित्रको पारिस्थितिकीय गुणस्तर संरक्षण तथा सुधार**

वन संरक्षण क्षेत्रको आन्तरिक पारिस्थितिकीय प्रणालीलाई सुदृढ गर्न वनस्पति संरक्षण, प्राकृतिक पुनर्जनन प्रवर्द्धन, अव्यवस्थित झाडी कटान नियन्त्रण, उपयुक्त स्थानमा स्थानीय प्रजातिको रोपण, वनस्पति संरचनाको विविधीकरण तथा जैविक दृष्टिले महत्वपूर्ण भागहरूको संरक्षण गरिनेछ। वनको एकरूप संरचनालाई क्रमशः बहु-तहयुक्त, मिश्रित र जैविक विविधता समर्थ प्रणालीतर्फ उन्मुख गरिनेछ।

**सूक्ष्म आवासस्थल (Micro-habitat) को संरक्षण**

चराचुरुङ्गी, साना स्तनधारी, सरीसृप, उभयचर, कीटपतंग तथा अन्य साना जीवहरूको आश्रयस्थलका रूपमा रहेका पुराना रूख, खोक्रा तना, झाडी क्षेत्र, पातपतिंगर जमेको भाग, आर्द्र माटोयुक्त स्थल, साना पानीका खाल्डा, घना छायाँयुक्त भाग तथा शान्त स्थानहरूको संरक्षण गरिनेछ। व्यवस्थापनका नाममा अत्यधिक सफाइ वा सबै भागलाई समान रूपमा खुला बनाउने कार्य नगरी पारिस्थितिकीय विविधता कायम राखिनेछ।

**जलस्रोत, माटो तथा सूक्ष्म-जलवायु संरक्षण**

वन संरक्षण क्षेत्रभित्र रहेका प्राकृतिक वा कृत्रिम जलस्रोत, साना पोखरी, पानी जम्ने क्षेत्र, नमीयुक्त भू-भाग तथा प्राकृतिक बहाव प्रणालीको संरक्षण गरिनेछ। त्यस्ता क्षेत्रमा फोहोर व्यवस्थापन, माटो कटान नियन्त्रण, पानीको बहाव अवरुद्ध नगर्ने व्यवस्था तथा हरित आवरण कायम राख्ने काम गरिनेछ। आवश्यकता अनुसार जलधार संरक्षण, साना रिचार्ज संरचना वा माटो संरक्षणसम्बन्धी कार्य गरिनेछ।

**वनस्पति पुनर्स्थापना तथा हरित आवरण अभिवृद्धि**

वन क्षेत्रको खाली वा कमजोर वनस्पतियुक्त भागमा स्थानीय पर्यावरणीय अवस्थासँग अनुकूल हुने स्वदेशी प्रजातिहरूको वृक्षारोपण, झाडी प्रजातिको पुनर्स्थापना तथा प्राकृतिक पुनर्जनन संरक्षण गरिनेछ। रोपण कार्यक्रम केवल वृक्षसंख्या बढाउने उद्देश्यले नभई आवासस्थल सुधार, छायाँ, खाद्य स्रोत, आश्रय तथा सौन्दर्यात्मक र संरक्षणीय मूल्य अभिवृद्धि गर्ने उद्देश्यले गरिनेछ।

**वन्यजन्तु उद्धार केन्द्रसँग समन्वित हरित व्यवस्थापन**

वन्यजन्तु उद्धार केन्द्र वरपरको भू-भागलाई विशेष संवेदनशील व्यवस्थापन क्षेत्रका रूपमा विकास गरिनेछ। उद्धार केन्द्रको वातावरणलाई शान्त, हरित, व्यवस्थित र न्यूनतम व्यवधानयुक्त बनाउन उपयुक्त वनस्पति रोपण, धूलो तथा ध्वनि न्यूनीकरण, फोहोर व्यवस्थापन, मानव आवतजावतको नियन्त्रण तथा परिधीय संरक्षण व्यवस्था सुदृढ गरिनेछ। उद्धार गरिएका वन्यजन्तुको कल्याणलाई असर नपर्ने गरी क्षेत्र व्यवस्थापन गरिनेछ र यसका साथै आवश्यकता अनुसार उद्धार केन्द्रको क्षमता अविवृद्धि तथा संरचनाको स्तरोन्नतिका कार्यहरु गरिनेछ ।

**संरक्षण-समर्थक भू-परिधि व्यवस्थापन**

वन संरक्षण क्षेत्र बाहिरको नजिकको भू-परिधिमा स्थानीय तह, समुदाय तथा सरोकारवाला निकायसँग समन्वय गरी संरक्षण-अनुकूल वातावरण निर्माण गरिनेछ। यसअन्तर्गत सडक किनार, सार्वजनिक स्थान, खुला क्षेत्र, धार्मिक/सामुदायिक स्थल वरपर तथा अन्य सम्भावित हरित क्षेत्रहरूमा वृक्षारोपण, हरित पट्टी विकास, फोहोर व्यवस्थापन सुधार तथा दृश्य-पारिस्थितिकीय गुणस्तर अभिवृद्धि गरिनेछ। यसले वन संरक्षण क्षेत्रमाथि पर्ने बाह्य दबाब कम गर्न मद्दत गर्नेछ।

**सम्भावित हरित सम्पर्क क्षेत्रको पहिचान**

कार्यात्मक जैविक मार्ग विकास सम्भव नभए पनि वन संरक्षण क्षेत्रसँग पारिस्थितिकीय सहयोगी सम्वन्ध राख्न सक्ने हरित पट्टी, सडक किनारका वृक्षपङ्क्ति, खोल्सा/नदी किनार, सार्वजनिक हरित क्षेत्र वा अन्य हरित भागहरूको पहिचान गरिनेछ। जहाँ सम्भव हुन्छ, साना स्तरका हरित सम्पर्क संरचना विकास वा संरक्षणका उपायहरू अवलम्बन गरिनेछ। यसलाई बाध्यकारी कोरिडोरको रूपमा नभई पूरक हरित सञ्जालको रूपमा हेरिनेछ।

**मानवीय व्यवधान तथा प्रदूषण नियन्त्रण**

वन संरक्षण क्षेत्रभित्र तथा वरपर अनियन्त्रित आवतजावत, फोहोर फाल्ने, प्लास्टिकजन्य प्रदूषण, ध्वनि प्रदूषण, आगलागि, वनस्पति नोक्सानी, अवैध दोहन तथा अन्य व्यवधानकारी गतिविधि न्यूनीकरण गर्न विशेष व्यवस्था गरिनेछ। संवेदनशील क्षेत्रहरूमा प्रवेश व्यवस्थापन, सूचना पाटी, चेतावनी संकेत, निगरानी तथा सामुदायिक सहभागितामार्फत यस्ता गतिविधिमा नियन्त्रण गरिनेछ।

**जैविक विविधता तथा वन स्वास्थ्य अनुगमन**

मुख्य वनस्पति, पक्षी, साना वन्यजन्तु, सरीसृप, उभयचर तथा अन्य सूचक जीवहरूको उपस्थिति तथा प्रवृत्तिको नियमित अनुगमन गरिनेछ। साथै वन स्वास्थ्य, रोग-किरा, मिचाहा प्रजाति, वनस्पतिको पुनर्जनन अवस्था तथा सूखा/डढेलो/जलवायु जोखिमको अवस्था पनि अभिलेख राखी मूल्यांकन गरिनेछ। अनुगमनबाट प्राप्त तथ्यांकका आधारमा आवश्यक व्यवस्थापकीय सुधार गरिनेछ।

**संरक्षण शिक्षा, व्याख्या तथा सचेतना अभिवृद्धि**

काँक्रिविहार वन संरक्षण क्षेत्रको पारिस्थितिकीय महत्व, यस क्षेत्रको पृथक् संरक्षण इकाइका रूपमा रहेको भूमिका, वन्यजन्तु उद्धार केन्द्रको महत्व, जैविक विविधता संरक्षण तथा हरित भू-परिधि

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं
सह सचिव

व्यवस्थापनबारे स्थानीय समुदाय, विद्यालय, आगन्तुक तथा अन्य सरोकारवाला समूहमा संरक्षण शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ। सूचना पाटी, व्याख्यात्मक सामग्री, प्रकृति भ्रमण, विद्यालयस्तरीय कार्यक्रम तथा जनचेतनामूलक अन्तरक्रियामार्फत संरक्षणमैत्री व्यवहार विकास गरिनेछ।

**अनुसन्धान तथा प्राविधिक सहकार्य**

विश्वविद्यालय, अनुसन्धान संस्था, संरक्षणकर्मी, वन कार्यालय तथा प्राविधिक निकायसँग सहकार्य गरी क्षेत्रको वनस्पति, वन्यजन्तु, सूक्ष्म-आवासस्थल, उद्धार केन्द्रको वातावरणीय उपयुक्तता, भू-परिधिको प्रभाव तथा दीर्घकालीन संरक्षण व्यवस्थापनका विषयमा अध्ययन अनुसन्धान गरिनेछ। प्राप्त निष्कर्षहरूलाई व्यवस्थापन सुधार तथा नीति-निर्माणमा उपयोग गरिनेछ।

**जोखिम न्यूनीकरणका कार्यक्रम**

वन डढेलो, सुख्खा, वर्षाजन्य कटान, मिचाहा प्रजाति, फोहोर प्रदूषण, अनियन्त्रित मानवीय दबाब तथा अन्य वातावरणीय जोखिमका दृष्टिले संवेदनशील क्षेत्रहरूको पहिचान गरी रोकथाम र न्यूनिकरणका उपायहरू अवलम्बन गरिनेछ। वनस्पति पुनर्स्थापना, भू-संरक्षण, नियमित निगरानी तथा जोखिमसम्बन्धी जनचेतनामार्फत क्षेत्रको लचिलोपन अभिवृद्धि गरिनेछ।

**अभिलेखीकरण, प्रतिवेदन तथा आवधिक समीक्षा**

यस शीर्षकअन्तर्गत सञ्चालन भएका सबै क्रियाकलापहरूको अभिलेख, प्रगति प्रतिवेदन, फोटो अभिलेख, नक्सा तथा व्यवस्थापन सुधारसम्बन्धी सिफारिसहरू व्यवस्थित रूपमा राखिनेछ। आवधिक रूपमा समीक्षा गरी प्राप्त उपलब्धि, कमजोरी, सिकाइ र आगामी सुधारका क्षेत्रहरू पहिचान गरिनेछ।

## ख) सिमसार, वन जलाधार, पानीका मुहान संरक्षण तथा व्यवस्थापन

**सिमसार संरक्षण तथा व्यवस्थापन**

जैविक विविधता, साँस्कृतिक महत्व र पर्यटकीय सम्भावना समेत भएका सिमसारहरूको नक्सांकन र अभिलेखीकरण गरी प्राथमिकताको आधारमा संरक्षण र व्यवस्थापनको कार्य गरिनेछ । डिभिजन वन कार्यालय सुर्खेतको आवधिक योजना समेतलाई आधार मानी सिमसार संरक्षण र व्यवस्थापनको लागि योजना अवधिभर देहायका उपायहरू अवलम्बन गरी कार्यक्रमहरू सञ्चालन गरिनेछ।



महानिर्देशक
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सह सचिव

- सिमसार र ताल, तलैयाहरूको बैज्ञानिक तबरले तथ्याङ्क संकलन गरी अध्यावधिक गरिनेछ ।
- विभिन्न सरोकारवाला निकायहरूसंग समन्वय गरी सिमसार र प्राकृतिक ताल, तलैयाहरूको पुनर्उत्थान तथा संरक्षण गरिनेछ ।
- सिमसार क्षेत्रको महत्वको आधारमा सहभागीतामूलक व्यवस्थापन गरी आयआर्जन क्रियाकलापसंग जोडिनेछ ।
- सिमसार क्षेत्रको प्रचार प्रसार गरी यसको संरक्षणमा सहभागीता अभिबृद्धि गरिनेछ ।

**वन जलाधार, पानीका मुहान संरक्षण तथा व्यवस्थापन**

पानीका स्रोत तथा पानीका मुहान संरक्षण र व्यवस्थापनको लागि उचित योजना बनाई कार्यान्वयन आवश्यक छ । पानीका स्रोतहरूको संरक्षणले वन र जैविक विविधताको संरक्षणमा मद्दत पुर्‍याउदछ । आगामी योजनामा स्थानिय तहहरूमा रहेका पानीका मुहान, खोला, नदी, तालको पहिचान गरी वन संरक्षण क्षेत्रमा उपयुक्त कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ । अनियन्त्रित रुपमा घाँस दाउरा संकलन गर्ने, फोहोर फ्याँक्ने कार्यलाई निरुत्साहित गरिनेछ । पानीका मुहान वरपर वृक्षारोपण योजना तयार गरी संरक्षण गरिनेछ । नदी खोला किनारमा भू-क्षय नियन्त्रणका लागि उपयुक्त विरुवाहरूको वृक्षारोपण तथा पूनरुत्पादन संरक्षण गरिनेछ । काक्रेविहार वन संरक्षण क्षेत्रको जलाधार तथा उप-जलाधार क्षेत्रको उचित व्यवस्थापन गर्ने कार्यको लागि व्यवस्थापन योजना बनाई भू तथा जलाधार व्यवस्थापन कार्यालय तथा अन्य सरोकारवाला संस्थाहरूसंग समन्वय गरी एकीकृत स्रोत व्यवस्थाको अवधारणालाई अवलम्बन गरी व्यवस्थापन गरिनेछ ।

## ग) लोपोन्मुख तथा दुर्लभ वन्यजन्तु र वनस्पति प्रजातिको संरक्षण तथा व्यवस्थापन

काक्रेविहार वन संरक्षण क्षेत्रमा विभिन्न संरक्षित वन्यजन्तु तथा वनस्पतिका प्रजातिहरू पाइने भएकाले यिनीहरूको उपलव्धता भविष्यसम्म सुनिश्चित गर्न यिनीहरूको संरक्षण र व्यवस्थापन आवश्यक छ । डिभिजन वन कार्यालयले विभिन्न लोपोन्मुख तथा आर्थिक हिसाबले समेत महत्वपूर्ण वनस्पति प्रजातिहरूको नर्सरीमा विरुवा उत्पादन गर्ने, वृक्षारोपण गर्ने, विरुवा वितरण गर्ने कार्य गर्दे आइरहेको छ । वन क्षेत्रमा पाइने लोपोन्मुख र महत्वपूर्ण वनस्पति प्रजातिहरूको पहिचान गरी वंशाणु स्रोत संरक्षणको साथै विकास र विस्तारका लागि सम्बन्धित विज्ञ तथा निकायहरूको सहयोग र समन्वयमा कार्यक्रमहरू सञ्चालन गरिनेछ ।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

### वन्यजन्तु संरक्षण

काक्रेविहार वन संरक्षण क्षेत्रमा बिगतको भन्दा वन्यजन्तु संरक्षण सम्बन्धमा स्थानियस्तरमा चेतना र सहभागिता अभिवृद्धि भएको छ । सरकारद्वारा व्यवस्थित वनको साथै समूहद्धारा व्यवस्थापन गरिएका सामुदायिक वनहरूमा वन्यजन्तु संरक्षण सम्बन्धि व्यवस्था कार्ययोजनामा समावेश गरिएका छन् । सामुदायिक वन क्षेत्रहरु वन्यजन्तुका लागि सुरक्षित बासस्थानको रुपमा विकास भएका छन ।

वन्यजन्तुको संरक्षणका लागि संचालन गरिने मुख्य कार्यक्रमहरु निम्नानुसार उल्लेख गरिएको छ ।

- वन्यजन्तु मैत्री पूर्वाधार निर्माणमा जोड दिने,
- मानव वन्यजन्तु द्वन्द न्यूनीकरण र वन्यजन्तुबाट भएको क्षतिको राहतमा स्थानिय तह र वन समूहहरूको सहभागीता बढाउने ।
- वन्यजन्तुको वासस्थान संरक्षण तथा व्यवस्थापन गर्ने,
- वन्यजन्तु पाईने प्रमुख स्थानहरूलाई वन्यजन्तु बासस्थान क्षेत्रको रुपमा विकास गरी विशेष सुरक्षा प्रणालीको व्यवस्था गर्ने,
- इकोक्लब जस्ता वन्यजन्तु संरक्षण संजाल स्वयमसेवक संस्थाहरू स्थापना गर्ने,
- स्थानिय वन समूहहरूलाई वन्यजन्तु संरक्षण तथा व्यवस्थापन कार्यमा परिचालन गर्ने,
- प्राविधिक जनशक्ति तथा सामाग्री सहितको वन्यजन्तु उद्दार केन्द्र स्थापना गर्ने
- मानिस र वन्यजन्तु बिचको द्धन्द व्यवस्थापन सम्बन्धि जनचेतनामूलक कार्यक्रम संचालन गर्ने,
- समुदायमा आधारित चोरीशिकारी नियन्त्रण कार्यक्रम प्रभाबकारी रुपमा संचालन गर्ने,
- वन्यजन्तु संरक्षण तथा चोरी शिकार नियन्त्रणका लागि सुराकीको व्यवस्था गर्ने,
- वन्यजन्तु, बासस्थान र जैविक मार्गको महत्व तथा आवश्यकताको वारेमा जनचेतना जगाउने

## घ) जलवायू परिवर्तनः पारिस्थितिकीय प्रणाली तथा सामुदायिक समानुकुलन अभिवृद्धि योजना

### जलवायु परिवर्तन न्यूनीकरण



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्न वनको दिगो उचित व्यवस्थापन गरी वनमा कार्बनको सञ्चिति बढाउन आवश्यक छ । आगामी योजनामा जलवायु परिवर्तन न्यूनीकरण र कार्बन सञ्चिति बढाउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछन् । स्थानियहरूलाई निजी जग्गामा पनि विरुवाहरू रोपी संरक्षण गर्न प्रोत्साहित गरिनेछ । सार्वजनिक जग्गामा स्थानिय तह तथा सरोकारहरु संग समन्वय गरी वृक्षारोपण गरिनेछ । सिमसार क्षेत्रहरूको संरक्षण र समुचित व्यवस्थापन गरिनेछ । वैकल्पिक उर्जा प्रवर्धनमा विशेष जोड दिइनेछ ।

कार्बन संचिति अभिवृद्धि गर्न काँक्रेविहार क्षेत्रमा आगामी दश वर्षे अवधिमा विभिन्न क्रियाकलापहरू सञ्चालन गरिनेछन् । जलवायु परिवर्तन, कार्बन मापन, र वनबाट प्राप्त हुने वातावरणीय सेवाका विषयमा प्रचारप्रसार गरिनेछ । वन क्षेत्रहरूमा रहेका खाली ठाउँमा वृक्षारोपण गरी कार्बनको सञ्चिती बढाउन प्रेरित गरिनेछ ।

जलवायुजन्य जोखिम न्यूनिकरण तथा अनुकूलनका उपायहरू पनि आगामी योजना अवधिभर कार्यान्वयन गरिनेछन् । वातावरणीय, पारिस्थितिकीय तथा जलाधार संरक्षणमा जोड दिँदै वन, वनस्पति तथा वन्यजन्तुको संरक्षणमा जोड दिइनेछ । वन क्षेत्रका खाली जग्गामा वृक्षारोपण गरिनेछ । वन डढेलोबाट जोगाउन वनमा अग्निपथ निर्माण गरिनेछ । वैकल्पिक उर्जा प्रवर्धनमा जोड दिँदै गोबर ग्याँस प्लान्ट, र विद्युतिय चुलो प्रयोग बढाउन प्रोत्साहन गरिनेछ । काक्रेविहार वन संरक्षण क्षेत्र जैविक विविधतामा धनी भएकाले वासस्थान व्यवस्थापनका क्रियाकलापहरू कार्यान्वयन गरिनेछन् ।

## ङ) महत्वपूर्ण वन्यजन्तु तथा वनस्पति प्रजाति संरक्षण तथा मानव वन्यजन्तु द्वन्द व्यवस्थापन योजना

काक्रेविहार वन संरक्षण क्षेत्रमा रहेका महत्वपूर्ण वन्यजन्तु तथा वनस्पति प्रजाती संरक्षणका लागि गर्नु पर्ने कार्यक्रम तथा योजना माथि बुदा नं (ग) मा उल्लेख गरिसकिएको छ । मानव वन्यजन्तु द्वन्द न्यूनिकरण एवंम व्यवस्थापनका योजनाहरु यहाँ प्रस्तुत गरिएको छ ।

**मानव वन्यजन्तु द्वन्द व्यवस्थापन**



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं
सह सचिव

काक्रेविहार वन संरक्षण क्षेत्रमा बाँदर, दुम्सी, बँदेल, मृग, जस्ता वन्यजन्तुहरूले यो क्षेत्रलाई बासस्थान तथा आवातजावत बनाई रहेको पाइन्छ । संरक्षण केन्द्रित वन विकास र संरक्षणका कार्यक्रमले वनमा आएको सुधार संगै वन्यजन्तुको सङ्ख्यामा समेत वृद्धि भएको देखिन्छ । वन्यजन्तुको वृद्धिसंगै वन छेउछाउका बस्तीहरूमा यी वन्यजन्तुहरूले कृषिबाली तथा अन्य सम्पत्तिको क्षति हुने गरेको छ । मानव वन्यजन्तु द्वन्दले समस्याको रूप लिइरहेको छ । मानव वन्यजन्तु द्वन्द न्यूनिकरण गर्न आगामी १० वर्षका लागि निम्न कार्यक्रमहरू समावेश गरी प्रस्ताव गरिएको छ ।

- वन्यजन्तुको प्रमुख वासस्थानको पहिचान गर्ने ।
- वन जङ्गलमा वन्यजन्तुको आहार र पानीको कमी हुन नदिन वन क्षेत्रमा वन्यजन्तु मैत्री वृक्षारोपण गर्ने, जस्तै, बयर, आँप, हर्रो, बर्रो र अमला इत्यादीका बोटविरुवा रोप्ने र ठाउँ ठाउँमा संरक्षण पोखरीको व्यवस्थापन गर्ने ।
- वन्यजन्तुको वासस्थान भएको क्षेत्रहरूमा आवतजावत र वन पैदावार समेत प्रयोग नगर्न उक्त संवेदनशील क्षेत्रहरू तोकी होर्डिङ बोर्ड, पोस्टर र ब्यानरको प्रयोग गरी प्रचार प्रसार गर्ने ।
- वन्यजन्तुबाट भएका क्षतिको उचित मूल्याङ्कन गरी क्षतिपूर्तिको व्यवस्था तथा राहतको व्यवस्था गर्ने ।
- वन क्षेत्रको छेउछाउमा बसोवास गर्ने घरधुरीका लागि वन्यजन्तुले क्षति नगर्ने तथा कम क्षति गर्ने नगदे वाली जस्तै अदुवा, बेसार, खुर्सानी, मेन्था, क्यामोमाइल, कागती विस्तार गर्न कार्यक्रम मार्फत सहयोग गरिने छ ।

## च) वनक्षेत्र भित्र रहेका धार्मिक, साँस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदा संरक्षण योजना

कौंक्रेविहार वन संरक्षण क्षेत्र जैविक विविधता, प्राकृतिक सौन्दर्य तथा वन संरक्षणका दृष्टिले मात्र नभई धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक दृष्टिले समेत अत्यन्त महत्वपूर्ण क्षेत्र हो। यस क्षेत्रको ऐतिहासिक पहिचान, धार्मिक आस्था, सांस्कृतिक परम्परा तथा स्थानीय समुदायसँगको घनिष्ट सम्बन्धले यसलाई बहुआयामिक महत्वयुक्त संरक्षण क्षेत्रका रूपमा स्थापित गरेको छ। विशेषगरी बौद्ध तथा हिन्दू धर्मावलम्बी समुदायका लागि यो क्षेत्र धार्मिक आस्थाको केन्द्रका रूपमा रहँदै



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

सह सचिव

आएको छ। साथै, वन संरक्षण क्षेत्रभित्र रहेका मन्दिर, पूजास्थल, परम्परागत सांस्कृतिक स्थल तथा पुरातात्त्विक महत्वका अवशेषहरूले यस क्षेत्रको संरक्षणीय मूल्यलाई अझ विशिष्ट बनाएका छन्।

यस क्षेत्रभित्र रहेका धार्मिक तथा सांस्कृतिक सम्पदाहरू विशेषगरी स्थानीय समुदाय, थारु समुदाय लगायत अन्य सरोकारवाला समूहका लागि आस्था, परम्परा, सामाजिक एकता तथा सांस्कृतिक पहिचानसँग प्रत्यक्ष रूपमा गाँसिएका छन्। यस्ता सम्पदाको संरक्षण केवल भौतिक संरचना जोगाउने विषय मात्र नभई स्थानीय सांस्कृतिक निरन्तरता, सामुदायिक स्वामित्व, परम्परागत ज्ञान तथा सामाजिक-धार्मिक मूल्यहरूको संरक्षणसँग समेत सम्बन्धित हुन्छ। त्यसैगरी, पुरातात्त्विक महत्वका संरचना, अवशेष तथा स्थलहरूको संरक्षणले क्षेत्रको ऐतिहासिक महत्वलाई उजागर गर्नुका साथै अध्ययन, अनुसन्धान, शिक्षा तथा सांस्कृतिक पर्यटन प्रवर्द्धनका लागि पनि आधार प्रदान गर्दछ।

वन क्षेत्रभित्र रहेका धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्वका सम्पदाहरूमा समयक्रममा प्राकृतिक क्षय, अव्यवस्थित प्रयोग, भौतिक क्षति, वनस्पतिको अनियन्त्रित वृद्धि, फोहोर व्यवस्थापनको कमी, अनियन्त्रित आगन्तुक आवागमन, तथा समन्वित संरक्षण अभावका कारण असर पर्न सक्ने सम्भावना रहन्छ। त्यसैले यस्ता सम्पदाको संरक्षण, संवर्द्धन, व्यवस्थित उपयोग तथा प्राकृतिक वातावरणसँग सन्तुलित विकासका लागि स्पष्ट योजना, बहुपक्षीय समन्वय र समुदाय-आधारित संरक्षण दृष्टिकोण आवश्यक छ।

काँक्रिविहार वन संरक्षण क्षेत्रको धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्वलाई दृष्टिगत गरी यस्ता सम्पदाको संरक्षण, व्यवस्थापन, सौन्दर्य अभिवृद्धि, हरियाली प्रवर्द्धन, धार्मिक तथा सांस्कृतिक गतिविधिको मर्यादित व्यवस्थापन, सचेतना अभिवृद्धि तथा पर्यापर्यटन प्रवर्द्धनका लागि स्थानीय तह, सम्बन्धित सरकारी निकाय, पुरातत्त्वसँग सम्बन्धित निकाय, धार्मिक संघ-संस्था, स्थानीय समुदाय तथा अन्य सरोकारवालासँग समन्वय गरी एकीकृत कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ। यस प्रकारका सम्पदाहरूलाई वन संरक्षण क्षेत्रको समग्र व्यवस्थापनको अभिन्न अङ्गका रूपमा समेटी संरक्षण गरिएमा प्राकृतिक तथा सांस्कृतिक सम्पदाबीचको सहअस्तित्व सुदृढ भई क्षेत्रको समग्र महत्व अझ अभिवृद्धि हुनेछ।

**प्रमुख क्रियाकलापहरू**

**संरक्षण तथा व्यवस्थापन योजना तर्जुमा**



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सह सचिव

धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक महत्वका क्षेत्रहरूको संरक्षण, मर्मत, व्यवस्थापन तथा उपयोगका लागि स्थानीय तह, सम्बन्धित धार्मिक निकाय, पुरातत्त्व विभाग/सम्बन्धित कार्यालय, सामुदायिक प्रतिनिधि तथा अन्य सरोकारवालासँग समन्वय गरी क्षेत्रविशेष संरक्षण तथा व्यवस्थापन योजना तयार पारी कार्यान्वयन गरिनेछ। योजना तर्जुमा गर्दा सम्पदाको मौलिकता, ऐतिहासिकता र धार्मिक गरिमामा असर नपर्ने कुरामा विशेष ध्यान दिइनेछ।

**धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण तथा मर्मत**

वन क्षेत्रभित्र रहेका मन्दिर, पूजास्थल तथा अन्य धार्मिक-सांस्कृतिक संरचनाको आवश्यक मर्मत, संरक्षण, सरसफाइ तथा व्यवस्थित उपयोगका लागि आवश्यक कार्य गरिनेछ। यस क्रममा परम्परागत स्वरूप, मौलिक बनावट, सांस्कृतिक संवेदनशीलता तथा पुरातात्त्विक महत्वलाई ध्यानमा राखी संरक्षण गरिनेछ। कुनै पनि पुनर्निर्माण वा सुधार कार्य गर्दा सम्बन्धित प्राविधिक निकायसँग आवश्यक समन्वय गरिनेछ।

**पुरातात्त्विक महत्वका स्थलहरूको विशेष संरक्षण**

पुरातात्त्विक महत्व भएका संरचना, भग्नावशेष, पुराना निर्माण अवशेष तथा ऐतिहासिक स्थलहरूको संरक्षणका लागि विशेष व्यवस्थापन उपाय अवलम्बन गरिनेछ। यस्ता क्षेत्रमा अनियन्त्रित हस्तक्षेप, उत्खनन, तोडफोड, लेखोट, फोहोर फाल्ने तथा अन्य क्षतिकारक गतिविधि रोक्न निगरानी र सूचना प्रणाली सुदृढ गरिनेछ। आवश्यकता अनुसार यस्ता क्षेत्रलाई संरक्षण-संवेदनशील क्षेत्रका रूपमा व्यवस्थापन गरिनेछ।

**विशेष क्षेत्र घोषणा तथा व्यवस्थापन**

धार्मिक, सांस्कृतिक, पुरातात्त्विक तथा प्राकृतिक दृष्टिले विशेष महत्व भएका क्षेत्रहरूको पहिचान गरी आवश्यकतानुसार तिनलाई विशेष व्यवस्थापन क्षेत्रका रूपमा वर्गीकरण गरी व्यवस्थापन गरिनेछ। यस्ता क्षेत्रमा प्रवेश, सरसफाइ, धार्मिक गतिविधि, संरचना संरक्षण, हरियाली व्यवस्थापन तथा आगन्तुक आचरणसम्बन्धी मापदण्ड विकास गरिनेछ।

**प्राकृतिक सौन्दर्य तथा हरियाली प्रवर्द्धन**



महानिर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

सम्पदा वरपरको प्राकृतिक सौन्दर्य अभिवृद्धि तथा हरियाली प्रवर्द्धनका लागि स्थानीय समुदायको सहभागितामा वृक्षारोपण, फूलबारी विकास, उपयुक्त सजावटी तथा स्थानीय प्रजातिको रोपण, खुला स्थल व्यवस्थापन तथा दृश्य-सौन्दर्य वृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। वृक्षारोपण गर्दा धार्मिक स्थलको दृश्यता, संरचनाको सुरक्षा, जरा प्रणालीको प्रभाव तथा सांस्कृतिक उपयुक्ततालाई ध्यानमा राखिनेछ।

### सरसफाइ तथा फोहोर व्यवस्थापन

धार्मिक तथा सांस्कृतिक स्थलहरूमा पूजा, मेला, जमघट वा अन्य गतिविधिका क्रममा उत्पन्न हुने फोहोर व्यवस्थापनलाई व्यवस्थित बनाइनेछ। यसका लागि डस्टबिन राख्ने, नियमित सरसफाइ कार्यक्रम सञ्चालन गर्ने, प्लास्टिक तथा अन्य अविघटनशील वस्तुको प्रयोग न्यूनीकरण गर्ने तथा सरोकारवालाको सहभागितामा स्वच्छता अभियान सञ्चालन गरिनेछ।

### धार्मिक तथा सांस्कृतिक गतिविधिको मर्यादित व्यवस्थापन

धार्मिक अनुष्ठान, मेला, पूजा, सांस्कृतिक कार्यक्रम तथा आगन्तुक व्यवस्थापनलाई क्षेत्रको वहन क्षमता, संरक्षण आवश्यकता तथा स्थलको गरिमाअनुसार व्यवस्थित गरिनेछ। अत्यधिक भीड, ध्वनि प्रदूषण, वनस्पति क्षति, फोहोर, आगजनीको जोखिम तथा संरचनामा हुने नोक्सानी न्यूनीकरण गर्न आवश्यक मापदण्ड र व्यवस्थापन उपाय अपनाइनेछ।

### संरक्षण-उन्मुख पर्यापर्यटन प्रवर्द्धन

धार्मिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदालाई समेटेर संरक्षणमैत्री र मर्यादित पर्यापर्यटन प्रवर्द्धन गर्न स्थानीय तह र अन्य सरोकारवालासँग सहकार्य गरिनेछ। यसअन्तर्गत पदमार्ग सुधार, सूचना प्रवाह, आगन्तुक मार्गदर्शन, विश्रामस्थलको न्यूनतम व्यवस्थापन, सांस्कृतिक व्याख्या तथा स्थल परिचय सामग्री विकास गरिनेछ। पर्यापर्यटन प्रवर्द्धन गर्दा संरक्षणलाई प्राथमिकतामा राखी अति-व्यावसायीकरण हुन नदिने नीति अवलम्बन गरिनेछ।

### संरक्षण शिक्षा तथा सचेतना अभिवृद्धि

प्राकृतिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्त्विक सम्पदाको महत्वबारे स्थानीय समुदाय, विद्यालय, धार्मिक समूह, आगन्तुक तथा अन्य सरोकारवालामा सचेतना अभिवृद्धि गरिनेछ। यसका लागि



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

सह सचिव

अन्तरक्रिया, अभिमुखीकरण, सचेतनामूलक सामग्री, सूचना पाटी, व्याख्यात्मक बोर्ड तथा सामुदायिक कार्यक्रम सञ्चालन गरिनेछ। यसले सम्पदाप्रति सम्मान, स्वामित्वबोध र संरक्षण-अनुकूल व्यवहार विकास गर्न मद्दत गर्नेछ।

**स्थानीय समुदाय तथा थारु समुदायको सहभागिता सुदृढीकरण**

कौँक्रिविहार क्षेत्रका धार्मिक तथा सांस्कृतिक सम्पदासँग प्रत्यक्ष सम्बन्ध राख्ने स्थानीय समुदाय, विशेषगरी थारु समुदायको परम्परागत ज्ञान, आस्था तथा सहभागितालाई संरक्षण व्यवस्थापनमा समेटिनेछ। यस्ता समुदायको सहभागितामा संरक्षण, सरसफाइ, सांस्कृतिक गतिविधि व्यवस्थापन, वृक्षारोपण तथा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ। यसले सामुदायिक स्वामित्व र दीगो संरक्षणमा सहयोग पुऱ्याउनेछ।

**संकेत चिह्न, सूचना पाटी तथा व्याख्यात्मक सामग्री स्थापना**

सम्पदा स्थलहरूमा तिनको ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा संरक्षणीय महत्वबारे जानकारी दिने सूचना पाटी तथा व्याख्यात्मक सामग्री स्थापना गरिनेछ। यस्ता सामग्रीमार्फत आगन्तुकलाई क्षेत्रको महत्व, आचरणका नियम, निषेधित गतिविधि तथा संरक्षण सन्देशबारे स्पष्ट जानकारी प्रदान गरिनेछ।

**समन्वय तथा संस्थागत सहकार्य**

स्थानीय तह, धार्मिक संघ-संस्था, पुरातत्त्वसम्बन्धी निकाय, पर्यटनसँग सम्बन्धित निकाय, स्थानीय समुदाय, सुरक्षा निकाय तथा अन्य सरोकारवालासँग नियमित समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गरिनेछ। आवश्यकता अनुसार संरक्षण समिति, समन्वय संयन्त्र वा सहकार्य मंच गठन/सक्रिय गरिनेछ।

**अनुगमन, मूल्यांकन तथा आवधिक समीक्षा**

सम्पदा संरक्षणसम्बन्धी गतिविधिको प्रभावकारिता, संरचनाको अवस्था, आगन्तुक व्यवस्थापन, हरियाली प्रवर्द्धन, सामुदायिक सहभागिता तथा सचेतना कार्यक्रमको प्रभावबारे समयसमयमा अनुगमन तथा मूल्यांकन गरिनेछ। प्राप्त सिकाइका आधारमा सुधारात्मक कदम चालिनेछ।



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

# परिच्छेद ७: वन विकास तथा व्यवस्थापन योजना

काक्रेविहार वन संरक्षण क्षेत्रमा खाली रहेको ठाउँहरुमा वृक्षारोपण गरिने छ । यसका साथै वृक्षारोपण गरिएका क्षेत्र तथा प्राकृतिक वनहरुमा वन सम्वर्धनका क्रियाकलापहरु जस्तै झाडी सरसफाई तथा गोडमेल, पत्ल्याउने, एक्ल्याउने, हाँगा काटने आदि क्रियाकलापहरुलाई योजनामा समावेश गरिनेछ ।

## क) वन संरक्षण क्षेत्र भित्रका समुदायमा आधारित वनको सीमाङ्कन, संरक्षण तथा व्यवस्थापन

यस काक्रेविहार वन संरक्षण क्षेत्रको वन देखिने नक्सा अनुसूचि ५ मा देखाईएको छ । बिगत बर्षहरुमा वन सिमाना लगाउने कार्यक्रम नभएको कारण फिल्ड स्तरमा कहिं पनि वन सिमांकन देखिदैन, तर हाल वन क्षेत्र र आवादी जग्गा सिमांकन गरी चारैतिर पर्खाल लगाई छुट्याउने कार्य भईरहेको छ ।

## ख) वन व्यवस्थापन पद्धति अनुसार वनको संरक्षण तथा व्यवस्थापन र वन संवर्द्धन प्रणाली

काक्रेविहार वन संरक्षण क्षेत्रको भित्रको वनको व्यवस्थापन कार्य संरक्षणमुखी वन ब्यवस्थापनको रुपमा गरिनेछ । यस क्षेत्रबाट ढलापडा तथा सुकेका रुखहरु मात्र संकलन गरिनेछ । वन व्यवस्थापन पुर्ण रुपले संरक्षणमुखि ब्यवस्थापन गरिनेछ । यस वन संरक्षण क्षेत्रमा वनहरुमा निम्न अनुसारका वन सम्वर्धनका कार्यहरु गरिदै आईरहेकोमा आगामी कार्ययोजनाको अबधिमा पनि निरन्तरता दिईने छ ।

### क. वन सम्बर्धनका कार्यहरू

वन संरक्षण क्षेत्र तथा वरपरका प्रभावित क्षेत्रहरूमा वनको विकास र वन पैदावरको माग निरन्तर सरल तथा सहज रुपमा आपूर्ति गर्न निम्न वन सम्बर्धनका कार्यहरूमा विशेष जोड दिइने छ ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**ख. वृक्षारोपण**

सरकारी, सार्बजनिक र निजि जग्गाका खाली क्षेत्रमा जडीबुटी, डालेघाँस लगायतका बहुउद्देशिय प्रजातिका विरुवाहरूको वृक्षारोपण तथा भू-क्षय हुने स्थानहरूमा भू-क्षय नियन्त्रण गर्नका लागि बांस, अम्रिसो, नेपियर, आदिको वृक्षारोपण कार्यका लागि स्थानिय समुदायहरुलाई उपभोक्ताहरूलाई प्रोत्साहन गरिनेछ । यसका साथै निजी एवं सार्बजनिक जग्गामा आप, लिची, कटहर, तेजपात, जस्ता बहुउपयोगी रूख प्रजातिका विरुवाहरू अभियानको रुपमा वृक्षारोपण गरिनेछ । यसका लागि आवश्यक प्राविधिक तथा उपलब्ध अन्य सहयोग डिभिजन वन कार्यालयहरुले गर्नेछन । योजना अवधिभर करिब ५० हेक्टर निजी एवंम सार्बजनिक जग्गामा आँप लिची, कटहर, तेजपात, जस्ता बहुउपयोगी रूख प्रजातिका विरुवाहरू अभियानको रुपमा वृक्षारोपण गराइनेछ, भने कम्तिमा १०० हेक्टर सार्बजानिक एवंम सरकारी वन क्षेत्रमा वृक्षारोपण गरिने छ ।

**ग. गोडमेल**

वनमा रहेका विभिन्न प्रजातिहरूको राम्रो विकासका लागि गोडमेल कार्य गर्न स्थानिय समुदायहरूलाई प्रोत्साहित गरिनेछ । त्यसका साथै वृक्षारोपण गरिएका क्षेत्रहरूमा गोडमेल कार्य नियमित रुपमा गर्न लगाइने छ ।

**घ. पुन रोपण**

वृक्षारोपण क्षेत्रहरूमा मरेका विरुवाहरूको स्थानमा पुन:रोपण गरिनेछ ।

**ङ. झाडी सफाई**

वनमा अनावश्यक रुपमा लहराहरू वेरिएर रुखको विकासमा वाधा उत्पन्न गर्ने हुदा त्यस्ता लहराहरू काट्ने, झाडीसफाई गर्ने कार्यहरु गरी वनको उचित तरिकाले व्यवस्थापन गरिने छ । वन क्षेत्रमा रहेका नचाहिने प्रजातिहरू हटाएर सफाई गरी उत्पादनशिल रुखहरूको वृद्धिमा सहयोग पुग्ने कार्यमा जोड दिइने छ ।

**च. हांगा छटनी**

हांगा छटनी गर्ने कार्यबाट रुखको छिटो विकास हुनुका साथै उपभोक्ताहरूको दाउरा र डालेघांसको माग पनि पुरा हुने छ ।



नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

छ. पत्ल्याउने

घना भएको वन क्षेत्रमा रुख विरुवाको बृद्धिदर कम हुन आउने भएकाले त्यस्ता वनहरूमा पत्ल्याउने कार्यलाई प्रोत्साहित गर्दै लगिने छ । मरेका तथा ढलेका रुखहरू हटाउने कार्य गरिने छ।

**वन सम्बर्धन प्रणाली**

यस वन संरक्षण क्षेत्र भित्रको वन व्यवस्थापन संरक्षणमुखी वन ब्यवस्थापन गरिने छ । यस क्षेत्रबाट ढलापडा तथा सुकेका रुखहरु मात्र संकलन गरिनेछ ।

सह सचिव

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

# परिच्छेद ८ः सामुदायिक विकास योजना

यस काक्रेविहार वन संरक्षण क्षेत्र र समुदाय बिच सकारात्मक सम्बन्ध कायम गर्नका लागि र यस वनको व्यवस्थापनका लागि वरिपरि बसेका स्थानिय समुदायको आर्थिक, साँस्कृतिक तथा सामाजिक विकास तथा सम्वृद्धिका लागि निम्न अनुसारका सामुदायिक विकासका क्रियाकलापहरु गरिनेछ ।

## क) आय आर्जन तथा जिविकोपार्जन कार्यक्रम

काक्रेविहार वन संरक्षण क्षेत्रको आसपासको क्षेत्रमा रहेका गरिब, दलित, आदिबासी जनताको जिबन स्तरमा सुधार गर्नका लागि विभिन्न प्रकारका आयआर्जन एवंम जीविकोपार्जन सुधारका कार्यक्रमहरु संचालन गरिने कार्यक्रमको क्षेत्र निम्नानुसार हुने छन् (क) सिप विकास तालिम कार्यक्रम (ख) सामाग्री तथा पुर्बाधार निर्माण सहयोग कार्यक्रम र (ग) बित्तिय पहुच सहयोग कार्यक्रम ।

**(१) सिप विकास तालिम कार्यक्रमः** वन बाट बढी प्रभावित गरिब, दलित तथा आदिवासी घरधुरीलाई प्राथमिकता दिई लाभग्राही छनौट गरी सिप विकास तालिम संचालन गरिने छ । कार्यक्रम संचालन गर्दा दलित, आदिबासी, जनजातिले परम्परागत रुपमा गर्दै आएको वा माग गरे बमोजिमका सिप वा पेशा ब्यवसायसंग सम्बन्धित आयआर्जन बृद्धि एवंम रोजगारी सिर्जनामा सहयोग पुग्ने तालिम कार्यक्रम संचालन गरिने छ । थारु समुदायले विगतमा गरिरहेका ढकिया वुने तालिम, थाकलको पात बाट कुसुन, टेवलपोस बनाउने लगाएतका तालिमहरुलाई कार्यक्रममा समावेश गरिने छ।

**(२) सामाग्री तथा पुर्बाधार निर्माण सहयोग कार्यक्रमः** सामाग्री तथा पुर्बाधार निर्माण सहयोग कार्यक्रम अन्तर्गत गरिब, दलित, आदिबासीले परम्परागत रुपमा गर्दै आएका वा माग गरे अनुसारका पेशा ब्यबसयालाई आधुनिक मेशिन, उपकरण तथा सामुहिक कार्यस्थल वा पुर्बाधार निर्माणका लागि बस्तुगत सहयोग उपलब्ध गराउन सकिने छ ।

**(३) बित्तिय पहुच सहयोग कार्यक्रमः** लाभग्राहीको बित्तिय पहुचका लागि सहुलियत ब्याजदरमा ऋण उपलब्ध गराउन सहकारी मार्फत व्यवस्था गरिने छ ।

**(४) घुम्तिकोष परिचालनः** ग्रामिण क्षेत्रमा रहेका बिपन्न तथा गरिब बर्गको जिवन स्तरमा सुधार ल्याई वन, वातावरण तथा जैविक विविधता संरक्षणमा उनीहरुको योगदान अभिबृद्धि गर्न



नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

घुम्तिकोषको व्यवस्थाप गरिने छ । आयआर्जन एवंम जीविकोपार्जन लगाएत घुम्तिकोष मार्फत कार्यक्रम संचालन गर्ने चाहिने बीउ पुँजी नेपाल सरकार, प्रदेश सरकार, स्थानिय पालिका वा राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्था बाट अनुदान स्वरूप प्राप्त हुने अपेक्षा गरिएको छ ।

**(५) होम स्टे व्यवस्थापन तालिमः** काँक्रिविहार वन संरक्षण क्षेत्र वरपरका स्थानीय समुदायमा पर्यापर्यटन तथा प्रकृति-आधारित आयआर्जनका अवसर प्रवर्द्धन गर्ने उद्देश्यले होमस्टे व्यवस्थापनसम्बन्धी तालिम सञ्चालन गरिनेछ। यस तालिममार्फत आतिथ्य सत्कार, सरसफाइ, खाना तथा आवास व्यवस्थापन, आगन्तुक सेवा, स्थानीय संस्कृति प्रस्तुतिकरण तथा पर्यटकमैत्री व्यवहार सम्बन्धी ज्ञान र सीप अभिवृद्धि गराई स्थानीय समुदायलाई संरक्षण-मैत्री पर्यटन प्रवर्द्धनमा सहभागी गराइनेछ।

## ख) निजी तथा सार्वजनिक वन

यस काक्रेविहार वन संरक्षण क्षेत्रका वरिपरि रहेको स्थानिय बासिन्दाहरुको लागि स्थानिय सरकार संग समन्वय र सहयोगमा सार्वजनिक वन (विपन्न परिवारका लागि) र निजी वन कार्यक्रममा सहयोग कार्यक्रम सञ्चालन गरिनेछ । निजी वन प्रवर्धन गर्नका लागि निजी वन दर्ता गरी आवश्यक व्यस्थापनका कार्यहरु संचालन गर्न प्रोत्साहन गरिनेछ । यसका साथै वृक्षारोपण कार्यक्रम (सार्वजनिक वनः खाली, प्रतिचौर, सडक किनार) र निजी वन कार्यक्रमलाई विरुवा उपलव्ध गराई वृक्षारोपणमा सहयोग गर्नुका साथै कृषि वन प्रणालीलाई समेत प्रोत्साहन गरिने छ ।

## ग) पुर्वाधार निर्माण तथा संरक्षण

यस काक्रेविहार वन संरक्षण क्षेत्रका विकास र व्यवस्थापन गर्नका लागि स-साना तथा पुर्वाधार निर्माणका कार्यक्रम सञ्चालन गरिनेछ ।

- नदिखोलाले कटान गरेको क्षेत्रमा चेक ड्याम निर्माण,
- भू-तथा जलाधार व्यवस्थापन कार्यालयको सहयोगमा पोखरी निर्माण, बायो इन्जिनियरिङ प्रबिधिद्वारा भू-क्षय नियन्त्रण,
- सिमसारको मर्मत सम्भार,
- वन्यजन्तु उद्धार केन्द्र र मिनी चिडियाखाना निर्माण ।
- पानी टयांकी तथा वनभोज स्थल निर्माण



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

- योग तथा ध्यान केन्द्र निर्माण



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# परिच्छेद ९: वन पैदावार सङ्कलन, बिक्री वितरण तथा ओसारपसार

## क) काष्ठ वन पैदावार

काक्रेविहार वन संरक्षण क्षेत्रको चारकिल्ला भित्रको वनबाट उत्पादन हुन सक्ने बन पैदावारको परिमाण आँकलन गरी कार्ययोजनामा समावेश गरिएको छ । यो वन संरक्षण क्षेत्र भएको र मुख्य उद्देश्य जैविक विविधता, वन स्रोत, जलस्रोत र प्राकृतिक एवं धार्मिक सम्पदाको संरक्षण गर्ने, पर्यावरणीय सेवा प्रदान गर्ने रहेको हुँदा ढलापडा मात्र संकलन गर्न सिफारिस गरिएको छ । काक्रेविहार वन संरक्षण क्षेत्रको वनबाट ढलापडा मात्र संकलन गर्न प्रस्ताब गरिएको छ र यसरि संकलन भएको वन पैदावार वन संरक्षण क्षेत्र भित्रका उपभोक्ताहरुले घरकाजका लागि प्रयोग गर्न चाहेमा वन नियमावली २०७९ को नियम ४१ (४) अनुसार जिल्ला वन पैदावार आपूर्ति समितिले तोकेको दररेटमा उपलब्ध गराइने छ । प्राकृतिक विपत्ति (बाढी, पहिरो, हावा हुरी, हिमपात, आगजनी आदि का कारणले रूख ढसी हानि नोक्सानी वा सहने वा नासिने अवस्था आएमा त्यस्तो रुखको लगत लिई जिल्ला दैविक प्रकोप उद्धार समिति जिल्ला प्राकृतिक विपद व्यवस्थापन समिति को निर्णय साथ डिभिजनल वन अधिकृतको सिफारिसमा वन तथा भू-संरक्षण विभागले संकलन इजाजत दिनसक्नेछ। यसरी संकलन गर्न कार्ययोजनाले तोकेको वार्षिक संकलन परिमाणको हदले बाधा पुयाएको मानिने छैन। यस्तो अवस्थामा वनको वृद्धि मौज्दात Growing Stock को पुर्नआकलन गरी कार्ययोजनामा आवश्यक परिमार्जन गरि विभागमा पेश गर्नुपर्छ।

## ख) गैरकाष्ठ तथा अन्य वन पैदावार

काक्रेविहार वन संरक्षण क्षेत्रको वनबाट आवश्यकता र प्रचलित नियम र कानूनको परिधि भित्र रही सर्वेक्षण गरी गैह्रकास्ठ वन पैदावार संकलन गर्न सिफारिस गरिएको छ।

## ग) वातावरणीय सेवाको भुक्तानी

वन ऐन २०७६ को दफा ४४ ले वन क्षेत्रबाट प्राप्त हुने वातावरणीय सेवाको व्यवस्थापन, उपयोग तथा लाभांश वितरण सम्बन्धी व्यवस्था गरेको छ । उक्त ऐनले वन क्षेत्रबाट प्राप्त हुने कार्वन



महानिर्देशक
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

सह सचिव

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

संचिंति उत्सर्जन न्यूनिकरण बाहेक अन्य वातावरणीय सेवाको व्यवस्थापन, उपभोग तथा लाभांशको बाडँफाड सम्बन्धित वनको कार्ययोजनामा व्यबस्था भए अनुसार हुने उल्लेख छ भने जलविधुत, खानेपानी र पर्यापर्यटन लगायत अन्य निकाय वा उद्योगबाट वातावरणीय सेवा बापत प्राप्त हुने रकम र सो को व्यवस्थापन उपभोग तथा बाडँफाड तोकिए बमोजिम हुने बमोजिम उल्लेख भएको र सो सम्बन्धमा वन नियमावली २०७९ को नियम १०४ मा वातावरणीय सेवा खरिद गर्ने ले वातावरणीय सेवा व्यवस्थापन योजना तयार गरी डिभिजन वन कार्यालयबाट स्वीकृत भए बमोजिम गर्नुपर्ने व्यवस्था छ । यसरी वातावरणीय सेवा वापत प्राप्त रकमको ५० प्रतिसत रकम वातावरणीय सेवा अभिवृद्दि सम्बन्धी क्रियाकलापमा खर्च गरी बाँकी रकम सम्बन्धित क्षेत्रका बासिन्दाको आयआर्जन र वातावरणमैत्री सामुदायिक विकास कार्यक्रममा खर्च गर्न सक्ने व्यवस्था छ । अत, हालसम्म यस काक्रेविहार वन संरक्षण क्षेत्रबाट वातावरणीय सेवा वापत कुनै प्रकारको आम्दानी प्राप्त भएको छैन ।

वातावरणीय सेवा प्रदान गर्न चाहने निजी वन धनीले एकल वा सामुहिक रुपमा आपसमा जोडिएको जग्गा कम्तिमा २ हेक्टर क्षेत्रफलको निजी वनको व्यवस्थापन कार्ययोजना बनाई कार्यन्वयनमा ल्याएमा ऐनको दफा ४४ (२) अनुसार निजी वनको धनीलाई अनुदान दिन सक्ने व्यवस्था भए अनुसार काक्रेविहार वन संरक्षण क्षेत्रको प्रभाव क्षेत्र भित्र उल्लेखित मापदण्ड पुरा गरेका निजी वन धनीलाई अनुदानको व्यवस्था गरिने छ ।

## घ) वन कार्वन सेवा

वन ऐनको दफा ४४ (क) अनुसार जलवायु अनूकुलन र कार्वन संचिंति तथा उत्सर्जन न्यूनिकरणबाट प्राप्त लाभका हकमा नेपाल सरकारले निर्धारण गरे बमोजिम व्यस्थापन, उपभोग तथा लाभांशको बाडफाँड हुनेछ भनी उल्लेख भएको र नियम १०७ ले कार्वन व्यापारबाट प्राप्त लाभको कम्तिमा ८० प्रतिसत रकम अर्थ मन्त्रालय मार्फत वन विकास कोषमा जम्मा गरी कार्यक्रम लागु भएका क्षेत्रका स्थानिय तह, सम्बन्धित निजी वन धनी, वन उपभोक्ता समुह र प्रभावित स्थानिय समुदायको सहभागितामा लाभको बाडफाँड सम्बन्धी योजना तयार गरी नेपाल सरकार, प्रदेश सरकार, स्थानिय तह, उपभोक्ता समुह, स्थानिय समुदाय तथा निजी वन धनी बिच बाडँफाड गर्नु पर्ने व्यवस्था भएकोले यस कार्ययोजनामा कार्वन उत्सर्जन कम गर्ने र कार्वन संचिंति बढाउने



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

कार्यक्रमहरु (जस्तै वृक्षारोपण, आगलागि नियन्त्रण, वन संरक्षण एवंम व्यवस्थापन, अतिक्रमण नियन्त्रण जस्ता कार्यक्रमहरु) मात्र प्रस्ताव गरिएको छ ।

यस काक्रेविहार वन संरक्षण क्षेत्रको व्यवस्थापनका लागि आवश्यकता अनुसार वन कार्वन सेवाका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**जलवायु परिवर्तन न्यूनीकरण र कार्वन संचिति**

जलवायु परिवर्तनका कारण पृथ्वीको तापक्रम दिनानुदिन बढिरहेको छ भने अर्को तर्फ वन तथा जैविक विविधतामा समेत धेरै नकारात्मक प्रभावहरू परिरहेका छन । अत, जलवायु परिवर्तनको समस्या बढ्दै गएमा वनको उत्पादन क्षमतामा घट्ने तथा जलवायु परिवर्तनका नकारात्मक प्रभावहरूलाई न्यूनीकरण गर्नको लागि वनको दिगो व्यवस्थापन गरी वनमा कार्बनको सञ्चिति बढाउन आवश्यक छ । आगामी योजनामा जलवायु परिवर्तनलाई न्यूनीकरण गर्न र कार्वन सञ्चिति बढाउनको लागि देहायका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

- वृक्षारोपण कार्यक्रमलाई अभियानको रुपमा लैजानको लागि स्थान विशिष्ट विरुवाहरू व्यापक मात्रामा उत्पादन गर्नुका साथै नपुग विरुवाहरू खरिद गरेर वितरण गरिनेछ ।
- यस वनका स्थानिय समुदायहरुलाई आफ्ना निजी जग्गाहरूमा विरुवाहरू रोपी संरक्षण र व्यवस्थापन गर्न प्रोत्साहित गरिने छ ।
- सार्वजनिक जग्गामा समेत स्थानिय तह तथा नागरिक समाजसंग समन्वय गरी वृक्षारोपण गरी संरक्षण र व्यवस्थापन गरिने छ ।
- सिमसार क्षेत्रहरूको संरक्षण र समुचित व्यवस्थापन गरिनेछ । वैकल्पिक उर्जा प्रवर्धनमा जोड दिइने छ ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

सह सचिव

# परिच्छेद १०: पर्यापर्यटन विकास तथा व्यवस्थापन योजना

कँक्रेविहार वन संरक्षण क्षेत्र प्राकृतिक सौन्दर्य, हरित वातावरण, धार्मिक तथा सांस्कृतिक महत्व, ऐतिहासिक पहिचान तथा जैविक विविधताले समृद्ध क्षेत्र भएकाले पर्यापर्यटन विकासका लागि उपयुक्त सम्भावना बोकेको छ। यस क्षेत्रको पर्यापर्यटन विकासलाई केवल भ्रमण वा मनोरञ्जनमा सीमित नराखी संरक्षण, शिक्षा, अनुसन्धान, स्थानीय आर्थिक विकास तथा समुदाय-आधारित सहभागितासँग आबद्ध गरी अगाडि बढाउन आवश्यक देखिन्छ। विशेषगरी यस क्षेत्रभित्र रहेको वन्यजन्तु उद्धार केन्द्र, विकास गर्न सकिने होमस्टे सेवा, तथा वनस्पति उद्यान, मिनी जू लाई एकीकृत रूपमा पर्यटकीय आकर्षणका रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ।

वन्यजन्तु उद्धार केन्द्रले घाइते, द्वन्द्वग्रस्त वा उद्धार गरिएका वन्यजन्तुको संरक्षण, उपचार तथा व्यवस्थापनमा सहयोग पुऱ्याउनुका साथै संरक्षण शिक्षा र जनचेतना अभिवृद्धिको माध्यमका रूपमा समेत भूमिका निर्वाह गर्न सक्छ। त्यसैगरी, वनस्पति उद्यानमार्फत वनस्पति विविधताको संरक्षण, अध्ययन-अवलोकन तथा वातावरणीय शिक्षा प्रवर्द्धन गर्न सकिन्छ भने मिनी जूलाई पनि संरक्षण-शिक्षा, अवलोकन र आगन्तुक आकर्षणको सहायक संरचनाका रूपमा व्यवस्थापन गर्न सकिन्छ। यिनै पक्षलाई स्थानीय समुदायमा आधारित होमस्टे कार्यक्रम, स्थानीय संस्कृति, खानाका परिकार, हस्तकला तथा आतिथ्य सेवासँग आबद्ध गरिएमा कँक्रेविहार क्षेत्रलाई संरक्षण-मैत्री, शैक्षिक, धार्मिक-सांस्कृतिक तथा समुदायमा-आधारित पर्यापर्यटन गन्तव्यका रूपमा विकास गर्न सकिन्छ।

यसका लागि पर्यटकमैत्री तर संरक्षण-अनुकूल पूर्वाधार विकास, आगन्तुक व्यवस्थापन, सरसफाइ तथा फोहोर व्यवस्थापन, सूचना तथा व्याख्या प्रणाली, क्षमता अभिवृद्धि तथा स्थानीय तह र सरोकारवालासँग समन्वयमा योजनाबद्ध कार्यक्रम सञ्चालन गर्नु आवश्यक देखिन्छ। पर्यापर्यटन विकास गर्दा वन क्षेत्र, वन्यजन्तु, धार्मिक-सांस्कृतिक सम्पदा तथा प्राकृतिक वातावरणमाथि प्रतिकूल प्रभाव नपर्ने गरी दिगो र मर्यादित व्यवस्थापन प्रणाली अवलम्बन गरिनेछ।



महानिर्देशक

सह सचिव

वन नियमावली २०७९ को नियम ४१ (३) मा वन संरक्षण क्षेत्रमा कार्ययोजनामा उल्लेख भए बमोजिम पर्यापर्यटनका कार्यक्रम संचालन गर्न सकिने र यसरी पर्यापर्यटन गतिबिधि संचालन गर्दा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड बमोजिम गर्नुपर्ने व्यवस्था रहेको छ । काक्रेविहार वन संरक्षण क्षेत्र भित्र पर्ने मन्दिर तथा हरित आवरण क्षेत्रहरुलाई पर्यापर्यटन क्षेत्रको रुपमा विकास गर्न सकिने कार्यक्रममा समावेश गरिएको छ ।

**प्रमुख क्रियाकलापहरू**

- काँक्रेविहार वन संरक्षण क्षेत्रको पर्यापर्यटन सम्भावना अध्ययन गरी सोको आधारमा पर्यापर्यटन विकास तथा व्यवस्थापन योजना तयार गर्ने।
- वन्यजन्तु उद्धार केन्द्रलाई संरक्षण शिक्षा, जनचेतना तथा पर्यटक आकर्षणसँग आबद्ध गरी व्यवस्थित अवलोकन तथा सूचना प्रवाह प्रणाली विकास गर्ने।
- वनस्पति उद्यान स्थापना/विकास गरी स्थानीय तथा महत्वपूर्ण वनस्पति प्रजातिको संरक्षण, प्रदर्शन, अध्ययन र अवलोकनको व्यवस्था गर्ने।
- मिनी जू स्थापना गरी संरक्षण-शिक्षा तथा आगन्तुक व्यवस्थापनका दृष्टिले व्यवस्थित गरी पर्यापर्यटनको सहायक आकर्षणका रूपमा विकास गर्ने।
- फुट ट्रेल, वातावरण मैत्री बनभोज तथा क्यम्पिंग स्थल प्रवर्द्धन गर्ने।
- स्थानीय समुदायको सहभागितामा होमस्टे प्रवर्द्धन गरी आतिथ्य सत्कार, सरसफाइ, खाना, आवास तथा पर्यटक सेवा सम्बन्धी तालिम सञ्चालन गर्ने।
- स्थानीय संस्कृति, परम्परा, खानाका परिकार, हस्तकला तथा स्थानीय उत्पादनलाई पर्यापर्यटनसँग जोड्ने कार्यक्रम सञ्चालन गर्ने।
- पदमार्ग, विश्रामस्थल, ध्यान केन्द्र, संकेत चिह्न, सूचना पाटी, व्याख्यात्मक सामग्री तथा अन्य न्यूनतम पर्यटक-मैत्री पूर्वाधार संरक्षण-अनुकूल ढंगले विकास गर्ने।
- सरसफाइ, फोहोर व्यवस्थापन, प्लाष्टिक न्यूनीकरण तथा हरियाली प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने।
- आगन्तुक व्यवस्थापन, आचारसंहिता, वहन क्षमता र संवेदनशील क्षेत्रको संरक्षणलाई ध्यानमा राखी पर्यटन गतिविधि सञ्चालन गर्ने।
- स्थानीय तह, पर्यटनसँग सम्बन्धित निकाय, समुदाय तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गरी पर्यापर्यटन प्रवर्द्धन गर्ने।
- कार्यक्रमको नियमित अनुगमन, मूल्यांकन तथा आवधिक समीक्षा गरी आवश्यक सुधारात्मक उपाय अवलम्बन गर्ने।



महानिर्देशक

सह सचिव

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

# परिच्छेद ११: अध्ययन अनुसन्धान तथा क्षमता विकास योजना

यस काक्रेविहार वन संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्था अझ प्रभावकारी बनाउनका लागि यससंग सम्बन्धित अध्ययन अनुसन्धान कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- वन सम्बन्धी अनुसन्धानका विषयहरुमा विश्वविद्यालय, शैक्षिक संस्था तथा अनुसन्धानमूलक निकायहरुसंग सहकार्य र समन्वय गरी पहिचान गर्ने,
- वन क्षेत्रका कार्यमूलक अनुसन्धान कार्यहरुमा डिभिजन वन कार्यालय, स्थानिय समुदाय, वन उपभोक्ता समूह, संघसंस्था आदि परिचालन गरी संचालन गर्ने,
- स्थानिय अर्थतन्त्रमा योगदान पुर्याउने र रोजगारी सिर्जना गर्न सक्ने कार्यहरूको अनुसन्धानलाई प्राथमिकताका साथ संचालन गर्ने,
- वातावरणीय दृष्टिले संवेदनशील वनक्षेत्र, संकटापन्न प्राणी तथा वनस्पति प्रजाति, वातावरणीय सेवा तथा जलाधार क्षेत्रहरुको अध्ययन अनुसन्धान गर्ने,
- वन तथा वातावरणीय क्षेत्रको अध्ययन अनुसन्धान र प्राप्त तथ्याङ्क सूचनाहरुलाई सर्वसाधारण तथा सरोकारवाला समक्ष प्रवाह गर्न वन सूचना तथ्याङ्क प्रवाह गर्ने,
- विश्वविद्यालय, शैक्षिक संस्था तथा अनुसन्धानमूलक निकायहरुसंग सहकार्य र समन्वय गरी काक्रेविहार वन संरक्षण क्षेत्रमा अनुसन्धानमा प्रोत्शाहन गर्ने ।

**क्षमता विकास योजना**

कर्मचारीहरुका लागि क्षमता विकास कार्यक्रमः यो कार्ययोजनाको प्रभावकारी कार्यन्वयन गर्न कर्मचारीको क्षमता बृद्धि गर्न भू-परिधि स्तरिय व्यवस्थापन, वन, वन्यजन्तु, जैविक विविधता तथा जलवायु परिवर्तन, कार्बन संचिति जस्ता समसामयिक महत्वपुर्ण बिषयहरुमा तालिम दिइनेछ ।

समुदायका लागि क्षमता विकास कार्यक्रमः यस वनसंग सरोकार भएका समुदाय, स्थानिय जनप्रतिनिधि र सर्वसाधारणलाई समेत चेतनामुलक र क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिने छ ।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

# परिच्छेद १२: कार्यान्वयनको लागि संस्थागत प्रबन्ध

### संस्थागत संरचना

काँक्रिविहार वन संरक्षण क्षेत्रको संरक्षण, संवर्द्धन, व्यवस्थापन तथा यस कार्ययोजनामा प्रस्तावित कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि बहुसरोकारवाला सहभागितामा आधारित संस्थागत संरचना कायम गरिनेछ। यसअन्तर्गत नीतिगत मार्गदर्शन, उच्चस्तरीय समन्वय तथा दीर्घकालीन दिशा निर्धारणका लागि काँक्रिविहार वन संरक्षण क्षेत्र परिषद्, कार्यक्रम व्यवस्थापन, प्राथमिकता निर्धारण, स्रोत परिचालन तथा अनुगमनका लागि व्यवस्थापन समिति र स्वीकृत कार्यक्रमहरूको दैनिक, प्राविधिक तथा स्थलगत कार्यान्वयनका लागि कार्यान्वयन इकाइ रहनेछन्।

यी संरचनाले प्रचलित वनसम्बन्धी कानून, प्रदेश तथा स्थानीय सरकारका नीति, स्वीकृत कार्ययोजना तथा सम्बन्धित निकायबाट प्राप्त निर्देशनको अधीनमा रही कार्य गर्नेछन्। परिषद्, व्यवस्थापन समिति र कार्यान्वयन इकाइबीच नीति निर्धारण, कार्यक्रम स्वीकृति, कार्यान्वयन, अनुगमन, प्रतिवेदन तथा उत्तरदायित्वको स्पष्ट तहगत सम्बन्ध कायम गरिनेछ।

### काँक्रिविहार वन संरक्षण क्षेत्र परिषद्को गठन

काँक्रिविहार वन संरक्षण क्षेत्रको संरक्षण तथा व्यवस्थापनसँग प्रत्यक्ष सरोकार राख्ने सरकारी निकाय, स्थानीय तह, सामुदायिक संस्था, स्थानीय समुदाय, नागरिक समाज तथा वन तथा वातावरण क्षेत्रमा कार्यरत संस्थाको सहभागितामा देहायबमोजिमको २१ सदस्यीय काँक्रिविहार वन संरक्षण क्षेत्र परिषद् गठन वा पुनर्गठन गरिनेछ। प्रस्तावित संरचनामा जिल्ला समन्वय समिति, नगरपालिका, सम्बन्धित वडा, सामुदायिक वन, टोल विकास समिति, विषयगत सरकारी कार्यालय, नागरिक समाज तथा वन-वातावरण क्षेत्रमा कार्यरत संस्थाको प्रतिनिधित्व समेटिएको छ।

| | |
|---|---|
| **जिल्ला समन्वय प्रमुख तथा उपप्रमुख** | २ |
| नगर प्रमुख तथा उपप्रमुख | २ |
| वडा नं. ९ का वडा अध्यक्ष तथा महिला वडा सदस्य | २ |

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | |
|---|---|
| वडा नं. १० का वडा अध्यक्ष तथा महिला वडा सदस्य | २ |
| छिमेकी सामुदायिक वनका अध्यक्षहरू मध्ये | १ |
| स्थानीय / टोल विकास समिति अध्यक्ष | १ |
| कृषि तथा वातावरण हेर्ने पालिका संयोजक मध्ये | १ |
| डिभिजनल वन अधिकृत | १ |
| सम्बन्धित सब-डिभिजन वन अधिकृत | १ |
| मन्त्रालयको अधिकृत प्रतिनिधि (वन तथा जैविक विविधता शाखा प्रमुख) | १ |
| निर्देशनालयको अधिकृत प्रतिनिधि (वन तथा वन्यजन्तु संरक्षण शाखा प्रमुख) | १ |
| भू तथा जलाधार व्यवस्थापन कार्यालयका प्रमुख वा अधिकृत प्रतिनिधि | १ |
| कृषि विकास निर्देशनालय प्रमुख वा तोकेको प्रतिनिधि | १ |
| पशु स्वास्थ्य केन्द्र प्रमुख वा निजले तोकेको प्रतिनिधि | १ |
| सामुदायिक वन उपभोक्ता महासंघ | १ |
| स्थानिय बुद्धिजिवि समाजसेवी | १ |
| वन तथा वातावरण क्षेत्रमा काम गर्ने संघ/संस्था | १ |

परिषद्ले आफ्नो कार्य संचालनार्थ कार्यसमिति गठन गर्न सक्नेछ । कार्यसमितिका सदस्य परिषद्का सदस्यहरूमध्येबाट सर्वसम्मत रूपमा चयन गरिनेछ। सर्वसम्मति हुन नसकेमा उपस्थित सदस्यहरूको



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

बहुमतबाट चयन गरिनेछ। मतदान हुने अवस्थामा परिषदका पदेन सदस्य निर्वाचनमा संलग्न हुन पाउने छैनन् । डिभिजनल वन अधिकृत परिषद्को सदस्य-सचिव रहनेछन्। परिषद् गठन गर्दा महिला, आदिवासी जनजाति, स्थानीय समुदाय, धार्मिक तथा सांस्कृतिक सरोकारवाला र संरक्षण क्षेत्र वरपरका बासिन्दाको समावेशी प्रतिनिधित्वलाई प्राथमिकता दिइनेछ।

**परिषद्को काम, कर्तव्य र अधिकार**

- वन संरक्षण क्षेत्रको संरक्षण, व्यवस्थापन, विकास तथा दीगो उपयोगसम्बन्धी दीर्घकालीन दृष्टिकोण, नीति र रणनीतिक दिशा निर्धारण गर्ने।
- कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संस्थागत, व्यवस्थापकीय तथा समन्वयात्मक व्यवस्था निर्धारण गर्ने।
- वार्षिक तथा आवधिक योजना, कार्यक्रम र बजेटका सिद्धान्त, प्राथमिकता तथा कार्यदिशा निर्धारण गर्ने।
- व्यवस्थापन समिति र कार्यान्वयन इकाइको गठन, पुनर्गठन तथा परिचालन गर्ने।
- व्यवस्थापन समिति र कार्यान्वयन इकाइबाट पेश भएका योजना, प्रतिवेदन, सुझाव तथा सिफारिसमाथि छलफल गरी आवश्यक निर्णय गर्ने।
- वन तथा जैविक विविधता संरक्षण, पर्यापर्यटन, धार्मिक-सांस्कृतिक तथा पुरातात्त्विक सम्पदा संरक्षण, वन्यजन्तु उद्धार केन्द्र, बोटानिकल गार्डेन, मिनी जू, होमस्टे तथा समुदायमा आधारित कार्यक्रमसम्बन्धी नीतिगत मार्गदर्शन गर्ने।
- संघ, प्रदेश र स्थानीय सरकार तथा अन्य सरकारी, गैरसरकारी, शैक्षिक, निजी र दातृ निकायसँग समन्वय गरी आवश्यक स्रोतसाधन जुटाउन पहल गर्ने।
- कार्ययोजना कार्यान्वयनका क्रममा देखिएका जटिल नीतिगत विषय, अन्तरनिकाय समस्या तथा महत्वपूर्ण विवाद समाधानका लागि आवश्यक निर्णय गर्ने।
- संरक्षण र विकासका कार्यक्रमबीच सन्तुलन कायम गर्ने।
- कार्ययोजनाको प्रगति, प्रभावकारिता, उपलब्धि र दीगोपनाको आवधिक समीक्षा गर्ने।
- आवश्यकतानुसार कार्ययोजना पुनरावलोकन, अद्यावधिक वा संशोधनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने।
- प्रचलित कानून तथा स्वीकृत कार्ययोजनाबमोजिम अन्य आवश्यक कार्य गर्ने।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

काक्रेविहार वन संरक्षण क्षेत्रको संस्थागत संरचना




**चित्र नं २ संस्थागत संरचना**

काक्रेविहार वन संरक्षण क्षेत्र डिभिजन वन कार्यालय सुर्खेत अन्तर्गत पर्ने हुँदा बार्षिक योजना तर्जुमा गर्दा डिभिजन वन कार्यालय अन्तर्गत काक्रेविहारको चार किल्ला भित्र पर्ने विरेन्द्रनगर सव-डिभिजन भित्रका सामुदायिक वन समुहबाट परिषदमा छनौट भईं आएका प्रतिनिधि, टोल विकास समितिका प्रतिनिधि, नगरपालिकाका प्रतिनिधिहरु, वन वातावरण क्षेत्रमा काम गर्ने स्थानिय गैह्रसरकारी निकायका प्रतिनिधि, विषयगत सरकारी निकायका प्रतिनिधि समेतको सहभागितामा डिभिजन स्तरिय वन संरक्षण क्षेत्रको बार्षिक योजना तयार गरीने छ । बार्षिक कार्यक्रम कार्यान्वयन गर्ने कार्य



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

कार्यान्वयन इकाईको हुने छ । परिषद आफैले कार्यान्ययन गर्ने कार्यक्रम छुटा-छुट्टै बनाउनुपर्ने छ ।

### १२.४ व्यवस्थापन समितिको गठन

परिषद्को निर्णय तथा नीतिगत निर्देशनको कार्यान्वयन, वार्षिक कार्यक्रम व्यवस्थापन, समन्वय र अनुगमनका लागि देहायबमोजिमको ११ सदस्यीय व्यवस्थापन समिति रहनेछ। प्रस्तावित संरचनाअनुसार नगर प्रमुख अध्यक्ष र डिभिजनल वन अधिकृत सदस्य-सचिव रहने व्यवस्था गरिएको छ।

| क्रम संख्या | पद | संस्था | सदस्य संख्या |
|---|---|---|---|
| १ | अध्यक्ष | नगर प्रमुख | १ |
| २ | सदस्य | वडा नं ९ का वडा अध्यक्ष | १ |
| ३ | सदस्य | वडा नं १० का वडा अध्यक्ष | १ |
| ४ | सदस्य | स्थानिय टोल विकास समितिका अध्यक्ष | १ |
| ५ | सदस्य | सामुदायिक वनका अध्यक्ष | १ |
| ६ | सदस्य | नगरपालिकाको कृषी तथा वन समितिका संयोजक | १ |
| ७ | सदस्य | परिषदका महिला सदस्य मध्येबाट | २ |
| ८ | सदस्य | मन्त्रालयका अधिकृत प्रतिनिधी | १ |
| ९ | सदस्य | निर्देशनालयका अधिकृत प्रतिनिधी | १ |
| १० | सदस्य सचिब | डिभिजनल वन अधिकृत | १ |

सह सचिव
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## १२.५ व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार

- परिषदबाट निर्धारित नीति, प्राथमिकता तथा निर्देशनबमोजिम कार्ययोजनाको कार्यान्वयन व्यवस्थापन गर्ने।
- कार्यान्वयन इकाइबाट प्राप्त वार्षिक योजना, कार्यक्रम, बजेट तथा कार्यतालिकामाथि छलफल गरी स्वीकृतिका लागि सम्बन्धित निकायमा पेश गर्ने।
- स्वीकृत कार्यक्रमहरूको कार्यान्वयन प्राथमिकता निर्धारण गर्ने।
- कार्यान्वयन इकाइलाई आवश्यक प्राविधिक, प्रशासनिक तथा व्यवस्थापकीय निर्देशन दिने।
- कार्ययोजनाको प्रगति, उपलब्धि, खर्च, समस्या तथा चुनौतीहरूको नियमित समीक्षा गर्ने।
- संरक्षण, पर्यापर्यटन, पूर्वाधार, वन्यजन्तु उद्धार, सांस्कृतिक सम्पदा, बोटानिकल गार्डेन, मिनी जू, होमस्टे तथा समुदायमा आधारित कार्यक्रमहरूको अनुगमन गर्ने।
- कार्यान्वयन इकाइबाट प्राप्त प्रगति प्रतिवेदन, आर्थिक विवरण तथा अनुगमन प्रतिवेदनमाथि छलफल गरी सुधारात्मक निर्देशन दिने।
- सरकारी निकाय, स्थानीय तह, समुदाय, सुरक्षा निकाय तथा अन्य सरोकारवालाबीच समन्वय र सहकार्य सुदृढ गर्ने।
- स्रोतसाधनको प्रभावकारी, मितव्ययी तथा पारदर्शी उपयोग सुनिश्चित गर्ने।
- आवश्यकतानुसार विषयगत उपसमिति, प्राविधिक कार्यदल वा विशेषज्ञ समूह गठन गर्ने।
- कार्यान्वयनका क्रममा देखिएका व्यवस्थापकीय समस्या तथा विवाद समाधान गर्ने।
- परिषद्समक्ष आवधिक प्रगति प्रतिवेदन र आवश्यक सिफारिस पेश गर्ने।
- प्रचलित कानून, परिषद्को निर्देशन र स्वीकृत कार्ययोजनाबमोजिम अन्य आवश्यक कार्य गर्ने।

## १२.६ कार्यान्वयन इकाइको गठन

स्वीकृत कार्यक्रमहरूको दैनिक, प्राविधिक तथा स्थलगत कार्यान्वयनका लागि देहायबमोजिमको ५ सदस्यीय कार्यान्वयन इकाइ रहनेछ। प्रस्तावित संरचनाअनुसार डिभिजनल वन अधिकृत संयोजक र सम्बन्धित सब-डिभिजन वन कार्यालयका अधिकृत सदस्य-सचिव रहनेछन्।

| क्रम संख्या | पद | विवरण |
|---|---|---|
| | | |



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| १ | संयोजक | डिभिजनल वन अधिकृत |
| २ | सदस्य | वडा नं ९ का वडा अध्यक्ष |
| ३ | सदस्य | वडा नं १० का वडा अध्यक्ष |
| ४ | सदस्य | महिला सदस्य मध्येबाट |
| ५ | सदस्य सचिब | सवडिभिजन वन कार्यालयका अधिकृत |

डिभिजनल वन अधिकृतले परिषदको कार्यालय एवंम सदस्य-सचिव तोक्ने छ । परिषदको साधारण सभाले दिएको नीति निर्देशनको परिधि भित्र रही बार्षिक कार्यक्रम तयार गरी स्वीकृतिको लागि डिभिजन वन कार्यालयमा पेश गरी स्वीकृत भए अनुसार कार्यान्वयन गर्न डिभिजन वन कार्यालय लगायत अन्य सरोकारवाला निकायहरुसंग समन्वय गरी कार्यान्वयन गर्ने गराउने हुनेछ ।

### १२.७ कार्यान्वयन इकाइको काम, कर्तव्य र अधिकार

- परिषद् र व्यवस्थापन समितिबाट स्वीकृत नीति, योजना, कार्यक्रम तथा बजेटबमोजिम कार्ययोजनाका क्रियाकलाप कार्यान्वयन गर्ने।
- वार्षिक कार्ययोजना, कार्यक्रम, बजेट र कार्यतालिका तयार गरी व्यवस्थापन समितिसमक्ष पेश गर्ने।
- वन तथा जैविक विविधता संरक्षण, अतिक्रमण नियन्त्रण, वन डढेलो व्यवस्थापन, पर्यापर्यटन, धार्मिक-सांस्कृतिक सम्पदा संरक्षण, वन्यजन्तु उद्धार केन्द्र, बोटानिकल गार्डेन, मिनी जू, होमस्टे, तालिम तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यक प्राविधिक, प्रशासनिक, वित्तीय तथा स्थलगत व्यवस्था मिलाउने।
- स्वीकृत कार्यक्रम तथा बजेटको सीमाभित्र रही खर्च व्यवस्थापन गर्ने।
- कार्यक्रम, खर्च, सम्पत्ति, जिन्सी सामग्री, निर्णय तथा प्रगतिको नियमित अभिलेख राख्ने।
- मासिक, त्रैमासिक तथा वार्षिक प्रगति प्रतिवेदन र आर्थिक विवरण तयार गरी व्यवस्थापन समितिसमक्ष पेश गर्ने।



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- स्थानीय तह, समुदाय, सुरक्षा निकाय, सामुदायिक वन, धार्मिक तथा सांस्कृतिक संस्था, पर्यटन व्यवसायी र अन्य साझेदारसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने।
- स्थलगत अनुगमन, निरीक्षण, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण गर्ने।
- निषेधित वा गैरकानुनी गतिविधि देखिएमा प्रारम्भिक सूचना तथा प्रमाण संकलन गरी प्रचलित कानूनबमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा पेश गर्ने।
- कार्यान्वयनमा देखिएका समस्या, चुनौती तथा सुधारका आवश्यकता पहिचान गरी व्यवस्थापन समितिसमक्ष प्रस्ताव पेश गर्ने।
- परिषद् तथा व्यवस्थापन समितिका निर्णय कार्यान्वयन गर्ने र कार्यान्वयनको अवस्थाबारे जानकारी गराउने।
- प्रचलित कानून, स्वीकृत योजना तथा प्रत्यायोजित अधिकारको सीमाभित्र रही आवश्यक कार्यसम्पादन गर्ने।

### १२.८ पदावधि

पदेन सदस्यबाहेक परिषद्का सदस्यको पदावधि पाँच वर्षको हुनेछ। पदेन सदस्यबाहेक व्यवस्थापन समिति तथा कार्यान्वयन इकाइका सदस्यको पदावधि पाँच वर्षको हुनेछ। पदेन सदस्यको प्रतिनिधित्व सम्बन्धित पदमा बहाल रहेसम्म कायम रहनेछ। मनोनित वा चयन भएका सदस्यलाई एक कार्यकालका लागि पुनः मनोनयन वा चयन गर्न सकिनेछ। कुनै संस्था वा निकायबाट प्रतिनिधित्व गर्ने सदस्यको सरुवा, पद परिवर्तन वा जिम्मेवारी परिवर्तन भएमा सम्बन्धित निकायले अर्को प्रतिनिधि तोक्न सक्नेछ। विषयगत उपसमिति वा कार्यदलको पदावधि बढीमा एक वर्ष वा तोकिएको कार्य सम्पन्न नभएसम्म रहनेछ।

### १२.९ पद रिक्त हुने अवस्था

देहायको अवस्थामा परिषद्, व्यवस्थापन समिति वा कार्यान्वयन इकाइको सदस्य पद रिक्त भएको मानिनेछः

- लिखित राजीनामा स्वीकृत भएमा;
- पदावधि समाप्त भएमा;
- मृत्यु भएमा;
- सम्बन्धित पद वा संस्थाको प्रतिनिधित्व समाप्त भएमा;



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

- मनासिब कारणबिना लगातार तीनवटा बैठकमा अनुपस्थित भएमा;
- नैतिक पतन देखिने फौजदारी कसुरमा अदालतबाट दोषी ठहर भएमा;
- परिषद् वा कार्ययोजनाको हितविपरीत कार्य गरेको प्रमाणित भएमा;
- आर्थिक हिनामिना वा पदको दुरुपयोग गरेको प्रमाणित भएमा;
- स्थायी रूपमा सम्बन्धित क्षेत्रबाहिर बसाइँ सरेमा।

रिक्त पदमा बाँकी अवधिका लागि सोही क्षेत्र, संस्था वा समूहबाट अर्को प्रतिनिधि चयन वा मनोनयन गरिनेछ।

### १२.१० राजीनामासम्बन्धी व्यवस्था

परिषद्, व्यवस्थापन समिति वा कार्यान्वयन इकाइका मनोनित वा चयन भएका सदस्यले परिषद्का अध्यक्षसमक्ष लिखित राजीनामा दिन सक्नेछन्। परिषद्का अध्यक्षले परिषद्को बैठकसमक्ष राजीनामा पेश गर्नेछन्। राजीनामा सम्बन्धित निकाय वा बैठकबाट स्वीकृत भएपछि मात्र पद रिक्त भएको मानिनेछ। पदेन सदस्यको हकमा सम्बन्धित पदबाट हटेपछि वा सरुवा भएपछि सदस्यता स्वतः समाप्त हुनेछ।

### १२.११ बैठकसम्बन्धी व्यवस्था

**परिषद्को बैठक**

- परिषद्को बैठक सामान्यतया प्रत्येक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ।
- आवश्यकता अनुसार अध्यक्षले विशेष बैठक बोलाउन सक्नेछन्।
- कम्तीमा एकतिहाइ सदस्यले लिखित रूपमा माग गरेमा अध्यक्षले विशेष बैठक बोलाउनुपर्नेछ।
- बैठकको मिति, समय, स्थान र कार्यसूची कम्तीमा सात दिनअघि सदस्यहरूलाई उपलब्ध गराइनेछ।
- आकस्मिक बैठकको हकमा कम्तीमा चौबीस घण्टाअघि सूचना दिन सकिनेछ।
- बैठकको अध्यक्षता परिषद्का अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछन्।
- बैठकको निर्णय तथा अभिलेख सदस्य-सचिवले प्रमाणित गर्नेछन्।

**व्यवस्थापन समितिको बैठक**

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- व्यवस्थापन समितिको बैठक कम्तीमा प्रत्येक दुई महिनामा एकपटक बस्नेछ।
- आवश्यकतानुसार अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बैठक बोलाउनेछन्।
- बैठकको सूचना कम्तीमा तीन दिनअघि उपलब्ध गराइनेछ।
- आकस्मिक विषयमा छोटो सूचनामा बैठक बोलाउन सकिनेछ।
- बैठकको अध्यक्षता समितिका अध्यक्षले गर्नेछन्।

**कार्यान्वयन इकाइको बैठक**

- कार्यान्वयन इकाइको बैठक सामान्यतया प्रत्येक महिना कम्तीमा एकपटक बस्नेछ।
- कार्यक्रम कार्यान्वयनको आवश्यकता अनुसार थप बैठक बस्न सक्नेछ।
- संयोजकको निर्देशनमा सदस्य-सचिवले बैठक बोलाउनेछन्।
- इकाइले कार्यक्रमको प्रगति, खर्च, समस्या, अनुगमन निष्कर्ष तथा आगामी कार्यको नियमित समीक्षा गर्नेछ।

## १२.१२ गणपूरक सङ्ख्या

परिषद्को बैठकका लागि तत्काल कायम रहेका कुल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित हुनुपर्नेछ। व्यवस्थापन समिति र कार्यान्वयन इकाइको बैठकका लागि कुल सदस्य सङ्ख्याको बहुमत सदस्य उपस्थित हुनुपर्नेछ।गणपूरक सङ्ख्या नपुगेमा बैठक स्थगित गरी पुनः बैठक बोलाइनेछ। पुनः बोलाइएको बैठकमा पनि गणपूरक सङ्ख्या नपुगेमा प्रचलित कानून र परिषद्बाट स्वीकृत कार्यविधिबमोजिम निर्णय गरिनेछ।

## १२.१३ निर्णय प्रक्रिया

परिषद्, व्यवस्थापन समिति तथा कार्यान्वयन इकाइले सकेसम्म सर्वसम्मतिबाट निर्णय गर्नेछन्। सर्वसम्मति कायम हुन नसकेमा उपस्थित सदस्यहरूको बहुमतबाट निर्णय गरिनेछ।मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछन्। कुनै सदस्यको प्रत्यक्ष व्यक्तिगत, पारिवारिक वा संस्थागत स्वार्थ जोडिएको विषयमा सो सदस्य निर्णय प्रक्रियामा सहभागी हुन पाउने छैन। बैठकका निर्णय निर्णय पुस्तिकामा स्पष्ट रूपमा अभिलेख गरी अध्यक्ष र सदस्य-सचिवले प्रमाणित गर्नेछन्। सार्वजनिक सरोकारका प्रमुख निर्णयहरू सूचना पाटी, कार्यालय वा उपयुक्त सञ्चार माध्यमबाट सार्वजनिक गरिनेछ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

## १२.१४ वार्षिक योजना तथा बजेट तर्जुमा

कार्यान्वयन इकाइले स्थानीय समुदाय, सम्बन्धित वडा, स्थानीय तह, सामुदायिक वन, विषयगत कार्यालय तथा अन्य सरोकारवालासँग परामर्श गरी वार्षिक कार्यक्रम प्रस्ताव तयार गर्नेछ। प्रस्तावित कार्यक्रमलाई आवश्यकता, संरक्षणीय संवेदनशीलता, उपलब्ध स्रोत, कार्ययोजनाको प्राथमिकता र अपेक्षित परिणामका आधारमा प्राथमिकीकरण गरिनेछ। कार्यान्वयन इकाइले तयार गरेको वार्षिक योजना, कार्यक्रम, बजेट तथा कार्यतालिका व्यवस्थापन समितिमा पेश गर्नेछ। व्यवस्थापन समितिले समीक्षा गरी आवश्यक संशोधनसहित परिषद् वा सम्बन्धित स्वीकृत निकायमा पेश गर्नेछ। स्वीकृत कार्यक्रम तथा बजेटबाहेकका क्रियाकलाप सञ्चालन गर्नुपरेमा सम्बन्धित निकायबाट पूर्वस्वीकृति लिनुपर्नेछ।

## १२.१५ अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन

कार्यान्वयन इकाइले कार्यक्रमको नियमित स्थलगत अनुगमन तथा प्रगति अभिलेखीकरण गर्नेछ। प्रत्येक कार्यक्रमका लागि स्पष्ट परिमाणात्मक तथा गुणात्मक अनुगमन सूचक निर्धारण गरिनेछ। कार्यान्वयन इकाइले कम्तीमा त्रैमासिक रूपमा प्रगति तथा आर्थिक प्रतिवेदन व्यवस्थापन समितिमा पेश गर्नेछ। व्यवस्थापन समितिले प्रगति, खर्च, गुणस्तर तथा परिणामको समीक्षा गरी आवश्यक पृष्ठपोषण र निर्देशन दिनेछ। परिषद्ले कम्तीमा वार्षिक रूपमा कार्ययोजनाको समग्र कार्यान्वयन, उपलब्धि, समस्या, प्रभावकारिता तथा दीगोपनाको समीक्षा गर्नेछ। डिभिजन वन कार्यालय, स्थानीय तह, मन्त्रालय, निर्देशनालय तथा अन्य अधिकारप्राप्त निकायले आवश्यकतानुसार संयुक्त वा स्वतन्त्र अनुगमन गर्न सक्नेछन्। अनुगमनबाट प्राप्त सुझाव तथा सिफारिसलाई आगामी योजना र कार्यक्रम तर्जुमामा समावेश गरिनेछ।

## १२.१६ कोष तथा आर्थिक व्यवस्थापन

कार्ययोजना कार्यान्वयनका लागि संघ, प्रदेश र स्थानीय सरकारबाट प्राप्त बजेट, सरकारी तथा गैरसरकारी निकायको सहयोग, दातृ निकायको अनुदान, स्वीकृत सेवा वा प्रवेश शुल्क, पर्यापर्यटनसम्बन्धी आम्दानी तथा प्रचलित कानूनबमोजिम प्राप्त अन्य रकम स्रोतका रूपमा रहनेछन्। परिषद् वा सम्बन्धित व्यवस्थापन संरचनाको नाममा प्रचलित कानूनबमोजिम बैंक खाता सञ्चालन गर्न सकिनेछ। बैंक खाता सञ्चालन गर्ने पदाधिकारी तथा दस्तखतसम्बन्धी व्यवस्था परिषद्को निर्णय र

सह सचिव

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

प्रचलित आर्थिक कानूनबमोजिम हुनेछ। सबै आम्दानी तथा खर्च स्वीकृत योजना, बजेट र प्रचलित आर्थिक कार्यविधिबमोजिम गरिनेछ। नगदी, जिन्सी, सम्पत्ति तथा निर्माण कार्यको अद्यावधिक अभिलेख राखिनेछ। स्वीकृत बजेटबाहेक खर्च गर्न पाइने छैन। सार्वजनिक खरिद गर्नुपर्ने अवस्थामा प्रचलित सार्वजनिक खरिद कानून तथा आर्थिक कार्यविधि पालना गरिनेछ। आर्थिक कारोबार पारदर्शी, मितव्ययी, उत्तरदायी र परीक्षणयोग्य बनाइनेछ।

### १२.१७ लेखापरीक्षण तथा सार्वजनिक पारदर्शिता

प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि प्रचलित कानूनबमोजिम परिषद् वा कार्यक्रमको आय-व्ययको लेखापरीक्षण गरिनेछ। व्यवस्थापन समितिले आवश्यकतानुसार आन्तरिक लेखापरीक्षण तथा त्रैमासिक आर्थिक समीक्षा गराउन सक्नेछ। वार्षिक प्रगति, आय-व्यय, प्रमुख उपलब्धि तथा आगामी कार्यक्रमसम्बन्धी विवरण सार्वजनिक गरिनेछ। आवश्यकतानुसार सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण वा सामाजिक परीक्षण सञ्चालन गरिनेछ। लेखापरीक्षण तथा अनुगमनबाट औंल्याइएका बेरुजु, कमजोरी र सुधारका विषय समयमै फर्छ्योट वा कार्यान्वयन गरिनेछ।

### १२.१८ हितको द्वन्द्व तथा आचारसंहिता

परिषद्, व्यवस्थापन समिति तथा कार्यान्वयन इकाइका सदस्यले पदीय जिम्मेवारी निष्पक्ष, पारदर्शी र संरक्षण क्षेत्रको हितअनुकूल रूपमा निर्वाह गर्नुपर्नेछ। सदस्यले आफ्नो प्रत्यक्ष स्वार्थ जोडिएको निर्णय, खरिद, सम्झौता वा लाभ वितरण प्रक्रियामा सहभागिता जनाउन पाउने छैन। गोप्य राख्नुपर्ने सूचना अनधिकृत रूपमा सार्वजनिक गर्न पाइने छैन। पद, स्रोतसाधन तथा सूचनाको व्यक्तिगत वा संस्थागत लाभका लागि दुरुपयोग गर्न पाइने छैन। उल्लङ्घन भएमा परिषद्ले छानबिन गरी प्रचलित कानूनबमोजिम कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्न सक्नेछ।

### १२.१९ उपसमिति तथा प्राविधिक कार्यदल

परिषद् वा व्यवस्थापन समितिले आवश्यकता अनुसार जैविक विविधता संरक्षण, वन्यजन्तु उद्धार, पर्यापर्यटन, धार्मिक-सांस्कृतिक सम्पदा, वित्तीय व्यवस्थापन, अनुगमन, सुरक्षा, वन डढेलो नियन्त्रण वा अन्य विषयमा समयबद्ध उपसमिति वा प्राविधिक कार्यदल गठन गर्न सक्नेछ। त्यस्तो उपसमिति



महानिर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल

वा कार्यदलको कार्यदिश, अवधि, जिम्मेवारी, प्रतिवेदन प्रक्रिया तथा आवश्यक स्रोत गठन गर्दाकै निर्णयमा स्पष्ट गरिनेछ।

## १२.२० कार्यालय तथा सचिवालय

काँक्रिविहार वन संरक्षण क्षेत्र परिषद्, व्यवस्थापन समिति तथा कार्यान्वयन इकाइको सचिवालय सम्बन्धित डिभिजन वन कार्यालय वा डिभिजनल वन अधिकृतले तोकेको उपयुक्त कार्यालयमा रहनेछ। सचिवालयले बैठक व्यवस्थापन, पत्राचार, अभिलेख संरक्षण, आर्थिक तथा कार्यक्रम विवरण, प्रतिवेदन तयारी, समन्वय, सूचना प्रवाह तथा अन्य प्रशासनिक कार्य गर्नेछ।

यसरी सबै व्यवस्था यही परिच्छेदमा समावेश गर्दा प्रस्तावित समिति संरचना, पुरानो व्यवस्थामा भएका उपयोगी प्रक्रिया र नयाँ कार्ययोजनाका उत्तरदायित्वसम्बन्धी प्रावधान एउटै स्थानमा स्पष्ट हुन्छन्। पुरानो व्यवस्थामा रहेको पदावधि, गणपूरक सङ्ख्या, बैठक, पद रिक्तता, अनुगमन, कोष र लेखापरीक्षणसम्बन्धी व्यवस्था नयाँ संरचनामा अनुकूल हुने गरी समेटिएको छ।

## १२.२१ सरोकारवालाहरुको भुमिका तथा जिम्मेवारी

यो वन संरक्षण क्षेत्र नेपालको एक महत्वपुर्ण क्षेत्र हो । तसर्थ, सबै सरोकारवालाहरुको यस क्षेत्रको संरक्षण र सम्बर्धनका लागि चासो रहेको पाईन्छ । अतः यस क्षेत्रको दिगो एवंम प्रभावकारी व्यवस्थापनका लागि सम्बन्धित सरोकारवालाहरुसंग वृहत छलफल, अन्तरक्रिया गरी सबै सरोकारवालाहरुको भूमिकालाई स्पष्ट पारिएको छ । सरोकारवालाहरु बीच समन्वय र सहकार्यको भावना विकास भई संरक्षण एवंम वन क्षेत्रको व्यवस्थापनका लागि थप उर्जा प्रदान गर्ने अपेक्षा गरिएको छ । अतः यसका सम्बन्धित सरोकारवालाहरु बीच समन्वय र सहकार्यद्वारा वन संरक्षण क्षेत्र र यसमा रहेका महत्वपुर्ण स्थल एवंम अवसरहरुको दिगो एवंम प्रभावकारी व्यवस्थापनबाट अपेक्षित लक्ष्य पुरा गर्न सक्ने आशा गरिएको छ । वन संरक्षण क्षेत्र वर्तमान अवस्थाको माग र बदलिंदो वातावरण, राजनैतिक, आर्थिक र समाजिक परिवेशमा सहभागितामूलक संरक्षणमुखी वन व्यवस्थापनको अवधारण एवंम बहुसरोकारवालाहरुको संलग्नतामा कार्यक्रम कार्यान्वयन गरिने छ ।



सह सचिव
नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं
नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं
महानिर्देशक

यसमा सरोकारवालाहरुको भूमिका र जिम्मेवारी छलफलबाट आएको सल्लाह र सुझावलाई मध्यनजर राखी पस्ताव गरिएको हो ।

**जिल्ला वन क्षेत्र समन्वय समिति**

- वन संरक्षण क्षेत्रको कार्ययोजनामा उल्लेखित कार्यक्रमलाई कार्यान्वयन गर्न समन्वयकारी भूमिकाका साथ संचालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने ।
- वन संरक्षण क्षेत्रको कार्ययोजनालाई पुनरावलोकन र अध्यावधिक गर्न आवश्यक भएको भनी परिषदबाट अनुरोध भई आएमा माथिल्लो निकायमा सिफारिस गर्ने ।
- वन संरक्षण क्षेत्रको समग्र विकासका लागि आर्थिक एवंम मानवीय श्रोतहरु जुटाउन सहयोगी भुमिका खेल्ने ।
- वन अतिक्रमण नियन्त्रण गर्न जिल्लास्तरमा रहेका प्रहरी, प्रशासन, राजनैतिक दल, पालिकाहरु संग समन्वय एवंम सहजीकरण गर्ने ।

**डिभिजन वन कार्यालय**

- वन संरक्षण क्षेत्रको विशेष वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गरी कार्यक्रमको कार्यान्वयन गर्ने तथा गराउने ।
- सहभागितामूलक संरक्षणमुखी वन व्यवस्थापनद्वारा वन एवंम जैविक विविधता, प्राकृतिक बासस्थानको संरक्षण, सम्वर्धन एवंम बिकासमा आर्थिक एवंम प्राबिधिक स्रोत जुटाउन पहल गर्ने ।
- आधुनिक (High-Teck) वन नर्सरी स्थापना गरी जनचाहना अनुसार वहुउपयोगी गुणस्तरयुक्त विरुवा उत्पादन गरी वन क्षेत्र, निजी तथा सार्वजानिक जगगामा व्यापक रुपमा वृक्षारोपण गरी वन पैदावारमा आत्मनिर्भर बनाउने किसिमका कार्यक्रम संचालन गर्ने ।
- वन संरक्षण क्षेत्रको प्रभावित क्षेत्रमा बसोबास गर्ने समाजिक र आर्थिक रुपमा पछाडी परेका समुदायहरुको क्षमता अभिबृद्धिका साथ हरित स्रोतमा आधारित उद्यम स्थापनाद्वारा रोजगारीका अवसरहरु सिर्जना गराई स्थानिय समुदायको जीविकोपार्जनमा सुधार गर्न आवश्यक सहयोग प्रदान गर्ने ।

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- वैकल्पिक उर्जा क्षेत्रमा कार्यरत निजी र सरकारी संस्थासंग समन्वय र सहकार्य गर्दै वैकल्पिक उर्जाका कार्यक्रम संचालनलाई प्रोत्साहन गर्ने ।
- वन संरक्षण क्षेत्रमा हुने वन पैदावारको अनियमित चोरी निकासी, वन्यजन्तुको चोरी सिकारी लाई प्रभावकारी रुपमा नियन्त्रणका लागि आवश्यक व्यवस्था मिलाई कानूनी कारबाही गर्ने ।
- वन संरक्षण क्षेत्र परिषदका लागि आवश्यक कार्य संचालन र अन्य नीति नियम आवश्यक परेमा आवश्यक प्राविविधक सहयोग एवंम समन्वयकारी भूमिका गर्ने ।

**नगरपालिका**

- वन संरक्षण क्षेत्रमा पर्ने पालिकाका वडाहरुमा रहेको ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यापर्यटन र वातावरणीय क्षेत्रको संरक्षण, सम्बर्धनमा आवश्यक सहयोग गर्ने ।
- पालिकाका वडाहरुमा रहेका सार्वजानिक तथा निजी जग्गाहरुमा ब्यापक रुपमा वृक्षारोपण गरी हरियाली कायमका साथै आवश्यक काठ, दाउरा र घांसको स्थानिय स्तरबाट नै उत्पादन गर्न प्रोत्साहन गर्ने ।
- वन संरक्षण क्षेत्रमा अतिक्रमण नगर्न चेतना अभिवृद्धि गर्नुका साथै अतिक्रमण नियन्त्रण गर्न समन्ययको भूमिका निर्वाह गर्ने ।
- वन संरक्षण क्षेत्र परिषदबाट संचालन हुने कार्यक्रम संचालनको लागि अनुदान सहयोग उपलब्ध गराउने,
- संचालित कार्यक्रमहरुको अनुगमन गरी पृष्टपोसण गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि श्रोत जुटाउन सहयोग गर्ने ।

**भू तथा जलाधार व्यवस्थापन कार्यालय**

- वन संरक्षण क्षेत्र अन्तर्गत रहेको खहरे, खोला, नदिको स्रोतहरुको प्राथमिकीकरण गरी समन्वय र सहकार्यका आधारमा संरक्षणका कार्यक्रमहरु संचालन गर्ने ।
- यस वन संरक्षण क्षेत्रहरुमा रहेका खोल्सा खोल्सी तथा कटान क्षेत्रको नियन्त्रण कार्यमा आवश्यक प्राविधिक एवंम आर्थिक सहयोग गर्ने ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

सह सचिव

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

- विद्यालय तथा गैरसरकारी संस्था, सामुदायिक संस्थामार्फत प्रभावकारी संरक्षण शिक्षा कार्यक्रम संचालन गर्ने ।

**पशु स्वास्थ्य कार्यालय**

- वन संरक्षण क्षेत्र वरीपरी बसोबास गर्ने कृषकहरुलाई उन्नत घासका बीउ तथा विरुवाहरु उपलब्ध गराई निजी जग्गा, सार्वजानिक, खेतवारी कान्लामा रोपण गर्न प्रोत्साहन गर्ने र प्राविधिक सहयोग समेत उपलव्ध गराउने ।
- अनुत्पादनशील पशुको उन्नत नश्ला सुधार एवंम उत्पादनशील पशुपालनमा जोड दिने ।
- खुला चरिचरनलाई निरुत्साहित गर्दै वधुवा पशुपालनमा जोड दिने ।
- पशुहरुमा देखापर्ने रोगब्याधीको सरल उपचारका लागि सम्बन्धित सरोकारवालाहरु बीच समन्वय र सहकार्य गरी पशु स्वास्थ शिविरहरु संचालन गर्ने ।

**कृषि ज्ञान केन्द्र**

- संरक्षण क्षेत्र भित्रका गाँउ, बस्तीमा अन्न बालि, तरकारी खेतिका लागि उन्नत बीउ वितरण, फलफूलका विरुवा वितरण गर्ने,
- कृषकहरुलाई उन्नत खेति प्रणालीको बारेमा जनचेतनामूलक कार्यक्रम संचालन गर्ने, र गाँउ - गाँउमा प्रदर्शनी प्लट स्थापना गर्ने,

**घरेलु तथा साना उद्योग कार्यालय**

- वन पैदावारमा आधारित लघु उद्योगहरुको दर्ता गर्न सहयोग गर्ने ।
- वन पैदावारमा आधारित लघु उद्योग र उद्यमहरु संचालन गर्न प्राविधिक तालिम संचालन गर्ने ।

**सामुदायिक वन तथा धार्मिक वन समुह**

- आआफ्नो वन क्षेत्रको कार्ययोजना तयार तथा नविकरण गर्दा वन, वन्यजन्तु, जैविक विविधता संरक्षणलाई प्रवर्धन गर्ने र जलवायु परिवर्तनका नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने कार्यक्रमहरु समाबेश गर्ने ।



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- वन्यजन्तुको चोरी सिकारी, वन पैदावारको चोरी निकासी नियन्त्रण गर्न चोरी निकासी/चोरी सिकारी नियन्त्रण कार्यदल निर्माण गरी कार्यान्वयन गर्ने, आफ्नो उपभोक्ता रहेका क्षेत्रका बिद्यालयहरुमा Eco-club गठन गरी वन. वन्यजन्तु, जैविक विविधता तथा वातावरण संरक्षण शिक्षा सम्बन्धि सचेतना कार्यक्रम संचालन गर्ने ।
- आफ्नो वन क्षेत्रमा कार्यरत वन हेरालु, तथा सर्वसाधारण उपभोक्ताहरुलाई निजी जग्गामा विरुवा रोपण, आगलागि नियन्त्रणलगायत संरक्षण कार्यमा सक्रिय रुपमा परिचालन गर्ने ।
- काक्रेविहार वन संरक्षण परिषदलाई संरक्षण कार्यमा पृष्ठपोसण गर्ने ।

**टोल विकास समिति**

- वन संरक्षण क्षेत्रको कार्ययोजना तयार तथा नविकरण गर्दा भेलामा उपथित हुने ।
- वन्यजन्तुको चोरी सिकारी, वन पैदावारको चोरी निकासी नियन्त्रण गर्न आवशयक सहयोग गर्ने ।
- आफ्नो वन क्षेत्रका समुदायहरुलाई निजि जग्गामा विरुवा रोपण, आगलागि नियन्त्रण लगायत संरक्षण कार्यमा सक्रिय रुपमा लागने ।
- काक्रेविहार वन संरक्षण क्षेत्र कार्यान्वयन इकाईलाई परिषदलाई वन संरक्षण र व्यवस्थापन कार्यमा पृष्ठपोसण गर्ने ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

# परिच्छेद १३: बित्तीय व्यवस्थापन योजना

यस वन संरक्षण क्षेत्रको कार्ययोजनाका कार्यक्रमहरु विभिन्न संघिय, प्रदेशिक तथा स्थानिय स्तरका सरोकारवालाहरु संग विभिन्न तह, चरण र क्षेत्रहरुमा गरिएको छलफल र अन्तरक्रियाबाट आएका सुझावलाई समेत समावेश गरी तयार गरिएको छ । विभिन्न विषयगत क्षेत्रमा रहेका कार्यक्रमहरुलाई समूहगत गरी कार्यक्रम तयार गरिएको छ । यही कार्यक्रमको आधारमै बजेट विनियोजनको प्रकृया अगाडि बढाइएको छ र योजना तयार गर्दा बजेटको सिमालाई ध्यान दिइने छ । यस वन संरक्षण क्षेत्रको वार्षिक बजेट तथा कार्यक्रम परिषदको कार्यसमितिले डिभिजन वन कार्यालयहरुको समन्वयमा तयार गरिने छ । डिभिजन वन कार्यालय तथा वन संरक्षण क्षेत्र परिषद आफैले संचालन गर्ने कार्यक्रम छुट्टा छुटै तयार गरी डिभिजन वन कार्यालयहरुको अगुवाईमा परिषदले संचालन गर्ने कार्यक्रम संचालन गर्नुपर्ने छ । कार्यक्रम तर्जुमा गर्दा परिषदका सदस्यहरु ,स्थानिय निकाय, स्थानिय स्तरका सरकारी तथा गैरसरकारी निकाय, गैसस, स्थानिय संघ संस्था तथा स्थानिय समुदाय, र नजिकका वन उपभोक्ता समूहहरुको प्रत्यक्ष संलग्नतालाई जोड दिइने छ । यसरी तयार भएको बजेट र कार्यक्रमलाई परिषद र व्यवस्थापन समितिबाट जिल्ला वन क्षेत्र समन्वय समिति मार्फत अनुमोदन गराइ डिभिजन वन कार्यालय मार्फत कार्यान्वयन इकाईले कार्यान्वयन गर्नुपर्ने छ ।

यस वन संरक्षण क्षेत्र व्यवस्थापन कार्ययोजनाका लागि बजेटका मुख्य स्रोतहरुको रुपमा संघिय सरकारका सम्बन्धित निकायहरु, प्रदेश सरकार र स्थानिय सरकार तथा विभिन्न दातृसंस्थाहरु आदी रहने छन । यस कार्ययोजनामा १० बर्षको विस्तृत कार्यक्रम र बजेट तयार गरी अनुसूची २ मा उल्लेख गरिएको छ । बजेटको मुख्य शिर्षकहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. १२ काक्रेविहार वन संरक्षण क्षेत्र विशेष कार्ययोजनाको वजेट

| क्र.स. | कार्यक्रम | जम्मा बजेट (रु. लाखमा) |
|---|---|---|
| १ | **वन तथा जलाधार व्यवस्थापन कार्यक्रम** | **१०७** |
| १.१ | दिगो वन व्यवस्थापन कार्यक्रम | २० |
| १.२ | वन डढेलो व्यवस्थापन | १० |



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव

| | | |
|---|---|---|
| १.३ | सार्वजनिक तथा निजी वन कार्यक्रम | २५ |
| १.४ | वैकल्पिक ऊर्जा कार्यक्रम | १५ |
| १.५ | चरन व्यवस्थापन | ५ |
| १.६ | वन अतिक्रमण व्यवस्थापन | २ |
| १.७ | वन संरक्षण क्षेत्रको वन सीमाना व्यवस्थापन तथा कम्पाउण्ड वाल व्यवस्थापन | ५ |
| १.८ | सिमसार क्षेत्र व्यवस्थापन | १५ |
| १.९ | भू-संरक्षण तथा प्रकोप न्यूनीकरण कार्यक्रम | १० |
| **२** | **पर्यापर्यटन विकास तथा व्यवस्थापन** | **४८** |
| २.१ | फुटट्रेल, वनभोज स्थल, क्याम्प साइट निर्माण, मर्मत तथा स्तरोन्नति | ३० |
| २.२ | दृश्यावलोकन मचान निर्माण | १५ |
| २.३ | पर्यापर्यटनसम्बन्धी सामग्री निर्माण, प्रकाशन तथा प्रचार-प्रसार | ३ |
| **३** | **ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिक सम्पदाको संरक्षण तथा व्यवस्थापन** | **४०** |
| ३.१ | ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिक सम्पदाको मर्मत, पुनर्निर्माण तथा संरक्षण | २० |
| ३.२ | ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिक सम्पदाको खोज, अनुसन्धान, प्रकाशन तथा प्रचार-प्रसार | १० |
| ३.३ | मन्दिर क्षेत्रको विद्युतीकरण तथा प्रकाश व्यवस्थापन | १० |
| **४** | **जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम** | **१००** |
| ४.१ | वन्यजन्तु उद्धार केन्द्र स्तरोन्ती तथा व्यवस्थापन | ५० |
| ४.२ | जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम | १० |
| ४.३ | मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन | २० |
| ४.४ | अवैध चोरी-शिकारी नियन्त्रण | १० |
| ४.५ | मिनी चिडियाखाना निर्माण तथा व्यवस्थापन | १० |
| **५** | **हरित उद्यम तथा जीविकोपार्जन कार्यक्रम** | **५०** |
| **६** | **मानव स्रोत, साधन तथा संस्थागत क्षमता विकास** | **३५** |
| ६.१ | लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा वन सुशासन कार्यक्रम | १५ |
| ६.२ | संस्थागत विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम | १० |
| ६.३ | अध्ययन तथा अनुसन्धान कार्यक्रम (Research Grant, Research) | १० |



महानिर्देशक

सह सचिव
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | **जम्मा कार्यक्रम बजेट** | | **३८०** |
| | **प्रशासनिक बजेट (१० प्रतिशत)** | | **३८** |
| | **कुल जम्मा** | | **४१८** |

यस काक्रेविहार वन संरक्षण क्षेत्र व्यवस्थापन कार्ययोजनाको अनुसार कार्यक्रमलाई जम्मा ६ वटा भागमा बाँडिएको छ । यसका लागि कूल जम्मा रु ४.१८ करोड बजेट प्रस्ताव गरिएको छ । यस मध्ये कार्यक्रम खर्चमा रु. ३.८ करोड तथा प्रशासनिक खर्चका लागि जम्मा रु. ३८ लाख बजेट प्रस्ताव गरिएको छ ।

**क) वन तथा जलधार व्यवस्थापन कार्यक्रम**

दिगो वन व्यवस्थापन कार्यक्रम अन्तर्गत वन व्यवस्थापनमा स्थानीय समुदायको सहभागिता र जिम्मेवारी बढाउने छ । नर्सरी स्थापना वा मर्मत सम्भार गरि विभिन्न प्रकारका विरुवा उत्पादनमा गरिने छ । रुख, डालेघांस, जडिबुटीका विरुवाहरु उत्पादन गरिनेछ, जसले वन पुर्नस्थापना र जैविक विविधता संरक्षणमा योगदान पुर्याउनेछ । खोला किनार, खालीचौर आदि क्षेत्रमा वृक्षारोपण गरि वातावरणीय सन्तुलन कायम राख्न मद्दत गर्नेछ । झाडी सफाई, मिचाह प्रजाती व्यवस्थापन, कटनी, छटानी आदि कार्य गरि वनको स्वास्थ्यमा सुधार गरिनेछ । यसका लागि रु २० लाख बजेट प्रस्ताव गरिएको छ ।

वन डढेलो व्यवस्थापन कार्यक्रम अन्तर्गत वन डढेलो नियन्त्रणका लागि तालिम प्रदान गरिनेछ । यसले वन डढेलो नियन्त्रणमा स्थानीय समुदायको क्षमता वृद्धि गर्नेछ । वन डढेलो नियन्त्रणका लागि औजारहरु प्रदान गरिनेछ, जसले डढेलो नियन्त्रणमा सहयोग पुर्याउनेछ । अग्नी रेखा निर्माण र मर्मत गरी डढेलो फैलिन नदिन मद्दत गर्नेछ । यसका लागि रु १० लाख बजेट प्रस्ताव गरिएको छ ।

सार्वजनिक तथा निजी वन कार्यक्रम अन्तर्गत सार्वजनिक र निजी जग्गामा वृक्षारोपण गरिनेछ । यसले सार्वजनिक जग्गाको हरियाली बढाउनेछ । निजी तथा सार्वजनिक जग्गामा कृषि वन तालिम र आयमुलक कार्यक्रमहरुमा सहयोग गरी स्थानीय समुदायको आयआर्जनमा वृद्धि गर्नेछ । निजी



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं
महानिर्देशक

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

वन हस्तान्तरणका लागि कार्ययोजना तयार गरी निजी वनको व्यवस्थापनमा सुधार ल्याउनेछ । यसका लागि रु २५ लाख बजेट प्रस्ताव गरिएको छ ।

बैकल्पिक उर्जा कार्यक्रम अन्तर्गत बिजुलीबाट चल्ने चुल्हो वितरणको व्यवस्था गरिनेछ । यसले परम्परागत इन्धनको प्रयोग घटाउनेछ । गोबर ग्यौँस जडान र मर्मत गरि ग्रामीण क्षेत्रमा स्वच्छ उर्जा उपलब्ध गराउनेछ । यसका लागि रु १५ लाख बजेट प्रस्ताव गरिएको छ ।

गोठ तथा चरन व्यवस्थापन कार्यक्रम अन्तर्गत, उन्नत नक्ष सुधारका लागि सहयोग गरिनेछ । यसले पशुपालनमा सुधार ल्याउनेछ । पशु स्वास्थ्य शिविर कार्यक्रमहरु सञ्चालन गरिनेछ, जसले पशुहरुको स्वास्थ्य सुधार गर्नेछ । गोठ सुधार र डुढ वितरण गरिनेछ, जसले पशुपालनको सुविधा बढाउनेछ । छाडा पशुहरुको व्यवस्थापन गरि छाडा पशुहरुको समस्या समाधान गर्न सहयोग पुग्नेछ । यसका लागि रु ५ लाख बजेट प्रस्ताव गरिएको छ ।

वन अतिक्रमण व्यवस्थापन कार्यक्रम अन्तर्गत, वन अतिक्रमण खाली गरिनेछ । यसले वन क्षेत्रको संरक्षणमा मद्दत गर्नेछ । चेतनामूलक कार्यक्रमहरु सञ्चालन गरि वन अतिक्रमणको समस्या समाधान गर्न सहयोग पुग्नेछ । यसका लागि रु २ लाख बजेट प्रस्ताव गरिएको छ ।

वन संरक्षण क्षेत्रको वनको सिमाना व्यवस्थापन कार्यक्रम अन्तर्गत, छेकबार लगाउने कार्य गरिनेछ । यसले वन क्षेत्रको सिमाना निर्धारणमा मद्दत गर्नेछ । सिमाना क्षेत्रमा वृक्षारोपण गरिनेछ, जसले वन क्षेत्रको संरक्षणमा योगदान पुर्याउनेछ । यसका लागि रु ५ लाख बजेट प्रस्ताव गरिएको छ ।

सिमसार व्यवस्थापन कार्यक्रम अन्तर्गत, सिमसार संरक्षण, मर्मत तथा पुनस्थापना गरिनेछ । यसले सिमसारहरुको संरक्षणमा मद्दत गर्नेछ जसवाट सिमसार क्षेत्रको जैविक विविधता संरक्षणमा योगदान पुर्याउनेछ । यसका लागि रु १५ लाख बजेट प्रस्ताव गरिएको छ ।

भू-संरक्षण तथा प्रकोप न्युनिकरण कार्यक्रम अन्तर्गत भू-संरक्षण तथा प्रकोप न्युनिकरण कार्यक्रम अन्तर्गत, बायो ईन्जिनियरिङ विधिद्धारा भुक्षय तथा पैह्रो नियन्त्रण गरिनेछ । संरक्षण पोखरी निर्माण र मर्मत गरिनेछ, जसले वन्यजन्तु मैत्री वातावरण सिर्जना गर्नेछ । पानी स्रोत तथा मुहान संरक्षण गरि पानी स्रोतको संरक्षणमा मद्दत गर्नेछ । नदी उकास, खोला किनारा क्षेत्रमा वृक्षारोपण गरिनेछ, जसले वातावरणीय सन्तुलन कायम राख्न मद्दत गर्नेछ । अन्त्यमा, जलवायु परिवर्तन अनुकूलन



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव

योजना तयार गरिनेछ, जसले समुदायमा जलवायु परिवर्तनको प्रभावलाई न्युनिकरण गर्नेछ । यसका लागि रु १० लाख बजेट प्रस्ताव गरिएको छ ।

### ख) पर्यापर्यटन विकास तथा ब्यवस्थापन

फुटट्रेल निर्माण तथा मर्मत कार्यक्रम अन्तर्गत यस काक्रेविहार वन संरक्षण क्षेत्र पर्यापर्यटनको विकास तथा विस्तारका लागि मन्दिर परिसर भ्रमण गर्नका लागि फुटट्रेल निर्माण गरि पर्यटनको सुविधामा मद्दत गर्नेछ । यसको निरन्तताका लागि फुटट्रेलको मर्मत आवश्यक रहन्छ । यसका लागि रु ३० लाख बजेट प्रस्ताव गरिएको छ ।

दृश्यावलोकन मचान निर्माण दृश्यावलोकन कार्यक्रम अन्तर्गत मचान एक किसिमको उच्च संरचना हो जुन पर्यटकहरू वा सर्वसाधारणलाई वरपरको दृश्य हेर्नका लागि बनाइन्छ। यस मचानबाट प्राकृतिक तथा ऐतिहासिक स्थलहरू अवलोकन गर्न पाइन्छ। यसका लागि रु १५ लाख बजेट प्रस्ताव गरिएको छ । यसैगरी, काक्रेविहार वन संरक्षण क्षेत्रमा पर्यापयटनका लागि पुर्वाधार निमाणमा सहयोग गरिनेछ । यसमा मचान, गोरेटो बाटो, पानी ट्यांकी ,वन भोज स्थल, योग तथा ध्यान केन्द्र आदि निर्माण समावेश छन् । यसले पर्यापयटनको विकासमा महत्वपूर्ण योगदान पुर्याउनेछ । यसका लागि रु १० लाख बजेट प्रस्ताव गरिएको छ ।

पर्यापर्यटन सम्बन्धि समाग्री निर्माण प्रकाशन तथा प्रचार प्रसार कार्यक्रम अन्तर्गत काक्रविहार, सुर्खेत जिल्लामा अवस्थित ऐतिहासिक तथा धार्मिक स्थल हो । यस क्षेत्रलाई पर्यटकीय केन्द्रको रूपमा विकास गर्न सामग्री निर्माण, प्रचार-प्रसार र प्रकाशन आवश्यक हुन्छ। यसले आन्तरिक तथा बाह्य पर्यटकहरूलाई आकर्षण गर्न सहयोग गर्छ। यसका लागि रु ३ लाख बजेट प्रस्ताव गरिएको छ ।

### ग) ऐतिहासिक, पुरातात्विक र धार्मिक सम्पदाको संरक्षणतथा ब्यवस्थापन

काँक्रेविहार वन संरक्षण क्षेत्रभित्र रहेका ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिक महत्वका संरचना, स्थल तथा सम्पदाहरूको वर्तमान अवस्था मूल्याङ्कन गरी आवश्यकतानुसार मर्मत, पुनर्निर्माण, सुदृढीकरण तथा संरक्षणका कार्यहरू सञ्चालन गरिनेछन्। यस्ता कार्यहरू सम्पदाको मौलिक स्वरूप, परम्परागत निर्माण शैली, ऐतिहासिक प्रमाणिकता तथा धार्मिक-सांस्कृतिक संवेदनशीलतालाई कायम राखे गरी सम्बन्धित प्राविधिक निकाय, पुरातत्त्वसम्बन्धी संस्था, धार्मिक समुदाय तथा अन्य सरोकारवालासँग समन्वय गरी कार्यान्वयन गरिनेछन्। यस कार्यक्रमबाट सम्पदाको मौलिकता र

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

ऐतिहासिक मूल्य जगेर्ना हुनुका साथै भावी पुस्तामा सांस्कृतिक ज्ञान तथा सम्पदा हस्तान्तरण, धार्मिक तथा सांस्कृतिक अभ्यासको निरन्तरता, स्थानीय पहिचानको संरक्षण तथा पर्यटकीय सम्भावनाको अभिवृद्धिमा योगदान पुग्ने अपेक्षा गरिएको छ। यस कार्यक्रमका लागि रु. ३० लाख बजेट प्रस्ताव गरिएको छ।

ऐतिहासिक, पुरातात्विक र धार्मिक सम्पदाको खोजअनुसन्धान प्रकाशन तथा प्रचार प्रसार कार्यक्रम अन्तर्गत काँक्रिविहार वन संरक्षण क्षेत्रभित्र रहेका ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिक सम्पदाहरूको व्यवस्थित पहिचान, खोज, अभिलेखीकरण, अनुसन्धान तथा वैज्ञानिक अध्ययन गरिनेछ। अध्ययनबाट प्राप्त तथ्य, प्रमाण, ऐतिहासिक विवरण, सांस्कृतिक अभ्यास तथा स्थानीय ज्ञानलाई प्रतिवेदन, पुस्तक, पुस्तिका, नक्सा, सूचना सामग्री, श्रव्य-दृश्य सामग्री तथा अन्य उपयुक्त माध्यमबाट प्रकाशन र प्रचार-प्रसार गरिनेछ। यस कार्यक्रमले सम्पदाको ऐतिहासिक तथा सांस्कृतिक महत्वलाई प्रमाणित र सार्वजनिक गर्ने, अध्ययन तथा संरक्षणका लागि आधार तयार गर्ने, स्थानीय तथा बाह्य समुदायमा जनचेतना अभिवृद्धि गर्ने, शैक्षिक तथा अनुसन्धानमूलक उपयोग बढाउने तथा सम्पदालाई भावी पुस्तासम्म सुरक्षित रूपमा हस्तान्तरण गर्न सहयोग पुऱ्याउनेछ। साथै, प्रभावकारी प्रचार-प्रसारबाट काँक्रिविहार क्षेत्रको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय पहिचान थप सुदृढ हुने अपेक्षा गरिएको छ। यस कार्यक्रमका लागि रु. १० लाख बजेट प्रस्ताव गरिएको छ।

**घ) जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम**

बन्यजन्तु उद्दार केन्द्र निर्माण कार्यक्रम अन्तर्गत यस वन संरक्षण क्षेत्रको प्रवेशद्धार नजिक बन्यजन्तु उद्दार केन्द्र निर्माण गरिनेछ जसले घाईते तथा टुहुरा बन्यजन्तु Take and Care सेन्टरको रुपमा रहनेछ । यसको कार्यक्रमहरुको लागि रु ५० लाख बजेट प्रस्ताव गरिएको छ ।

मिनी चिडियाखाना कार्यक्रम अन्तर्गत पर्यटकहरु लाई आकर्षण गर्न र मनोरन्जन प्रदान गर्न मिनी चिडियाखाना स्थापना गरिने छ । यसको कार्यक्रमहरुको लागि रु १० लाख बजेट प्रस्ताव गरिएको छ ।

जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम यस कार्यक्रम अन्तर्गत, महत्वपूर्ण र संवेदनशील वनस्पति तथा वन्यजन्तुका बासस्थानहरूको पहिचान गरिनेछ । पहिचान गरिएका बासस्थानहरूको संरक्षण र व्यवस्थापन गरिनेछ । जोखिममा रहेका प्रजातिहरूको अध्ययन तथा अनुसन्धान गरी



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

उचित बासस्थान तथा वनस्पतिको हकमा नमुना प्लट स्थापना गरी संरक्षण तथा व्यवस्थापन गरिनेछ । वनस्पति उद्यानको स्थापना र संचालन गरी जोखिममा परेका वनस्पतिहरूलाई बाह्य क्षेत्रमा प्रर्वधन गर्न सहयोग गरिनेछ । जैविक विविधता र परम्परागत ज्ञानको अभिलेखीकरण गरिनेछ । स्थानीय संस्कृति र रितिरिवाज झल्कने स्थान तथा संग्रहालयहरूको स्थापना र संचालनमा सहयोग गरिनेछ । वन संरक्षण क्षेत्र भित्रका वन क्षेत्रमा घांसे मैदान व्यवस्थापन गरिनेछ । यसका लागि रु १० लाख बजेट प्रस्ताव गरिएको छ ।

वन्यजन्तु र मानव द्वन्द व्यवस्थापन कार्यक्रमले वन्यजन्तुबाट हुने क्षतिको आपतकालिन राहत कोष स्थापना गर्न सकिनेछ। वन्यजन्तुबाट हुने क्षतिबाट बच्नका लागि जडिबुटी खेती गरिनेछ । यसले वन्यजन्तु र मानव बीचको द्वन्द व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्नेछ । यसका लागि रु २० लाख बजेट प्रस्ताव गरिएको छ ।

अवैध चोरी शिकारी नियन्त्रण कार्यक्रम अन्तर्गत स्कुल र कलेजमा ईको क्लबहरूको स्थापना र संचालन गर्नेछ । चोरी शिकारी नियन्त्रण दल र वन हेरालुहरूका लागि क्षमता अभिवृद्धि तालिम संचालन गरिनेछ । यसले अवैध चोरी शिकारी नियन्त्रणमा महत्वपूर्ण योगदान पुर्याउनेछ । यसका लागि रु १० लाख बजेट प्रस्ताव गरिएको छ ।

**ङ) हरित उद्यम तथा जिविकोपार्जन कार्यक्रम**

यस कार्यक्रम अन्तर्गत, काष्ठ, गैरकाष्ठ, र कृषिमा आधारित उद्योग संचालनका लागि सीपमुलक तालिम प्रदान गरिनेछ । यसले स्थानीय जनतालाई आवश्यक सीप र ज्ञान प्रदान गर्नेछ । यसका लागि रु ५ लाख बजेट प्रस्ताव गरिएको छ । साथै, विपन्न, दलित, महिला र समाजमा पछि परेको वर्गलाई आयमुलक कार्यक्रमहरूमा सहयोग गरिनेछ । यसले उनीहरूको आर्थिक स्थिति सुधार्न मद्दत पुर्याउनेछ । यसका लागि रु १० लाख बजेट प्रस्ताव गरिएको छ । हरित उद्यम संचालनका लागि बीउ पुजीमा सहयोग गरिनेछ । यसमा सामुदायिक फर्निचर तथा काष्ठकला उद्योगको स्थापना, ढकिया बुनने उद्योगको स्थापना, दुनाटपरी उद्दम स्थापना, जैविक मल तयारी रहेका छन । यस कार्यक्रम संचालन गर्दा सार्वजानिक निजी साझेदारी निति अवलम्वन गरीनेछ । यसका लागि रु १० लाख बजेट प्रस्ताव गरिएको छ ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

बेमौसमी तथा मौसमी तरकारी खेती उत्पादनका लागि तालिम र सहयोग प्रदान गरिनेछ । यसले कृषकहरूलाई उत्पादन वृद्धि गर्न मद्दत पुर्याउनेछ । यसका लागि रु ५ लाख बजेट प्रस्ताव गरिएको छ । कृषि तथा दुधजन्य उपजको लागि बजार तथा बजार सूचना प्रणालीको बिकास र बिस्तार गरिनेछ । यसले कृषकहरूलाई बजारको जानकारी प्राप्त गर्न मद्दत पुर्याउनेछ । यसका लागि रु ५ लाख बजेट प्रस्ताव गरिएको छ । छाडा पशु व्यवस्थापन उद्यम स्थापना र संचालन गरिनेछ । यसले मानव र छाडा पशु बीचको द्वन्द व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्नेछ । यसका लागि रु ५ लाख बजेट प्रस्ताव गरिएको छ । यी कार्यक्रमहरूले हरित उद्यम तथा जिविकोपार्जनमा महत्वपूर्ण योगदान पुर्याउनेछन । सम्रग क्रियाकलापहरुको कुल बजेट रु ५० लाख प्रस्ताव गरिएको छ ।

**च) मानव स्रोत, साधन तथा क्षमता विकास**

यस कार्यक्रम अन्तर्गत विभिन्न गतिविधिहरू समावेश छन् जसले वन संरक्षण क्षेत्रका पदाधिकारी, कर्मचारी, र स्थानीय समुदायलाई सशक्त बनाउन मद्दत पुर्याउनेछ ।

लैगींक, समावेशिकरण र वन सुशासन कार्यक्रम अन्तर्गत लैगींक, समावेशी, सुशासन र पैरवी सशक्तिकरण तालिमका लागि रु १२ लाख बजेट प्रस्ताव गरिएको छ । नागरिक बडापत्र र गुनासो सुनुवाइ बक्स तयारीका लागि रु ३ लाख बजेट प्रस्ताव गरिएको छ । यस कार्यक्रमको कुल बजेट रु १५ लाख प्रस्ताव गरिएको छ ।

संस्थागत विकास र क्षमता अभिबृद्धी कार्यक्रम अन्तर्गत वन संरक्षण क्षेत्र परिषद पदाधिकारी र कर्मचारीको क्षमता अभिबृद्धि तालिम र गोष्ठिका लागि रु २ लाख बजेट प्रस्ताव गरिएको छ । समय समयमा परिषद सदस्यहरुको अध्ययन भ्रमणका लागि रु १ लाख बजेट प्रस्ताव गरिएको छ । वन संरक्षण क्षेत्रमा सूचना तथा स्रोत केन्द्र स्थापना र संचालनका लागि रु २ लाख बजेट प्रस्ताव गरिएको छ । परिषद तथा व्यवस्थापन समिति र कार्यान्वयन इकाईको बैठकका लागि रु २ लाख बजेट प्रस्ताव गरिएको छ । यसका साथै परिषदको वार्षिक साधारण सभाका लागि रु २ लाख बजेट प्रस्ताव गरिएको छ । यस १० वर्षे कार्ययोजनाको विभिन निकायबाट नियमित अनुगमन तथा समन्वयन बैठकका लागि रु ३ लाख प्रस्ताव गरिएको छ ।

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**कुल कार्यक्रम बजेट**

योजनाको कुल कार्यक्रम बजेट रु ४ करोड १८ लाख हुनेछ । यो बजेट कार्यक्रमका मुख्य गतिविधिहरू सञ्चालन गर्न र लक्ष्यहरू प्राप्त गर्न विभाजन गरिनेछ । वन्यजन्तु संरक्षण, बासस्थान व्यवस्थापन, सामुदायिक जागरण, प्राविधिक सहयोग, र अन्य कार्यक्रमहरूका लागि बजेट छुट्याइनेछ । बजेटलाई पारदर्शी र कुशलतापूर्वक उपयोग गर्दै समुदायलाई प्रत्यक्ष लाभ पुर्याउने गरी खर्च गरिनेछ ।

**कुल प्रशासनिक बजेट**

यस कार्ययोजनामा उल्लेखित कार्यक्रमहरुको कार्यान्वयनमा लागि कुल कार्यक्रम बजेटको १० प्रतिशत बापत हुन आउने बजेट रु ३८ लाख रुँपैया प्रस्ताव गरिएको छ । यसमा परिषदका कर्मचारीको भत्ता, कार्यालय सञ्चालन, यात्रा खर्च, र अन्य प्रसाशनिक कार्यहरूको खर्च समावेश गरिएको छ । प्रशासनिक बजेटले परियोजना व्यवस्थापनलाई सहयोग पुऱ्याउँदै कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
भू-संरक्षण विभाग
काठमाडौं

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# परिच्छेद १४: अनुगमन तथा प्रतिवेदन

यस कार्ययोजनामा प्रस्ताव गरिएका कार्यक्रम तथा क्रियाकलापहरू प्रभावकारी रूपमा सञ्चालन भए/नभएको, निर्धारित लक्ष्य तथा अपेक्षित उपलब्धि हासिल भए/नभएको, स्रोतसाधनको उपयोग प्रभावकारी रहे/नरहेको तथा कार्यान्वयनका क्रममा देखिएका समस्या र सुधारका क्षेत्रहरू पहिचान गर्न नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन गरिनेछ। अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त तथ्य, निष्कर्ष, सुझाव तथा सिकाइलाई आगामी वर्षको योजना, कार्यक्रम र बजेट तर्जुमामा पृष्ठपोषणका रूपमा समावेश गरिनेछ।

यस वन संरक्षण क्षेत्र व्यवस्थापन कार्ययोजनाले सहभागितामूलक अनुगमन, संस्थागत अनुगमन, स्व-मूल्याङ्कन तथा स्वतन्त्र मूल्याङ्कनका विधिहरू अवलम्बन गर्नेछ। अनुगमन तथा मूल्याङ्कनलाई केवल कार्यक्रम सम्पन्न भएको विवरण संकलनमा सीमित नराखी उपलब्धि, परिणाम, प्रभाव, गुणस्तर, पारदर्शिता, सहभागिता तथा दीगोपनाको लेखाजोखा गर्ने प्रक्रियाका रूपमा सञ्चालन गरिनेछ। प्रत्येक कार्यक्रमका लागि सम्भव भएसम्म स्पष्ट, मापनयोग्य र समयबद्ध सूचकहरू निर्धारण गरी सोही आधारमा प्रगति मूल्याङ्कन गरिनेछ।

**अनुगमन तथा मूल्याङ्कनका प्रमुख विधिहरू**

यस वन संरक्षण क्षेत्रको अनुगमन तथा मूल्याङ्कनलाई व्यवहारिक, सहभागितामूलक, कार्यान्वयनमुखी तथा परिणाममा आधारित बनाउन देहायबमोजिमका विधिहरू अवलम्बन गरिनेछन्:

- स्व-मूल्याङ्कन तथा आन्तरिक अनुगमन;
- कार्यान्वयन इकाइ र व्यवस्थापन समितिबाट गरिने नियमित अनुगमन;
- डिभिजन वन कार्यालय तथा सम्बन्धित स्थानीय तहबाट गरिने अनुगमन;
- प्रदेश वन निर्देशनालय तथा सम्बन्धित प्रदेश मन्त्रालयबाट गरिने अनुगमन;
- संघीय कृषि, वन तथा पर्यावरण मन्त्रालय तथा वन तथा भू-संरक्षण विभागबाट गरिने अनुगमन;
- स्वतन्त्र विज्ञ तथा जानकारहरूको समूहबाट गरिने मध्यावधि तथा अन्तिम मूल्याङ्कन।



महानिर्देशक
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## १. स्व-मूल्याङ्कन तथा आन्तरिक अनुगमन

कार्ययोजनाको कार्यान्वयनमा संलग्न कार्यान्वयन इकाइ, कर्मचारी तथा सम्बन्धित कार्यक्रम जिम्मेवार निकायले आफ्ना कार्यक्रमको नियमित स्व-मूल्याङ्कन तथा आन्तरिक अनुगमन गर्नेछन्। यस्तो अनुगमन कार्यक्रमको प्रकृति अनुसार मासिक, त्रैमासिक तथा वार्षिक रूपमा गरिनेछ। स्व-मूल्याङ्कनमा निर्धारित लक्ष्य, सम्पन्न क्रियाकलाप, खर्च, उपलब्धि, समस्या, जोखिम, लाभग्राहीको सहभागिता तथा सुधारका क्षेत्रहरूको समीक्षा गरिनेछ।

यस प्रक्रियामा सहभागितामूलक ग्रामीण लेखाजोखा विधि, सामाजिक नक्साङ्कन, समूह छलफल, केन्द्रित समूह अन्तरवार्ता, सरोकारवाला बैठक, स्थलगत अवलोकन, अवस्थिति विश्लेषण, SWOT विश्लेषण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, लाभग्राही प्रतिक्रिया तथा सफलताका कथा संकलनजस्ता विधिहरू उपयोग गर्न सकिनेछ। स्व-मूल्याङ्कनबाट प्राप्त निष्कर्षलाई अभिलेखीकरण गरी व्यवस्थापन समिति समक्ष पेश गरिनेछ र आगामी कार्यक्रम सुधारमा प्रयोग गरिनेछ।

## २. कार्यान्वयन इकाइ तथा व्यवस्थापन समितिबाट गरिने अनुगमन

कार्यान्वयन इकाइले स्वीकृत कार्यक्रमहरूको दैनिक तथा स्थलगत प्रगति, कार्यको गुणस्तर, बजेट खर्च, समयपालना तथा समस्याहरूको नियमित अनुगमन गर्नेछ। स्थलगत अनुगमनबाट प्राप्त विवरण मासिक तथा त्रैमासिक प्रगति प्रतिवेदनमा समावेश गरी व्यवस्थापन समितिमा पेश गरिनेछ।

व्यवस्थापन समितिले कार्यान्वयन इकाइबाट प्राप्त प्रगति तथा आर्थिक प्रतिवेदनको समीक्षा गर्ने, आवश्यकतानुसार स्थलगत निरीक्षण गर्ने, कार्यक्रमको प्रभावकारिता तथा गुणस्तर मूल्याङ्कन गर्ने र आवश्यक सुधारात्मक निर्देशन दिनेछ। समितिले कार्यक्रमको प्रकृति अनुसार विषयगत अनुगमन टोली वा उपसमिति गठन गर्न सक्नेछ। अनुगमनबाट प्राप्त सुझावलाई आगामी कार्यक्रम तथा बजेट तर्जुमामा समावेश गरिनेछ।

## ३. डिभिजन वन कार्यालय तथा स्थानीय तहबाट गरिने अनुगमन

डिभिजन वन कार्यालयले कार्ययोजना कार्यान्वयनको नेतृत्वदायी निकायका रूपमा कार्यक्रमहरूको नियमित प्राविधिक, प्रशासनिक तथा वित्तीय अनुगमन गर्नेछ। कार्यालयले आवश्यकतानुसार प्राविधिक



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव

टोली गठन गरी कार्यक्रमको स्थलगत निरीक्षण, गुणस्तर परीक्षण, प्रगति समीक्षा, कानुनी अनुपालना तथा बजेट उपयोगको मूल्याङ्कन गर्नेछ।

सम्बन्धित स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्र सञ्चालन भएका संरक्षण, पर्यापर्यटन, सम्पदा संरक्षण, पूर्वाधार विकास, सरसफाइ, समुदाय परिचालन तथा जीविकोपार्जनसम्बन्धी कार्यक्रमहरूको अनुगमन गर्नेछ। डिभिजन वन कार्यालय र स्थानीय तहले आवश्यकतानुसार संयुक्त अनुगमन गरी प्राप्त निष्कर्ष तथा सुझाव व्यवस्थापन समिति र परिषद्लाई उपलब्ध गराउनेछन्।

## ४. प्रदेश वन निर्देशनालयबाट गरिने अनुगमन तथा मूल्याङ्कन

प्रदेश वन निर्देशनालयले कार्ययोजना कार्यान्वयनको प्राविधिक गुणस्तर, प्रदेश वन नीति तथा कार्यक्रमसँगको सामञ्जस्य, वन तथा जैविक विविधता संरक्षणसम्बन्धी मापदण्डको पालना तथा कार्यक्रमको समग्र प्रभावकारिताको अनुगमन गर्नेछ। निर्देशनालयले आवश्यकतानुसार प्राविधिक टोली परिचालन गरी स्थलगत निरीक्षण, प्रगति समीक्षा, नमुना परीक्षण तथा विषयगत मूल्याङ्कन गर्नेछ।

निर्देशनालयले डिभिजन वन कार्यालयबाट प्राप्त प्रगति प्रतिवेदनको समीक्षा गर्ने, प्राविधिक सुधारका लागि निर्देशन तथा पृष्ठपोषण दिने, अन्तरजिल्ला वा प्रदेशस्तरीय समन्वय आवश्यक भएका विषयमा सहजीकरण गर्ने तथा कार्ययोजनाको कार्यान्वयनमा देखिएका नीतिगत, प्राविधिक र संस्थागत समस्या समाधानका लागि सम्बन्धित मन्त्रालयसमक्ष सिफारिस गर्नेछ। साथै, प्रदेशस्तरीय कार्यक्रम, बजेट तथा अनुगमन प्रणालीसँग यस कार्ययोजनालाई आबद्ध गर्न निर्देशनालयले आवश्यक समन्वय गर्नेछ।

## ५. प्रदेश मन्त्रालयबाट गरिने अनुगमन तथा मूल्याङ्कन

कर्णाली प्रदेशको वन तथा वातावरण विषय हेर्ने मन्त्रालयले प्रदेश सरकारको नीति, योजना, कार्यक्रम तथा बजेटसँग कार्ययोजनाको सामञ्जस्य सुनिश्चित गर्न उच्चस्तरीय अनुगमन तथा मूल्याङ्कन गर्नेछ। मन्त्रालयले आवश्यकतानुसार प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालय तथा विषयगत निकायका प्रतिनिधि सम्मिलित अनुगमन टोली गठन गरी स्थलगत निरीक्षण गर्न सक्नेछ।



महानिर्देशक

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

मन्त्रालयले कार्ययोजनाको नीतिगत कार्यान्वयन, स्रोतसाधन परिचालन, अन्तरनिकाय समन्वय, उपलब्धि तथा प्रभावको समीक्षा गरी आवश्यक नीतिगत निर्देशन दिनेछ। अनुगमनबाट प्राप्त सुझाव, निर्देशन तथा सुधारका विषयहरू आगामी प्रदेशस्तरीय योजना, कार्यक्रम र बजेट तर्जुमामा समावेश गर्न पहल गरिनेछ।

### ६. संघीय कृषि, वन तथा पर्यावरण मन्त्रालय तथा वन तथा भू-संरक्षण विभागबाट गरिने अनुगमन

संघीय कृषि, वन तथा पर्यावरण मन्त्रालय तथा वन तथा भू-संरक्षण विभागले राष्ट्रिय वन नीति, वन ऐन, नियमावली, मापदण्ड तथा राष्ट्रिय संरक्षण प्राथमिकतासँग कार्ययोजनाको कार्यान्वयनको सामञ्जस्य मूल्याङ्कन गर्न आवश्यकतानुसार अनुगमन गर्नेछन्। यी निकायहरूले संघीय, प्रदेश तथा स्थानीय तहका प्रतिनिधि सम्मिलित टोली गठन गरी स्थलगत निरीक्षण, प्राविधिक समीक्षा तथा विषयगत मूल्याङ्कन गर्न सक्नेछन्।

संघीय निकायबाट प्राप्त नीतिगत, कानुनी तथा प्राविधिक सुझावलाई कार्ययोजनाको कार्यान्वयन सुधार, पुनरावलोकन तथा आगामी कार्यक्रम तर्जुमामा समावेश गरिनेछ।

### ७. स्वतन्त्र विज्ञ तथा जानकारहरूको समूहबाट गरिने मूल्याङ्कन

कार्ययोजनाको प्रभावकारिता, उपलब्धि, परिणाम, प्रभाव तथा दीगोपनाको निष्पक्ष मूल्याङ्कन गर्न स्वतन्त्र विज्ञ तथा जानकारहरूको समूह परिचालन गरिनेछ। यस्तो टोलीमा वन व्यवस्थापन, जैविक विविधता, वन्यजन्तु, पुरातत्त्व, पर्यटन, सामाजिक विकास, आर्थिक व्यवस्थापन तथा अनुगमन-मूल्याङ्कनसम्बन्धी विषयविज्ञमध्ये आवश्यकता अनुसार बढीमा पाँच जना समावेश गर्न सकिनेछ।

स्वतन्त्र मूल्याङ्कन कार्ययोजनाको मध्यावधिमा एकपटक र कार्ययोजना अवधि समाप्त हुँदा अन्तिम मूल्याङ्कनका रूपमा एकपटक गरी कम्तीमा दुईपटक गरिनेछ। मध्यावधि मूल्याङ्कनले कार्यक्रमको प्रगति, प्रभावकारिता, समस्या तथा सुधारको आवश्यकता पहिचान गर्नेछ भने अन्तिम मूल्याङ्कनले समग्र उपलब्धि, प्रभाव, दीगोपना, सिकाइ तथा आगामी व्यवस्थापनका लागि सिफारिस प्रस्तुत गर्नेछ।

### ८. अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त विवरणलाई व्यवस्थित रूपमा अभिलेखीकरण गरी देहायबमोजिम प्रतिवेदन तयार गरिनेछः

- कार्यान्वयन इकाइबाट मासिक तथा त्रैमासिक प्रगति प्रतिवेदन;
- व्यवस्थापन समितिबाट अर्धवार्षिक समीक्षा प्रतिवेदन;
- परिषद्बाट वार्षिक प्रगति तथा उपलब्धि समीक्षा;
- डिभिजन वन कार्यालयबाट आवश्यकतानुसार प्राविधिक तथा वित्तीय अनुगमन प्रतिवेदन;
- प्रदेश वन निर्देशनालय तथा मन्त्रालयबाट विषयगत वा आवधिक अनुगमन प्रतिवेदन;

स्वतन्त्र विज्ञ समूहबाट मध्यावधि तथा अन्तिम मूल्याङ्कन प्रतिवेदन। प्रतिवेदनमा भौतिक तथा वित्तीय प्रगति, उपलब्धि, परिणाम, समस्या, जोखिम, सुधारका उपाय, सिकाइ तथा आगामी कार्यदिशा समावेश गरिनेछ। आवश्यकतानुसार फोटो, नक्सा, तथ्याङ्क, लाभग्राही प्रतिक्रिया तथा स्थलगत प्रमाणसमेत संलग्न गरिनेछ।

## ९. पृष्ठपोषण तथा सुधारको व्यवस्था

अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त सुझाव, निर्देशन र सिफारिसलाई आगामी योजना, कार्यक्रम, बजेट तथा कार्यान्वयन प्रक्रियामा अनिवार्य रूपमा समावेश गरिनेछ। तत्काल सुधार गर्नुपर्ने विषय कार्यान्वयन इकाइ र व्यवस्थापन समितिबाट सम्बोधन गरिनेछ भने नीतिगत, कानुनी वा संरचनागत सुधार आवश्यक भएका विषय परिषद्, प्रदेश वन निर्देशनालय, सम्बन्धित मन्त्रालय वा संघीय निकायसमक्ष पेश गरिनेछ। यसरी नियमित, सहभागितामूलक, संस्थागत तथा स्वतन्त्र अनुगमन र मूल्याङ्कनको माध्यमबाट कार्ययोजनाको कार्यान्वयनलाई पारदर्शी, उत्तरदायी, परिणाममुखी तथा प्रभावकारी बनाइनेछ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
काठमाडौं

महानिर्देशक

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# परिच्छेद १५: कार्ययोजनासंग सम्बन्धित अन्य विषय

यस विशेष कार्ययोजनाअन्तर्गत प्रस्तावित सम्पूर्ण कार्यक्रम तथा क्रियाकलापहरू प्रचलित संविधान, वन ऐन, २०७६, वन नियमावली, २०७९, वातावरण संरक्षणसम्बन्धी कानून, सार्वजनिक खरिदसम्बन्धी कानून, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्वसम्बन्धी कानून र अन्य सम्बन्धित संघीय, प्रदेश तथा स्थानीय कानून, नीति, मापदण्ड एवं निर्देशिकाको अधीनमा रही सञ्चालन गरिनेछन्। प्रचलित कानूनबमोजिम वातावरणीय अध्ययन, अनुमति, स्वीकृति वा सहमति आवश्यक पर्ने कुनै पनि पूर्वाधार निर्माण वा विकाससम्बन्धी कार्य आवश्यक प्रक्रिया पूरा गरेपछि मात्र कार्यान्वयन गरिनेछ। कार्ययोजनाका गतिविधिहरू सञ्चालन गर्दा वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता, जलस्रोत, जलाधार, प्राकृतिक बासस्थान, ऐतिहासिक, पुरातात्त्विक, धार्मिक तथा सांस्कृतिक सम्पदा र वन्यजन्तु उद्धार केन्द्रको सुरक्षा तथा संवेदनशीलतामा प्रतिकूल प्रभाव नपर्ने व्यवस्था मिलाइनेछ। यस कार्ययोजनाको अवधि आर्थिक वर्ष २०८३/०८४ देखि आर्थिक वर्ष २०९२/०९३ सम्म गरी आर्थिक वर्ष अनुसार कार्ययोजनाको अवधि दश वर्ष उल्लेख रहे पनि यस कार्ययोजनाको कार्यान्वयन अवधि स्वीकृतिको मिति बाट दश वर्षको हुनेछ ।

कार्ययोजनाको कार्यान्वयन स्वीकृत वार्षिक कार्यक्रम, उपलब्ध बजेट, प्राथमिकता, संरक्षणीय आवश्यकता तथा सम्बन्धित निकायबीचको समन्वयका आधारमा गरिनेछ। कार्यान्वयन अवधिमा कानून, नीति, संस्थागत संरचना, प्राकृतिक तथा पारिस्थितिकीय अवस्था, विपद्, व्यवस्थापन आवश्यकता वा स्रोतसाधनको उपलब्धतामा आएको परिवर्तनका कारण कार्ययोजनाको पुनरावलोकन वा संशोधन आवश्यक देखिएमा कार्यान्वयन इकाइ तथा व्यवस्थापन समितिको प्रस्ताव, परिषद्को सिफारिस र सम्बन्धित निकायको रायका आधारमा वन तथा भू—संरक्षण विभागले आवश्यक संशोधन प्रस्ताव तयार गरी प्रचलित वन ऐन, वन नियमावली तथा स्वीकृति प्रक्रियाबमोजिम मन्त्रालयबाट स्वीकृत गराउन सक्नेछ। तर त्यस्तो संशोधनले वन संरक्षण क्षेत्रको मूल संरक्षण उद्देश्य, कानुनी हैसियत, सीमाना तथा जैविक, प्राकृतिक, ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्त्वमा प्रतिकूल असर पार्ने गरी व्यवस्था गर्न पाउने छैन। कार्ययोजनामा स्पष्ट रूपमा उल्लेख नभएका विषयमा प्रचलित



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

कानून, नेपाल सरकार तथा सम्बन्धित मन्त्रालयका निर्णय, मापदण्ड, निर्देशिका र अधिकारप्राप्त निकायबाट जारी निर्देशनबमोजिम कार्य गरिनेछ।



नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# सन्दर्भ सामाग्रीहरु


- वन नीति, २०७५, वन तथा वातावरण मन्त्रालय, काठमाण्डौ., नेपाल ।
- वन ऐन २०७६, वन तथा वातावरण मन्त्रालयय, काठमाण्डौ., नेपाल ।
- वन नियमावली २०७९, वन तथा वातावरण मन्त्रालय, काठमाण्डौ., नेपाल ।
- काक्रेविहार वन संरक्षण क्षेत्र कार्ययोजना, २०७३
- जिल्ला वन क्षेत्र योजना, सुर्खेत २०७६
- जिल्ला समन्वय समितिः जिल्ला पाश्र्वचित्र, २०८०, सुर्खेत
- सामुदायिक वन स्रोत मापन तथा गणना मार्गदर्शन, २०६१, वन तथा भू-संरक्षण मन्त्रालय, काठमाण्डौ, नेपाल
- डिभिजन वन कार्यालयः सामुदायिक वन अनुगमन तथा मूल्यांकन प्रतिवेदन, सुर्खेत
- सुर्खेत जिल्लाको पञ्चवर्षीय वन ब्यवस्थापन कार्ययोजना (२०७०/२०७१ - २०७५/२०७६)
- सामुदायिक वन स्रोत मापन तथा गणना मार्गदर्शन, २०६१, वन तथा भू-संरक्षण मन्त्रालय, काठमाण्डौ, नेपाल
- सामुदायिक वन अनुगमन तथा मूल्यांकन प्रतिवेदन, २०७२, जिल्ला वन कार्यालय सुर्खेत
- बन ब्यवस्थापन कार्य योजना, जिल्ला वन कार्यालय सुर्खेत (२०६५।६६ देखी २०६९।७०)
- डिवका सुर्खेतः बार्षिक प्रगति प्रतिवेदन, २०७७, २०७८, २०७९, २०८०, २०८१
- कर्णाली प्रदेश वन ऐन, २०७७
- वन विकास गुरुयोजना, २०४६
- कर्णाली प्रदेश वन नियमावली, २०७८
- वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७
- वनपैदावार (काठ/दाउरा) सङ्कलन तथा विक्री वितरण निर्देशिका, २०७३
- वन, वनस्पति, वन्यजन्तु तथा भू-संरक्षण सम्वन्धी विकास निर्माण कार्यक्रमका लागि दर विश्लेषण, नर्मस्, २०६०
- सामुदायिक वनस्रोत सर्भेक्षण मार्गदर्शन, २०६१




नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

महानिर्देशक

- सामुदायिक वनको काठ/दाउरा संकलन तथा विक्री वितरण निर्देशिका २०७१
- जडीवुटी तथा गैरकाष्ठ वनपैदावार विकास नीति, २०६१
- वन विभागको कार्यविधि, २०६१
- तीनवर्षीय अन्तरिम योजना, २०७२/७३-२०७५/७६
- डिभिजन वन कार्यालयका विभिन्न सामुदायिक वनहरूको विधान तथा कार्ययोजनाहरू
- दिगो विकास लक्ष्य (SDG), २०१६-२०३०
- नेपालका खनिजहरूको विवरण, खानी तथा भूगर्भ विभाग, २०७६
- वन विभागद्वारा प्रकाशित हाम्रो वनका विभिन्न अंकहरू
- डिभिजन वन कार्यालय सुर्खेतका विभिन्न चरणका पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनाहरू
- Central Bureau of Statistics National Population and Housing Census 2021, (National Report), Kathmandu, Nepal
- Central Bureau of Statistics National Population and Housing Census 2021, (Rural and Urban Municipality), Kathmandu, Nepal
- DFRS, 2002. Forest Resource of Nepal, Department of Forest Resource and Survey Centre, Kathmandu, Nepal
- Wetlands of Western Nepal, 2017, A brief profile of selected Lakes, Ministry of Forests and Soil Conservation, Department of Forests.

# अनुसूचीहरु

अनुसुची १: Logical framework (कार्यगत रुपरेखा)

| *क्रियाकलाप विवरण* | वस्तुगत मापनको सूचकहरु | मापन सूचकका स्रोतहरु | जोखिम र परिकल्पनाहरु |
|---|---|---|---|
| ***लक्ष्य समुदायमा आधारित संरक्षणमुखी वन व्यवस्थापन मार्फत जैविक विविधता, ऐतिहासिक, पुरातात्विक, धार्मिक र वातावरणीय क्षेत्रको एकीकृत विकासद्धारा पर्यटन क्षेत्रको प्रर्बधन गरी स्थानिय जनताको जीविकोपार्जनमा सुधार गर्ने ।*** | | | |
| ***उद्देश्य १. समुदायमा आधारित संरक्षणमुखी वन व्यवस्थापनद्वारा जैविक विविधता र वातावरणको संरक्षण, सम्बर्धन र बुद्धिमत्तापूर्वक प्रयोग गर्ने ।*** | | | |
| *उपज* | | | |
| *सहभागितामुलक संरक्षणमुखी वन व्यवस्थापनद्वारा जलस्रोत, जैविक विविधताको संरक्षण भई, वनको हैसियतमा सुधार आई वन्यजन्तुको संरक्षण तथा वासस्थानमा सुधार भएको हुनेछ ।* | दुर्लभ एवं महत्वपूर्ण वनस्पति, वन्यजन्तु, बासस्थान, सूक्ष्म पारिस्थितिकीय प्रणालीहरु र प्राकृतिक सौन्दययुक्त क्षेत्रहरुको संरक्षण र सम्बर्धन भएको । | वनको कार्ययोजना, डि.व.का अभिलेख, प्रगति विवरण, प्रतिवेदनहरु | |
| ***कार्यक्रम*** | | | |
| ***वन विकास कार्यक्रम*** | • चरीचरणका लागि घाँसेमैदानको | • डि.व.का अभिलेख, | |

| | | | |
|---|---|---|---|
| • *निजी वन कार्यक्रम तथ बृक्षरोपण*<br>• *नर्सरी स्थापना र बृक्षारोपण*<br>• *चरीचरण व्यवस्थापन*<br>• *चोरीसिकारी नियन्त्रण कार्यक्रम* | व्यवस्था गरी बनमा चाप घटेको हुने ।<br>• यस क्षेत्रमा हुने गरेको सिकारको संख्या घटेको हुने । | अनुगमन प्रतिवेदन, डि.व.का तथ्याङ्क, विवरण,<br>• जिल्ला प्रगति विवरण | |
| ***संस्थागत विकास तथा तालिम***<br>• *समूह व्यवस्थापन तथा परिचालन*<br>• *नेतृत्व विकास, सुशासन, लैंगिक समता*<br>• *लेखा संचालन*<br>• *सीपमूलक तालिम आदि*<br>• *इको क्लब तथा हरित समिति गठन* | • विभिन्न विषयगत तालिमद्वारा स्थानीयको चेतना , ज्ञान, सीपमा बृद्धि भई संस्थागत विकासमा उल्लेख्य प्रगति भएको ।<br>• महिला, विपन्न, पिछडिएका समूहको सहभागिता एवम् सक्रियतामा वृद्धि भएको हुने ।<br>• निर्णय प्रक्रिया, लेखापालन आदिमा पारदर्शिता कायम भएको हुने ।<br>• विद्यालयमा इको क्लव आदि गठन भएको हुने । | • तालिम रजिष्टर<br>• डि.व.का प्रगति प्रतिवेदन<br>• वन समिति र इको क्लबको बनोट, विद्यालयको अभिलेख | |
| ***वन संरक्षण, तथा भौतिक विकास सम्बन्धी तालिम***<br>• *डढेलो, पहिरो र सम्बन्धित औजार सम्बन्धी तालिम*<br>• *जलबायु परिवर्तन, वतावरणीय सेवा भुक्तानी, रेड आदि सम्बन्धी तालिम* | • स्थानीय समुदायलाई जलबायु, रेड, वन डढेलो सम्बन्धी पूर्व तयारी तालिम, जलवायु<br>• अनुकूलनबारे तालिम, गोष्ठी आदि गरिने | | |

| | | | |
|---|---|---|---|
| ***वैकल्पिक ऊर्जा कार्यक्रम***<br>• *सुधारिएको चुल्हो*<br>• *सौर्य ऊर्जा*<br>• *चर्पी जडित गोबर ग्याँस* | • वैकल्पिक ऊर्जामा विकासबाट वनमा हुने चापमा कमी साथै वातावरणीय प्रदूषणमा कमी | • डिभिजन वनको वार्षिक अभिलेख<br>• प्रगति विवरण | |
| ***कृषि तथा पशुपालन कार्यक्रम***<br>• *मौसमी र बेमौसी तरकारी खेती*<br>• *नश्ल सुधार कार्यक्रम*<br>• *बधुवा पशुपालन तथा घुम्ती चरणको व्यवस्था* | • समूहको सक्रियतामा मौसमी तथा बेमौसमी खेती प्रवर्धन भएको हुने ।<br>• उन्नत जातका पशुपालनले कृषक लाभान्वित भएको हुने । | • जिल्ला पशु सेवा कार्यालयको वार्षिक प्रतिवेदन<br>• समूहको अभिलेख<br>• जिल्ला प्रगति विवरण | |
| ***उद्देश्य २ : वातावरण मैत्री ऐतिहासिक, पुरातात्विक र धार्मिक एंव विविध पर्यटन क्षेत्रका लागि पुर्वाधारहरु निर्माण गरी रमणीय एंव पर्यावरणीय पर्यटन क्षेत्रको विकास गर्ने ।*** | | | |
| ***उपज*** | | | |
| *सरोकारवालाहरु सहभागितामा वातावरण मैत्री ऐतिहासिक, पुरातात्विक र धार्मिक एंव विविध पर्यटन क्षेत्रका लागि पुर्वाधारहरु निर्माण गरी रमणीय एंव पर्यावरणीय पर्यटन क्षेत्रको विकास भएको हुनेछ ।* | वन संरक्षण क्षेत्रमा रहेका ऐतिहासिक, पुरातात्विक र धार्मिक एंव विविध पर्यटन क्षेत्रका पुर्वाधारहरु निर्माण गर्ने | वन संरक्षण क्षेत्रको कार्ययोजना, स्थानियतह डि.व.का अभिलेख, प्रगति विवरण, प्रतिवेदनहरु | |
| ***कार्यक्रम*** | | | |
| ***वातावरण मैत्री र पर्यापर्यटकीय पूर्वाधार विकास*** | • पूर्वाधारहरु वातावरण मैत्री भएको हुने साथै नवनिर्मित पूर्वाधारहरुमा वातावरण | • मन्दिर लगाएत पुरातात्वितक संरचना | |

| | | | |
|---|---|---|---|
| • *मन्दिरको संरक्षण तथा विकास*<br>• *ट्रेल, मचान, गोरेटो बाटो आदि*<br>• *फोहोर व्यवस्थापन*<br>• *सूचना पाटी वा दिशासूचक बोर्डहरु* | सामान्य रहने -( भूक्षय, पहिरो, डढेलो आदि नलागेको)। | डि.व.का अभिलेख, प्रगति विवरण, प्रतिवेदनहरु | |
| ***उद्देश्य ३ः जलाधार क्षेत्रको अवस्थामा सुधार गर्दै पारिस्थितिकीय प्रणाली तथा वातावरणीय सन्तुलन कायम गर्ने ।*** | | | |
| ***उपज*** | | | |
| *सहभागितामूलक एकीकृत जलाधार व्यवस्थापनका आधारमा जलस्रोत, जैविक विविधता र पारिस्थितिकीय प्रणालीको दिगो व्यवस्थापन भई वातावरण सन्तुलन कायम भएको ।* | वन संरक्षण क्षेत्रको व्यवस्थापनद्वारा प्राकृतिक<br>स्रोत र पुर्वाधारको संरक्षणद्वारा वातावरणीय सन्तुलन कायम भई प्रभावित सस्तानयि तहका जनताहरु प्राकृतिक स्रोतहरुवाट लाभान्वित । | समूह तथा डि.व.का अभिलेख | |
| ***कार्यक्रम*** | | | |
| ***भूसंरक्षण कार्यक्रम***<br>• *भूक्षय तथा पहिरो नियन्त्रण*<br>• *बायोईन्जिनियरिङ र संरक्षणमुखी खेतीका कार्यक्रम*<br>• *आयमूलक तालिम र सहयोग*<br>• *पानीका स्रोत तथा मुहान संरक्षण कार्यक्रम साथै वर्षाको पानी* | • बायोईन्जिनियरिङ र संरक्षणमुखी पहिरो नियन्त्रणका कार्यक्रम लागू भएको हुने ।<br>• वर्षाको पानी संकलन गरेर स्वच्छ पानी पिउने गरेको हुने, पानीजन्य रोगमा कमी।<br>• विपन्न र निम्न आय भएका | • भू तथा जलाधार ब्यवस्थापन कार्यालयको प्रगति विवरण<br>• स्थलगत निरीक्षण<br>• वातावरणीय सेवा भुक्तानीको संयन्त्र | |

| | | | |
|---|---|---|---|
| संकलन, प्रशोधन तालिम | आयमूलक कार्यक्रममा लागि आर्थिक उपार्जन गरेको हुने । | • समूहको अभिलेख | |
| *सामाजिक कार्य*<br>• *विद्यालय र समुदायस्तरका संघसंस्थामा प्रतियोगितात्मक कार्यक्रम* | • विद्यालय, गाउँका क्लबमा प्रतिस्पर्धात्मक कार्यक्रमबाट जनचासो बढेको हुने र बातावरणीय कार्यमा सहयोग पुगेको हुने | • विद्यालयको अभिलेख वा प्रतिवेदन<br>• संघसंस्थाको अभिलेख | |
| ***उद्देश्य ४: बजारमुखी हरित उद्यम तथा विभिन्न आयमूलक कार्यक्रम संचालन गरी स्थानिय समुदायको आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनमा सुधार गर्ने ।*** | | | |
| ***उपज*** | | | |
| *वन संरक्षण क्षेत्रमा पर्यापर्यटन, गैरकाष्ठ, कृषिपशु उत्पादनमा निजी तथा समूहहरुको सहभागितामा हरित उद्यमहरु स्थापना गरी रोजगारीको अवसरहरु सिर्जना भएको* | पर्यापर्यटक, गैरकाष्ठ, कृषि, पशु उद्यमहरु स्थापनाद्वारा स्थानीय जनता रोजगारी भई जिविकोपार्जनमा सुधार भएको । | पर्यापर्यटक, गैरकाष्ठ, कृषि, पशु उद्यमहरु स्थापनाद्वारा स्थानीय जनता रोजगारी भई जिविकोपार्जनमा सुधार भएको । | |
| ***कार्यक्रम*** | | | |



नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं
नेपाल सरकार कृषि, वन तथा भू-संरक्षण मन्त्रालय वन तथा भू-संरक्षण विभाग काठमाडौं

सह सचिव

| | | | |
|---|---|---|---|
| ***उद्यममूलक विकास कार्यक्रम***<br>• *हरित वा लघु उद्यम वा गैह्रकाष्ठ वन पैदावारको उद्योग स्थापना*<br>• *पशु र पशुजन्य उत्पादनको कार्यक्रम*<br>• *मौसमी तथा बेमौसमी खेती*<br>• *कृषि उत्पादन संकलन केन्द्रको स्थापना*<br>• *अन्य आयमूलक र सीपमूलक कार्यक्रम* | • लघु तथा हरित उद्यमहरु विकास भएको हुने ।<br>• कृषि उत्पादन संकलन केन्द्रको स्थापना भएको हुने ।<br>• कृषकहरु आयमूलक कार्यक्रमबाट लाभान्वित भएको हुने । | | |

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग काठमाडौं

सह सचिव

## अनुसुची २: वन संरक्षण क्षेत्रको १० बर्षको कार्यक्रम तथा बजेट (रु हजारमा)

| कार्यक्रम | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **वन तथा जलाधार व्यवस्थापन कार्यक्रम** | **१,८२०** | **१,५१०** | **१,२४०** | **१,१००** | **९९०** | **९२५** | **८४५** | **८१५** | **७४०** | **७१५** | **१०,७००** |
| दिगो वन व्यवस्थापन कार्यक्रम | ३०० | २५० | २२० | २०० | १८० | १८० | १७० | १७० | १६० | १७० | २,००० |
| वन डढेलो व्यवस्थापन | १२० | ११० | १०० | १०० | १०० | १०० | १०० | ९० | ९० | ९० | १,००० |
| सार्वजनिक तथा निजी वन कार्यक्रम | ३५० | ३०० | २८० | २५० | २४० | २३० | २२० | २२० | २१० | २०० | २,५०० |
| वैकल्पिक ऊर्जा कार्यक्रम | २५० | २५० | २०० | १८० | १५० | १२० | १०० | १०० | ८० | ७० | १,५०० |
| चरन व्यवस्थापन | १०० | ८० | ६० | ५० | ४५ | ४० | ३५ | ३५ | ३० | २५ | ५०० |
| वन अतिक्रमण व्यवस्थापन | ५० | ३० | २० | २० | १५ | १५ | १५ | १५ | १० | १० | २०० |
| वन संरक्षण क्षेत्रको वन सीमाना व्यवस्थापन तथा कम्पाउण्ड वाल व्यवस्थापन | २०० | १२० | ६० | ३० | २० | २० | १५ | १५ | १० | १० | ५०० |
| सिमसार क्षेत्र व्यवस्थापन | २५० | २२० | १८० | १६० | १४० | १३० | १२० | ११० | १०० | ९० | १,५०० |
| भू-संरक्षण तथा प्रकोप न्यूनीकरण कार्यक्रम | २०० | १५० | १२० | ११० | १०० | ९० | ७० | ६० | ५० | ५० | १,००० |
| **पर्यापर्यटन विकास तथा व्यवस्थापन** | **१,४६०** | **१,४९०** | **७८०** | **१७५** | **१७५** | **१६५** | **१५५** | **१३५** | **१३५** | **१३०** | **४,८००** |
| फुटट्रेल, वनभोज स्थल, क्याम्प साइट निर्माण, मर्मत तथा स्तरोन्नति | १,२०० | ८०० | २५० | १५० | १२० | ११० | १०० | ९० | ९० | ९० | ३,००० |
| दृश्यावलोकन मचान निर्माण | २०० | ६५० | ५०० | - | ३० | ३० | ३० | २० | २० | २० | १,५०० |
| पर्यापर्यटनसम्बन्धी सामग्री निर्माण, प्रकाशन तथा प्रचार-प्रसार | ६० | ४० | ३० | २५ | २५ | २५ | २५ | २५ | २५ | २० | ३०० |
| **ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिक सम्पदाको संरक्षण तथा व्यवस्थापन** | **६००** | **१,१००** | **६७०** | **४००** | **३००** | **२६०** | **१९५** | **१७०** | **१६०** | **१४५** | **४,०००** |
| ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिक सम्पदाको मर्मत, पुनर्निर्माण तथा संरक्षण | ३०० | ४५० | ३५० | २५० | १८० | १५० | १०० | ८० | ७० | ७० | २,००० |
| ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिक सम्पदाको खोज, अनुसन्धान, प्रकाशन तथा प्रचार-प्रसार | २०० | १५० | १२० | १०० | ८० | ८० | ७० | ७० | ७० | ६० | १,००० |
| मन्दिर क्षेत्रको विद्युतीकरण तथा प्रकाश व्यवस्थापन | १०० | ५०० | २०० | ५० | ४० | ३० | २५ | २० | २० | १५ | १,००० |
| **जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम** | **१,४६०** | **२,४२०** | **२,१३०** | **९४०** | **६००** | **५५०** | **५००** | **४८०** | **४६०** | **४६०** | **१०,०००** |
| वन्यजन्तु उद्धार केन्द्र तथा कम्पाउण्ड पर्खाल निर्माण तथा व्यवस्थापन | ८०० | १,८०० | १,२०० | ४०० | २०० | १५० | १२० | ११० | ११० | ११० | ५,००० |
| जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम | १८० | १२० | १०० | ९० | ९० | ९० | ९० | ८० | ८० | ८० | १,००० |

सह सचिव

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन | २५० | २३० | २२० | २०० | १९० | १९० | १८० | १८० | १८० | १८० | २,००० |
| अवैध चोरी-शिकारी नियन्त्रण | १३० | १२० | ११० | १०० | १०० | १०० | ९० | ९० | ८० | ८० | १,००० |
| मिनी चिडियाखाना निर्माण तथा व्यवस्थापन | १०० | १५० | ५०० | १५० | २० | २० | २० | २० | १० | १० | १,००० |
| **हरित उद्यम तथा जीविकोपार्जन कार्यक्रम** | **९२०** | **७८०** | **६६०** | **५६०** | **४७०** | **४१०** | **३६०** | **३२०** | **२८०** | **२४०** | **५,०००** |
| काष्ठ, गैरकाष्ठ तथा कृषिमा आधारित उद्योग सञ्चालनका लागि सीपमूलक तालिम | २५० | २०० | १८० | १६० | १४० | १३० | १२० | ११० | ११० | १०० | १,५०० |
| हरित उद्यम सञ्चालनका लागि बीउपुँजी सहयोग | २५० | २०० | १५० | १२० | ८० | ६० | ५० | ४० | ३० | २० | १,००० |
| फर्निचर तथा काष्ठकला, ढकिया बुनाइ, दुनाटपरी तथा जैविक मल उद्यम स्थापना | २०० | १८० | १५० | १२० | १०० | ८० | ६० | ५० | ३० | ३० | १,००० |
| बेमौसमी तथा मौसमी तरकारी खेतीका लागि तालिम तथा सहयोग | २२० | २०० | १८० | १६० | १५० | १४० | १३० | १२० | ११० | ९० | १,५०० |
| **मानव स्रोत, साधन तथा संस्थागत क्षमता विकास** | **६५०** | **४००** | **३५०** | **३२०** | **३००** | **४००** | **२८०** | **२७०** | **२६०** | **२७०** | **३,५००** |
| लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा वन सुशासन कार्यक्रम | २०० | १७० | १६० | १५० | १४० | १४० | १४० | १३० | १३० | १४० | १,५०० |
| संस्थागत विकास तथा क्षमता अभिवृद्धि कार्यक्रम | २०० | १५० | १२० | १०० | ९० | ८० | ७० | ७० | ६० | ६० | १,००० |
| अध्ययन तथा अनुसन्धान कार्यक्रम | २५० | ८० | ७० | ७० | ७० | १८० | ७० | ७० | ७० | ७० | १,००० |
| **जम्मा कार्यक्रम बजेट** | **६,९१०** | **७,७००** | **५,८३०** | **३,४९५** | **२,८३५** | **२,७१०** | **२,३३५** | **२,१९०** | **२,०३५** | **१,९६०** | **३८,०००** |
| **प्रशासनिक बजेट (१० प्रतिशत)** | **६९१** | **७७०** | **५८३** | **३५०** | **२८४** | **२७१** | **२३४** | **२१९** | **२०३** | **१९५** | **३,८००** |
| **कुल जम्मा** | **७,६०१** | **८,४७०** | **६,४१३** | **३,८४५** | **३,११९** | **२,९८१** | **२,५६९** | **२,४०९** | **२,२३८** | **२,१५५** | **४१,८००** |
| **यस कार्ययोजनामा उल्लेख गरिएको बजेट प्रारम्भिक तथा प्रस्तावित अनुमान हो। कार्यान्वयनको क्रममा विद्यमान अवस्था, आवश्यकता, प्राथमिकता र उपलब्ध स्रोत-साधनका आधारमा परिषद्को निर्णयबमोजिम सम्बन्धित कार्यक्रम तथा क्रियाकलापका लागि बजेट विनियोजन, समायोजन वा पुनर्निर्धारण गर्न सकिनेछ।** | | | | | | | | | | | |

नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

सह सचिव

अनुसुची ३: वन संरक्षण क्षेत्रमा पाईने प्रमुख वन्यजन्तुहरु पाइने क्षेत्रहरु

| क्रमसंख्या | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| १ | जरायो | Sambar | *Rusa unicolor* |
| २ | स्याल | Jackal | *Canis aureus* |
| ३ | सालक | Indian Pangolin | *Manis crassicaudata* |
| ४ | चितुवा | Leopard | *Panthera pardus* |
| ५ | बन बिरालो | Jungle Cat | *Felis chaus* |
| ६ | रतुवा | Barking Deer | *Muntiacus muntjak* |
| ७ | बँदेल | Wild Boar | *Sus scrofa* |
| ८ | न्याउरी मुसो | Mongoose | *Herpestes species* |
| ९ | चरी बाघ | Leopard Cat | *Felis bengalensis* |
| १० | ठूलो नीर बिरालो | Large Indian Civet | *Viverra zibetha* |
| ११ | सानो नीर बिरालो | Small Indian Civet | *Viverricula indica* |
| १२ | फ्याउँरो | Bengal Fox | *Vulpus bengalensis* |
| १३ | सानो ढोडे मुसो | Lesser Bandicoot Rat | *Bandicota bengalensis* |
| १४ | ठूलो ढोडे मुसो | Greater Bandicoot Rat | *Bandicota indica* |
| १५ | पाँचधर्के लोखर्के | Northern Palm Squirrel | *Funambulus pennanti* |
| १६ | दुस्सी | Indian Porcupine | *Hystrix indica* |
| १७ | खैरो खरायो | Indian Hare | *Lepus nigricollis* |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं
सह सचिव

| क्रमसंख्या | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| १८ | हुण्डार | Hyaena | *Hyaena hyaena* |
| १९ | रातो बँदर | Rhesus Macaque | *Macaca mulatta* |
| २० | पहेंलो घाँटीने मुसो | Yellow-throated Marten | *Martes flavigula* |
| २१ | दुहुरे घरे मुसो | Eastern House Mouse | *Mus musculus* |
| २२ | राज चमेरो | Indian Flying Fox | *Pteropus giganteus* |
| २३ | घर मुसो | House Rat | *Rattus rattus* |
| २४ | लामपूच्छे रूख मुसो | Long-tailed Climbing Mouse | *Vandeleuria oleracea* |

चरा प्रजातीहरु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| १ | धोविनि चरि | Oriental Magpie Robin | Copsychus saularis |
| २ | कालो काग | Large Billed Crow | Corvus macrorhynchos |
| ३ | न्याउली | Great Barbet | Psilopogon franklinii |
| ४ | स्याल पोथि लामपुच्छ्रे | Red Billed Blue Magpie | Urocissa erythroryncha |
| ५ | पातनिडि विस्टो | Common Tailor Bird | Orthotomus sutorius |
| ६ | कुथुके | Blue Throated Barbet | Psilopogon asiaticus |
| ७ | कँ वकि | Indian White Eye | Zosterops palpebrosus |



महानिर्देशक
नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

सह सचिव

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| ८ | निपिजा बुङ्गेचिा | Crimson Sunbird | Aethopyga siparaja |
| ९ | कालो चचि | Black Drongo | Dicrurus macrocerus |
| १० | ठूलो लामपुच्छ्रे चिचिले | Greater Racket Tailed Drongo | Dicrurus paradiseus |
| ११ | सानो लामपुच्छ्रे चिचिले | Lesser Racket Tailed Drongo | Dicrurus remifer |
| १२ | सानो पहेंलोठुँडे कठफोडा | Lesser Yellownape | Picus chlorolophus |
| १३ | गाजले सुनचरी | Indian golden oriole | Oriolus oriolus |
| १४ | जुगेती | Red vented bulbul | Pycnonotus cafer |
| १५ | रातो गाल्चे बुलबुल | Red whiskered bulbul | Pycnonotus jocosus |
| १६ | बन चरि | Jungle Myna | Acridotheres fuscus |
| १७ | कण्ठे सुगा | Rose ringed parakeet | Psittacula krameri |
| १८ | स्वर्ग चचेरे / स्वर्गीया चचेरा | Indian paradise flycatcher | Terpsiphone paradisi |
| १९ | सेतो मुटु भएको मैना | Brahminy Starling | Sturnia pagodarum |
| २० | झिंगे चिचिले | Hair crested drongo | Dicrurus macrocercus |
| २१ | कुर्ने ढुकुर | Spotted dove | Streptopelia chinensis |
| २२ | काग | Large billed crow | Corvus macrorhynchos |
| २३ | चिचिल कोटे | Cinereous tit | Parus major |



महानिर्देशक

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| २४ | सेतोखुट्टे माटिकौरो | Black hooded oriole | Oriolus xanthornus |
| २५ | सेतो घाँटी माछा मान्ने | White throated kingfisher | Halcyon smyrnensis |
| २६ | ढोडे गोकुल | Greater coucal | Centropus sinensis |
| २७ | कालो बुङ्गेचरा | Purple Sunbird | Cinnyris asiaticus |
| २८ | कालो चील | Black Kite | Milvus migrans |
| २९ | कुहु कोइली | Asian Koel | Dicrurus macrocerus |
| ३० | कुकु कोइली | Common Cuckoo | Cuculus canorus |
| ३१ | काफल पाक्यो | Indian Cuckoo | Cuculus micropterus |
| ३२ | फोप्रे चरा | Eurasian Hoopoe | Upapa epops |
| ३३ | खोले टिन्टिके | White-browed Wagtail | Motacillidae moderaspatensis |
| ३४ | सुसेली चरी | Common Iora | Aegithina tiphia |
| ३५ | बस्तु बकुल्ला | Cattle Egret | Bubulcus ibis |
| ३६ | कोमल प्रिनिया | Graceful Prinia | Prinia gracilis |
| ३७ | कनकौडे | Blue-whistling Thrush | Myophonus caeruleus |
| ३८ | सानो माटीकोरे | Common Kingfisher | Alcedo atthis |
| ३९ | खरानी प्यागुरे चरा | Grey Wagtail | Motacilla cinerea |
| ४० | त्रिवर्णे मुनिया | Tricoloured Munia | Lonchura malacca |



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

सह सचिव

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| ४१ | रातो टाउके गिद्ध | Red-headed Vulture | Sarcogyps calvus |



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

अनुसुची ४: काक्रेबिहार वन संरक्षण क्षेत्रमा पाईने प्रमुख वनस्पतिका प्रकारहरु तथा जडीबुटीहरु

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| १ | खयर | Catechu Tree | *Acacia catechu* |
| २ | कर्मा | Haldu | *Adina cordifolia* |
| ३ | सिरीस | Silk Tree | *Albizia spp.* |
| ४ | बाँझी | Axlewood Tree | *Anogeissus latifolia* |
| ५ | सिमल | Silk Cotton Tree | *Bombax ceiba* |
| ६ | सिसौ | North Indian Rosewood | *Dalbergia sissoo* |
| ७ | फलेदो | Indian Coral Tree | *Erythrina stricta* |
| ८ | वर | Banyan Tree | *Ficus bengalensis* |
| ९ | बोटैयारो | Crepe Myrtle | *Lagerstroemia parviflora* |
| १० | महुवा | Mahua | *Madhuca indica* |
| ११ | साँदन | Sandan | *Ogeinia oojeinensis* |
| १२ | अमला | Indian Gooseberry | *Phyllanthus emblica* |
| १३ | खोटेसल्ला | Chir Pine | *Pinus roxburghii* |
| १४ | भलायो | Marking Nut Tree | *Semecarpus anacardium* |
| १५ | साल | Sal Tree | *Shorea robusta* |
| १६ | जामुन | Java Plum / Black Plum | *Syzygium cumini* |



महानिर्देशक

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

सह सचिव

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| १७ | क्यामुना | Water Apple | *Syzygium operculata* |
| १८ | बर्रो | Indian Laurel | *Terminalia alata* |
| १९ | हर्रो | Chebulic Myrobalan | *Terminalia chebula* |
| २० | असना | Crocodile Bark Tree | *Terminalia tomentosa* |

**जडीबुटी प्रजातिहरू :**

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| १ | बोजो | Sweet Flag | *Acorus calamus* |
| २ | बेल | Bael | *Aegle marmelos* |
| ३ | केतुकी | Century Plant | *Agave americana* |
| ४ | लुडे | Spiny Amaranth | *Amaranthus spinosus* |
| ५ | तितेपाती | Indian Wormwood | *Artemisia indica* |
| ६ | कुरिलो | Shatavari | *Asparagus racemosus* |
| ७ | निम | Neem | *Azadirachta indica* |
| ८ | बाँस | Bamboo | *Bambusa* spp. |
| ९ | भोर्ला | Maloo Creeper | *Bauhinia vahalii* |
| १० | घोडताप्रे | Gotu Kola | *Centella asiatica* |
| ११ | दालचिनी/तेजपात | Indian Bay Leaf | *Cinnamomum tamala* |

सह सचिव

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| १२ | बाँस | Male Bamboo | *Dendrocalamus strictus* |
| १२ | तरुल | Nepal Yam | *Dioscorea deltoidea* |
| १४ | बाबियो | Bhabhar Grass | *Eulaliopsis binata* |
| १५ | अमला | Indian Gooseberry | *Phyllanthus emblica* |
| १६ | खोटे सल्ला | Chir Pine | *Pinus roxburghii* |
| १७ | तुलसी | Sweet Basil | *Ocimum basilicum* |
| १८ | भलायो | Marking Nut Tree | *Semecarpus anacardium* |
| १९ | जामुन | Black Plum / Java Plum | *Syzygium cumini* |
| २० | बर्रो | Indian Laurel | *Terminalia alata* |
| २१ | हर्रो | Chebulic Myrobalan | *Terminalia chebula* |

वाह्य मिचाहा प्रजातिहरू:

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| १ | बनमारा | Siam Weed | *Chromolaena odorata* |
| २ | लजावति | Sensitive Plant / Touch-me-not | *Mimosa pudica* |
| ३ | वन सिलाम | Bush Mint / Pignut | *Hyptis suaveolens* |
| ४ | सानो टोपे | Sickle Senna / Foetid Cassia | *Senna tora* |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

सह सचिव

| क्र.सं. | नेपाली नाम | अंग्रेजी नाम | वैज्ञानिक नाम |
|---|---|---|---|
| ५ | काँडे बनमारा | Lantana | *Lantana camara* |
| ६ | सुगुरे झार | Alligator Weed | *Alternanthera philoxeroides* |
| ७ | निलो गन्धे | Blue Billygoat Weed | *Ageratum houstonianum* |
| ८ | गन्धे झार | Goatweed / Tropical Whiteweed | *Ageratum conyzoides* |
| ९ | घोटाटोपे | Coffee Senna / Septicweed | *Senna occidentalis* |
| १० | लहरे बनमारा | Mile-a-minute Weed | *Mikania micrantha* |

## अनुसुची ५: काक्रेबिहार वन संरक्षण क्षेत्र सम्बन्धी नक्साहरु

नक्शा नं १ वन संरक्षण क्षेत्रको चारकिल्ला नक्शा




सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

महानिर्देशक

नेपाल सरकार
वन तथा पर्यावरण मन्त्रालय
वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

नक्शा नं २ वन संरक्षण क्षेत्रको भूउयोगिता नक्शा

सह सचिव

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं




नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय

नक्शा नं ३ वन संरक्षण क्षेत्रको भिरालोपन नक्शा



नक्शा नं ४ वन संरक्षण क्षेत्रको मोहडा सहिताको नक्शा



नक्शा नं ५ वन संरक्षण क्षेत्रको खण्डिकरण सहिताको नक्शा




| संकेत | खण्ड नं | वन खण्डको नाम | क्षेत्रफल हे |
|---|---|---|---|
| | १ | नर्सरी क्षेत्र | १४.८ |
| | २ | जन्तेसाल | ३२.९ |
| | ३ | कुन्टी क्षेत्र | १८.३ |
| | ४ | नयांगाउं क्षेत्र | १०. |
| | ५ | पातलगंगा तथा छुर्सा क्षेत्र | ४४.३ |
| | ६ | बरकुना क्षेत्र | ४१.६३ |
| | ७ | कालीमाटी रानीबन क्षेत्र | १२.२७ |
| | ८ | मन्दिर क्षेत्र | १.३ |
| जम्मा | | | १३५.५ |

महानिर्देशक

नक्शा नं ६ वन संरक्षण क्षेत्रको जलाधार सहिताको नक्शा

